# येशूभावना

लेखिकाः एलेन जी ह्वाइट
भावानुवादकः भजुराम तखाछेँ श्रेष्ठ
+९७७-९८४०२९२७८५
bhajupurna@gmail.com
इन्टरनेट वेबसाइड
http://www.nepalworks.com/bhajupurna
प्रकाशकः उमेशकुमार पोखरेल
हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टटिस्ट
भाषा शुद्धीकरणः उमानाथ लुइटेल
(एम.ए. नेपाली र संस्कृत)
कम्प्युटर लेआउटः सुजीतकुमार साह
प्रथम संस्करण २०७९
दोस्रो संस्करण २०८०
(आन्तरिक प्रयोगका निम्ति मात्र)
एलेन जी. ह्वाइट इस्टटेटबाट दक्षिण एशिया डिभिजन अभ जनरल कन्फरेन्सलाई उपलब्ध गराएको हिमालयन सेक्सनका निम्ति

# लेखिकाका बारेमा छोटो जानकारी:



अमेरिकी लेखिका एलेन जी. ह्वाइट (१८२७-१९१५) सेभेन्थ-डे एडभेन्टटिस्ट चर्चकी एक संस्थाथापक सदस्य हुन्। उनका पुस्तक र लेखहरू विश्वका करिब १६० भाषाहरूमा अनुवाद गरिएका छन्। उनले १ लाखभन्दा अधिक पानाहरू लेखेकी थिइन्। विभिन्न आत्ममिक र प्रयोगात्मक विषयहरूलाई समेटेर लेखिएका उनका लेखन सामग्रीहरूले चेतनशील मानिसका दिमागलाई चम्काइ दिन्छ। उनी पवित्र आत्ममाको अगुवाइमा भएकाले उनले येशू ख्रीष्टलाई उचालेकी थिइन्। यदि कसैले म येशूको भक्त हुँ भनेर दाबी गर्छ भने उसको विश्वास पवित्र धर्मशास्त्र बाइबलका आधारमा हुनुपर्छ भनेर उनी जिकिर गर्दछिन्।

# शुभकामना

कतिपय समयमा तपाईंले चिन्नुभएको व्यक्ति खास गरेर अपरिचित वा तपाईंले चिन्नै नसकेको मानिस जस्तै तपाईंले अनुभव गर्नुभएको छ? तपाईंले नौलो मानिस भेट्दा उनी मिजासिलो भएतापनि उनीसँग दिल खोलेर कुरा गर्न हिच्ककिचाउनुभएको छ? वा उनले तपाईंलाई बुझ्नपनि सकेका छैनन्। र तपाईं जस्तो छ त्यस्तै स्वीकार गर्न पनि हुन्न होला भनेर मनमा ठान्नु भएको छ? यथार्थमा, हामी सबैलाई कमसेकम एक जना आत्मिय मित्रको आवश्यकता हुन्छ, जोसँग मन खुलेर सुबिस्तासँग कुरा गर्न सक्छौं। येशूलाई तपाईंले घनिष्ट र उत्तम मित्र बनाउन चाहनुहुन्छ। जब तपाईं उहाँसँग परिचित हुनुहुनेछ, तब तपाईंले उहाँमाथि भरोसा राख्न सक्नुहुन्छ, तपाईंले उहाँसँग दिल खोलेरकुरा गर्न सक्नुहुन्छ र तपाईंका जीवनका बारेमा उहाँलाई सुनाउन सक्नुहुन्छ। तपाईंप्रति

येशूका मर्महरू, भावनाहरू, उहाँका लक्ष्यहरू र चासोहरू यस "येशूभावना" शिर्षक पुस्तकमा उल्ललेख गरिएका छन्।

जसको अध्ययनले येशूसँग तपाईंको सम्बन्ध यस्तो गाढा होस् कि त्यसलाई कसैले पनि टुक्र्याउन नसकोस्।

"मकहाँ आऊ," मत्ती ११:२८ आज पनि येशूका यी वचनहरूले हामी प्रत्येकलाई आह्वान गरिरहनुभएको छ: सनातन सृष्टिकर्ता परमेश्वर पिताबाट बरालिएर लक्ष्यहीन र अर्थहीन जीवन बिताइरहेका प्रत्येक मानव प्राणीतिर उहाँको हृदय गइरहेको छ। जो व्यक्तिले येशूलाई ग्रहण गर्न चाहन्छ तर उहाँका निमन्त्रणालाई कसरी स्वीकार्ने भन्ने पहिलो पाइला चाल्न थाहा नहोला। येशूका चेला थोमाले पनि यही खालको प्रश्न गरेका थिए, "तिनीहरूले हामीसँग सोध्लान्, हामी कुन बाटो कहाँ जाने कसरी थाहा पाउने?" यूहन्ना १४:५।

यस पुस्तकको शीर्षकले नै यस पुस्तकको लक्ष्य के हो भनेर देखाउँदछ। यसले येशूलाई औँल्याउँछ। कोही मानिस येशूभावनामा तल्लीन हुनसक्यो भने उसलाई चाहिने आवश्यकता र भित्री शान्ति येशूले पूरा गरिदिन सक्षम् हुनुहन्छ भनेर देखाउँदछ। जसका पापहरू क्षमा भएको चाहन्छ र तिनीहरूमा चरित्रमा आमूल परिवर्तन भएको चाहन्छ त्यसका निम्ति के गर्नुपर्छ भनेर यस पुस्तकले बताउँदछ। येशूमा विश्वास गरेर आनन्द लिन चाहिने कदमहरू यसले देखाउँदछ। येशूमा पूरा समर्पित जीवन कसरी बिताउने र उहाँमाथि पूरा भरोसा राखेर उहाँको दया र हामीलाई सम्हाली राख्ने उहाँको शक्तिको कसरी उपभोग गर्ने भनेर यस पुस्तकले देखाउँछ। येशूका अनगिन्तियौं अनुयायीहरूलाई तिनीहरूका दिब्य अगुवाको हरेक पाइलामा शिर ठाडो गर्दै आनन्दमा हिँड्ने खुबी यस पुस्तकले दिँन्छ। एक दिन बाइबलको

पुरानो करारको अग्रज याकूब आफ्नो घरबाट आफ्नै पापले गर्दा आफ्नो मामा घरमा भाग्नुपर्दा परमेश्वरबाट नै टाढा भएँ भनेर सोचेका थिए। बाटोमा उनी ढुङ्गाको शिरानी राखेर सुतेका थिए। त्यस रात उनले सपना देखे। त्यस सपनामा एउटा लामो भरेङ्ग पृथ्वीबाट स्वर्गमा पुगेको देखेका थिए। उत्पत्ति २८:१२। पृथ्वी र स्वर्गका बिचमा भएको सम्पर्क उनलाई प्रकट गरिएको थियो। त्यसबेला स्वर्गबाट उनलाई आशा र सान्त्वनाका वचनहरू बोलिएका थिए। जब तपाईंले यो पुस्तक पढ्नुहुन्छ, तब तपाईंले पनि येशूको मधुरो आवाज सुन्न सक्नुभएको होस्, र तपाईंले उहाँका आशा र सान्त्वनाका वचनहरू सुनेर तपाईंमा अर्थ र लक्ष्य केन्द्रित जीवन बिताउने उत्साह मिलोस्।

*-ट्रस्टिज अभ द एलेन जी. ह्वाइट इस्टेटको साथमा हिमालयन सेक्सन अभ द सेभेन्थ-डे एडभेन्टटिस्ट नेपाल।*

# शुभ कामना

**आदरणीय दाजु भजु,**

तपाईंले अनुवाद गर्नु भएको येशूभावना पुस्तक मेरो हातमा छ। यो पुस्तक सरल एवं सबैले सजिलै बुझ्न सक्ने भाषामा अनुवाद गर्नुभएकोमा म तपाईंलाई धन्यवाद व्यक्तगर्दछु। यस पुस्तकले परमेश्वर को हुनुहुन्छ र मानवजातिका लागि उहाँको मुक्तिको महान योजनालाई स्पष्ट पार्दछ। परमेश्वरको महिमाका लागि यो पुस्तकलाई म समर्पण गर्दछु। परमेश्वरले तपाईंलाई धैरै आशिष दिऊन्।

**प्रभुमा तपाईंको भाई**

**पा. उमेश कुमारपोखरेल**

**अध्यक्ष**

**हिमालयन सेक्सन आफ एसडिए नेपाल**

## प्रस्तावना

एलेन जी. ह्वाइटद्वारा लिखित यो पुस्तकको अङ्ग्रेजी भाषाको शीर्षक "स्टेप्स टु क्राइस्ट" (Steps to Christ) हो। यो शीर्षकलाई नेपाली भाषामा रूपान्तर गरी "येशूभावना" राखिएको छ। यो पुस्तक विश्व भरि अत्यधिक लोकप्रिय छ। विश्वका १६० भाषाहरूभन्दा बढी भाषामा सुरुमै अनुवाद गरिएको थियो। नेपालीमा पनि "अचम्मको प्रेम" भन्ने संस्करण श्री उमेशकुमार पोखरेलज्यूले अनुवाद गरी छाप्नुभएको थियो। यो "येशूभावना" संस्करण बाइबल सम्बन्धी खास जानकारी नभएकाहरूका निम्ति सरल र अनुकूल भाषामा रूपान्तरित छ।

यो पुस्तक अत्यधिक पाठकवर्गहरुका बिचमा पुगोस् भनी प्रकाशन गरिएको हो। यो पुस्तक १९ औं शताव्दीमा लेखिएको थियो, तर

एक्काइसौं शताव्दीको प्रगतिशील भाषालाई मध्यनजरमा राखेर पुनःरूपान्तरण गरिएको छ। यस पुस्तकको अधिकाँश अनुवाद सन १९८१ मा सरल भाषामा रूपान्तरित गरिएको "स्टेप्स टु क्राइस्ट" बाट अनुवाद हो। वर्तमान समयका पाठकवर्गलाई मध्यनजर राखेर रूपान्तर गरिएता पनि लेखिकाका मूलभूत धारणाहरू समावेश भएका छन्। सुरुको पुस्तकमा लेखिकाले कतिपय वाक्यहरू लामो गरेर लेख्नुभएको थियो र त्यसलाई सकेसम्म छोटो र सरल शब्दावलीहरू प्रयोग गरिएका छन्। नेपाली बाइबलमा विभिन्न संस्करण नभएकोले अङ्ग्रेजी भाषाका बाइबलका विभिन्न संस्करणहरूलाई आवश्यक भएका ठाउँहरूमा केवल रूपान्तरित भनेर उल्लेख गरिएको छ। यहाँ उल्लेख गरिएका बाइबलका अंशहरू नेपाली बाइबल सोसाइटीबाट अनुवाद गरिएको नेपाली

बाइबलबाट हो। विभिन्न रूपान्तरित भाषामा छापिएतापनि यस पुस्तकको सुरुको संस्करण उच्चस्तरीय नै भइरहेको छ। हामी प्रार्थना र आशा गर्दछौं कि नेपाली दाजुभाइ र दिदीबहिनीहरूले यो पुस्तक पढेर हाम्रा प्रभु र मुक्तिदाता येशूको भावना, सोच, मनस्थिति कस्तो रहेछ भन्ने आत्मज्ञान प्राप्त गरेर येशूप्रति मोह होस् भन्ने प्रकाशकको चाहना छ।

*-हिमालयन सेक्सन अभ सेभेन्थ-थे एडभेन्टटिस्टको साथमा एलेन जी. ह्वाइट इस्टेट*

# विषयसूची:

अध्याय १: मानव प्राणीप्रति परमेश्वरको मायामोह..............१

अध्याय २: पापीलाई येशू ख्रीष्टको खाँचो.........................२८

अध्याय ३: पश्चात्ताप वा विगतका गल्तीहरूबाट पछुतो.... ४७

अध्याय ४: आफ्ना गल्त र पापी स्वभावको स्वीकार........१०३

अध्याय ५: येशूमा समर्पित जीवन...................................१२६

अध्याय ६: प्रभु येशूमाथि आस्था र उत्सुकता..................१४५

अध्याय ७: येशूलाई विश्वास गर्दा आइपर्ने परीक्षाहरू......१७६

अध्याय ८: येशूको आत्मिक कदमा बढ्दै जानु .............१९६

अध्याय ९: काम र जीवन ..............................................२२१

अध्याय १०: परमेश्वरका बारेमा दिव्य आत्मज्ञान ..........२३९

अध्याय ११: प्रार्थनाको शुभ अवसर ...............................२५८

अध्याय १२: परमेश्वर र उहाँको वचनप्रति हुने ..............२९२

अध्याय १३: प्रभुमा आनन्दित हुनु..................................३१६

महान आज्ञा....................................................................३५१

आठ आदर्श मार्गहरू.......................................................३५२

परमेश्वरका दश आज्ञाहरू............................................३५३

# अध्याय १
# मानव प्राणीप्रति परमेश्वरको मायामोह

प्रकृति र प्रकट गरिएको ईस्वरीय धर्मशास्त्र बाइबलले परमेश्वरका प्रेमका बारेमा बताउँदछ। स्वर्गमा विराजमान हुनुहुने हाम्रो सनातन सृष्टिकर्ता परमेश्वर पिता सबै जीवन, ज्ञानबुद्धि र आनन्दको असिमित स्रोत हुनुहुन्छ। प्रकृतिका सौन्दर्यमय र अचम्म सम्पदाहरू हेर्नुहोस्। मानिसका निम्ति मात्र होइन सम्पूर्ण जीवित प्राणीहरूका आवश्यकताहरू पूरा गर्न र तिनीहरूलाई खुसी बनाउन प्रकृतिले अचम्म वातावरण सृजना गर्दछ। त्यसलाई ध्यान दिनु हाम्रा निम्ति हितकर छ। सूर्यको किरण, पानी वा वर्षाले जमिनलाई खुसी र ताजा पार्दछ, हिमाल, पहाड, नदीनाला, ताल, समुद्र र समतल प्रदेशले सृष्टिकर्ता परमेश्वरको प्रेमका बारेमा हामीलाई बताउँदछ। परमेश्वरले सृष्टि गर्नुभएको

समस्त प्राणीहरूका दैनिक आवश्यकताहरू उहाँले नै उपलब्ध गराउनुहुन्छ। अत्यन्तै मिठो, सौन्दर्य रसिलो तरिकाले भजनसङ्ग्रहका लेखकले आफ्नो भावना यसरी पोख्दछन् "सबै प्राणीहरूका आँखाले तपाईंतिर हेर्दछन्, अनि तपाईंले तिनीहरूको भोजन ठिक समयमा दिनुहुन्छ। तपाईंले आफ्नो मुट्ठी खोल्नुहुन्छ, र सबै प्राणीहरूका मनोरथ सन्तुष्ट पुरा गरिदिनुहुन्छ।" भजनसङ्ग्रह १४५:१५-१६।

परमेश्वरले पहिला पुरुष आदम र स्त्री हव्वालाई बनाउनु हुँदा तिनीहरूमा केही कमी थिएन। तिनीहरू बिलकुल दोषरहित, पवित्र र खुसी थिए। उहाँकै हातबाट सृष्टि भएको यो सुन्दर पृथ्वी राम्रो थियो। त्यसबेला यस पृथ्वीमा श्रापको छायाँ पनि थिएन, न त कुनै थोक नै बिग्रिएको थियो। परमेश्वरको आदर्श व्यवस्था वा प्रेमको नीति आदम र हव्वाले उल्लङ्घन गर्दा यस संसारमा दु:ख, कष्ट, विपत्ति र मृत्यु

निम्याइएको थियो। परमेश्वरले निषेधित फल सैतानको प्रलोभनमा परेर तिनीहरूले खाएका थिए। त्यसको फलस्वरूप यस संसारमा पापको प्रवेश भयो। यद्यपी, पापका कारण दु:ख कष्टले भरिएको यो संसारमा परमेश्वरको प्रेम प्रकट गरिएको छ। धर्मशास्त्र बाइबलको उत्पत्ति ३:१७ मा लेखिएको छ कि मानिसकै हितका निम्ति परमेश्वरले भूमिलाई श्राप दिनुभएको थियो। पापले गर्दा बरबाद भएर तल्लो स्तरमा झरेको मानिसलाई परमेश्वरले उचाल्न चाहनुभएको थियो। पापले गर्दा भूमिमा काँडा र सिउँडीहरू देखा परेका थिए साथै कतिपय बोटबिरूवामा काँडाहरू उम्रन सुरु भयो। जीवनमा पनि काँडा जस्तो आउने अनेकौं कठिन परिस्थिति र दु:खकष्ट मानिसकै हितका निम्ति तालिम दिन परमेश्वरले आउन दिनुभएको थियो। यस पृथ्वी पतित भएतापनि प्रकृतिका सबै थोक

वा सम्पदाहरू बिग्रिएका र दुर्गतिमा भन्ने छैन। आशा र सान्त्वना दिने सन्देशहरू प्रकृति आफैँले पनि हामीलाई दिइरहेको हुन्छ। काँडाहरूको बिचमा पनि अनेकौं सुन्दर फूलहरू उम्रिरहेका हुन्छन्। गुलाफका फूलहरूलाई काँडाहरूले नै ढाकेका हुन्छन्।

"प्रत्येक फुलिरहेका कोपिलामा र उम्रिरहेका प्रत्येक घाँसका टुप्पोमा "परमेश्वरको प्रेम रहेको हुन्छ," भनेर लेखिएको छ। सुन्दर र रङ्गीचङ्गी चराहरूले खुसीयाली र मन बहलाउने मिठो स्वर हावामा फैलाइरहेका हुन्छन्। मन बहलाउने थरीथरीका रङ्गीचङ्गी र कोमल फूलहरूले हावामा तिनीहरूको सिद्ध अत्तरको मगमग बास्ना उडाइरहेका हुन्छन्। जङ्गलमा जीवित हरियाली र पातहरूले भरिएका गौरवशाली र महान रूखहरू छन्। ती सबैले हाम्रा परमेश्वर बुबा जस्तो स्याहार गर्ने र कोमल हुनुहुन्छ भनेर

गवाही दिन्छन् साथै आफ्ना छोराछोरीहरू खुसी र आनन्द भएको उहाँ चाहनुहुन्छ भनेर रमणीय प्राकृतिक पर्यावरणले हामीलाई सन्देश दिइरहेको छ।

परमेश्वरको वचनले उहाँको स्वभाव र चरित्रलाई खुलस्त पार्दछ। आफ्नो अनन्त तथा असिमित प्रेम र करुणा उहाँ आफैंले हामीलाई भन्नुभएको छ। जब मोशाले “तपाईंको महिमा देखाउनुहोस्,” भनेर परमेश्वरसँग अनुनय बिन्ती गरेका थिए, तब प्रभुले यो जवाफ दिनुभयो, "उहाँले भन्नुभयो, “म तिम्रै सामुन्ने मेरा सारा श्रेष्ठता देखाउनेछु, र तिम्रै सामुन्ने ‘परमप्रभु’ नाउँको घोषणा गर्नेछु। जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु” प्रस्थान ३३:१८,१९। हामीप्रति परमेश्वरको भलाइ र करुणा नै उहाँको महिमा र गौरव थियो। मोशाको अगाडि परमेश्वर उभिंदै

आफ्नो स्वभावका बारेमा उहाँ आफैंले भन्नुभयो, “परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै पनि किसिमले सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ" (प्रस्थान ३४:६-७)। उहाँ हत्तपत्त रिसाउनु हुन्न र उहाँ अत्यन्तै दयालु हुनुहन्छ। मानिसलाई दया, सदाशयता र करुणा देखाउन उहाँ अत्यन्तै रुचाउनुहुन्छ। यस मामिलामा उहाँका अगमवक्ता योनाले गुनासो नै पोखेर यसरी व्यक्त गर्दछन्, “हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र? यसैकारणले तर्शीशमा भागेर जान मैले आतुरी

गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रिस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दु:ख दिनुमा बेखुसी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ" (योना ४:२)। अर्को अगमवक्ता मीकाले परमेश्वरका बारेमा यसरी व्यक्त गर्दछन् "तपाईंजस्तो परमेश्वर को छ र, जसले पाप-क्षमा गर्नुहुन्छ, र आफ्नो निज उत्तराधिकारका बाँकी रहेकाहरूको अपराध माफ गरिदिनुहुन्छ? तपाईं सधैं सम्म रिस गर्नुहुन्न, तर कृपा गर्नमा खुसी हुनुहुन्छ" (मीका ७:१८)।

स्वर्ग र पृथ्वीमा भएका अनगिन्ती प्रतीकहरूद्वारा हाम्रा हृदयहरूमा परमेश्वर बुनिनु भएको छ भनेर देखाइरहेको छ। हामीलाई प्रकट गर्न वा उहाँको उपस्थितिप्रतिमा हामी सजग भएको परमेश्वर चाहनुहुन्छ भनेर देखाउन प्रकृतिका विभिन्न थोकहरू र मानवहृदयले जान्न पृथ्वीमा भएका कमलो भन्दाकमलो सम्बन्धका

गाँठोहरूले देखाउँदछन्। हामीले परमेश्वरलाई चिनौं भनेर उहाँले प्रकृतिबाट हरतरहले प्रयास गर्नुभएको छ। तर, यथार्थमा भन्ने हो भने प्रकृतिले परमेश्वरको सिद्ध तथा निर्मल प्रेमलाई पक्का तथा पूर्णरूपमा प्रकट गर्न सक्दैन। प्रकृतिमा विभिन्न सौन्दर्यात्मक तथा गहिरा ज्ञानविज्ञान भएतापनि असलको शत्रु सैतानले मानव जगत्को दिमाग, चेतना वा अन्तरदृष्टिलाई अन्धो बनाएको छ। त्यसको फलस्वरूप, प्रकृतिले परमेश्वरप्रति विश्वास जगाउनुको सट्टा उहाँलाई डर र त्राश भएर हेर्दछन्; परमेश्वर कस्तो कठोर, निष्ठुरी र क्षमा नदिने भनेर उहाँका बारेमा नकारात्मक धारणाले तिनीहरूका दिमाग खेलिरहेको हुन्छ। परमेश्वरको मुख्य गुण वा स्वभाव भनेको नै कठोर मन भएको र कसैले केही भूल गर्‍यो भन्दैमा निष्ठुरी भएर उसको न्याय गरिहाल्ने भनेर सैतानले मानिसहरूको

दिमागमा हालिदिएको छ। उहाँ अलिकति पनि नलच्किने, कडा अनुशासन लागु गर्नुहुने, पत्थरको हृदयभएको न्यायधीश हुनुहुन्छ भन्ने आभास सैतानले मानिसहरूलाई दिइरहेको छ। परमेश्वर कठोर, निष्ठुर साहु हुनुहुन्छ। उहाँको न्याय पनि खप्न नसक्ने भनेर उहाँको न्यायप्रेमलाई सैतानले गलत ढङ्गले चित्रण गरेको छ। सृष्टिकर्ता परमेश्वर ईष्यालु आँखाले हेरिरहनुहुन्छ, कुनै मानिसले अलिकति भूल वा गल्ती गऱ्यो भने उहाँले तुरन्तै दण्ड दिनुहुन्छ भन्ने तर्साउने मिजास परमेश्वरमा रहेको छ भनेर सैतानले मानिसहरूलाई सिकाउन खप्पिस भएको छ। परमेश्वरका बारेमा यस किसिमको अन्धकार, छायाँ वा भ्रमपूर्ण धारणाहरूलाई हटाउन येशू आउनुभएको थियो। मानिसहरूकै बिचमा रहेर, तिनीहरूसँग चिनजान गरेर परमेश्वरको असिमित प्रेम संसारलाई देखाउने येशूको लक्ष्य थियो।

सनातन सृष्टिकर्ता परमपिता कस्तो हुनुहुन्छ भनेर देखाउन स्वर्गबाट नै परमेश्वरको पुत्र यस संसारमा ओर्ली आउनु भएको थियो। उहाँको उदेश्यलाई देहायका दुइ पदहरूले स्पष्टसँग बुझाउन प्रयास गरिएको छ: यूहन्ना १:१८ "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।", मत्ती ११:२७ “मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरूले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ।" जब उहाँका एक जना चेला फिलिपले "हे प्रभु हामीलाई पिता देखाउनुहोस् न," भनेर अनुरोध गर्दा येशूले स्पष्ट रूपमा यसरी जवाफ दिनुभएको थियो, “फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि

तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौं, 'हामीलाई पिता देखाइदिनुहोस?' म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर।" यूहन्ना१४:८-११।

एक पटक हप्ताको सातौं दिन अर्थात् साबथको दिन, यहूदीहरूका धर्मसभाघर सिनिगगमा आफू यस पृथ्वीमा आएको लक्ष्यलाई धर्मशास्त्र बाइबलबाट पढेर यसरी सुनाउनुभएको थियो, "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरिब तथा विपन्न वर्गहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक

गर्नुभएको छ। कैदीहरूलाई छुट्काराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" लूका ४:१८-१९। यो नै उहाँको काम थियो। सैतानले पीडा दिएको एउटा घर पनि थिएन जहाँ मानिसहरूले बिलौना गर्नुपरको थियो। जुन जुन गाउँमा उहाँ जानुभयो त्यहाँ भएका सबै रोगीहरूलाई उहाँले निको पार्नुभएको थियो। उहाँकै कामले उहाँलाई परमेश्वरले अभिषेक गर्नुभएको थियो भनेर प्रमाणित गरेको थियो। उहाँको प्रत्येक क्रियाकलाप र जीवनको पाइलाले प्रेम, दया र करुणा प्रकट गर्नुभएको थियो। शोकित मानिसहरूप्रति उहाँको कोमल सहानुभूति हृदयबाट नै बगेको थियो। मानिसका चाहनाहरूप्रति उहाँ संवेदनशील हुन सकियोस्

भनेर उहाँले मानिसकै स्वभाव ग्रहण गर्नुभएको थियो। गरिबभन्दा पनि गरिब र तल्लोभन्दा तल्लो दर्जाका मानिसहरू उहाँकहाँ आउन डराउँदैनथे। साना बालबालिकाहरू पनि उहाँप्रति आकर्षित हुन्थे। उहाँको काखमा बसेर उहाँको ध्यानमग्न, दयालु र ममतामयी अनुहार हेर्न तिनीहरू अत्यन्तै लालयित हुन्थे।

येशूले सत्यको एउटा शब्द पनि दबाउनुभएन र रुखो स्वरले उच्चारण गर्नुभएन, बरु जहिले पनि प्रेमले भावुक भएर उच्चारण गर्नुहुन्थ्यो। जब उहाँ मानिसहरूसँग घुलमिल गर्नुहुन्थ्यो र तिनीहरूसँग कुराकानी गर्नुहुन्थ्यो तब उहाँ अत्यन्तै होसियार हुनुहुन्थ्यो। उहाँ हतपत मुखमा जे आयो त्यो बोल्नुहुन्नथ्यो। उहाँ सोचेर बोल्नुहुन्थ्यो र मानिसहरूको ध्यान उहाँप्रति एकाग्र हुन्थ्यो। उहाँले कहिल्यै पनि अभद्र र रुखो स्वरले बोल्नुभएन। अनावश्यक रूपमा

उहाँले कहिल्यै पनि कटु वचन बोल्नुभएको थिएन। मानिसहरूका संवदेनशीलतालाई उहाँले कहिल्यै पनि अनावश्यक रूपमा दुःख दिनुभएन। मानव कमजोरीप्रति उहाँले कहिल्यै पनि आफ्नो आँखा चिम्लिनुभएन। मानिसको गलत सोच र विचारलाई उहाँले कहिल्यै पनि हल्का रूपमा लिनुभएन। जब उहाँ सत्य बोल्नुहुन्थ्यो तब उहाँ जहिलै पनि मायालु मिजासले बोल्नुहुन्थ्यो। धर्मको खोल लगाउने तर मानिसहरूप्रति दया नदेखाउने धर्मगुरुहरूको पाखण्डीपना, मानिसहरूको अविश्वास र दुष्टता, बदमासी र अन्यायलाई खुलेरै विरोध गर्नुभएको थियो। जब दिमाग तथा मनलाई नै खलबल्याउने गरेर उहाँले झपार्नुहुन्थ्यो, तब उहाँको आवाजमा आँशु हुन्थ्यो। उहाँलाई ग्रहण गर्न अस्वीकार गर्ने र उहाँले माया गर्नुहुने यरुशलेम सहरलाई हेरेर उहाँ रुनुभएको थियो। उहाँ बाटो, सत्य र जीवन

हुनुहुन्थ्यो, उहाँलाई यरुशलेम सहरका बासिन्दाहरूले ठाडै अस्वीकार गरेका थिए। तिनीहरूका मुक्तिदातालाई तिनीहरूले बेवास्ता गरे, तर उहाँले ती मानिसहरूप्रति कोमल मायाले हेर्नुहुन्थ्यो। अरूहरूलाई सोचेर स्याहार गर्न उहाँले आफ्नो जीवनको स्वार्थ र चाहनालाई त्यागनुभएको थियो, अर्थात् उहाँको जीवन निस्वार्थीमय थियो। स्त्री होस् वा पुरुष होस्, प्रत्येक व्यक्ति उहाँको आँखाको सामु प्रिय र बहुमूल्यको थियो। आफू परमेश्वरीय प्रतिष्ठा र मर्यादामा हुनुभएतापनि, उहाँले परमेश्वरका परिवारका प्रत्येक सदस्यप्रति झुकेर आफ्नो कोमल भावना देखाउनुभएको थियो। सबै मानिसहरू पतन भएका उहाँले देख्नुभएको थियो र ती मानिसहरूलाई उद्धार गर्ने आफ्नो लक्ष्य ठान्नुभएको थियो।

जुन खालको स्वभाव ख्रीष्टले आफ्नो जीवनमा प्रकट गर्नुभएको थियो त्यही चरित्र परमेश्वरको हो। परमेश्वरकै हृदयबाट ईश्वरीय करुणा मानिसहरूका सन्तानमा वहन्छ। त्यो करुणा ख्रीष्टबाट छर्लङ्ग पारिएको छ। कोमल र दयालु येशू परमेश्वर नै हुनुहुन्थ्यो। यसलाई विश्वासको रहस्य भनेर पावलले येशूको बारेमा भावविभोर भएर यसरी व्यक्त गर्दछन्, "हामी स्वीकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान् छ: उहाँ स्वयं शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो, जाति-जातिहरूका माझमा प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो।" १ तिमोथी ३:१६।

पापबाट मुक्त गर्न र हामीले पनि पापरहित जीवन यापन गरौं भनेर येशू यस संसारमा मानव चोला लिएर आउनुभयो, मानवीय

जीवन जिउनुभयो, महा दु:खकष्ट भोग्नुभयो र सम्पूर्ण मानवका निम्ति मर्नुभयो। उहाँ "वेदनाहरूको मानव" हुनुभएको थियो। ताकी हामी अनन्तको आनन्दमा सहभागी हुनसकौं। सत्य र अनुग्रहले भरपूर हुनुभएको र वयान नै गर्न नसकिने महिमाको संसारबाट आफ्ना प्रियपुत्रलाई परमेश्वरले यो पाप र विपत्ले क्षतविक्षत भएको, मृत्युको अन्धकार र श्रापले भरिएको पृथ्वीमा पठाउनुभएको थियो। आफ्नो प्रेमको छातीमा टासिनुभएको, अनगिन्ती स्वर्गदूतहरूको आदर र सम्मानबाट अलग गरिएर लज्जा, बेइज्त, अपमान, दमन, घृणा, बदनाम खप्न, आत्मसम्मानमा धक्का पाउन र मृत्यु सहन पिताले यस संसारमा उहाँलाई पठाउनु भएको थियो। उहाँ यस संसारमा आउनु भन्दा करिब आठसय वर्षपहिले अगमवक्ता यशैयाले उहाँको बारेमा करुण तरिकाले यसरी चित्रण

गरेका थिए, "ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं।" यशैया ५३:५।

अनकन्टार जङ्गलमा, गेतसमनीमा, क्रूसमा उहाँलाई हेर्नुहोस्! निष्कलङ्क र निर्मल परमेश्वरको पुत्र आफैंले हाम्रो पापको भार बोक्नुभएको थियो। परमेश्वरसँग एक हुनुभएको वा मिसिनुभएको येशूले पापले गर्दा परमेश्वर र मानिसलाई अलग गरिने भयावह र विषम परिस्थितको अनुभव गर्नुभएको थियो। आफ्नो ओठबाट उहाँले पीडाको चित्कार गर्नुभएको थियो, "हे मेरा परमेश्वर! हे मेरा परमेश्वर!! तपाईंले मलाई किन त्याग्नुभयो?" मत्ती २७:४६। पापको बोझ यस्तो भयानक र ठुलो थियो, जसले गर्दा आफू परमेश्वरबाट अलग भएको येशूले आभाष पाउनुभएको थियो। यही

अनुभवले नै परमेश्वरका पुत्रको हृदय छियाछिया भएको थियो।

तर, हामीले एउटा कुरा बुझ्नु जरुरी छ कि पिताको हृदयमा प्रेम जागोस् र उहाँले मानिसहरूलाई मुक्ति दिन चाहना गर्नुभएको होस् भन्ने हेतुले यो महान बलिदान वा त्याग येशूले गर्नुभएको थियो। यस्तो सोच कदापि गर्नुहुन्न। "परमेश्वरले संसारमा यस्तरी प्रेम गर्नुभयो, सो प्रेम देखाउन उहाँले आफ्नो एकमात्र प्रियपुत्रलाई अर्पण गर्नुभयो।" यूहन्ना ३:१६ (रूपान्तरित)। येशू ख्रीष्टले हाम्रो पाप मोचनको निम्ति महाकष्ट भोग्नुभएका कारणले परमेश्वर पिताको प्रेम हामीमा जागेको होइन, तर उहाँले हामीलाई प्रेम गर्नुभएकोले नै हाम्रो पाप मोचन गर्न येशूलाई त्यो कदम चाल्न दिइएको थियो। पतित संसारमा आफ्नो असिमित र अनन्तको प्रेम खनाउन परमेश्वरले येशू ख्रीष्टलाई प्रयोग गर्नुभएको थियो।

जब येशू क्रूसमा महाकष्ट भोगिरहनुभएको थियो तब परमेश्वर पिता कहाँ हुनुहुन्थ्यो त? पावलले २ कोरन्थी ५:१७-१९ मा यसरी व्यक्त गर्दछन्," यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, अर्थात् स्वयम् ख्रीष्टमा भएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो।" हो, सनातन परमपिता सृष्टिकर्ता परमेश्वर आफ्ना प्रिय पुत्र येशू ख्रीष्टसँगै पीडा भोग्नुभएको थियो। अनन्तको प्रेमले भरिएको हृदयले हाम्रो मुक्तिको मोल गेतसमनीको बगैंचाको तीब्र वेदनामा, कलभरीको मृत्युमा तिरिदिनु थियो।

येशूले भन्नुभयो, "पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण

फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु।" यूहन्ना १०:१७। अर्थात्, "मेरा पिताले तिमीहरूलाई धेरै प्रेम गर्नुभएको छ र मलाई पनि अझ धेरै प्रेम गर्नुहुन्छ किनकि तिमीहरूलाई मुक्ति दिन मैले मेरो जीवन अर्पण गरेको छु। तिमीहरूका बदलीमा म तिमीहरुका निम्ति बलि भएँ अनि तिमीहरूका निम्ति म धरौटी बसेँ र मेरो जीवन तिमीहरूको निम्ति अर्पण गरेँ। मैले तिमीहरुको जिम्मा लिएर तिमीहरूले उलङ्घन गरेको पापको दोष मैले बोकेकोले म मेरा पिताको प्रियपात्र बनेको छु। मेरो बलिदानले परमेश्वर विलकुल न्यायी र ठिक हुनुहुन्छ भनेर देखाइएको छ। कुनै पनि पापी जसले मलाई विश्वास गर्छ त्यसलाई निर्दोष ठहऱ्याउने परमेश्वर नै हुनुहुन्छ।

परमेश्वरका पुत्र बाहेक अरू कसैले हामीलाई मुक्ति दिन सक्दैन। परमेश्वर पितासँग एक हुनुहुनेले मात्र मानव मुक्तिका निम्ति कदम

चाल्न सक्नुहुन्थ्यो। परमेश्वरको प्रेमको उचाइ र गहिऱ्याइ येशूले बुझ्नुभएकोले मानिसका सामु उहाँलाई प्रकट गर्नुभएको थियो। पतित र परमेश्वरबाट टाढा हुन चाहने मानव जातिप्रति परमेश्वर पिताको प्रेम, ख्रीष्टको असिमित र अनन्त महान् बलिदानले मात्र व्यक्त गर्नसक्छ।

"परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यूहन्ना ३:१६। मानिसहरूका बिचमा रहेर तिनीहरूसँग हिमचिम गर्न, तिनीहरूका पापहरू बोक्न, र तिनीहरूका निम्ति बलि हुनमात्र परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभएको थिएन। उहाँले येशूलाई पतित, विद्रोही, पापमै रमाउन चाहने मानव जाति परिवर्तन होस् भनेर पठाउनुभएको थियो। मानवीय चासो र

आवश्यकताहरूसँग ख्रीष्ट परिचित हुन आफूलाई सुम्पिनुभएको थियो। परमेश्वरसँग एक हुनुभएका येशूले आफूलाई मानिसहरूका सन्तानसँग कहिल्यै नचुँड्ने डोरीसँग गाँस्नुभएको थियो। "पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि सबै एउटै परिवारका हुन्। त्यसैकारण तिनीहरूलाई भाइ भन्नमा येशू शर्माउनुहुन्न।" हिब्रू २:११।

येशू हाम्रा बलि हुनुहुन्छ वा पापका निम्ति पशु बलिद्वारा उहाँलाई औँल्याएको बलि उहाँ नै हुनुहुन्छ, उहाँ हाम्रा वकिल हुनुहुन्छ वा हाम्रा पक्षमा परमेश्वरसँग बोल्नुहुन्छ र उहाँ हाम्रा ठुलो दाजु हुनुहुन्छ। पिताका सिंहासनको सामु उहाँले हाम्रो मानव रूप लिएर उभिरहनुभएको छ। अनन्त युगौं युगदेखि उहाँले उद्धार गर्नुभएका मानवजातसँग येशू एक भएर मिल्नुभएको थियो र मिलिरहनु भएको छ। विनाश वा बरबादबाट र पापले गर्दा घटिया

स्थितिबाट मानिस प्राणी उचेलियोस् भनेर येशूले ती सबै प्रयास गर्नुभएको थियो। उहाँलाई ग्रहण गरेर परमेश्वरको प्रेमलाई मानिसले प्रतिबिम्बित गर्न सकून् र अरूहरूलाई आफूले पाएको पवित्रताको आनन्द फैलाउन सकून् भन्ने येशूको परिकल्पना थियो।

हाम्रो मुक्तिका निम्ति वा पापबाट स्वतन्त्र हुन जुन मोल येशूले तिर्नुभयो, आफ्नो प्रियपुत्र हाम्रा निम्ति मर्न असिमित र अनन्तको त्याग जुन स्वर्गमा रहनुहुने परमेश्वर पिताले गर्नुभयो, त्यसबाट हामीले यो बुझ्नुपर्छ कि येशू ख्रीष्टद्वारा हामी कस्तो उच्च मर्यादा वा सम्मानमा पुग्न सकिंदो रहेछ। पापमा गिरिरहेका र नाश हुने मानव जातिप्रति पिताको उच्च, गहिरो र फराकिलो तथा ध्यानमग्न उदार प्रेमप्रति प्रेरित यूहन्नाको हृदय परमेश्वरप्रति भावविभोर भएर श्रद्धा र आराधनाले भरिएको थियो। परमेश्वर पिताको

कोमल, सदाशयी र महान् प्रेमका बारेमा व्यक्त गर्न उपयुक्त मानवीय लवज पाउन असफल भएका यूहन्नाले संसारलाई उहाँको प्रेममा फसोस् भनेर यसरी व्यक्त गर्दछन्, "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन। प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँ जस्तै हुनेछौं। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।" १ यूहन्ना ३:१-३।

मानिसमाथि राखिएको मोल कस्तो रहेछ भनेर उपर्यूक्त कथनले कसरी बताएको रहेछ!

पाप गर्न रुचाउने र परमेश्वरका आज्ञाहरू उल्लङ्घन गर्ने मानव जाति सैतानको प्रभुत्वमा आफू हरूलाई सुम्पेका छन्। पापको प्रायश्चित गर्ने ख्रीष्टको बलिदान र त्यागलाई विश्वास गरे वा उहाँमाथि आस्था राखे, आदमका छोराछोरीहरू परमेश्वरका छोराछोरीहरू हुन सक्छन्। मानव स्वभाव लिएर ख्रीष्टले मानवजातिलाई उच्चस्तरमा राख्नुभयो। ख्रीष्टसँगको सम्पर्कमा रहँदा पतित मानिसहरू "परमेश्वरका छोराछोरीहरू" भनेर योग्य र मर्यादित नाउँले सम्बोधन गर्ने अवसर पाएका छन्।

यस किसिमको प्रेम अतुलनीय वा कसैसँग दाँज्न सकिँदैन्। सारा जगत्का महाराजाका छोराछोरीहरू! यो कस्तो अनमोल प्रतिज्ञा हो! यो कस्तो ध्यानका निम्ति गम्भीर र

प्रकाण्ड विषय हो! परमेश्वरलाई प्रेम नगर्ने, उहाँसँग विद्रोह गरेर कुबाटो वा दुष्टबाटोमा हिँड्न रुचाउने संसारको निम्ति कस्तो अतुलनीय प्रेम हो यो! यो चिन्तन वा सोचमा मानिस हराउन सक्छ, जसले गर्दा उसको दिमागलाई परमेश्वरको इच्छाको वशमा ल्याइदिन्छ। क्रूसलाई मध्यनजर राखेर जतिजति परमेश्वरको स्वभावका बारेमा अध्ययन गर्छौं त्यति-त्यति उहाँको दया, सदाशयता, कोमलता, करुणा र क्षमाशीलताका बारेमा बढी सिक्दछौं। उहाँको न्याय निष्पक्ष छ र मानिस जाति उहाँका सामु सबै समान छन्। यदि हामीले उहाँको असिमित प्रेमको स्वभावलाई अध्ययन गर्नसक्यौं भने, हामीले यस्तो अनगिन्ती प्रमाणहरू पाउन सक्छौं, जुन भड्किएर गएका आफ्ना छोरा वा छोरी आफूतिर आऊन् भनेर सहानुभूतिसाथ रहरगर्ने आमाको मायाममता भन्दा अपार र असिमित भएको पाउन सक्छौं।

## अध्याय २
## पापीलाई येशू ख्रीटको खाँचो

जब परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो तब सुरुमा तिनीहरूमा आदर्श, प्रशंसनीय र उच्च कोटीका शक्तिहरू थिए। तिनीहरूको मस्तिष्क अत्यन्तै सन्तुलित थियो। तिनीहरू सिद्ध र परिपक्व थिए र परमेश्वर सँग तालमेल गरेर चल्थे। तिनीहरूका सोचविचारहरू शुद्ध र निर्मल थिए भने तिनीहरूका लक्ष्यहरू पवित्र थिए। तर परमेश्वरको आज्ञा नमान्दा तिनीहरूका शक्तिहरू भ्रष्टभए, र प्रेमको ठाउँमा स्वार्थले अखडा जमायो। परमेश्वरका आज्ञाहरू नमान्ने वा पापमै रमाउने तिनीहरूको स्वभावले गर्दा मानव प्राणी एकदम कमजोर हुन पुग्यो। त्यसैको फलस्वरूप, मानिस आफ्नै कारणले खराबको शक्तिसँग सामना गर्न असम्भव भयो। खराब हो भनेर थाहा

पाएतापनि त्यस तत्त्वलाई आफ्नो जीवनबाट पन्छाउन मानिस असमर्थ भयो। स्वेच्छाले उसले आफूलाई सैतानको नियन्तत्रणमा राख्न दिइयो। यदि परमेश्वरले विशेष हस्तक्षेप गर्नुभएको थिएन भने, मानिस अनन्तसम्म सैतानको पासोमै रहने थियो।

सृष्टि गर्नुभएका मानिसका निम्ति परमेश्वरको योजनालाई ध्वस्त पार्ने सैतानको लक्ष्य थियो। यो पृथ्वी सधैंको निम्ति दु:ख, कष्ट, शोक र उजाड अवस्थामा राख्ने सैतानको योजना थियो। आफूले ल्याएका सबै खराब तत्त्वहरूको जिम्मेवारी परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएकै कारणले आएको हो भनेर सैतानले औँल्याउन चाहेको थियो।

जब आदम र हव्वामा पाप थिएन, तब परमेश्वरसँग बडो खुसी र आनन्दले तिनीहरूको आदान प्रदान हुन्थ्यो। परमेश्वरमा नै "ज्ञान र बुद्धिका सारा सम्पत्ति लुकेका छन्।" कलस्सी २:३।

अर्थात् तिनीहरूलाई चाहिने सबै ज्ञान र बुद्धिको स्रोत परमेश्वर नै हुनुहुन्छ। तर मानिसले पाप गरेपछि, पवित्र परमेश्वरसँगको तिनीहरूको आदानप्रदान खल्लो तथा नरमाइलो हुन पुग्यो। त्यतिमात्र नभएर तिनीहरू परमेश्वरबाट भाग्न र लुक्न थाले। परिवर्तन नभएको वा पुनर्जीवन नपाएका मानिसको हृदयको अवस्था अहिले पनि त्यस्तै छ। तिनीहरू परमेश्वरसँग तालमेल गरेर चल्न सक्दैनन्, र उहाँसँग कुराकानी गर्नपनि तिनीहरूलाई रमाइलो लाग्दैन। पापको कारण तिनीहरू परमेश्वरको उपस्थितिमा खुसी र आनन्दित हुन सक्दैनन्; पवित्र जीवहरूको मित्रताबाट तिनीहरू खुम्चिन थालेका हुन्छन्। यदि यही अवस्थामा तिनीहरूलाई स्वर्गमा पस्न दिइयो भने तिनीहरूमा आनन्द हुने थिएन र बेचैन हुन्थ्यो।

स्वर्गमा निस्वार्थी प्रेमले रजाईं गरेको हुन्छ। स्वर्गमा जाने प्रत्येक मानिसले परमेश्वरलाई प्रेम गर्ने हुन्छ किनकि उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ। यस्तो वातावरण पापमै रमाउने मानिसको हृदयमा हुँदैन। पाप र हित जीवहरूका सामु उसका सोचविचारहरू, चासोहरू, नियतहरू अनौठो वा पराइ हुनेछन्। स्वर्गको धुन उसका निम्ति बेसुर हुनेछ। स्वर्ग उसको निम्ति सास्ती हुने थलो हुनेछ; चम्किँदो र आनन्दको केन्द्रविन्दु भएका परमेश्वरबाट भाग्न उसलाइ हत्तारो हुनेछ।

परमेश्वरकै स्वेच्छाको आदेशले दुष्ट तथा पापीहरू स्वर्गबाट बञ्चित भएका थिएनन्। परमेश्वर र पवित्र जीवसँग चिनाजानी गर्न तिनीहरूकै अयोग्यताले स्वर्ग जाने ढोका बन्द गरिएको थियो। यदि तिनीहरू स्वर्गमा गए भने, परमेश्वरको महिमा तिनीहरूका निम्ति भतभत

पोल्ने आगो हुन्थ्यो। तिनीहरू नाश हुन चाहना गर्ने थिए। तिनीहरूलाई उद्धार गर्न मर्नु भएका प्रभुको मुहारबाट लुक्न तिनीहरूले तीव्र चाहना गर्नेछन।

हामी पापको खाल्डोमा छौं र त्यसैमा डुबिरहेकाछौं। त्यसबाट हामी आफ्नै प्रयासले उम्कन असम्भव छ। हामीहरूका हृदयहरू दुष्ट र खराबपनले भरिएको छ। हामीले तिनीहरूलाई बदल्न सक्दैनौं। यस मामिलामा बाइबलका पात्रहरू अय्यूब र पावलले यस्तो भावना पोखाउँछन्; "अशुद्धबाट कसले शुद्ध निकाल्न सक्छ? कसैले सक्दैन!" अय्यूब १४:४ र "पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ।" रोमी ८:७। मानिसका शिक्षादीक्षा, संस्कार, संस्कृति, सभ्यता, इच्छा र शक्तिलाई वशमा ल्याउने प्रयास धर्मी वा असल हुने मानिसको अनेकौं

प्रयासका आ-आफ्नै उचित स्थानहरू छन्, तर मानिसलाई पापबाट उठाउन ती सबै थोकहरू शक्तिहीन छन्। ती सबै तत्त्वहरूले तिनीहरूको आचरण वा स्वभाव बाहिरी रूपमा ठिक भएको वा सुधार भएको वा सच्याइएको जस्तो देखाउला, तर तिनीहरूले हृदयलाई परिवर्तन गर्न सक्दैनन्। तिनीहरूले जीवनको दूषित पानीलाई निर्मल वा सफा गर्न सक्दैन। मानिसको दिलभित्रै शक्तिले काम गर्न दिइरहेको हुनुपर्छ, माथिबाट नयाँ जीवन आउनुपर्छ, अनि मात्र पापी अवस्थाबाट मानिसहरू पवित्रतामा बदलिन सक्छन्। त्यो शक्ति येशू ख्रीष्ट हुनुहुन्छ। मानिसको कठोर र निर्जीव क्षमतालाई उहाँको अनुग्रहले मात्रै सक्रिय पार्नसकिन्छ। त्यसको फलस्वरूप तिनीहरू परमेश्वरतिर आकर्षित हुन्छन् र उहाँको पवित्रतामा रहेर निर्मल जीवन बिताउन लालयित हुन्छन् ।

उद्धारकर्ताले भन्नुभयो, "कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य हेर्न सक्दैन।" यूहन्ना ३:३। त्यसको अर्थ यदि कोही व्यक्ति नयाँ जीवन प्राप्त गर्न चाहन्छ र त्यसतर्फ अगाडि बढ्न चाहन्छ भने उसले नयाँ हृदय वा दिल, नयाँ इच्छा, नयाँ लक्ष्य, नयाँ सङ्कल्प वा चेतना प्राप्त गर्नै पर्छ। मानिसमा जे असल स्वभाव वा गुणहरू छन् तिनीहरूको मात्र विकास गरे पुग्छ भनेर कतिपयले तर्क गर्छन्। तर यो घातक तर्क हो। यो धोखादिने खालको सोच हो। प्रेरित पावलले यस्तो जिकिर गर्दछन्, "जो मानिस आत्ममिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसका निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ।" १ कोरिन्थी २:१४। त्यसकारण, येशूले धर्मगुरु

निकोदिमसलाई भन्नुभयो, "शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। बतास जता चाहन्छ उतै वहन्छ। तिमी बतासको आवाज सुन्छछौं, तर त्ययो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौं। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।" यूहन्ना ३:६-८।

येशूका चेला यूहन्नाले उहाँका बारेमा यसरी व्यक्त गर्दछन्, "उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।" यूहन्ना १:४-५। येशूको नामको गरिमालाई कदर गर्दै उहाँका चेला पत्रुसले यहूदी धर्मका प्रधान पुजारी र अरू गन्यमान्यख पण्डित वा धर्मगुरुहरूका सामु निडर भएर यो घोषणा गरेका थिए, "अरू कसैमा मुक्ति

छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्ग मुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।" प्रेरित ४:१२।

परमेश्वर दयालु हुनुहुन्छ, उहाँ प्रेमिलो हुनुहुन्छ, उहाँ सदाशयी हुनुहुन्छ, उहाँ उदार हुनुहुन्छ र परमेश्वरले बाबुले जस्तै माया गर्नुहुन्छ भनेर उहाँको चरित्रका बारेमा महसुस गरेर गुणगान गाएर मात्र पुग्दैन। उहाँको व्यवस्थाको ज्ञान बुद्धि र न्यायका बारेमा प्रशंसा गरेर मात्रै पुग्दैन, न त उहाँका आज्ञाहरू अनन्त प्रेमको जगमा बसालिएको छ भनेर स्वीकार मात्र गरे पुग्छ। हो, व्यवस्थाको बारेमा ध्यान गर्दा अत्यन्तै भावविभोर भएर पावलले यो भावना व्यक्त गरेका थिए, "परमेश्वरका नीतिहरू वा व्यवस्था अर्थात् दश आज्ञा असल छन् भनी म सहमत हुन्छु।" "व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।" तर आफ्नो

कमजोरीको महसुस गर्दै आत्मिक वेदनालाई निराशको भूमरीमा आत्मसमर्पण गर्दै उनले यसरी चित्कार गर्दछन्, "किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु।" रोमी ७:१६,१२,१४। पावल शुद्ध, निर्मल, निर्दोष, धर्मी र असल जीवन बिताउन तीव्र चाहना गरेका थिए। तर, त्यो स्थितिमा आफूलाई पुऱ्याउन आफ्नै धर्मकर्म क्रियाकलाप बेकामको छ र आफू कतिको शक्तिहिन छ भनेर स्वीकार गर्दै आफ्नो अन्तरचेतनादेखि उनले यसरी चित्कार गर्दछन्, "हाय, म कस्तो दु:खी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला?" रोमी ७:२४। बोझले लादिएको हृदयदेखि नै यो चित्कार सबै देशहरूमा र सबै युगहरूमा गुञ्जिरहेको छ। तर, त्यसको जवाफ केवल

एउटा मात्र छ, "हेर, संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा!" यूहन्ना १:२९।

बाइबलमा धेरै चरित्रहरूका विषयमा वर्णन गरिएको छ जो दोषी मनस्थिति वा अपराधी व्यवहारबाट दु:खी र भारी भएकाहरू त्यस स्थितिबाट स्वतन्त्र हुन चाहन्थे। तिनीहरूको सत्य अवस्थालाई परमेश्वरले हाम्रा सामु खुलस्त गरेर राख्नुहुन्छ। उदाहरणमा, इसहाकको छोरो याकूबको बारेमा हामी हेर्न सक्छौं। आफ्नो दाजु एसावलाई धोका दिएपछि याकूब आफ्नो बुबाआमाको घरबाट भाग्नुपरेको थियो। आफूले गरेको नराम्रो कामप्रति उनी दु:खीत भएका थिए र आफ्नो अपराधले गर्दा उनको मन भारी भइरहेको थियो। आफ्ना जीवनका प्रियजनहरूबाट टाढा भएर एक्लिनुपरेका र बाहिरिनुपरेका याकूब निराशको बादलमा घुमिरहेका थिए। अझ, त्यो भन्दा बढी त आफ्नो

पापको कारणले परमेश्वरले उनलाई त्याग्नुभयो भन्ने सोच उनको मनमा भारी भएर उनी रन्थिरहेका थिए। आफ्नो परिवारबाट मात्र होइन स्वर्गैबाट आफू निश्कासन भएको अनुभूति उनलाई भइरहेको थियो। यात्राबाट थकान र मानसिक तथा आत्मिक स्थितिबाट पेलान भएको याकूब खुला आकाशमुनि ढुङ्गाको सिरानी बनाएर बाटोमै सुत्न उनी पल्टिए। उनको वरिपरि केवल सुख्खा पहाडहरूमात्र थिए र माथि आकाशमा ताराहरू उनका निम्ति छानो भएर चम्किरहेका थिए। जब उनी सुते, तब उनले अचानक अनौठो स्वप्न दर्शन देखे। त्यस दर्शनमा तेज थियो। उनी त खुला जमिनमा सुतिरहेका थिए, तर दर्शनमा उनले चहकिलो भऱ्याङ्ग। त्यो भऱ्याङ्ग त स्वर्गका ढोकाहरूतिर सोझिरहेको थियो। त्यस भऱ्याङ्गमा परमेश्वरका स्वर्गदूतहरू तलमाथि गरिरहेका थिए। भऱ्याङ्गको

टुपोमा परमेश्वरको महिमाले झकिझकाव भइरहेको थियो। त्यस तेजिलो महिमाबाट याकूबका निम्ति परमेश्वरको आनन्द, सान्त्वना र आशा दिने स्वर गुञ्जिरहेको थियो। उनको आत्माले खोजेको र उनलाई आवश्यक भएका मुक्तिदाताले उनीसँग बोलिरहनुभएको थियो। उनका भित्री चाहना के थियो सो परमेश्वरलाई थाहा छ भनेर उहाँले उनलाई थाहा दिइरहनुभएको थियो। आफू पापी भएतापनि परमेश्वरसँगको सम्पर्क फेरि स्थापना गर्न सकिन्छ भन्ने सन्देश प्रकट भएपछि उनी खुसी, आनन्द र आभारित भएका थिए।

याकूबले सपनामा देखेका भऱ्याङ्गले येशूको प्रतिनिधित्व गर्दछ। परमेश्वर र मानिसको बिचमा सम्पर्क राख्न केवल एउटामात्र माध्यम येशू हुनुहुन्छ। जब येशूले आफ्नो चेला नाथनियलसँग कुरा गर्दै हुनुहुन्यो, उहाँले याकूबले

देखेका दर्शनको चित्रलाई नै यसरी औल्याउनुभएको थियो, "अनि उहाँले तिनलाई भन्नुभयो, “साँच्चै, म तिमीलाई भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लदैगरेका देख्नेछौ।” यूहन्ना १:५१।

जब आदम र हव्वाले पाप गरे वा परमेश्वरसँग विश्वासघात गरे तब तिनीहरू परमेश्वरको प्रेम र मित्रताबाट टाढा भएका थिए। तिनीहरूको संसार स्वर्गबाट चुँडिएको थियो। परमेश्वर र तिनीहरूका बिचमा यस्तो ठुलो खाल्डो बन्नपुग्यो। जसले गर्दा परमेश्वरसँग तिनीहरूको सञ्चार विच्छेद भएको थियो। तर येशू ख्रीष्टले स्वर्गसँग पृथ्वी फेरि गाँसिनुभयो। ख्रीष्टको आफ्नै असल क्रियाकलापले गर्दा पापको खाल्डोमाथि पुल बनिएको थियो। ख्रीष्टिय पुलबाट नै सेवा गर्न आत्तुरी भएका स्वर्गदूतहरू मानिससँग सम्पर्क

राख्न सक्नेभएका थिए। पतित मानिसहरूका कमजोरमा र निरीहपनामा ख्रीष्टले तिनीहरूलाई असिमित शक्तिको स्रोत, स्वर्गसँग जोड्नुहुन्छ।

तर, आशाको केवल एउटा स्रोत र पतित जातिलाई राहत दिन चाहने येशूलाई पतित मानिसहरुले बेवास्ता गरे। मानिसहरूका विकाश तथा प्रगतिका सपनाहरू र मानिसलाई उत्थान गर्ने सबै प्रयासहरू बेकार हुन्छन् वा भत्किन्छन्। येशूका कर्मठ चेला याकूबले लेख्दछन्, "हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाँजस्तो उहाँमा कुनै हेरफेरहुँदैन।" याकूब १:१७-१८।

परमेश्वरबिना कसैको चरित्र उत्कृष्ट, आदर्श, नैतिकवान् र श्रेष्ठ भन्ने हुँदैन। परमेश्वरतिर जाने बाटो केवल येशू ख्रीष्टमात्र हुनुहुन्छ। उहाँले यो धारणा स्ष्ट रूपमा यसरी

भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६।

पृथ्वीका छोराछोरीहरूप्रति परमेश्वरको प्रेम मृत्युभन्दा पनि बलियो छ। तिनीहरूलाई आफूतिर आकर्षित गर्ने उहाँको हृदयको तीव्र चाहना हो। आफ्नो पुत्रलाई यस संसारमा पठाएर उहाँले सारा स्वर्ग नै रित्याउनु भएको थियो। येशू रूपी वरदानमा सबै स्वर्ग खाँदिएको छ। मुक्तिदाताको जीवन र मृत्युले, हाम्रो निम्ति उहाँको पहिलो, स्वर्गदूतहरूको सेवाकार्यले, प्रत्येक मानिसको अन्तर चेतनामा घच्घच्याइरहनु हो। पवित्र आत्माको आवाजले, सनातन परमेश्वर पिताले माथिबाट र सबैबाट सक्रिय भएर काम गरिरहनुभएकोले र स्वर्गका जीवहरूको नरोकिने चासोले मानिसको मुक्तिका निम्ति प्रयास गर्न जुटिरहेका छन् भनेर देखाउँदछ।

लौ, हाम्रा निम्ति क्रूसमा त्याग्दै प्रदर्शन गर्नुभएको येशूको अद्भूत वा अचम्मको त्यागको बारेमा गहिरिएर ध्यान गरौं! परमेश्वरबाट बरालिएर हराइरहेका मानिसहरू आफ्नै हो भनेर दावी गर्न, र परमेश्वर पिताको घरमा ल्याउन स्वर्गले गरिरहेको परिश्रम र खर्च गरिरहेको उर्जाप्रति सराहना गर्न हामी प्रयास गरौं। परमेश्वरतिर आउने मानिसहरूका आफ्ना नियत र अभिप्रायहरू जतिसुकै उचित, मनासिब, आदरणीय र बलिया भएतापनि, र जतिसुकै शक्तिशाली मानवीय प्रयास, धर्मकर्म तथा निकायहरूलाई प्रयोग गरेतापनि तिनीहरू उहाँका सामु आउन सक्दैनन्। हाम्रा सृष्टिकर्ता परमेश्वर र उद्धारकर्तालाई हृदयदेखि नै प्रेम गरेर सेवा गर्न धेरै प्रेरणा र उत्साह हामीलाई उपलब्ध गराइएका छन्। पवित्र आत्माको अगुवाइ अनुसार असल र उचित काम गर्दा हामीले पाउने

अत्यन्तै सन्तुष्टि हर्षको इनामको अनुभवले अहिले नै स्वर्गीय आनन्दको प्रत्याभूति पाउँछौं। यस स्वर्गीय आनन्दमा स्वर्गदूतहरूसँग सङ्गति गर्न पाउँछौं र परमेश्वर पिता र उहाँको पुत्रसँग संवाद गर्ने अवसर पाउँछौं। परमेश्वरपिता र परमेश्वर पुत्रको प्रेममा भिज्दै हामी सारा अनन्त वा युगौं युगसम्म हाम्रो बल वा शक्तिलाई फैलाउँदै जानेछौं। हामीलाई उच्चपारिने परमेश्वरको लक्ष्यलाई थाहा पाउँदा हामी उहाँतिर आकर्षित हुन्छौं जसको फलस्वरूप, हाम्रा सृष्टिकर्ता र मुक्तिदाताको हृदयदेखि सेवा गर्न र उहाँका आज्ञाहरू पालन गर्न अभिप्रेरित हुन्छौं। हामी प्रति चालिरहेका परमेश्वरका कदमहरू, हामीलाई दिने प्रेरणाको स्रोत अरूभन्दा के हुन सक्छ र?

परमेश्वरको अर्को पक्ष पनि हामीले ख्याल गर्न जरुरी छ। उहाँ न्यायी परमेश्वर हुनुभएकोले पापका विरुद्धमा उहाँले फैसलाहरू

पनि गर्नुहुन्छ। यस संसारबाट पापलाई हटाउनै पर्छ भन्ने परमेश्वरको निर्णयलाई उहाँले कहिले फिर्ता लिनुहुन्न्। जब हामी सैतानको सेवामा रहन्छौं वा उसको पक्षमा उभिन्छौं तब हाम्रो चरित्र तल्लो स्तरमा घट्दै जान्छ। पापलाई पोसाइ राख्नेहरू येशूको तेस्रो आगमनमा सदाका निम्ति नाश हुनेछ भनेर परमेश्वरको वचनमा हामीलाई चेतावनी स्वरूप लेखिएको छ।

# अध्याय ३
# पश्चात्ताप वा विगतका गल्तीहरूबाट पछुतो

परमेश्वरका सामु मानिस धर्मी वा निर्दोष कसरी हुनसक्छ र? पापी मानिस धर्मी हुन धेरै धर्मकर्म, दान, परोपकारीय काम गर्दछ, तर के त्यसले पापी मानिसलाई धर्मात्मा बनाउँछ र? तर, बाइबलीय धर्मशास्त्र अनुसार केवल येशू ख्रीष्टले मात्र परमेश्वरसँग ताल मेल गर्न सक्नुहुन्छ भनेर बताइएको छ। परमेश्वरसँग सुमधुर सम्बन्ध राख्न हामी ख्रीष्टको पवित्रतामा रहनुपर्दछ। तर कसरी हामी ख्रीष्टकहाँ आउने, अर्थात् येशूका भक्त वा उपासक हुन हामीले के गर्नुपर्छ? यही प्रश्न आजमात्र होइन, पेन्टिकोस्टको त्यस समयमा पनि हजारौं मानिसहरूले पत्रुसलाई सोधेका थिए। पत्रुसले जम्मा भएका हुललाई येशूको बारेमा वयान गर्दै

उहाँलाई क्रूसमा टाँग्ने तिनीहरू नै हुन् भनेर जोशिलो पाराले सुनाए, तब भिड आफ्नो पापप्रति पछुताव गरे र भावुक भएर चिच्याए, "अब हामी के गर्ने त?" त्यसबेला पत्रुसले तिनीहरूलाई "पश्चात्ताप गर्नुहोस्," भनेर जवाफ दिए। प्रेरित २:३७,३८। त्यस को लगत्तै केही दिनपछि उनले फेरि भने, "पश्चात्ताप गर्नुहोस् र परमेश्वरतिर फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्।" प्रेरित ३:१९।

पश्चात्तापमा आफ्नो पाप वा आफूले गरेका गल्तीहरूको बारेमा पश्चात्ताप गर्नु समावेश हुन्छ। ती पाप र गल्तीहरू फेरि नगर्ने प्रतिवद्धता वा तिनीहरूबाट फर्किने निर्णय पनि बाइबलले देखाएको पश्चात्तापको अर्थ शब्दकोषमा छ। तर, जबसम्म पाप कति घिनलाग्दो छ भन्ने कुराको महसुस हामीमा हुँदैन

तबसम्म हामीले पापलाई त्याग्दैनौं; जबसम्म हामी भित्री हृदयदेखि नै पापबाट फर्किने निर्णय गर्दैनौं, तबसम्म हाम्रो जीवन वास्तविक रूपमा परिवर्तन हुँदैन।

पश्चात्तापको सत्य स्वभाव के हो भन्ने कुरा बुझ्न धेरै मानिसहरू चुकेका छन् ।हो, धेरै मानिसहरूले आफूहरूले गरेका कुकृत्य वा पापप्रति दुःख व्यक्त गर्दछन् र बाहिरी रूपमा सुधार पनि गर्छन्। त्यो सही पश्चात्ताप भन्ने होइन किनकि आफूले गरेका पाप वा गलत कुराहरूले गर्दा अझ दुःखकष्ट ल्याउला कि भन्ने डरलेमात्र सुधारिएको जीवन अपनाउँछन् ।पाप भन्दा पनि आउने दुःखकष्टका निम्ति तिनीहरू विलाप गर्छन्।

यस खालको दुःख बाइबलका अग्रज पुर्खा इसहाकको छोरा एसावले पनि व्यक्त गरेको थियो, जब उसले पाउने जन्मसिद्ध अधिकार

गुमाएको थियो। मरुभूमिमा यात्रा गरिरहेका इस्राएलीहरूलाई सराप्न बालाक राजाले तन्त्रमन्त्र गर्ने र मूर्तिपूजा गर्ने भविष्यवक्ता, ज्योतिषी वा झाँक्री बेलामलाई धनसम्पत्ति र मान दिने लोभमा भाडामा लिएका थिए। जब बेलाम गधामा चढेर राजा भएको ठाउँमा जाँदै थियो, तब बाटोमा उसलाई रोक्न स्वर्गदूत तरवार लिएर उभिरहेको देखेर आफ्नो दोष त स्वीकारे, तर आफ्नो जीवन जाला भन्ने पिरले मात्र। उसले आफ्नो पाप प्रति सच्चा हृदयले पश्चात्ताप गरेनन्, आफ्नो लक्ष्यमा कुनै परिवर्तन ल्याएनन् र परमेश्वरको इच्छा अनुसार चल्न निधो पनि गरेनन्। आफूले गर्ने खराब वा दुष्ट कामप्रति घिनाएनन् पनि।

आफ्नो प्रभु येशूलाई धोखा दिएपछि यहूदा इस्कर्योती चिच्यायो, "मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छु।" मत्ती २७:४।

यहूदाले येशूलाई प्रेम गरेकाले आफ्नो गल्ती स्वीकारेका थिएनन्। येशूलाई बेच्दा आफू ठुलो अपराधी हुन गएकाले उसले महसुस गऱ्यो। न्यायको समयमा उसले भोग्नु पर्ने दण्डदेखि यहूदा डराएको थियो। आफ्नो दोषको भयावह भावनाले उसको आत्मालाई बिचलित तुल्याएको थियो। उसले गरेको कामको परिणामले उसलाई के हुनेछ सो थाहा पाएर ऊ थरहरी भएको थियो। तर, निर्दोषी र दागरहित परमेश्वरको पुत्र र इस्राएलको पवित्र जनलाई अस्वीकार गरेर गद्दारी गर्दा उसको हृदय छियाछिया भएर गहिरो शोकमा परेको थिएन।

परमेश्वरको न्यायले गर्दा मिश्र देश महामारीहरूको चपेटामा थियो। त्यसले गर्दा राजा फारोलाई दुःख लागिरहेको थियो, अझ दण्ड नआऊन् भनेर आफ्नो पापलाई त उनले स्वीकार गरे र महामारीलाई हटाउन उनले मोशासँग

बिन्ती गरे। तर, जब महामारी हट्यो उनी परमेश्वरप्रति झन कठोर भए। यहूदा इस्कर्योती र फारो दुबैले पापबाट आउने परिणामहरूप्रति विलाप त व्यक्त गरे, तर पापप्रति भने तिनीहरूले शोक गरेनन्, अर्थात् आफ्ना पापहरूको पश्चात्ताप गरेर सुध्रिने चाहना तिनीहरूले गरेनन्।

जब हामीले आफ्नो हृदयलाई परमेश्वरको आत्माको प्रभावमा समर्पण गर्छौं, तब हाम्रो चेतना जाग्दछ। अनि हामी पापी भएको हामीले महसुस गर्छौं। जब हामी पापी भएको स्वीकार्छौं तब परमेश्वरको १० आज्ञा वा पवित्र व्यवस्थाको गहिराइ र पवित्रताको बारे बुझ्न थाल्दछौं। स्वर्ग र पृथ्वीको शासन प्रणालीको जग वा मौलिक नीति परमेश्वरका व्यवस्था वा १० आज्ञाहरू हुन् भनेर हामीले महसुस गर्दछौं। यूहन्ना १:९ मा लेखिएको छ, "हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा

आउँदैहुनुहुन्थ्यो।" हाम्रो हृदय भित्र लुकेका कोठाहरू वा गुपचुप राखिएका चेतनाका थलोहरूलाई येशूको ज्योतिले चकमक पार्दछ। अन्धकारमा थुपारी राखेका हाम्रा सोचबिचार, नियतहरूलाई येशूको आत्मज्ञानले प्रकट गर्दछ। हामी कति अघोरी पापी, अधर्मी रहेछु भन्ने दोषी भावनाले हाम्रो दिमाग र हृदयलाई छियाछिया बनाउँदछ। सनातन परमेश्वर पिता धार्मिकताप्रति पापी सचेत हुन्छ। हृदयहरूलाई खोज्ने परमेश्वरको सामु हामी दोषी र फोहर भएको महसुस गर्छौं र परमेश्वरको न्यायप्रति हामी भयाभव हुन्छौं। तर येशूको आत्मज्ञान हामीमा चम्किँदा हामीले परमेश्वरको प्रेम, उहाँको पवित्रता सौन्दर्यता र शुद्धतालाई देख्ने हुन्छौं। त्यसको फलस्वरूप, हामी शुद्ध र सफा हुने चाहना गर्दछौं र भित्रीहृदयदेखि नै परमेश्वरसँगको सम्बन्ध पुनर्स्थापना गर्न हामी आतुरी हुन्छौं।

इस्राएलका राजा दाउदले एक दिन आफ्नो कौशीबाट एक सुन्दर स्त्री आफ्नो रजस्वला पखाल्न नाङ्गै नुहाइरहेकी उनले देखे। उनीप्रति मोहित भएर राजाले आफ्नो दरबारमा उनलाई बोलाए र उनीसँग सम्भोग गरे। आफ्नो अपराध लुकाउन उनले अनेकौं चालबाजी गरेर उनको श्रीमानलाई मार्न लगाए। त्यसदेखि परमेश्वर अत्यन्तै दुःखित भएर उहाँले भविष्यवक्ता नाथानलाई उनीकहाँ पठाउनुभयो र उनको भण्डाफोर गरे। परमेश्वरको वचन अनुसार त्यसको दण्ड उनले भोग्नुपर्ने पनि भविष्यवक्ताले उनलाई सुनाए। आफ्नो निच कामले आफू पतन हुने थाहा पाएर गरेको प्रार्थनाले उनी आफ्नो पापप्रति हृदयदेखि इमान्दार कति दुःखित भएका थिए भनेर देखाउँदछ। उनको क्षमा याचनाको प्रार्थनाले पापप्रति व्यक्त गर्ने शोकको स्वभाव कस्तो हुन्छ भनेर चित्रण गर्दछ। उनको

पश्चात्ताप गहिरो र सच्चा थियो। आफ्नो दोषलाई लुकाउन उनले केही प्रयास गरेनन्; आफूप्रति परमेश्वरले गर्नुहुने न्यायबाट उनले भाग्न चाहेनन्। उनी दुःखित भएर गरेको प्रार्थना हामी सबैका निम्ति उदाहरण हो। "तिमीले व्यभिचार नगर्नु" भन्ने परमेश्वरको आज्ञालाई उलङ्घन गर्दा त्यसको भारले उनलाई थिचेको थियो। आफ्नो आत्मा वा हृदय प्रदूषित भएको उनले महसुस गरेका थिए र पापप्रति उनले घोर घृणा प्रकट गरे। परमेश्वरसँग उनले क्षमामात्र पाउन प्रार्थना गरेनन्, तर, आफ्नो हृदयलाई शुद्ध राख्ने चाहना पनि उनले गरेका थिए। परमेश्वरको पवित्रताको आनन्दमा सम्मिलितहुन उनले तीव्र चाहना व्यक्त गरेका थिए। पापले गर्दा विच्छेद भएको परमेश्वरसँगको सम्पर्क र उहाँको सुरवा तालमेलको पुनःस्थापना गर्ने चाहना उनले आफ्नै हृदयदेखि नै चित्कार गरेका

थिए। उनी दुःखित भएर व्यक्त गरेका प्रार्थनाका लवजहरू यी हुन्, "धन्य त्यो व्यक्ति, जसको अपराध क्षमा भएको छ, र जसको पाप ढाकेको छ। त्यो मानिस धन्य हो, जसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न, र जसको मनमा छलकपट छैन। जब म मौन रहें, दिनभरिको मेरो करुण-क्रन्दनले मेरा हाड़हरू खिइएर गए। किनकि दिनरात तपाईंका बाहुलीको भार ममाथि रह्यो। मेरो शरीरको शक्ति ग्रीष्मको ताप भएझैं सुकिसकेको थियो। तब मैले आफ्नो पाप तपाईंको सामुन्ने स्वीकार गरें, र मैले आफ्नो अधर्म लुकाइनँ।

मैले भनें, "म आफ्ना अपराध परमप्रभुको सामुन्ने स्वीकार गर्नेछु। र तपाईंले मेरो पापको दोष क्षमा गर्नुभयो।" भजनसंग्रह ३२:१-५। र "हे परमेश्वर, तपाईंको अचूक

करुणा अनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस।

मेरा सबै अधर्मबाट मलाई पूर्णरूपमा धोइदिनुहोस्। मेरा पापबाट मलाई शुद्ध गरिदिनुहोस्। किनकि मेरा अपराधहरू म जान्दछु, र मेरा पाप सदा मेरो सामुन्ने छ। तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठिक प्रमाणित हुनुहुन्छ, न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ। साँच्चै, म जन्मदा नै पापी थिएँ, मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ। निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ। हिसपले मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु। मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु। मलाई हर्ष र उल्लास

सुन्न दिनुहोस्, र तपाईंले चूर्ण पारिदिनुभएका हड्डीहरू आनन्दित होऊन्। मेरा पापहरूदेखि आफ्नो मुख लुकाउनुहोस्, र मेरा सारा अधर्महरू मेटिदिनुहोस्। हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनःजीवित पार्नुहोस्। मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्। तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्। र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस्। तब अपराधीहरूलाई म तपाईंका मार्गको शिक्षा दिनेछु, र पापीहरू तपाईंतर्फ फर्कनेछन्। हे परमेश्वर, हे मेरा उद्धारकर्ता परमेश्वर, मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्, र मेरो मुखले तपाईंको धार्मिकताको स्तुति गाउनेछ।" भजनसंग्रह ५१:१-१४।

यस्तो खालको पश्चात्ताप हाम्रो मानवीय क्षमता वा चाहनाभन्दा बाहिर छ। यो केवल ख्रीष्टको अनुग्रहले मात्र गर्न सकिन्छ। उहाँ स्वर्गमा उक्लेर पश्चात्ताप सहित सबै वरदानहरू मानिसहरूलाई प्रदान गर्नुभएको छ।

यद्यपि, यस मामिलामा धेरै मानिसहरू गलत सोचेका छन्। जसको फलस्वरूप ख्रीष्टले गर्न चाहनुभएको सहायता पाउन तिनीहरू असफल हुन्छन्। पहिले पश्चात्ताप नगरी येशूकहाँ आउन सक्दैनन् भनेर तिनीहरूले सोच्दछन्। पश्चात्तापले तिनीहरूका पापहरूको क्षमा पाउन तिनीहरूलाई तयार पार्छन् भन्ने सोचमा तिनीहरू छन्।

यो सत्य हो कि पश्चात्ताप पछि पापको क्षमा तिनीहरूले पाउँछन्। तर, केवल छियाछिया भएको र चूर्ण हृदयभएको मानिसले मात्र मुक्तिदाताको आवश्यकताको महसुस गर्दछ। तर,

के पापी येशूकहाँ आउन पश्चात्तापलाई पर्खेरै बस्नुपर्छ र? के मुक्तिदाता र पापीको बिचमा पश्चात्तापलाई तगारो बनाउनै पर्छ र?

येशू ख्रीष्टकहाँ आउन पापी मानिस पहिला पश्चात्ताप गर्नुपर्छ भनेर बाइबलले सिकाउँदैन, “हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।" मत्ती ११:२८। येशू ख्रीष्टकै सक्रियताले मानिसलाई सच्चा पश्चात्ताप गर्न अग्रसर गराउँछ। पत्रुसले इस्राएलीहरूलाई सम्बोधन गर्दा यस मामिलाई स्पष्ट रूपमा व्यक्त गरेका थिए, "परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो।" प्रेरित ५:३१। येशू ख्रीष्टको आत्माले हाम्रो विवेकलाई जागृत नगराएसम्म हामीमा पश्चात्ताप गर्ने खुबी हुँदैन।

येशू ख्रीष्टको अग्रसरता बिना पश्चात्ताप गर्नुभनेको उहाँ बिना पापको क्षमा पाउन खोज्नु हो।

मानिसलाई ठिक चालमा ल्याउने स्रोत र बल ख्रीष्ट हुनुहुन्छ। पाप, खराब र दुष्ट हो भनेर त्यसलाई शत्रुता ठान्ने धारणालाई मानिसको हृदयमा उहाँले मात्रै रोप्नु सक्नुहुन्छ। सत्य आत्मज्ञानमा लाग्ने र शुद्ध तथा निर्दोष जीवन बिताउने प्रत्येक चाहना, हाम्रो पाप कतिको खराब रहेछ भनेर स्वीकार गर्ने प्रत्येक महसुसले हाम्रो जीवनमा पवित्र आत्माले काम गरिरहनुभएको छ भनेर प्रमाणित गर्दछ।

येशूले भन्नुभयो, "जब म पृथ्वीबाट उचालिन्छु, तब म सबै मानिसलाई आफूतिर खिच्नेछु।" यूहन्ना १२:३२। संसारका पापहरूका निम्ति ख्रीष्ट मर्नुभएका मुक्तिदाता हुनुहुन्छ भन्ने आत्मज्ञान पापीहरुको हृदयमा जरा गाड्नै पर्दछ। जब क्रूसमा टाँगिनु भएका

परमेश्वरको थुमातिर आँखा गाड्छौं, तब हाम्रो दिमागमा पाप मोचनको रहस्य खुल्न थाल्दछ र परमेश्वर कतिको भलो वा असल हुनुहुन्छ भन्ने ज्ञानले हामी भावविभोर हुन थाल्दछौं। यस अवस्थामा हामी पुग्न सक्यौं भने हाम्रो हृदय पश्चात्ताप गर्न लम्किन्छ। पापीहरूको निम्ति मर्नुभएको येशूले यस्तो प्रेम देखाउनुभयो कि त्यसलाई बुझ्न मानिसको दिमागले भ्याउँदैन। जब पापीले ख्रीष्टको प्रेमतिर आँखा उठाउछ, तब उसको हृदय नरम हुन थाल्दछ। आफू पापीभएको हृदयदेखि नै विश्वस्त हुन थाल्दछ, त्यसबाट क्षमा पाउन भित्री चेतनाबाटै उसलाई थकथक लाग्न थाल्दछ।

कतिपय समयमा मानिसहरू आफ्ना दुष्ट क्रियाकलाप र आनीबानीदेखि लज्जित हुन्छन्। आफ्नो जीवनलाई सुधार गरेर ती खराब बानीहरू छोड्छन्। त्यो चेतना तिनीहरूलाई ख्रीष्टतिर

तानिनुभन्दा पहिले नै हुनसक्छ भन्ने कुरामा विवाद गर्दैनौं। तर, जब तिनीहरूले सुधार गर्न प्रयास गर्छन् र भित्री हृदयदेखि नै जे ठिक छ त्यही गर्न चाहना गर्छन्, तब ख्रीष्टको शक्तिले तिनीहरूलाई तानिरहेको हुन्छ। तिनीहरूको आत्मामा कसले प्रभाव पारिरहेको छ सो तिनीहरूलाई थाहा नहोला। आफू गलत बाटोमा लागिरहेको छ भन्ने कुरोले दिमागमा घचघच्याइरहेको हुन्छ र आफ्नो बाहिरी आचरणमा सुधार ल्याउँछ।

जब पापीको नजरलाई ख्रीष्टले उहाँको क्रूसतिर लगाइदिनुहुन्छ र पापहरूले गर्दा छेडिनुभएको मुक्तिदातालाई हेर्न उ पुग्छ, तब उसको विवेकमा परमेश्वरका आज्ञाहरूले घचघच्याउन थाल्दछ। आफ्नो जीवन कस्तो दुष्ट र खराब रहेछ र भित्री आत्मामा नै जरो गाडिएको पापलाई ती आज्ञाहरूले पहिल्याइ दिन्छन्। तिनीहरूले ख्रीष्टको स्वच्छ

धार्मिकताका बारेमा के ही बुझ्न थाल्दछन् र चिच्याउँछन्, "पाप कस्तो रहेछ, त त्यसको शिकारबाट फुत्केर र पापीलाई मुक्ति दिन उहाँ बलि हुनुपर्ने बाध्यतामा पुग्नुभयो? हामी सबैले अनन्त जीवन पाऔं, कोही पनि नाश नहोस् भन्ने येशूको प्रेमको चाहनाले नै उहाँले दुःखकष्ट भोग्नुभयो र होच्याइनुभयो। हाम्रो दुष्ट्याइँको मागले उहाँले कस्तो गति भोग्नु भयो, ओहो उहाँको प्रेम कस्तो रहेछ!

प्रत्येक मानिसलाई आत्मनिर्णय तथा विवेकको स्वतन्त्रता दिएको छ। येशूको प्रेमलाई पापीले वहिस्कार गर्न सक्छ वा खीष्टतिर तानिनदेखि इन्कार गर्न सक्दछ। तर स्वेच्छाले कसैले येशूलाई ग्रहण गर्न चाहन्छ भने त्यो व्यक्तिलाई उहाँतिर आकर्षित गराइन्छ। उसले मुक्तिको योजनाको आत्मज्ञान पाउँछ, जसको फलस्वरूप आफ्ना पापप्रति प्रायश्चित्त गर्दै क्रूसको पाउमा उसलाई डोऱ्याइन्छ। आफ्ना पापहरूले

गर्दा परमेश्वरको प्रिय पुत्रले भारी कष्ट सहनु बाध्य भएकोले त्यसप्रति दुःखित हुँदै उहाँलाई अङ्गाल्न पुग्दछ।

प्रकृतिलाई नियन्त्रण गर्ने परमेश्वरले मानिसहरूका हृदयलाई घचघच्ययाइरहेको रहनुहुन्छ। तिनीहरूमा नभएको रहनुपर्ने तर तिनीहरूले व्यक्त नै गर्न नसकेको चाहना त्यस आवाजले तिनीहरूको हृदयमा सृजना गरिरहेको हुन्छ। यस संसारको कुनै पनि भौतिक सुविधा, धनसम्पत्ति, यश, मान-सम्मानले तिनीहरूको भित्री चाहनालाई सन्तुष्ट पार्न सक्दैन। सत्य शान्ति र विश्राम दिने थोकहरूको मात्र खोजी गर भनेर परमेश्वरको आत्माले तिनीहरूलाई घचघच्याइ-रहेको हुन्छ। ख्रीष्टको अनुग्रह जसबाट पवित्रताको आनन्दको अनुभव गर्न सकिन्छ र त्यसले मात्र मानिसहरूलाई सत्य शान्ति र बेचैन भएका मानिसहरूको दिमागलाई चैन दिन

सक्छ। पापको मोजमज्जाले मानिसहरूलाई असन्तुष्टतामा धकेलिरहेको छ। त्यसबाट छुटिन र अनन्त जीवनका आशिषहरू तिनीहरूले पाउन् भनेर देखिने र नदेखिने माध्यमद्वारा मुक्तिदाताले निरन्तर रूपमा तिनीहरूको दिमागलाई आफूतिर खिचिरहनुभएको छ। ख्रीष्टमा रह्यो भने उहाँले दिने सबै आशिष तिनीहरूकै हुनेछ। ती मानिसहरूले बेकारमा यस संसारको प्रदूषित मुहानहरूबाट पानी पिइरहेका छन्। ती मानिसहरूलाई परमेश्वरको सन्देश यो छ, "जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैमा लिओस्।"प्रकाश २२:१७।

यस संसारले दिनेभन्दा उत्तम थोक हृदयदेखि तपाईंहरूले चाहना गरिरहनुहुन्छ भने यो हृदयको आवाज तपाईंको आत्माको शुद्धीको निम्ति परमेश्वरको हो भनेर महसुस गर्नुहोस्। तपाईं पापी हुनुहुन्छ भनेर स्वीकार्न र त्यसको

पश्चात्ताप गर्ने आत्मा तपाईंलाई दिइयोस् भनेर परमेश्वरसँग पुकार गर्नुहोस्। ख्रीष्टको अनन्त प्रेमलाई प्रकट गरुन् र उहाँको सिद्ध, चोखो र निर्मलताले तपाईंलाई थाहा दिन सकून् भनेर प्रार्थना गर्नुहोस्। मुक्तिदाताको जीवनले परमेश्वरको व्यवस्था वा १० आज्ञाका नीतिहरू सिद्ध र स्पष्टरूपमा प्रस्तुत गर्नुभएको छ। परमेश्वर र मानिसलाई कसरी प्रेम गर्ने भनेर उहाँले आफ्नो अनुकरणीय उदाहरणद्वारा देखाउनुभएको छ। उहाँमा भएको सद्भावना, उपकार, निःस्वार्थी प्रेमलाई उहाँको जीवनले ऐना जस्तो देखाउनुभएको छ। जब उहाँलाई हेर्ने बानी हामी बसाल्छौं तब मुक्तिदाताको चमक हाम्रो हृदयमा पर्दछ, अनि त्यसले हाम्रा हृदयहरूमा भएका पाप, फोहरहरूलाई उघारिदिएको हामी देख्नेछौं।

आत्मिक अवस्था वा मुक्ति पाउने मामिलामा यहूदी धर्मको वरिष्ट गुरु, पण्डित, धर्मशास्त्रको विद्धान् र अगुवा निकोदेमस जस्तै हामी ढुक्क हुन सक्छौं होला। एक रात उनी येशूकहाँ आएर परमेश्वरको राज्य कसरी देख्न सकिन्छ भनेर प्रश्न गर्दा उहाँले उनलाई भन्नुभएको थियो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" यूहन्ना ३:३। तर, येशू ख्रीष्टलाई विश्वास गरेर पुनर्जीवन पाउनु आवश्यक नभएको निकोदेमसले ठानेका थिए। आफू धार्मिक अगुवा भएकोले आफू ठिक धार्मिक बाटोमा हिंडेको, आफ्नो नैतिक चरित्र पनि आदर्श नै भएको र अरू सर्वसाधारण पापी जस्तै परमेश्वरको सामु नम्र हुनु आवश्यक नभएको भनेर आफूले आफैंलाई गौरव गरेका थिए। त्यही आत्मगौरव हामीले पनि गर्न सक्छौं। तर, जब

हाम्रा विवेक वा चेतनाहरूमा ख्रीष्टको ज्योति वा आत्मज्ञान चम्किन्छ तब हामी कति अशुद्ध, पापी रहेछौं भनेर हामीले महसुस गर्नेछौं। हामीहरूका आशय वा दिलले चिताएकामा कतिको स्वार्थपना गाँसिएको रहेछ भनेर छुट्याउन सक्ने हुनेछौं। परमेश्वरसँग शत्रुता वा उहाँको चालमा हिँड्न नचाहने हाम्रो मनस्थितिले हाम्रो जीवनको प्रत्येक पक्षलाई प्रदूषित पारेको हामी छर्लङ्ग देख्नेछौं। अनि हाम्रा सबै धर्मकर्म वा मुक्ति पाउने प्रयासहरू फोहरी थाङ्ना जस्तै रहेछ भनेर देख्ने खुबी हामीमा हुनेछ, र पापले गर्दा फोहर र अशुद्ध जीवनलाई (यशैया ६४:६) केवल येशूको रगतले मात्र धोएर सफा गर्न सक्छ भन्ने आत्मज्ञान हामीमा हुनेछ। उहाँकै स्वरूपमा रहन र नवजीवन प्राप्त गर्ने अनुग्रह उहाँले मात्र दिन सक्नुहुन्छ भनेर पनि हामी महसुस गर्न सक्छौं।

परमेश्वरको महिमाको केवल एउटा किरणमात्र र ख्रीष्टको शुद्धताको केवल एक चमकमात्र हाम्रो आत्मा वा चेतनामा घुस्नसक्यो भने हाम्रो मानवीय चरित्रमा भएको फोहरी चालाहरू, अशुद्ध सोचविचारहरू, हामीमा भएको प्रत्येक विकृति र कमजोर नाङ्गिएको छर्लङ्गसँग हामी देख्नेछौं। यसले हाम्रा चाहना वा महत्त्वाकाङ्क्षा कतिको अपवित्र रहेछ, हाम्रा हृदयहरू कतिको अधर्मी रहेछन् र हाम्रा ओठहरू कतिको अशुद्ध रहेछन् भनेर देखाउनेछ। येशूको मृत्युले परमेश्वरका १० आज्ञाहरू पालन गर्नुपर्दैन भन्ने गलत धारणाले उहाँको व्यवस्थालाई बेवास्ता गर्ने पापीको निष्ठाहीनलाई ख्रीष्टको त्यो आत्मज्ञानले उसकै आँखाको सामु उघारिनेछ। परमेश्वरको भित्री हृदय खोज्ने आत्माको प्रभावले त्यो मानिसको दिल छियाछिया हुनेछ र त्यसलाई ठुलो कष्ट भएको महसुस गर्नेछ। जब ख्रीष्टको

शुद्ध, निर्दोष र निर्मल चरित्र उसले देख्दछ, तब ऊ दुःखित भएर उहाँको सामु लम्पसार पर्नेछ।

करिब २६०० वर्ष अघि परमेश्वरको अगमवक्ता दानिएललाई एउटा दर्शन दिइएको थियो। त्यस दर्शनमा उनले स्वर्गका दूतलाई देखेका थिए। त्यस दूतको वरिपरि तेजस्वीमय महिमा चम्किरहेको थियो। त्यो देखेर दानिएल अत्यन्तै भावविभोर भएर आफ्नै कमजोर र अशुद्ध जीवन कस्तो रहेछ भनेर महसुस गरेका थिए। त्यस अचम्मको दृश्यको असरलाई वर्णन गर्दै उनले लेख्दछन्, "ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेँलो भयो र म असहाय भएँ।" दानिएल १०:८।

परमेश्वरको दूत वा उहाँको वचनलाई हृदयमा छुन दिनेको जीवन मात्र आमूल रूपमा परिवर्तन हुन्छ। उसले आफ्नो स्वार्थीपना तथा आफ्नो भाउ खोज्ने प्रवृत्तिप्रति वाक्क मात्र

थाल्दछ, आफ्नो स्वार्थ प्रेम कस्तो अघोर रहेछ भनेर उसले महसुस गर्न थाल्दछ। येशू ख्रीष्टको धार्मिकताद्वारा आफ्नो हृदय सफा र शुद्ध कसरी पार्ने भनेर उसले खोजिनीति गर्नथाल्दछ। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू र ख्रीष्टको चरित्रसँग आफू तालमेल हुने सही महत्त्वाकांक्षा उसमा जागेर आउनेछ।

येशूको घोरविरोधी र येशूभक्तहरूलाई त्राही त्राही गरेर एक फेरा सताउने यहूदी धर्मगुरु पावलले एक दिन येशूलाई दर्शनमा देखेका थिए। उहाँलाई देखेपछि वा उहाँको स्वर सुनेपछि उनको जीवन नै कायापलट भएको थियो। त्यसको फलस्वरूप येशूभक्तको इतिहासमा उनी धरोहर हुन पुगेका थिए। उनले व्यवस्था वा दश आज्ञाहरूलाई अक्षरस पालन गर्दथे, उनी यहूदी जाति भएको र आफ्नो धर्मको बारेमा यसरी वर्णन गर्दछन्। "परमेश्वरलाई

आत्मामा पुज्ने र ख्रीष्ट येशूमा गर्व गर्ने र शरीरमा भरोसा नराख्ने साँचो खतना हामी नै हौं। यद्यपि म आफैलाई त शरीरमा भरोसा राख्ने कारण छ। कुनै मानिसले शरीरमा भरोसा राख्ने कारण छ वा वंशबाट वा जातबाट धर्मी भन्ठान्छ भने, मेरो त झन् बढ़ी कारण छ। आठौं दिनमा मेरो खतना भएको हो। म इस्राएल जातिको, बेन्यामीन कुलको हुँ, हिब्रूको पनि हिब्रू, व्यवस्थाको विषयमा भन्ने हो भने एक फरिसी, जोशको विषयमा हो भने मण्लीलाई सताउने, धार्मिकताको विषयमा हो भने व्यवस्थामा भएको धार्मिकता बमोजिम निष्खोट ठहरिएको हुँ।" फिलिप्पी ३:३-६। तर जब उनले व्यवस्था वा दश आज्ञाको आत्मिक चरित्रलाई उनले देख्न सकेका थिए तब उनी आफू कतिको पापी रहेछु भनेर चिन्न सक्ने भएका थिए। व्यवस्थालाई अक्षरस पालन गर्दा आफू कतिको धर्मात्मा भनेर

आफूले आफूलाई स्यावासी दिएका थिए। सबै पापबाट आफू पन्छिएर बसेको भनेर उनले गौरब गर्दथे। तर, त्यो बाहिरी देखावट मात्र थियो।

जब पावलले परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू वा परमेश्वरका नीतिहरूको आत्मिक अर्थको गहिऱ्याइमा हेर्न थाले तब परमेश्वरले उनलाई देख्नुभएको जस्तै उनले पनि आफूलाई देख्न सकेका थिए। अत्यन्तै नम्र भएर झुक्दै आफ्नो दोषलाई पावलले स्वीकार्न पुगेका थिए। आफ्नो अनुभवलाई उनले यसरी व्यक्त गर्दछन्, "हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउने थिइनँ, किनकि "तिमीले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउने थिइनँ। तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमको लोभ उत्पन्न गरायो। व्यवस्थावा दश आज्ञा विना त पाप मुर्दातुल्य

हो। व्यवस्था विना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र म चाहिँ मरें।" रोमी ७:७-९। जब परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको नीतिको आत्मिक स्वभावलाई उनले देखे तब आफूभित्र पाप कसरी लुकिरहेको रहेछ भन्ने कुरामा उनी छर्लङ्ग भए। आफू के के नहुँ भन्ने आत्मगौरव उनीबाट बिलाएर गएको थियो।

सबै पापहरू एकै खालका हुन्छन् भनेर परमेश्वरले ठान्नु हुन्न; उहाँको अनुसार कुनै पापहरू छन् जुन एकभन्दा अर्को ठुलो हुन्छ। मानिसमा कस्तो खालको पाप छ भनेर पनि उहाँले नियाल्नु हुन्छ। तर, मानिसको नजरमा जुनसुकै पाप सानोतिनो भएतापनि, त्यो पाप सानै त हो भनेर त्यसप्रति आफ्नो आँखा चिम्याएतापनि परमेश्वरका सामु कुनै पनि पाप सानो हुँदैन। मानिसले आफ्नो बारेमा सिद्ध र पूरा मूल्याङ्कन

गर्दैन। यदि गरेपनि आंशिक मात्र हुन्छ। तर, सबै थोक कस्तो छ त्यसको वास्तविकता परमेश्वरलाई मात्र थाहा हुन्छ। कतिपय समयमा जँड्याहालाई "तिमी पापी हौ। तिमी अपराधी हौ" भनेर छिःछि-दुरदुर गर्दै "तिमी स्वर्गमा पस्न सक्दैनौ," भनेर उसलाई हेला गर्ला। तर त्यस हेला गर्ने व्यक्तिले प्रायजसो मानिसको अहंकारिता, घमण्डीपना, स्वार्थपना, आफ्नो भाउ खोज्ने प्रवृत्ति र लोभमा फस्ने चालाप्रति आँखा चिम्लेको हुन्छ। तर, ती नै पापहरू वा मानिसमा भएका दुष्ट चरित्रहरू हुन् जुन परमेश्वरको सामु आपत्तिजनक हुन्छ; किनभने ती चरित्रहरू परमेश्वरको सद्भाव र दयालु स्वभावको विपरित छन्। परमेश्वरको विरुद्धमा नजाने जगतको वातावरणमा उहाँको निश्वार्थ प्रेम गुञ्जिरहेको हुन्छ। कतिपय समयमा मानिसले ठुलो अपराधवा पाप गरेपछि अत्यन्तै लज्जित भएर

आफू कतिको कमजोर रहेछु भनेर स्वीकार गर्ला र आफूलाई ख्रीष्टको अनुग्रहको परम आवश्यकता भएको महसुस पनि गर्ला; अहमकार, आफ्नो भाउ खोज्ने बानी, घमण्डी चालाले ख्रीष्टप्रतिको हृदयको ढोकालाई बन्द गर्दछ र उहाँले दिन चाहनुभएको अपार आशिषहरू पाउनबाट ऊ बञ्चित हुन जान्छ।

एकदिन येशूले एउटा अर्तीकथा भन्नुभएको थियो। परमेश्वरलाई प्रार्थना गर्नपवित्र शभाघरमा दुई जना मानिसहरू प्रार्थना गर्न गए। तिनीहरूमा एक सरकारी कर्मचारी वा कर उठाउने व्यक्ति थियो। अर्कोचाहिँ आफ्नो धर्मकर्मको कारणले आत्मगौरव भएको यहूदी धर्मगुरु फरिसी थियो। जब कर लिने मानिस परमेश्वरको भवनमा शिर निहुऱ्याएर प्रार्थना गऱ्यो तब उसले परमेश्वरको उपस्थितिको अनुभव गऱ्यो र आफू कतिको दुष्ट र खराब रहेछु भनेर महसुस गऱ्यो र "हे प्रभु म पापीमाथि दया

गर्नुहोस् "भनी प्रार्थना गऱ्यो। अरूहरूले पनि उसलाई पापी र अधर्मी भएको भनेर सम्बोधन गरेको याद भयो। उसलाई आफ्नो आवश्यकताको महसुस भयो। जब परमेश्वरका सामु ऊ आयो तब उहाँका सामु आफ्नो दोषको भारले थिच्यो र लज्जित भयो। उसले परमेश्वरसँग दयाको भिख माग्यो। परमेश्वरको आत्माले सदाशय र अनुग्रहको काम गर्न उसको हृदयलाई उसले खोलेको थियो। पापको शक्तिबाट स्वतन्त्र गर्न तत्पर हुनुभएको परमेश्वरको आत्मालाई उसले निम्याएको थियो।

तर, अर्को फरिसी पण्डित त्यहीँ नजिक उभिएको थियो। आफ्नो धार्मिक जीवनप्रति उसले सेखीगर्दथ्यो। आफू अति नै धर्मात्मा छु भनेर उसले मनमनै यसरी प्रार्थना गऱ्यो। "हे परमेश्वर म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुताहा, अन्यायी, व्यभिचारी,

अथवा यही कर उठाउनेजस्तो पनि छैन। म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।" लूका १८:९-१२। उसको धार्मिक फुर्तीले पवित्र आत्माको प्रभाव उसलाई आवश्यक नभएको देखाएको थियो। आफ्नो अहमपनाले गर्दा त्यो पण्डित परमेश्वरबाट टाढा हुन पुगेको थियो। परमेश्वरको ईश्वरीय पवित्रताको विपरित आफू कतिको अशुद्ध र भ्रष्ट छु भन्ने कुराको आभाष उसले पाएन। उसलाई परमेश्वरको आशिषको आवश्यकता भएको महसुस गरेन। त्यसकारण, प्रार्थना घरबाट ऊ रित्तै हात फर्क्यो। तर, कर उठाउने र आफू कतिको पापी रहेछु भनेर परमेश्वरको सदाशयताको भिख माग्नेको बारेमा येशूले भन्नुभयो, "म तिमीहरूलाई भन्दछु, यो चाहिं मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले

आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।" लूका १८:१४।

यदि तपाईंले गर्नुभएको गल्ती वा कुनै अधर्मको कामले गर्दा म कस्तो पापी रहेछु महसुस त गर्नुहुन्छ तर येशूकहाँ आउन चाहनुहुन्छ भने म ठिक भएपछि वा असल भएपछि मात्र आउँछु भनेर नपर्खनुहोस्। यथार्थमा भन्ने हो भने हामी मध्ये को होला ख्रीष्टकहाँ आउन म योग्य वा असल भएको छु भनेर दावी गर्न सक्छ? के तपाईंको अथक प्रयासले तपाईं असल वा परमेश्वरकहाँ आउन योग्य बन्न सक्नु हुन्छ त? हेर्नुहोस् यर्मिया १३:२३ ले के भन्छ, "के कूशी वा इथियोपियाको हब्सीले आफ्ना छालाको रङ्ग बद्लन सक्छ र? अथवा के चितुवाले आफ्नो छालाका थोप्लाहरू बदल्न सक्छ र? न त तिमीहरू दुष्ट्याइँ गर्ने बानी

बसेकोले भलाइ गर्न सक्नेछ।" येशूको बारेमा धेरै ज्ञान पाएपछि वा कुनै अझ असल अवसर भएपछि वा मेरो मिजास असल र पवित्र भएपछि मात्र म येशूकहाँ जान्छु र येशूलाई विश्वास गर्छु भनेर नपर्खनुहोस्। हामी आफैंले आफैंलाई केही पनि गर्न सक्दैनौं। हामी जस्तो छौं त्यस्तै अवस्थामा नै येशूकहाँ आउनैपर्छ।

परमेश्वर अत्यन्तै भलो हुनुहुन्छ, असल हुनुहुन्छ, प्रेमिलो, दयालु र करुणामय हुनुहुन्छ, त्यसकारण, उहाँको अनुग्रहलाई अस्वीकार वा बेवास्ता गरेतापनि उहाँले हामीलाई मुक्ति दिइ हाल्नु हुन्छ नि भन्ने सोचमा परेर आफूहरूलाई धोकामा नपार्नुहोस्। पाप कतिको खराब रहेछ भनेर केवल क्रूसको ज्योतिद्वारा मात्र बुझ्न सकिन्छ। सदाशय र प्रेमिलो चरित्र हुनुभएको परमेश्वरले पापीहरूलाई दण्ड दिन सक्दैन भनेर ढुक्क हुनेले कलभरिमा हेरोस्। मानिसलाई उद्धार

गर्न अरू कुनै उपाय थिएन। येशूको बलिले बाहेक मानवजातिलाई पापको प्रदुषित र अशु शक्तिबाट जोगाउन र पवित्र जीवहरूसँग पुनः आदानप्रदान गर्न असम्भव थियो। येशूको त्याग र मृत्यु विना मानिसहरू सत्य आत्मिक तथा आध्यात्मिक जीवनमा भाग लिन सक्दैन थियो। यीनै कारणहरूले गर्दा परमेश्वरको वचन पालन गर्न चाहने दोषी पापीहरूको दोष ख्रीष्टले आफ्नै थाप्लोमा थाप्नु भयो र क्रूसमा कष्ट पाएर मर्नुभयो। प्रेमले ओत प्रोतभएको कारणले नै परमेश्वरको पुत्रले दुःखकष्ट र मृत्यु भोग्नुभएको थियो र पाप कतिको भयावह र डरलाग्दो रहेछ भनेर देखाउनुभएको थियो। येशू ख्रीष्टप्रति समर्पित जीवनले बाहेक कोही मानिस पनि पापको नियन्त्रणबाट छुट्कारा पाउन सक्दैन र कोही पनि उच्च आशा र आदर्श जीवनमा पुग्न

सक्दैन भनेर घोषणा गर्नै येशू ख्रीष्ट क्रूसमा रगत बगाउनुभएको थियो।

म इसाई हुँ भनेर दावी गर्ने तर येशूको शक्ति र नीतिअनुसार नचल्ने इसाईहरूको जीवन हेरेर कतिपय मानिस आफू तिनीहरूभन्दा खराब छैन भन्दै बहाना बनाउँदै येशूलाई विश्वास गर्न कर नभएको तिनीहरू ठान्दछन्। तिनीहरूले भन्दछन्, "ती इसाईहरू जस्तै म पनि असल छु। तिनीहरू भन्दा खानपान र शान्त स्वभावमा म कम छैन। मेरो बानी व्यहोरा तिनीहरूकोभन्दा कम असल छैन। तिनीहरू मोजमज्जा र आफ्नो भौतिक चाहनाको होडबाजीमा लाग्छन्, म पनि त्यतैतिर लाग्दा के भयो र?" यसरी अरूको गलत चालचलनलाई हेरेर आफू पापबाट फर्किन बाध्य छैन भनेर बहाना बनाउँछन्। तर, अरूका पाप र कमजोरीलाई हेरेर परमेश्वरतिर फर्किनु नपर्ने बहानालाई उहाँले त्यसै छोड्नुहुन्न्। कुनै

पनि कमजोरी र भुल गर्ने मानिस हाम्रो नमुना हो भन्ने धारणालाई उहाँले अनुमोदन गर्नुहुन्न्। जस्तोसुकै मै हुँ भन्ने इसाई नै किन नहोस ऊ मानिसको सत्य र धर्मी जीवनको अनुसरणीय उदाहरण भनेर परमेश्वरले उसलाई खटाउनुभएको छैन। निर्मल, निर्दोष परमेश्वरको पुत्रमात्र हाम्रा अनुशरणीय उदाहरण हुनुहुन्छ। कोही इसाई हुँ भनेर दावी गर्छन् र तिनीहरू येशूको चालमा नहिँडी गलत बाटोमा हिँडिरहेका छन् भनेर अरुका बारेमा गुनासो गर्नेहरूले आफैं पनि उत्तम जीवन बिताउन आवश्यक छ र तिनीहरूले प्रशंसनीय जीवन बिताएर देखाउनु पर्दछ। इसाईहरू उच्च कोटीको हुनुपर्छ भनेर अपेक्षा गर्नेले आफ्ना पाप पनि कति ठुलो छ भनेर ठान्नुपर्दैन र? तिनीहरूलाई जे ठिक छ त्यो थाहा छ तर त्यस अनुसार चल्न तिनीहरू चाहँदैनन्।

येशूलाई विश्वास गर्ने मामिलामा आलटाल नगर्नुहोस्। आफ्नो पाप वा आफू हिँडिरहको गलत बाटो थाहा पाउँदा पाउँदै त्यो पाप नगर्न वा गलतबाटो नहिँड्न पछि गरौँलाई भनेर नपर्खनुहोस्। येशूद्वारा पाइने शुद्ध र निर्मल हृदयलाई खोज्न पनि पछि गरुँला वा उहाँलाई ग्रहण गर्न समय छदै छ भनेर नपर्खनुहोस्। परमेश्वरकहाँ आउनुपर्ने हजारौँ-हजारौँले पर्खेर बस्दा तिनीहरूको अनन्त जीवन नै आफैँले जोखिममा पारिरहेका हुन्छन्।

आलटाल गर्ने बानी गलत हो। यस्तो मनस्थितिले मानिसको जीवनको अस्थिरता र कमजोर कतिको ल्याउँछ भन्ने कुरामा म धेरै चर्चा गर्नचाहन्न्। तर, परमेश्वरतिर फर्केर ठिक जीवन जिउनुपर्छ भन्ने पवित्र आत्माको निरन्तर आवाजलाई बेवास्ता गर्दा वा आलटाल गर्दा भयानक खतरा हुन्छ भन्ने कुरो राम्रोसँग बुझ्नु

जरुरी छ। पापमै रहने  निर्णय गर्नु वा येशूलाई पछि ग्रहण गर्छु भनेर ढिलो निर्णय गर्न चाहनु पापमा झनझन फस्नु हो। कुनै पाप वा गलत बानी सानोतिनो नै हो भनेर बेवास्ता गर्दा मानिसले अनन्त जीवन नै गुमाउनुपर्ने हुन्छ। जुन पाप वा खराब तत्त्वलाई हामीले जित्न सक्दैनौं त्यसले हामीलाई जित्न सक्छ र हामीलाई विनाशमा पुऱ्याउन सक्छ।

जाबो एउटा फल खाएर के हुन्छ भन्ने कुरामा आदम र हव्वा लाग्दा भयानक परिणाम भोग्नु पऱ्यो। परमेश्वरले तिनीहरूलाई अगाडि नै भन्नुभएको थियो कि त्यो फल नखानु र यदि खायौं भने तिनीहरू मर्नेछन्। तर, एउटा फल खाँदा परमेश्वरले भन्नुभएको अनुसार भयानक परिणाम आउन सक्छ भन्ने कुरामा तिनीहरूले विश्वास गरेका थिएनन्। तर, त्यो सानै कुरो भएतापनि परमेश्वरको अपरिवर्तनीय र पवित्र

आज्ञा वा व्यवस्थालाई तिनीहरूले भङ्ग गरेका थिए। यसले गर्दा परमेश्वर र मानिसको बिचमा ठुलो फाटो भयो र यस संसारमा मृत्यु र अनगिन्ती दुःखकष्टको बाढीलाई निम्त्याइयो। युगौं युगदेखि हाम्रो पृथ्वीबाट दुःखकष्ट र शोकको चित्कार निरन्तर रूपमा उचालिरहेका छन्। मानिसले परमेश्वरको आज्ञा नमानेकोले सारा सृष्टि नै पीडा र नाजुक अवस्थामा छ। मानौं हाम्रो संसार प्रसव वेदनाको कष्टमा होमिरहेको छ। मानिसले परमेश्वरको विरुद्धमा लाग्दा त्यसको असर स्वर्गसम्मै पुगेको थियो। परमेश्वरका गरिमामय दश आज्ञाहरूलाई मानिसले बेवास्ता गर्दा वा उल्लङ्घन गर्दा त्यसको प्रायश्चित मानिसले गर्नु आवश्यकता थियो। तर, मानिसको प्रायश्चितले होइन उहाँको निम्ति परमेश्वरको पुत्रले कलभरिमा गर्नुभएको अचम्मको प्रायश्चितको बलिहुनु आवश्यक थियो।

येशू ख्रीष्टको यो वलिदान वा त्याग युगौं युगसम्म स्मारकको रूपमा खडा भइरहेनछ। कुनै पनि पाप, खराब नियत सानो भनेर हामी नसोचौं।

प्रत्येक पापको उल्लङ्घन, ख्रीष्टको अनुग्रहलाई बेवास्त्ता गर्ने वा अस्वीकार गर्ने प्रत्येक क्षणले तपाईंहरूलाई नै हानी पु¥याइरहेको हुन्छ। यी कदमहरूले तपाईंको हृदय कठोरपारिरहेको हुन्छ। तपाईंको जीवनमा परमेश्वरको योजना के छ? त्यो तपाईंले चुकाइरहनु भएको हुन्छ। तपाईंको समझ शक्ति र विवेकलाई अचेत पारिरहेको हुन्छ। यस बाटोमा हिंड्ने तपाईंको जिकिरले गर्दा परमेश्वरको पवित्र आत्माको कोमल र दयालु अनुरोध वा आवाजलाई नसुन्न सिथिल मात्र होइन त्यसलाई सुन्न पनि तपाईंलाई अशक्त बनाइरहेको हुन्छ।

आफ्नो खराब आचरणलाई सच्याउन र दुष्ट बाटोबाट हट्न कुनै अनुकूल वा अवसरमा गरुँला भनेर कतिपयले आफ्नो रन्थनिएको विवेकलाई दबाइरहेको हुन्छ। परमेश्वरतिर फर्केर असल बाटोमा जाने उहाँको निमन्त्रणाको आवाजसँग खेलबाड त तिनीहरूले गर्न सक्छन्। त्यस आवाजको प्रभावलाई निरन्तर रूपमा थिचिनै राख्न सकिन्छ होला। परमेश्वरको पवित्र आत्माको अनुग्रहलाई हेला गरेको गरै गरेर आफूलाई सैतानको पङ्तिमा उभ्याउन रुचाउनेहरूले कुनै भयानक क्षणको सामना गर्नु पर्दा आफ्नो बाटो बदल्छु भन्छन् होला। तर यो गर्न सजिलो छैन। मानिसहरूको जीवनका अनुभवहरू, तिनीहरूले पाएका शिक्षादीक्षा आदिहरूले तिनीहरूको चरित्र र दिमागलाई यस्तो ढाँचामा ढालिसकेका हुन्छन् कि केवल थोरैले मात्र येशूको स्वरूप प्राप्त गर्ने चाहना गर्नेहुन्छन्।

हाम्रो स्वभावको अलिकति गलत आनीबानी, अलिकति सानो पापलाई पोसाइ राख्न रुचाउने प्रवृत्ति वा कुनै पनि खराब तत्त्वलाई निरन्तररूपमा दिमागमा खेलाइ राख्ने चाहनाले सु-समाचारको शक्तिलाई बिस्तारै बिस्तारै निष्क्रिय पार्दछ। प्रत्येक सानोतिनो नै किन नहोस्, पाप र खराबलाई दिमागमा राखिराख्ने चाहनाले परमेश्वरको शक्तिबाट त्यस मानिसलाई पर राख्ने बल मिल्दछ। कुनै मानिस जसले परमेश्वरको सत्यता वा सुसमाचारलाई अस्वीकार गर्ने कठोर निर्णय गरिरहन्छ वा त्यसलाई ग्रहण गर्न कुनै पनि चासो वा उत्साह देखाउँदैन, त्यसले आफ्नो दिमागमा असत्यताको बिउ छरिरहेको हुन्छ। त्यसको फलस्वरूप आफूले जे रोपेको हुन्छ त्यसैको कटानी उसले गर्नुपर्ने हुन्छ। पाप र खराब तत्त्व वा स्वभावसँग खेलवाड गरिरहने वा हल्का रूपमा लिइरहने मानिसलाई बाइबलमा धेरै

डरलाग्दो चेतावनीहरू दिएको पाउँछौं। तिनीहरूमा दुष्ट मानिसलाई चेतावनी स्वरूप दिएको बुद्धिमान मानिसको यो वचन उल्लेखनीय मान्नुपर्दछ, "दुष्ट मानिसको खराब कामले त्यसलाई पासोमा पार्छ, र आफ्नै पापको बन्धनमा त्यो जेलिन्छ" (हितोपदेश ५:२२)।

हामीलाई पापबाट स्वतन्त्र बनाउन येशू ख्रीष्ट अत्यन्तै इच्छुक हुनुहुन्छ। तर, मानिसको आत्मनिर्णय वा इच्छा विरुद्ध उहाँ चल्नुहुन्न्। यदि कोही मानिस जे ठिक छ त्यो गर्न विवेकले अराएता पनि त्यसलाई मिचेर नराम्रो नै गर्न चाहन्छ भने उसको इच्छा शक्ति वा विवेक पनि खराब गर्न ढल्किन पुग्छ। अनि पाप वा खराब तत्त्वबाट स्वतन्त्र हुने चाहना पनि नगर्ने हुन्छ। यदि परमेश्वरको अनुग्रह, सदाशयता र प्रेमलाई हामी स्वीकार गर्न चाहँदैनौ भने त्यो भन्दा बढी उहाँले अरू के गर्न सक्नुहुन्छ र? परमेश्वरको

प्रेमलाई निरन्तर रूपमा बेवास्ता गर्ने निर्णयमा हामी अडिग भएर बस्यौं भने हामी आफैंले आफैंलाई नै नाशको बाटोमा लगाइरहेका हुन्छौं। परमेश्वरको वचन स्पष्ट छ, "उहाँ भन्नुहुन्छ, “ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुनें, र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरें।” हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो।" २ कोरिन्थी ६:२।

"यसकारण पवित्र आत्मा भन्नुहुन्छ, “आज तिमीहरूले उहाँको आवाज सुन्यौ भने, उजाड- स्थानमा परीक्षाको समयमा विद्रोहका दिनमा गरेजस्तो आफ्ना हृदयलाई कठोर नपार, जहाँ तिम्रा पुर्खाहरूले मेरो परीक्षा गरे, र चालीस वर्षसम्म मेरा कामहरू देखे। यसकारण त्यस पुस्तासँग म क्रोधितभएँ, र भनैं, ‘तिनीहरूका हृदयसधैं बरालिन्छन्, तिनीहरूले मेरा मार्ग चिनेका छैनन्।’ यसैले मैले आफ्नो क्रोधमा

यसरी शपथखाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्' (अर्थात् त्यो मानिसले कहिल्यै पनि मनमा शान्ति पाउनेछैनन्)।" हिब्रू३ः७-११।

(जब इस्राएलीहरूले परमेश्वर र शमूएल अगमवक्तासँग राजा मागे तब उनी जमिन्दारी यिशैकहाँ परमेश्वरकै इच्छा अनुसार राजा चुन्न गएका थिए। उनका हृष्ट पुष्ट र खाइलाग्दो सात जना छोराहरू शमूएलको सामुन्ने अभिषेक गर्नल्याए। शमूएलले तिनीहरूमध्ये एक नै राजा हुन योग्य देखिन्छ भनेर ठानेका थिए, तर परमेश्वरले ठाडै अस्वीकार गर्नुभयो)। यसरी लेखिएको छ, "परमप्रभुले शमूएललाई भन्नुभयो, "त्यो सुन्दर र अग्लो भएता पनि त्यसको ख्याल नगर्। मैले त्यसलाई इन्कार गरेको छु। परमप्रभुले मानिसले झैं हेर्नुहुन्न्। मानिसले रूप हेरेरविचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्ननुहुन्छ।" १ शमूएल १६ः७। (बरु

परमेश्वरको आदेशमा भेँडा चराइरहेका यिशैका कान्छो छोरो भर्खरको युवक दाउदलाई राजा शमूएलले अभिषेक गर्नपुगे। (१ शमूएल १६:१२)। मानिसका प्रत्येक नियत, आशय परमेश्वरलाई थाहा हुन्छ। मानिसले के गर्न चाहेको छ र उसको लक्ष्य के हो त्यो उहाँलाई थाहा छ। तपाईँ जस्तोसुकै खोटो, पापी, अधर्मी र खराबको दागै दागले सिङ्गारिएतापनि तपाईँ उहाँकहाँ जानुहोस्। सर्वव्यापी र सबैलाई नजर राख्नुहुने परमेश्वरको काखमा तपाईँ जानुहोस् र भजनका लेखक राजा दाउदले चिच्याएको जस्तै तपाईँ पनि उहाँको सामु यसरी चिच्याउनुहोस्, "हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस्। हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस्। " भजनसंग्रह १३९:२३-२४।

कतिपय मानिसहरूले बौद्धिक वा दिमागलाई रुचाउने धर्मग्रहण गर्छन्। त्यो देखावटी धर्म हुनसक्छ तर भित्री हृदय भने सफा भएको हुँदैन। तपाईंको यो प्रार्थना होस्, "हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् "(भजनसंग्रह ५१:१०)। हृदयलाई खोतलेर त्यसलाई सम्हाल्न खोज्नुहोस्। आफूप्रति आफू इमान्दारी हुनुहोस्। तपाईंको यो शरीर जोखिममा भएको जस्तै त्यसलाई सुरक्षित राख्न गम्भीर हुनुहोस् र अनन्त जीवनमा लागिरहन प्रयत्न गरिरहनुहोस्। तपाईं र परमेश्वर बिचको यो मामिला हो। यसले तपाईंको अनन्त जीवनलाई असर पार्दछ। अनन्त जीवनका निम्ति परमेश्वरसँग ठिकठाक हुनुहोस्। केवल अनुमानित, देखावटी र बाह्य आशाले तपाईंलाई विनाशको बाटोमा लैजान सक्छ। परमेश्वरमाथि

देखावटी विश्वासले तपाईंलाई बिगार्न सक्दछ। काम बिनाको आशाले हामीलाई मुक्ति दिँदैन।

प्रार्थनापूर्वक परमेश्वरको वचन अध्ययन गर्नुहोस्। जब तपाईंले परमेश्वरको वचन पढ्नुहुन्छ तब यो परमेश्वरका नीतिहरू र येशूकै जीवन पढिरहनु भएको हो भनेर सोच्नुहोस्। यसमा पवित्र हुने, पापबाट चोखो भएर बस्ने र निर्दोषी जीवन बिताउन महान् नीतिहरू छन्। ती नीतिहरू बिना कसैले पनि परमेश्वरलाई देख्न सक्दैन (हिब्रू १२:१४) वा उहाँको उपस्थितिको अनुभव गर्न सक्दैन। तपाईंले पाप गरिरहनुभएको छ, तपाईंले गलत जीवन बिताइरहनुभएको छ, तपाईं दोषी हुनुहुन्छ भनेर खुलारूपमा परमेश्वरको वचनले तपाईंलाई बताउँदछ। तपाईंलाई चाहिने मुक्तिको बाटो यसले सरल तरिकाले प्रकट गर्दछ। जब तपाईं बाइबल पढ्नुहुन्छ तब त्यहाँका वचनहरूले तपाईंसँग

परमेश्वर बोलिरहनु भएको छ भनेर थाहा पाउनुहोस् ।

जब हामी बाइबल पढ्छौं तब त्यसले हाम्रो पाप कति ठुलो र धेरै रहेछ भनेर देखाउँदछ र हाम्रो जीवनमा नाजुक अवस्थाको भण्डाफोर गर्दछ। तर, तपाईं निराश नहुनुहोस्। तर याद गर्नुहोस्, पवित्र आत्माले तपाईंलाई प्रभु येशू ख्रीष्ट धर्मात्माका निम्ति होइन पापीका निम्ति आउनुभएको हो। हामी परमेश्वरसँग आफ्नै अथक प्रयासले मिल्न सक्दैनौं वा उहाँको पहुँचमा पुग्न सक्दैनौं। तर कस्तो अचम्मको प्रेम! हाम्रो र परमेश्वरसँगको मामिलामा पावलले यसरी व्यक्त गर्दछन्, "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो,

अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ।" २ कोरिन्थी ५:१७-१९।

गलत बाटोमा हिँडिरहेका उहाँका छोराछोरीहरूले उहाँको कोमल प्रेम र सदाशयतालाई स्वीकारोस् भनेर उहाँले तिनीहरूको विवेकको ढोकालाई घचघच्ययाइ रहनुहुन्छ। परमेश्वरले मुक्तिदिन चाहनुहुने मानिसहरूप्रति उहाँले देखाउनुहुने उहाँको धैर्यता कुनै पनि सांसारिक बाबुआमा भन्दा पनि अपार छ। उहाँका छोराछोरीहरू जतिसुकै कमजोर होस्, जतिसुकै गलत बाटोमा हिँड्ने चाहना गरून्, वा जतिसुकै भुलहरू तिनीहरूले गरेका होस्, उनीहरू ठिक बाटोमा आउन परमेश्वरले आह्वान गरिरहनुहुन्छ। परमेश्वरको विद्रोह गर्ने र

उहाँका आज्ञाहरू बेवास्ता गर्नेहरूलाई उहाँले जस्तो कोमलता अरूले कसले देखाउन सक्छ र? परमेश्वरबाट तर्केर गतिछाडा भएर हिँडेकाहरूलाई आफूतिर फर्किउन् भनेर उहाँले गरिरहनुभएको उहाँको दयालु आह्वान अरू कुनै पनि मानिसले कहिल्यै गरेका छैनन्। उहाँले गर्नुभएका सबै प्रतिज्ञा वा वाचाहरू, उहाँका चेतावनीहरू सबै हामीले उच्चारण नै गर्न नसक्ने उहाँको प्रेमको सास हो।

जब सैतानले हामीलाई हामी कतिको पापी, अधर्मी भनेर औंल्याएर हामीलाई निराशमा पार्न खोज्छ भने हाम्रो नजर मुक्तिदातातिर लगाउनुपर्दछ। हाम्रा निम्ति उहाँले के गर्नुभयो; सो हामीले सोच्नुपर्दछ। आत्मज्ञानको ज्योतितिर जहाँ हाम्रो आँखा लाग्छ त्यातातिर हामीले ध्यान फर्काउनु पर्दछ। हामी पापी छौं भनेर स्वीकार गरौं, तर हाम्रो शत्रुलाई यो सुनाऔं,

"पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो।" १ तिमोथी १:१५। उहाँको वर्णन गर्न नसकिने, अद्वितीय र अनुपम प्रेमले हामीलाई मुक्ति दिलाएको छ भनेर सैतानलाई सुनाउनुहोस्।

एक दिन येशूलाई एक जना सिमियोन नाउँ गरेका धनी मानिसले खान बोलाएका थिए। त्यसबेला एक जना क्षमा पाएकी तर बदनाम भएकी स्त्रीले उहाँको खुट्टा रूदै अत्तरले धुँदै थिइन्। त्यस धनी मानिसको मनमा यदि येशू साँच्चिकै धार्मिक हुनुहुन्छ र सर्वज्ञानी हुनुहुन्छ भने त्यस स्त्रीले उहाँलाई छुन दिनुहुन्नथ्यो भनेर सोचिरहेका थिए। उनको मन थाहा पाएर येशूले उनलाई दुई जना ऋणीहरूको बारेमा अर्तीकथा भन्दै उनलाई प्रश्न सोध्नुभयो। एक जनाले आफ्नो मालिकलाई थोरै ऋण तिर्नुपर्थ्यो भने अर्कोले धेरै ऋण तिर्नुपर्थ्यो; तर मालिकले दुवैको

ऋणलाई माफ गरे। कुनचाहिँ ऋणमा परेकोलाई धेरै प्रेम गरे भनेर येशूले त्यस धनी सिमियोनलाई सोध्नुभयो। उनले जवाफ दिए, "जसको धेरै ऋण थियो उसलाई क्षमा दिँदा उसैलाई धेरै माया गरेको देखाउँछ।" लूका ७:४३।

हामी सबैजना ठुला पापीहरू हौं, तर हामीले क्षमा पाऊन् भनेर येशू ख्रीष्ट मर्नुभयो। येशूले हाम्रा निम्ति गर्नुभएको पुण्य काम नै हामी परमेश्वर पिताको सामु धर्मीठहरिन काफी छ अर्थात् उहाँको बलि र त्याग नै हामीलाई मुक्तिदिन पर्याप्त छ। जसको धेरै पाप क्षमा भएको छ त्यसलाई परमेश्वरले धेरै प्रेम गर्नुहुन्छ। त्यही मानिस परमेश्वरको सिहांसनको अत्यन्त नजिक उभिएर उहाँको महान् प्रेम र त्यागको प्रशंसा गर्नेछ।

जब हामी परमेश्वरको प्रेमलाई पूर्ण रूपमा बुझ्नसक्छौं, तब हामी कतिको पापी

रहेछौं भनेर महसुस गर्न सक्छौं साथै पाप कस्तो खराब रहेछ भनेर बुझ्ने क्षमता पनि हामी पाउँछौं। जब हामीलाई उकास्न स्वर्गबाट खसालिएको मायाको डोरी कतिको लामो रहेछ्छ भनेर देख्छौं, तब हाम्रा निम्ति ख्रीष्टले गर्नुभएको अनन्त र असिम त्याग र बलिदानलाई केही हदमा बुझ्न सक्ने हुन्छौं। त्यो बुझेपछि हाम्रो हृदय चूर्ण र कोमल भएर पग्लिन्छ। हाम्रो हृदय उहाँप्रति प्रेमले भरिपूर्ण भएर उहाँलाई प्रेम गर्नपुग्छौं।

## अध्याय ४

## आफ्ना गलत र पापी स्वभावको स्वीकार

आफ्ना गलत काम वा पापहरू लुकाउनेको उन्नति हुँदैन, तर जसले ती स्वीकार गर्छ र त्याग्छ, त्यसले कृपा पाउँछ।" हितोपदेश २८:१३।

परमेश्वरको दया पाउने सर्तहरू सरल, उचित र न्यायसङ्गत छन्। हाम्रो पापलाई पखाल्न वा त्यसबाट क्षमा पाउन हामीले ठुला-ठुला गम्भीर कष्टकर कामहरू गरेर देखाउनुपर्छ भन्ने परमेश्वरको सर्त होइन। स्वर्गमा बिराजमान हुनुहुने सनातन परमेश्वर पिताकहाँ पुग्न वा उहाँका आज्ञाहरू उल्लङ्घन गरेर पाप गरेको हुनाले त्यसबाट मोक्ष पाउन हामीले लामो र कठिन तीर्थयात्रा गर्नु आवश्यकता छैन न त धर्मको नाउँमा शरीरलाई कष्ट दिएर पीडादायी सजायँ दिन आवश्यक छ। परमेश्वर चाहनुहुन्छ

कि हामीले गरेका त्रुटी, अपराध र पाप स्वीकार गरौं र हृदयदेखि तिनीहरूलाई त्याग्ने चाहना गरौं। हामीले यसो गरे उहाँको दया र हाम्रो पापको क्षमा पाउने कुरामा हामी ढुक्क हुन सक्छौं।

येशूका चेला याकूबले यसरी स्पष्टसँग आफ्नो भनाइ राख्दछन्, "तिमीहरू एउटाले अर्कासँग आ-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काकोनिम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।" याकूब ५:१६। तपाईंले गरेका पाप वा गलत बानी व्यहोराहरूलाई परमेश्वरको सामु स्वीकार्नुहोस्। उहाँले मात्र तपाईंलाई क्षमा गर्न सक्नुहुन्छ। एक आपसमा गल्तीहरू स्वीकार्नुहोस्। यदि तपाईंको मित्र वा छिमेकीप्रति केही गल्ती गर्नुभयो वा उसलाई चित्त दुःखाउनुभयो भने तपाईंको गल्तीलाई स्वीकार्नुहोस्। तपाईंलाई सित्तैंमा क्षमा दिने

उसको कर्तव्य हो। अनि तपाईँ परमेश्वरसँग क्षमा माग्नुहोस्। किन त? किनभने तपाईँले कुनै व्यक्तिलाई चोट पुऱ्याउनुभएको छ भने तपाईँले परमेश्वरको सम्पत्तिलाई चोट पुऱ्याउनुभएको हुन्छ। त्यस व्यक्तिलाई बिगार्नु भनेको तपाईँ उसको सृष्टिकर्ता र मुक्तिदाताको विरुद्धमा पाप गर्नु हो।

अरुको खराब गर्ने वा बिगार्ने मामिला हाम्रो महान् मूल पुजारी र सत्य मध्यस्थकर्ता येशूको सामु ल्याइएको हुन्छ। उहाँ "हाम्रा प्रधान पुजारी हुनुहुन्छ र हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पाप रहित हुनुहुन्थ्यो।" हिब्रू ४:१५। हामीमा भएको प्रत्येक पाप, दोष, कमीकमजोरी र खराब तत्त्लाई सफा गर्न उहाँ सक्षम् हुनुहुन्छ।

यदि परमेश्वरले हामीलाई स्वीकार्नु भएको वा हाम्रो पापलाई क्षमा दिनुभएको हामी चाहन्छौं भने हामी उहाँको सामु हामीले गरेको भुल वा पापलाई बिनम्र भएर स्वीकार्दै आउनुपर्दछ। यदि यो कदम हामीले चालेनौं भने परमेश्वरले हामीलाई स्वीकार्ने पहिलो सर्त पूरा गरेको हुँदैन। यदि कुनै कुराको पश्चात्ताप गर्ने नै हामीले देखेका छैनौं। हृदयदेखि इमान्दार पूर्वक नम्र हुनुपर्ने आवश्यकता हामीले देखेका छैनौं, पापहरूलाई स्वीकार्दै हाम्रो हृदय छियाछिया भएको छैन र हामीहरूमा भएका खराब तत्त्वहरूलाई तिरस्कार गरेनौं भने त्यसको अर्थ हामीले इमान्दारितासाथ परमेश्वरबाट हाम्रो पापको क्षमा पाउन कहिल्यै पनि हामीले खोजेका छैनौं भनेर प्रमाणित गरेका हुन्छौं। त्यसको फलस्वरूप परमेश्वरले हामीलाई दिन चाहनुभएको शान्ति र चैनको अनुभव हामीले

कहिल्यै पनि अनुभव गरेका हुदैनौं। विगतको पाप र खराब कामहरूबाट उन्मुक्ति हामीले नपाएको मूल दुई कारणहरू छन्: हामी उहाँका सामु हाम्रा हृदयहरूलाई नम्र पारेर आउन नचाहनु र परमेश्वरको सत्य वचनमा लेखिएका सर्तहरू पूरा गर्न वा पालन गर्न इच्छुक नहुनु। परमेश्वरकहाँ आउने सर्त वा नीति स्पष्ट रूपमा उहाँको वचनमा उल्लेख गरिएको छ। हामीले इमान्दार पूर्वक हृदयदेखि पापलाई चाहे सार्वजानिक रूपमा होस् वा व्यक्तिगत रूपमा स्वीकार्नु पर्दछ। त्यो पनि करले होइन तर स्वेच्छाले व्यक्त गर्न सक्नुपर्दछ। कसैले गल्ती वा पापलाई जबरजस्ती देखाएकोले हल्का वा औपचारिक रूपमा ल ल मैले स्वीकारें वा पश्चात्ताप गरें भन्नुको केही अर्थ छैन। हामीले गरेको पाप कस्तो घिनलाग्दो छ भनेर महसुस गर्दै त्यसलाई त्याग्ने प्रतिवद्धता हामीमा हुनै

पर्छ। हृदयदेखि दुःखित भएर परमेश्वरको सामु पापप्रति पछुतो पोख्यौं भने उहाँको असिम दयामा हामी लुक्न सक्ने हुन्छौं। यस मामिलामा भजनसंग्रहका लेखकले यसरी व्यक्त गर्दछन्, "चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ।" भजनसंग्रह ३४:१८।

कसैले आफ्ना पाप वा गल्तीहरूलाई साँचो रूपमा स्वीकार्छ भने त्यो केकोलागि स्वीकारेको भनेर स्पष्ट हुन्छ। कुनै पाप परमेश्वरको सामुमात्रै स्वीकार्नु पर्नेहुन्छ। यदि कसैलाई जानजानी हानी गरेको छ, चित्त दुखाएको छ त्यसकै सामु स्वीकार्नु जरुरी छ। यदि सार्वजनिक रूपमै कसैप्रति गल्ती गरेको छ भने सार्वजनिक रूपमै सबैको अगाडि आफू दुःखित भएको स्वीकार्नुपर्दछ। तर जे गल्ती वा पाप स्वीकारे पनि त्यो स्पष्ट हुनुपर्छ वा केको

लागि स्वीकारेको सो थाहा हुनुपर्छ। यदि तपाईंले केही गल्ती काम गर्नुभयो वा पाप गर्नुभयो त्यसैलाई नै गलत सम्झी स्वीकार्नुपर्दछ।

पौराणिक इस्राएलमा राजा हुनुभन्दा अघि न्यायकर्ताहरूले देश चलाउँथे। परमेश्वरकै निर्देशनमा तिनीहरू जनताहरूलाई अगुवाइ गर्दथे। तिनीहरूको अन्तिम न्यायकर्ता अगमवक्ता शमूएल थिए। उनको समयमा इस्राएलीहरू परमेश्वरबाट बरालिएका थिए। परमेश्वरको आज्ञा अनुसार नचल्दा र पापमा लाग्दा तिनीहरूले दुःख पाएका थिए। परमेश्वरप्रतिको आस्था तिनीहरूले गुमाएका थिए। परमेश्वरको शक्तिमा भएको उचित शासन प्रणाली र उहाँको बुद्धिमा चल्ने अवसरलाई तिनीहरूले अस्वीकार गरेका थिए। आफ्नो चाहना अनुसार उहाँ चल्न सक्नुहुन्छ र उहाँले आफ्नो क्रियाकलापलाई सुरक्षित राख्न सामर्थ हुनुहुन्छ भन्ने आत्मज्ञान

तिनीहरूले गुमाएका थिए। जगत्‌को महान् शासकले तिनीहरूलाई शासन गरुन् भन्ने चाहनाबाट तिनीहरू हटे। तिनीहरूको वरिपरि रहेका राष्ट्रहरू कसरी चल्छन् बरु त्यसरी नै चलून भन्ने चाहना तिनीहरूले गर्न थालेका थिए। परमेश्वर र उहाँको राज्यको देखासिखी होइन बरु अरूको देखासिखी गर्न तिनीहरूले माग गरेका थिए। अगमवक्ता शमूएलसँग बिन्ती गरेर तिनीहरूले अरू देशहरू जस्तै राजा मागे। त्यसदेखि परमेश्वर रुष्ट हुनुभएको थियो, किनकि तिनीहरूले उहाँको मुनि रहन चाहेन बरु मानिसको हैकमवादमा चल्न तिनीहरूले माग गरे। जब इस्राएलीहरूले अरू देशको जस्तै राजा मागे तब त्यसबेला के भयो भनेर यसरी वर्णन गरिएको छः "परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूका राजा भएतापनि तिमीहरूले मलाई भन्यौं, 'होइन, हामीमाथि शासन गर्नलाई

हामीलाई राजा चाहिन्छ'। अब, तिमीहरूले मागेका राजा यहाँ छन्। तिमीहरूले उनलाई चुन्ययौं, र परमप्रभुले एउटा राजा तिमीहरूमाथि नियुक्त गर्नुभयो। यदि तिमीहरूले परमप्रभुलाई श्रद्धा गर्‍यौं र भक्तिसित उहाँको सेवा गर्‍यौं भने, र यदि तिमीहरू उहाँका आज्ञाको विरुद्धमा बागी भएनौ भने, अनि यदि तिमीहरू र तिमीहरूका राजा परमप्रभु परमेश्‍वरप्रति विश्वासी भयौ भने बेसै हो। तर यदि तिमीहरूले परमप्रभुको आज्ञापालन गरेनौ र तिमीहरू उहाँका आज्ञाप्रति बागी भयौ भने, उहाँ तिमीहरूका विरुद्धमा खड़ा हुनुहुनेछ, जसरी उहाँ तिमीहरूका पुर्खाहरूका विरुद्धमा हुनुहुन्थ्यो। "अब चूपचाप खड़ा होओ, र परमप्रभुले तिमीहरूकै नजरको सामुन्ने गर्नुहुने बड़ो अचम्मको कामलाई हेर। अहिले गहूँ कटनीको समय छ, होइन? म परमप्रभुलाई पुकार्नेछु, अनि उहाँले गर्जन र वृष्टि

पठाउनुहुनेछ। तब तिमीहरूले देख्नेछौ र जान्नेछौ कि राजा मागेर तिमीहरूले परमप्रभुको दृष्टिमा कस्तो खराबी गरेका रहेछौ।" तब शमूएलले परमप्रभुलाई पुकारे, र उहाँले त्यसै दिन गर्जन र वृष्टि पठाउनुभयो। सबै मानिसहरू परमप्रभु र शमूएलको अगि भयभीतभए। तिनीहरूले शमूएललाई भने, "मृत्युदेखि बाँचौं भनेर परमप्रभु तपाईंका परमेश्वरसँग हामी तपाईंका सेवकहरूका निम्ति प्रार्थना गरिदिनुहोस्। किनभने हामीले हाम्रा पापमाथि राजा मागेर यो ठुलो खराबी थपेका छौं।" १ शमूएल १२:१२-१९।

परमेश्वरको शान्तिको अनुभव गर्नुभन्दा अघि राजा मागेर तिनीहरूले पाप गरे भनेर तिनीहरूले स्वीकार गरेका थिए। त्यसो गर्नु अनिवार्य थियो किनभने तिनीहरू परमेश्वरप्रति कृतज्ञ वा आभारित नहुँदा उहाँको आवाजलाई

तिनीहरूले दवाएका थिए र परमेश्वरबाट अलगिएका थिए।

यदि इमान्दारी पूर्वक वा भित्री हृदयदेखि नै पश्चात्ताप र सुधार्न नचाहे केवल मुखले मात्र स्वीकार्दा परमेश्वरको निम्ति स्वीकार्य छैन। जीवनमा निर्णयात्मक परिवर्तन हुनैपर्छ। परमेश्वरलाई आपत्तिजनक हुने सबै तत्त्वहरू त्यागनै पर्छ। हामीले गर्नुपर्ने हाम्रो भाग, हाम्रो सामु यी पदहरूले स्पष्ट रूपमा प्रस्तुत गरेका छन्ः परमेश्वरले भन्नुभयो, 'तिमीहरूले प्रार्थनामा आफ्ना हात पसार्दा, म मेरा आँखा तिमीहरूदेखि छोप्नेछु। तिमीहरूले ज्यादै प्रार्थना गर्दा पनि म सुन्नेछैनँ। तिमीहरूका हात रगतले भरिएका छन्। त्यसकारण, आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़। भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा

परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ।' परमप्रभु भन्नुहुन्छ, अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू सिन्दुरे रङ्गका भएतापनि ती हिउँ जस्तै सेता हुनेछन्। गाढ़ा राता रङ्गका भएतापनि ती ऊन जस्तै हुनेछन्।" यशैया १:१५-१८। "यदि मैले दुष्ट मानिसलाई 'तिमी निश्चयनै मर्नेछौ' भनी भन्दा त्यसले आफ्नो पाप त्यागेर न्याय सङ्गत र ठिक काम गर्‍यो भने, यदि त्यसले कर्जामा राखेको धितो फर्काइदियो, आफूले चोरेर लगेको माल फर्काइदियो, र जीवन दिने विधिहरू मान्यो र दुष्टयाइ गरेन भने, त्यो निश्चयनै बाँच्नेछ, त्यो मर्नेछैन। त्यसले गरेको कुनै पाप त्यसको विरुद्धमा सम्झना हुनेछैन। त्यसले न्यायसङ्गत र ठिक काम गरेको छ। त्यो निश्चय नै बाँच्नेछ। तापनि तिम्रा देशवासीहरूले भन्छन्, 'परमप्रभुको

चाल न्यायसङ्गत छैन'। तर वास्तवमा त तिनीहरूकै चाल पो न्यायसङ्गत छैन। यदि कुनै धर्मी मानिसले आफ्नो धार्मिकता त्यागेर दुष्ट्याई गऱ्यो भने, त्यसो गर्नाले त्यो मर्नेछ। यदि कुनै दुष्ट मानिसले आफ्नो दुष्ट्याई त्यागेर न्यायसङ्गत र ठिक काम गऱ्यो भने, त्यसो गर्नाले त्यो बाँच्नेछ।" इजकिएल ३३:१४-१९।

पश्चात्तापको काम कस्तो हुन्छ भनेर पावलले यसरी व्यक्त गर्दछन्, "मैले आफ्नो पत्रबाट तिमीहरूलाई शोकित तुल्याएको भएता पनि म पछुतो गर्दिनँ, हुन त मलाई पछुतो भएकै थियो। मलाई थाहा भयो, कि त्यस पत्रले तिमीहरूलाई थोरै समयका निम्ति मात्र भए पनि शोकित तुल्यायो। तिमीहरूलाई शोक भयो भनेर म खुसी भएको होइनँ, तर तिमीहरूको शोकले तिमीहरूलाई पश्चात्तापी बनायो भनेर हो, किनभने तिमीहरूले ईश्वरीय शोकको अनुभव गऱ्यौं, र

हामो तर्फबाट तिमीहरूले केही नोक्सानी सहनुपरेन। किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछुतो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ। किनकि हेर, यस ईश्वरीय शोकले तिमीहरूमा कस्तो उत्साह उत्पन्न गराएको छ आफैंलाई निर्दोष तुल्याउन तिमीहरूमा कस्तो उत्सुकता छ, कस्तो क्रोध, कस्तो भय, कस्तो तृष्णा, कस्तो जोश, न्याय होस् भन्ने कस्तो इच्छा! सबै कुरामा तिमीहरूले आफैंलाई निर्दोष भएको साबित गरेका छौ।" २ कोरिन्थी ७:८-११।

जब पापले मानिसको नैतिक र बौद्धिक क्षमताहरूलाई र चेतनालाई सिथिल पार्दछ तब गल्ती गर्नेले आफ्नो चरित्रमा भएको खोटहरू पहिचान गर्न सक्दैन। त्यति मात्र होइन, उसले गरेको खराब काम कतिको भयानक रहेछ भन्ने कुरा पनि उसले महसुस गर्न सक्दैन। उसलाई

दोष देखाउन पवित्र आत्माले उसलाई घचघच्याइरहन्छ। जबसम्म उसले मन खोतल्ने पवित्र आत्माको शक्तिलाई आफ्नो विवेकलाई समर्पण गर्दैन तबसम्म उसको पापप्रति केही हदसम्म ऊ अन्धो नै भइरहन्छ। गल्ती वा पाप गरें भनेर उसले गरेका स्वीकारहरू इमान्दारी र भित्री हृदयदेखि भएको हुँदैन। त्यसकारण उसको स्वीकार केवल देखावटी मात्र हुन्छ। उसले स्वीकार गरेको प्रत्येक दोषलाई खेद प्रकट त गर्दछ तर यदि आफू त्यस गल्ती काम गर्ने परिस्थितिमा परेन भने त्यो गल्ती आफूबाट नहुने थियो र आरोप खप्नु नपर्ने थियो भनेर आफूलाई भन्दा परिस्थितिलाई दोष दिन ऊ पुग्छ।

परमेश्वरले आफ्नै स्वरूपमा नर र नारी वा आदम र हव्वालाई सृष्टि गर्नुभएको थियो। तिनीहरूलाई एक सुन्दर बगैंचामा राखिएको थियो। त्यहाँ धेरै थरीका फलहरू फलाउने

रूखहरू थियो। ती सबै रूखका फलहरू तिनीहरूले खान सक्छन् तर असल र खराबको ज्ञान दिने रूखको फल नखानु परमेश्वरले भनेर अऱ्हाउनुभएको थियो। तर, सैतानको छलमा परेर तिनीहरूले निषेध गरिएको फल खाए। त्यसपछि तिनीहरूको दिमाग लाज र त्रासले भरिएको थियो। आफूले गरेको पापलाई कुन बहानामा उम्किने ताकि तिनीहरू विकराल मृत्युको सामना गर्न नपरोस् भन्ने तिनीहरूको सोच थियो। तिनीहरूको पापको बारेमा जब परमेश्वरले तिनीहरूलाई सोध्नुभयो तब आदमले त्यो दोष केही हदमा परमेश्वर र आफ्नी श्रीमतीलाई थुपार्दै जवाफ दिएः तपाईंले नै दिनुभएको मसँग रहने स्त्रीले मलाई त्यो फल दियो र मैले खाएँ।" अनि स्त्रीले पनि सर्पको रूपमा आएको सैतानलाई दोष दिंदै भनिन्, "सर्पले मलाई छल गऱ्यो, अनि मैले खाएँ।" उत्पत्ति ३:१२,१३।

तपाईंले सर्पलाई किन बनाउनुभयो त? त्यस सर्पलाई बगैंचामा किन आउन दिनुभयो त? तिनीहरूले गरेको पापलाई बहाना बनाउन ती प्रश्नहरू तिनीहरूले गरेको आभाष पाइन्छ। तिनीहरूको पतनमा परमेश्वर जिम्मेवारी हुनुहुन्छ भनेर उहाँलाई नै दोष दिएको तिनीहरूको उत्तरले दिन्छ। आफू जे गर्छु त्यो ठिकै गर्छु भनेर पापलाई पन्छाउने मर्म झुटो बोल्नेहरूको पिता सैतानबाट उब्जेको हो। यस खालको मनस्थिति आदम र हव्वाका छोराछोरीहरूले आजसम्म देखाइरहेका छन्। पापलाई भित्रीदेखि नै स्वीकार नगरी केवल बाहिरबाट मात्र स्वीकार गर्ने प्रवृत्ति परमेश्वरको आत्माबाट होइन र उहाँलाई स्वीकार्य छैन। पक्का र सही वा सत्य पश्चात्तापले आफ्नो पापको दोष आफैं भएको र त्यसको नतिजा भोग्न तयार हुनतर्फतिर

मानिसलाई अग्रसर गराउँदछ। कुनै छल वा ढोंगी पारा नदेखाई आफ्नो गल्ती उसले स्वीकार्दछ।

परमेश्वरको आराधना स्थलमा एक दिन एक जना सरकारी भ्रष्ट कर्मचारी प्रार्थना गर्न पुगेको थियो भनेर येशूले अर्तीकथा सुनाउनुहुन्छ। जब त्यहाँ परमेश्वरको उपस्थितिको अनुभव उसले गऱ्यो तब आफू मर्माहत भइ रुन थाल्यो र यसरी प्रार्थना गऱ्यो, "परमेश्वर म पापीमाथि दया देखाउनुहोस्।" जसले आफ्नो हृदयदेखि आफ्नो पापलाई स्वीकार्दछ उसलाई निर्दोष ठहरिनेछ। पश्चात्ताप गर्ने मानिसको निम्ति येशूले आफ्नो रगतको बाजी राखेर उहाँले परमेश्वरसँग बिन्ति गर्नुहुन्छ।

पापप्रति कुनै बहाना नबनाइ आफू निर्दोष छु भनेर देखाउने प्रयास नगरी नम्र भएर सच्चा हृदयदेखि पश्चात्ताप गर्नेहरूका उदाहरणहरू

परमेश्वरको वचनमा प्रशस्त पाइन्छ। जब येशूका अनुयायीहरूलाई महाकष्ट दिने पावल येशूको आवाजसँग जम्का भेट भयो तब आफूलाई उनले ढाकछोप गरेनन्। आफ्नो अपराधलाई न्युनिकरण नगरी उनले आफ्नो पापलाई कालो रङ्गले पोतदछन्। आफ्नो अधर्मलाई उनले यसरी खुलेआम व्यक्त गर्दछन्, "नासरतका येशूका नाउँको विरुद्धमा धेरै कारबाई गर्नुपर्छ भन्ने म आफैंलाई पनि विश्वास थियो। मैले यरूशलेममा त्यसै गरें, र मुख्य पूजारीबाट अख्तियार पाएर धेरै सन्तहरूलाई मैले झ्यालखानमा हालेको मात्र होइन, तर तिनीहरूलाई मार्दा तिनीहरूकै विरुद्धमा मैले मेरो मत पनि दिएँ। अनि सबै सभाघरहरूमा तिनीहरूलाई बारम्बार सजाय दिईकन तिनीहरूलाई विश्वास त्याग गराउने चेष्टा गर्थे। तिनीहरूका विरुद्धमा क्रोधले उन्मत्त भईकन

बाहिरका सहरहरूमा पनि मैले तिनीहरूलाई सताएँ।" प्रेरित२६:९-११। अनि नहिचकिच्या-इकन उनले यसरी घोषणा गर्दछन, "मलाई सामर्थ्य दिनुहुने खीष्ट येशू हाम्रा प्रभुलाई म धन्यवाद दिन्छु, किनभने आफ्नो सेवामा नियुक्त गरेर उहाँले मलाई विश्वासयोग्य ठान्नुभयो। अगाडि मैले निन्दा गरें, खेदो गरें र उहाँको अपमान गरें, तर मैले यी अजान र अविश्वासमा गरेको हुनाले मैले कृपा पाएँ। खीष्ट येशूमा भएको विश्वास र प्रेमको साथ मेरो निम्ति हाम्रा प्रभुको अनुग्रह प्रशस्त मात्रामा उर्लिआयो। यो वचन हर प्रकारले ग्रहण योग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू खीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ। तर यसकारण मैले कृपा पाएँ, कि पापीहरूमा सबैभन्दा मुख्य भएर पनि मद्वारा येशू खीष्टले आफ्नो असीम धैर्य प्रकट गर्न सकून्, ताकि

उहाँमाथि विश्वास गरेर अनन्त जीवन पाउनेहरूका लागि म एउटा उदाहरण बन्न् सकूँ। युगौं-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्दा होस्। आमेन।" १ तिमोथी १:१२-१७।

भित्री हृदयदेखि नम्र र चुर्ण भएको मानिसको पश्चात्ताप सक्कल हुन्छ र उसले परमेश्वरको प्रेम र कलवरीमा चुकाउनु भएको मोललाई सराहना गर्दछ। येशूले एक अर्ती कथामा एक जना जमिन्दारको छोरा आफ्नो अंश लिएर आफू खुसीले घर छोडेर आफूमा भएको धनसम्त्ति लिएर पलाएन भएको थियो। विदेशमा सबै सम्त्ति उडाएपछि त्यो केटो नाङ्गेझार भएको थियो। कहीँ पनि केही काम नपाएपछि त्यो केटो सुङ्गुर चराउने काम पाएको थियो। त्यसबेला आफ्नो बाबुको याद आयो र आफू बाबुको नोकर मात्र भएर बस्ने निर्णय गरेर घर फर्क्यो। आफ्नो

सम्पत्ति उडाउने छोरो घरमा फर्किंदा उसको बाबु अत्यन्तै हर्षित भएको थियो र उसलाई अङ्गालोमारेर उसको निम्ति ठुलो भोज तयार गरेका थिए। प्रिय बाबुलाई आफ्ना पापहरू स्वीकार गरेकोले त्यो छोरोले माफी पाएको थियो भनेर येशूले भन्नुभएको थियो। त्यसरी नै यदि हामीले हाम्रो पापप्रति हामीले भित्री मनदेखि सन्ताप र पश्चात्ताप परमेश्‍वरको अगाडि गर्‍यौं भने उहाँले पनि हामीलाई क्षमा दिनुहुन्छ। स्पष्टरूपमा बाइबलमा यसरी लेखिएको छ, "जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्‍वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्तिपनि अँध्यारो छैन। यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिंड्छौं भनेतापनि, हामी झूट बोल्छौं र 'सत्यमा चल्दैनौं। तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने, एक-

अर्कासँग हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।

यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेतापनि हामीले आफैंलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रापाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।" १ यूहन्ना१:५-१०।

# अध्याय ५
# येशूमा समर्पित जीवन

परमेश्वरको प्रतिज्ञा यो छ, "जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ। "ती तिमीहरूका उन्नतिका निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई। तब तिमीहरू म कहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौं, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौं, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ। तिमीहरूले मलाई भेट्टाउनेछौ," परमप्रभु भन्नुहुन्छ।" यर्मिया २९:११-१४।

सारा हृदय परमेश्वरमा सुम्पनु नै पर्दछ। नत्रभने हामीमा परमेश्वरको स्वरूपमा पुनर्स्थाना गरिने वातावरण कहिल्यै बन्दैन। हामी

मानव स्वभावैले परमेश्वरबाट अलग भएकाछौं र उहाँको चाहना र स्वभावसँग बेमेल छौं। हामी आत्मिक रूपमा मरेका छौं, हृदयपनि बिरामी छ, हाम्रो दिमाग पनि ठिक छैन र हाम्रो शरीर पनि पूर्णस्वस्थ छैन। बाइबलले बताउँदछः "तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो।" एफिसी २:१, "किन तिमीहरू अझै अटेरी बनिरहन्छौं? तिमीहरूका सारा शिरमा चोट लागेको छ, र सारा हृदय पीडित भएको छ। पैतालादेखि टुप्पीसम्मै चोट नभएको कहीं छैन। चोटै-चोट, डामहरू र खुल्लाघाउहरू मात्र छन्। ती न त सफा गरिएका न बाँधिएका, न तेलले नरम बनाइएका छन्।" यशैया १:५-६ र "तिनीहरू चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्। जसले तिनीहरूलाई त्यसको इच्छा अनुसार

चल्नलाई कैदी बनाएको छ।" २ तिमोथी २:२६। पापीहरू सैतानको जालोमा छन्।

हामीहरूका पीडा, दुःखकष्ट, हृदयका चोटहरूलाई परमेश्वले निको पार्न चाहनुहुन्छ र सैतानको पासोबाट हामीलाई उहाँले मुक्त गर्न चाहनुहुन्छ। तर यसका निम्ति हाम्रो स्वभाव तथा चरित्रमा आमूल परिवर्तन हुन आवश्यक छ। हाम्रो पाप स्वभाव भएको मानवीयतालाई पुनःनविकरण गर्नु आवश्यक छ। तर त्यस स्थीतिमा हामी पुग्न चाहन्छौं भने हाम्रो सम्पूर्ण जीवन उहाँमा सुम्पनु जरुरी छ। परमेश्वरले नै हामीलाई नियन्त्रण गर्न दिनुपर्दछ नत्रभने उहाँले हामीलाई नयाँ र पवित्र बनाउन सक्नुहुन्न्।

संसारमा गरिने कुनै पनि युद्ध भन्दा पनि महायुद्ध आफूले आफैंसँग गर्ने युद्ध हो। परमेश्वरमा समर्पित जीवित बलिहुन र मानिसको सबै चाहना, विवेक र महत्त्वाकांक्षा परमेश्वरलाई

सुम्पन ठूलो सङ्घर्षको आवश्यकता छ। तर, कोही नयाँ जीवन पाउन चाहन्छ, परमेश्वरको सामु पवित्र र निर्दोष जीवन बिताउन चाहन्छ भने उसले आफ्नो पूरा स्वयं परमेश्वरमा समर्पण गर्नुनै पर्दछ।

सैतानले देखाउन चाहेको अनुसार परमेश्वरको शासन प्रणाली छैन। अन्धो भएर र विना तर्क वा कारण परमेश्वरमा समर्पित गर्नुपर्छ भन्ने धारणा सैतानले मानस मष्तिष्कमा फैलाइरहेको छ। तर, यदि कोही परमेश्वरमा आउन चाहन्छ, उहाँको नीतिमा चलेर आदर्श तथा अर्थमूलक जीवन बिताउन चाहन्छ भने उसले आफ्नो बौद्धिक क्षमता र विवेकलाई प्रयोग गर्नुपर्छ, यो परमेश्वरको राज्य प्रणालीको आवाज हो। सनातन सृष्टिकर्ता परमेश्वरले प्रत्येक मानव प्रणालीलाई कोमल र नम्रभएर यो आह्वान गरिरहनुभएको छ, "अब आओ, हामी सँगसँगै

बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढ़ा राता रङ्गका भएता पनि ती ऊन जस्तै हुनेछन्। "यशैया १:१८। कुनै पनि मानिसको स्वविवेकलाई परमेश्वरले हस्तक्षेप गर्नुहुन्न्। उहाँको त्यो आह्वानलाई मानिसको अनुमतिविना जबरजस्ती लाड्नुहुन्न। यदि कोही आफ्नै स्वविवेक प्रयोग नगरेर, बुद्धि र समझशक्ति प्रयोग नगरेर अरूले उक्सायो भन्दैमा उहाँकहाँ आउँछ भने त्यो उहाँको निम्ति मान्य हुनेछैन। जबरजस्ती वा आत्मनिर्णयको स्वतन्त्रतालाई प्रयोग नगरि कोही मानिस परमेश्वरमा समर्पित जीवन बिताउन वाध्य पारियो भने उसको बौद्धिक वा चरित्र विकासमा वाधा आउँदछ। सृष्टिकर्ता दयालु परमेश्वरको यस्तो चाहना कहिल्यै पनि होइन। परमेश्वरको सृष्टि वा सृजना गर्ने शक्तिको सर्वश्रेष्ठ सृष्टि भनेको नर

र नारीको सृष्टि हो। मानिसको बहु आयामिक क्षमता उच्च भन्दा उच्च स्तरमा विकसित होस् भन्ने उहाँको चाहना हो। हाम्रो सामु परमेश्वरले उहाँको अनुग्रहद्वारा आशिष्को उच्च शिखरलाई राखिदिनुभएको छ। उहाँलाई हाम्रो जीवन सुम्पिदेओस् भन्ने उहाँको आह्वान छ ताकि उहाँ हामीमा भएर उहाँको सदिक्षा पूरा गर्न काम गर्न सकून्। पापको दासत्त्वमा रहेर पापमै रमाएर बस्ने होकि वा त्यसबाट स्वतन्त्र हुने हो त्यो रोज्ने आत्मनिर्णयको स्वतन्त्रता हामी प्रत्येकलाई सुम्पिएको छ। परमेश्वरका छोराछोरीहरूलाई दिएको महिमित र गौरवमय स्वतन्त्रता पाएर यस जीवन र आउने अनन्त जीवनलाई सार्थक बनाउने होकि वा जेसुकै होस् भोलि मर्ने नै हौं भनेर सैतानको सल्लाहमा चलेर हाम्रो जीवनलाई नष्ट पार्न चाहन्छौं। त्यो निर्णय व्यक्तिगत निर्णय हो। त्यसलाई कसैले वा परमेश्वरले पनि हात

हाल्नुहुन्न्। जब हामीले परमेश्वरलाई सबै कुरो सुम्पन्छौं तब उहाँ र हामीलाई अलग राख्ने कुनै पनि तत्त्वलाई त्याग्न अत्यन्तै जरुरी हुन्छ। यही सन्दर्भमा हाम्रो मुक्तिदाता येशूले स्पष्ट रूपमा भन्नुभएको छः "तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन।" लूका १४:३३। परमेश्वरबाट हाम्रो हृदयलाई टाढा राख्ने कुनै पनि आकर्षित तत्त्वलाई त्याग्नै पर्दछ।

धनसम्पत्ति धेरैको निम्ति भगवान् वा मूर्ति हो। पैसालाई नै सबै थोक वा भगवान् भन्दै पूजागर्नु वा प्रेम गर्नु र धनी वा सम्पन्न् हुने होडबाजीमा लाग्नु सैतानले बाँध्ने सुनौलो सिक्री हो। सम्मान, इज्जत, सांसारिक मान र प्रतिष्ठा पनि कतिको निम्ति देउता नै भइरहेको छ। सबैले आफूलाई नै पुजून् वा अभिनन्दन गरुन् भन्ने कतिको त मनस्थिति नै छ। कुनै पनि

जिम्मा नलिने, काम नगरी बस्न चाहने स्वतन्त्रता र सजिलो जीवनमात्र जिउने चाहने पनि कतिको निम्ति पूजनीय वा देवता नै हुन्छ। तर यस्तो दासत्वको बन्धन तोड्नु नै पर्दछ। हामी परमेश्वरको निम्ति आधा र संसारको निम्ति आधा हुन सक्दैनौं। परमेश्वरको अगाडि पनि ठिक्क र संसारको अगाडि पनि त्यसकै चालचलनमा चलेर ठिक्क भएर दोहोरो चरित्रमा चल्न सक्दैनौं। यदि परमेश्वरमा हामी सबै थोक सुम्पेनौं भने हामी परमेश्वरका सन्तान भनेर दावी गर्ने अधिकार हामीमा हुँदैन।

कतिपय मानिसहरू इसाई नै हुँ भनेर दावि गर्दछन्। परमेश्वरका आज्ञा र आदेशहरू आफ्नै प्रयासमा पालन गर्न खोज्छन्। आफ्नै तरिका, धर्म आदि अपनाएर ठिक चरित्र हुन पनि खोज्दछन्। आफूले मुक्ति पाइसकेको छु नै भनेर ढुक्कपनि हुन खोज्छन्। तर तिनीहरूका हृदयहरू

ख्रीष्टको गहिरो चालले चलिरहेको हुँदैन। उहाँप्रति प्रेम पनि गहिरो भएको हुँदैन। आफ्नो इसाई धार्मिक जीवनमा सबै कामहरू गर्न खोज्छन्। आफैंलाई स्यावासी दिएर स्वर्ग जान प्रयास गर्छन्। तिनीहरूले भन्छन् प्रभुले जे भन्नुभएको छ त्यही अनुसार चलेको छु नि भनेर पनि भन्छन्। यस्ता खालका धर्मकर्मको कुनै अर्थ नै हुँदैन। जब तपाईंको हृदयमा येशू र हनुहुन्छ तब तपाईंको आत्मा र जोश उहाँको प्रेमले भरिएको हुन्छ। उहाँमा ध्यानमग्न भएर तपाईंले आफूले आफैंलाई बिर्सनुहुन्छ। ख्रीष्टप्रतिको प्रेमले तपाईंलाई जोशिलो र सक्रिय बनाउँदछ। प्रभुको प्रेमले घचेडिएका मानिसहरूले उहाँको कामको निम्ति कति थोरै गर्नुपर्छ भनेर सोध्दैनन् पनि। उच्च आदर्श जीवनभन्दा तिनीहरू तल झर्न पनि चाहन्न्। तर तिनीहरू उद्धारकर्ताको चाहनामा आफूहरूलाई ढाल्न चाहने हुन्छन्। तिनीहरूले

चाहेका मूल्यमान्यता र आदर्श तथा अनुसरणीय उदाहणमा चल्न तिनीहरूले तीव्र इच्छा व्यक्त गर्दछन्। यस्तो खालको गहिरो प्रेम विनाको इसाई दावी केवल औपचारिक, कुराकानी मात्र नभएर इसाई जीवन नै तिनीहरूका निम्ति धेरै भारी भइरहेका हुन्छन्।

खीष्टका निम्ति आफ्नो जीवन दिनु के तपाईंले महान् त्याग गरिरहनुभएको छ भनेर ठान्नुहुन्छ? कतिले यसो भन्न हिचकिचाउँदैन्न्" मैले येशूलाई विश्वास गरेर मलाई के फाइदा छ र? उहाँले मलाई के दिनुभयो र, के दिनुहुन्छ र?" तर परमेश्वरको पुत्रले हाम्रो निम्ति सबै थोक दिनुभयो। उहाँ हामीलाई जीवन दिनुभयो, हाम्रा निम्ति महाकष्ट भोग्नुभयो र हामीलाई हाम्रापाप र अधर्मबाट मुक्तिदिनुभयो। उहाँको महान् प्रेम र सदाशयताको उपभोग गर्न के योग्य छैनौं र जसले गर्दा उहाँकहाँ आउन हामी सक्दैनौं र?

हाम्रो जीवनको प्रत्येक क्षण उहाँका आशिष् र अनुग्रहहरू उपभोग गरिरहेका हुन्छौं। हाम्रो अज्ञानता र दयनीय अवस्थाबाट हामीलाई कसरी उकासिएको छ सो हामीले कहिल्यै पनि पूरा बुझ्न सक्नेछैनौं। हाम्रा पापहरूका निम्ति छेड्नुभएकोलाई हेरेर उहाँको प्रेम र त्यागलाई बेवास्ता गर्ने आँट हामीलाई कहाँबाट आउँछ? महिमाको प्रभु असिमित तिरस्कार र हेपाइमा पर्नुभएको थियो। के जीवनमा अलिकति द्वन्द्व र कसैको अलिकति हेपाइमा परेर अनन्त जीवनमा पस्नु पर्दा गनगन र दुखेसो पोखाउन मनासिब छ र?

हठी स्वभाव भएर कतिले यो सोध्छन् पनि, "प्रभुले मलाई ग्रहण गर्नुभयो भन्ने कुरामा विश्वस्त हुन म किन नम्र र चूर्ण तथा पश्चात्तापी हुनुपर्दछ?" म तपाईंलाई ख्रीष्टतिर औंल्याउन चाहन्छु। उहाँ पापरहित हुनुहुन्थ्यो। उहाँ यो भन्दा बढी हुनुहुन्थ्यो। उहाँ सारा जगतका

राजकुमार हुनुहुन्थ्यो। तर मानिस जातिको निम्ति उहाँ पापको बोझमा पर्नुभयो। यशैया ५३:१२ मा लेखिएको छ, "यसैकारण महान्‌हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ। किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो। किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गर्‍यो" (यशैया ५३:१२)।

जब हामी सबै थोकहरू उहाँमा सुम्पन्छौं तब हामीले के त्याग्ने त? पापले प्रदुषित भएको हृदय येशूलाई सुम्पिन्छौं। उहाँको रगतले त्यो धुनुहुन्छ। उहाँको अनुकरणीय र अतुलनीय प्रेमले हामीलाई मुक्ति दिनुभएको छ। त्यस परिस्थितिमा के उहाँलाई सुम्पने हामीलाई कठिन छ र? मानिसको चेतनाप्रति टिप्पणी गर्न

मलाई त लाज पनि लाग्छ र लेख्न पनि लाज नै लाग्छ।

हाम्रो अत्यधिक हितका निम्ति प्रभुले दिनुभएका वरदान, दक्षता, सिप, प्रतिभा, ज्ञानबुद्धिलाई धर्मको नाउँमा हामी त्यागौं भन्ने उहाँको कहिल्यै पनि चाहना होइन। उहाँले हामीलाई जे दिनुहुन्छ त्यो उहाँका सन्तानको हित वा फाइदालाई मनमा राखेर नै दिनुहुन्छ। ख्रीष्टलाई नचुन्नेहरूका निम्ति उहाँले झन असल कुरा तिनीहरूका निम्ति जतन गरि राख्नु भएको छ भन्ने कुरालाई के तिनीहरू विश्वास गर्न चाहन्छ र? वा मलाई प्रभुको खाँचो छैन मेरो जीवन मेरो इच्छा अनुसार चलाउँछु भनेर कमजोर बाटोमा लाग्न मानिस चाहन्छ र? प्रभुको चाहना बिपरित चल्दा मानिस आफूले आफैंलाई ठुलो जोखिम र अन्यायमा पारिरहेको छ। प्रभुले मनाही गरेको बाटोमा हिंड्नेको अन्तर चेतनामा कहिल्यै पनि शान्ति वा चैन

पाउँदैन। उहाँका जनहरूको असल र उत्तम योजनाहरू उहाँलाई मात्र थाहा छ। तर प्रभुप्रति आँखा चिम्लेर हिँड्दा, उहाँका आज्ञाहरूलाई वेवास्ता गर्दा ढिलो वा चाँडो तिनीहरूको जीवन दुर्गति र नाशमा परिरहेको हुन्छ। यो तिनीहरूलाई तत्काल थाहा त नहोला। धर्मका नाउँमा आफ्नो शरीरलाई कष्ट दिने प्रवृत्ति होस्, या मैले येशूलाई विश्वास गरेको कारण मैले दुःख पाउने उचितनै सम्झन्छु भन्ने जस्तो गलत धारणाहरू दिमागमा पोसाइ राख्नु प्रभुका निम्ति सरासर अमान्य छ। आफ्ना छोराछोरीले दुःखपाएको के प्रभुले रुचाउनुहुन्छ र? मानिसको सुःख, समृद्धि, शान्ति र जीवन सहज होस् भन्ने चाहना सबै स्वर्गको हो। आफ्ना सृष्टिहरूलाई आनन्द दिने कुनै पनि ढोका उहाँले बन्द गर्नुहुन्न्। तर सोख, खुसियाली, रमझम र रमाइलो गर्ने नाउँमा दुःखकष्ट, पीडा, उदासिनता, विमार आदि ल्याउने जस्ता तत्त्वहरूबाट अलग

हुन प्रभुले नीतिहरू दिनुभएको छ। तिनीहरूले नै आफ्नै रोजाइको कारण मानिसहरू स्वर्गको र खुसियालीको ढोका बन्द गरिरहेका हुन्छन्। जगतको मुक्तिदाताले मानिसहरू जस्तैछन् त्यसरी नै स्वीकार गर्नुहुन्छ। तिनीहरूमा चाहना, महत्त्वाकांक्षाहरू होला, तिनीहरूमा कमीकमजोरी होला, तिनीहरूको चरित्रमा दाग र दोषहरू होला, तर उहाँकहाँ आउँदा ती सबै पाप र अधर्महरूबाट सफा गर्नुहुन्छ। उहाँको आफ्नै रगतले तिनीहरूलाई मुक्ति प्रदान गर्नुहुन्छ। उहाँको जुआ वा उहाँले दिनुभएका जिम्मेवारीहरू बोक्न चाहने हृदयका चाहनाहरूलाई उहाँले सन्तुष्ट पार्नुहुन्छ। जीवनको रोटीको निम्ति उहाँकहाँ आउने सबैलाई शान्ति र विश्राम दिने प्रभुको लक्ष्य हो। हामी उच्च आनन्द र आदर्शको जीवनमा लाग्ने कामकर्तव्य र नीतिहरू अवलम्बन गरून् भन्नै उहाँ चाहनुहुन्छ। तर उहाँका नीति, उहाँका शिक्षादीक्षा आदिलाई

पन्छ्याएर हिँड्ने मानिसहरू त्यस उच्च आनन्दको शिखरमा पुग्ने खुबी नै हुँदैन। यदि कोही सत्य, आनन्द, पक्का र सही सुख शान्ति चाहन्छ भने उसको हृदयमा येशूले स्वरूप लिन दिनै पर्नुहुन्छ। उहाँ नै यस जीवन र आउने जीवनमा आउने महिमित आशा हुनुहुन्छ।

धेरैले यो जिज्ञासा राख्दछन् "प्रभुलाई मेरो जीवन कसरी दिने?" तपाईं आफूले प्रभुलाई सुम्पन चाहनुहुन्छ। तपाईं येशूभक्त हुन-चाहनुहुन्छ, तर तपाईंको नैतिक शक्ति कमजोरी छ, तपाईं शङ्काको दासत्वमा हुनुहुन्छ। तपाईंको आफ्नै मनपर्ने पाप र आनीबानीबाट तपाईंलाई नियन्त्रण गरिरहेका छन्। तपाईंले गर्नुहुने वाचाहरू, प्रतिज्ञाहरू र निर्णयहरू सबै बालुवाको डोरी जस्ता छन्। तपाईंका आफ्नै मनोवेग, आवेग, मानसिक उत्तेजना महत्त्वाकांक्षा, देखावटीपन आदिलाई वशमा राख्न सक्ने खुबी छैन। तपाईंको आफ्नै असफल जीवन, बिग्रिएका

र भत्केका प्रतिज्ञाहरू र यसो गर्छु त्यसो गर्छु भन्ने प्रतिबद्धताहरूले गर्दा तपाईं इमान्दारी र पक्कापनलाई कमजोर पारिरहेको हुन्छ। तपाईं प्रभुप्रतिको भरोसामा ढलमल भइरहेको हुनुहुन्छ। म जस्तो कमजोरीलाई प्रभुले कसरी ग्रहण गर्नुहुन्छ भनेर तपाईं नैराश्यताको भूमरीमा पर्न सक्नुहुन्छ। तर हताश र निराश वा हतोत्साही नहुनुहोस्। सत्य शक्तिको चाहनालाई तपाईंले बुझ्नै पर्दछ। मानिसको स्वभावलाई वशमा राख्ने इच्छा शक्ति यही हो। आत्मनिर्णय, स्वविवेकको स्वतन्त्रता र के रोज्ने स्वतन्त्रता तपाईंलाई दिएको छ। यी सबै इच्छा शक्ति चुन्ने अधिकार सबै मानिसलाई प्रभुले दिनुभएको छ। तपाईंले आफ्नो हृदयलाई परिवर्तन गर्न सक्नुहुन्न्। प्रभुको चाहनामा आफूलाई सुम्पिने कला पनि तपाईंसँग हुँदैन, तर उहाँलाई रोजेर उहाँको सेवा गर्ने अधिकार तपाईंलाई नै सुम्पिएको छ। यो तपाईंको वैयक्तिक वा व्यक्तिगत अधिकार हो।

तपाईंको इच्छा उहाँलाई सुम्पन सक्नुहुन्छ। अनि तपाईंमा नै उहाँ हुनुभएर उहाँको चाहना र हाम्रा हितका निम्ति उहाँ काम गर्नुहुन्छ। यसरी तपाईंको सबै स्वभाव, जोसजाँगर, आत्मा र जीवनशैली ख्रीष्टको अधिकारमा हुन्छ। तपाईंको जीवन, नियतहरू र चाहनाहरू उहाँमा केन्द्रित हुने कला उहाँले नै दिनुहुन्छ। अनि तपाईंका सबै सोच विचार र जीवनशैली उहाँसँगको तालमेलमा चलेको हुन्छ।

असल हुने चाहना, सबैको भलो गर्ने चाहना, पवित्र र निर्दोष हुने चाहना, जे ठिक र धर्मी छ सो चुन्ने चाहना असल र उचित नै छ। तर ती चाहनामात्र गर्दा त्यसको कुनै फलिफाप हुँदैन। राम्रो गर्छु भन्ने चाहना केवल कुरामात्र हुन्छ र अर्थहीन पनि हुन्छ। कतिपय मानिसहरू इसाई हुन्छु वा हुनेछु भनेर आशा र चाहना गरेका हुन्छन्। तर तिनीहरू आ-आफ्नै क्षेत्रमा बिलाएरजाने हुन्छन्। तर तिनीहरूले आफ्नो

इच्छाशक्ति, चाहना र योजनाहरू प्रभुको चाहनामा हृदयदेखि इमान्दारी भएर सुम्पिन चाहँदैनन्। अहिले नै तिनीहरू येशूलाई जीवन दिन रोज्न चाहँदैनन्।

तपाईंको इच्छाशक्तिलाई ठिक तरिकाले उपयोग गर्नुभयो भने तपाईंको जीवनमा आमूल परिवर्तन आउन सक्छ। जब तपाईंको इच्छा ख्रीष्टको चाहनामा मिसाउनुहुन्छ तब तपाईंको जीवन र शक्ति यस संसारका कुनै पनि शक्ति र स्थानहरू भन्दा उच्च र आदर्शमा राख्नुहुनेछ। प्रभुले नै तपाईंलाई शक्ति दिनुहुन्छ र उहाँमाथिको अटल विश्वासमा अडिग रहन उहाँले बल दिनुहुन्छ। यसरी जब तपाईंले आफ्नो जीवन प्रभुमा समर्पण गर्नुभयो भने तपाईं नयाँ पुनर्जीवित जीवन बिताउन सक्षम हुनुहुनेछ। त्यतिमात्र नभएर तपाईं विश्वासको नयाँ जीवन बिताउन प्रभुले सामर्थ्य बनाउनुहुन्छ।

## अध्याय ६
## प्रभु येशूमाथि आस्था र तपाईंलाई अँगाल्न उहाँको उत्सुकता

तपाईंको चेतनामा प्रभुको पवित्र आत्माले कुन बाटोमा जाने, के असल छ, के ठिक र बेठिक छ, के गर्नुहुन्छ, र के गर्नुहुन्न भनेर घचघच्याइरहेको हुन्छ। त्यसबेला तपाईं आफैंले पापको खराबी तत्त्वको महसुस गर्नुहुन्छ। यसको ज्यादती, शक्ति र प्रभाव, यसले ल्याउने दोषी मनस्थिति, यसले ल्याउने र ल्याइरहेका शोक, पीडा, विपत्ति र मानिसलाई जीवनको अर्थहरूबाट पछारिरहेको हुन्छ र प्रदुषित हावा जस्तो मानव प्राणीमा सबैतिर यो फैलिरहेको तपाईं देख्नुहुन्छ र आफैंले अनुभव गरिरहनुभएको होला। पाप कस्तो भ्रमात्मक र घृणास्पद छ भनेर आफ्नै जीवन र विभिन्न् माध्महरूद्वारा तपाईं देख्नुहुन्छ र देखिरहनु भएको

छ। पापले गर्दा नै मानिस र प्रभुको बिचमा भयानक फाटो आएको पनि तपाईंले महसुस गर्नुहुन्छ। त्यतिमात्र नभएर तपाईं जतिसुकै असल हुन प्रयास गर्दा असफल भएर तपाईं पाप, दुष्ट र खराबी तत्त्वको दासत्वमा तपाईं हुनुहुन्छ भनेर पनि तपाईं स्वीकार गर्नुहुन्छ। जति तपाईं आफ्नै प्रयास वा असल कामले त्यस पापबाट भाग्न खोज्नु हुन्छ तँ तपाईं झनझन त्यतैतिर होमिन थाल्नुहुन्छ। अनि तपाईं पापसँग लड्न असहाय भएको आफूले पाउनुहुन्छ। तपाईंका नियतहरू आफै खराब छन्, अशुद्ध छन्। तपाईंको हृदय फोहरी छ। तपाईंको जीवनलाई केलाउनुभयो भने तपाईं स्वार्थ, पाप, आफ्नो भाउ खोज्ने प्रवृत्ति, शारीरिक कामना आदिले भरिएको पाउनुहुन्छ। त्यसबाट तपाईं स्वतन्त्र हुन, त्यसबाट क्षमा पाएर उम्किन भित्री चाहना

ततपाईंमा छ। तर प्रभुको इच्छा अनुसार चलेर उहाँ जस्तै हुन तपाईं के गर्न सक्नुहुन्छ?

तपाईंलाई वास्तविक रूपमा शान्ति र भित्री अमन चैनको आवश्यकता छ। तपाईंको हृदयमा र विवेकमा प्रभुको सदाशयता, क्षमा, अनुग्रह, शान्तिप्रतिको प्रेम गुम्सिरहेको तपाईं चाहनुहुन्छ। त्यो तपाईंमा भएको पैसाले किन्न सक्नुहुन्न्। तपाईंमा भएका सबै बौद्धिक सम्पत्तिले किन्न सक्नुहुन्न्। तपाईंले जतिसुकै बुद्धिज्ञान वा दर्शनहरूको माध्यमबाट ती आर्जन गर्न सक्नुहुन्न्। तपाईंको आफ्नै प्रयास, धर्मकर्म र असल कामले तपाईंमा प्रभुको शान्तिलाई पाउनुहुन्छ भनेर आशा गर्नु पनि बेकार छ। तर यो प्रभुको उपहार वा वरदान हो जुन तपाईंलाई दिन चाहनुहुन्छ। प्रभुको अगमवक्ता यशैयाले बाइबलमा यस मामिलामा यसरी व्यक्त गरेका छन् "हे सबै तिर्खाउने हो, आओ, पानीनेर

आओ। अनि तिमीहरू रुपियाँ नहुने पनि आओ र किनेर खाओ। आओ, विना पैसा र विनादाम दाखरस र दूध किन। जे रोटी नै होइन, त्यसको निम्ति किन पैसा खर्च गर्छौ? अनि जे कुराले सन्तोष नै दिँदैन, त्यसको निम्ति किन परिश्रम गर्छौ? ध्यान देओ, ध्यान दिएर मेरो कुरा सुन, र जे कुरो असल छ त्यही खाओ, र स्वादिष्ट थोकहरू खाए तिमीहरूको प्राण सन्तुष्ट हुनेछ। कान थाप, र मकहाँ आओ। सुन, ताकि तिमीहरूको प्राण जिओस्। म तिमीहरूसित अनन्त करार बाँध्नेछु, "यशैया ५५:१-३। यो तपाईंको आफ्नै हो। तर तपाईंको हात अगाडि पसार्नुहोस् र त्यस उपहारलाई सहस्र हृदयले स्वीकार्नुहोस्। उनै प्रभुको जनबाट उहाँले यो प्रतिज्ञा वा वाचा पनि गर्नुभएको छ, परमप्रभु भन्नुहुन्छ, “अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू

सिन्दूरे रङ्गका भएतापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढ़ा राता रङ्गका भएतापनि ती ऊनजस्तै हुनेछन्। "यशैया १:१८। अझ प्रभुको अर्को जन इजकिएलले त्यो उपहारदिने योजना कुनै निश्चित जाति वा देशका मानिसहरूलाई मात्र नभएर समस्त मानव प्राणीका निम्ति हो भनेर यो प्रभुबाट थप्दछन् 'किनकि म जाति-जातिहरूबाट तिमीहरूलाई निकाल्नेछु, र सबै देशहरूबाट तिमीहरूलाई भेला गर्नेछु, र तिमीहरूलाई तिमीहरूको आफ्नै देशमा ल्याउनेछु। म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु, र तिमीहरू शुद्ध हुनेछौ। तिमीहरूका सबै अशुद्धतादेखि र तिमिहरूका सबै मूर्तिदेखि म तिमीलाई शुद्ध तुल्याउनेछु। म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय

दिनेछु। अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होसियारीसाथ मान्ने तुल्याउनेछु।" इजकिएल ३६:२४-२७।

येशूको प्रताप र मायामा तपाईं आउनुभएर आफ्ना पापहरू तपाईंले स्वीकार गर्नुभएको छ भने तिनीहरूलाई तपाईंको हृदयबाट फालिदिनुहोस्। तपाईंले आफ्नो जीवन प्रभुमा दिन निर्णय गर्नुभएको छ। अब तपाईं उहाँकहाँ जानुहोस्। तपाईंमा भएका पापहरू पखाल्न उहाँसँग अनुरोध गर्नुहोस्। तपाईंलाई नयाँ र पुनर्जीवित आत्मा तथा हृदयदिन अनुरोध गर्नुहोस्। अनि उहाँले वाचा वा प्रतिज्ञा गर्नुभएकोले त्यो काम उहाँले गर्नुहुन्छ भन्ने कुरालाई आत्मसात राखेर विश्वास गर्नुहोस्। येशू यस संसारमा मानव चोला लिएर रहनुहुँदा यो कुरा उहाँले सबै मानिसहरूलाई सिकाउनु भएको

थियो। प्रभुको वरदान वा उपहार उहाँले प्रतिज्ञा गर्नुभएको अनुसार सबैको निम्ति हो। हामीले विश्वास गर्नै पर्दछ। हामीले पाएकाछौं भनेर मन भित्र घुसाउनै पर्दछ, अनि हाम्रै हुदछ। उहाँको शक्तिमाथि विश्वास भएकोले कतिपयका रोग र बिमारहरू उहाँले निको पार्नुभएको थियो। उहाँले तिनीहरूले देख्ने अनुभव गर्ने भौतिक जीवनमै काम गरेर देखाउनुभएको थियो। त्यसले गर्दा तिनीहरूले नदेख्ने थोकहरूमा पनि उहाँमाथि भरोसा राख्न सकिन्छ भनेर प्रमाणित गरेर देखाउनुभएको थियो। एक जना पक्षाघातले सिकिस्त भएको बिरामीलाई सरल रूपमा उनी निको नहुने तर उहाँले निको पार्दै भन्नुभएको थियो, "तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सक।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, “उठ, तिम्रो खाट बोक, र घरजाऊ।” अनि त्यो उठ्यो,

र आफ्नो घरतिर लाग्यो। जब भीड़ले यो देख्यो, तब तिनीहरू भयभीत भए, र मानिसहरूलाई यस्तो शक्ति दिनुहुने परमेश्वरको प्रशंसा गरे।" मत्ती ९:६-८। तत्कालीन धर्मगुरुहरू जो मानिसका मर्म भन्दा धर्मलाई प्राथमिकता दिने प्रवृत्तिलाई सरासर चुनौती दिंदै प्रभुले त्यो काम गर्नुभएको थियो। यसरी नै येशूका प्रिय चेला यूहन्नाले येशूका आश्चर्य कामहरूलाई उल्लेख गर्दै सबैले स्वीकार गरुन् भनेर लेखेका छन्, "येशूले अरू धेरै चिन्हरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तक (यूहन्नाको सुसमाचार) मा लेखिएका छैनन्। तर यो लेखिएको छ, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गरोस्, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।"यूहन्ना २०:३०-३१।

येशूले विरामीहरूलाई कसरी निको पार्नुभयो भनेर बाइबलमा सरल भाषामा वर्णन

गरिएको छ। हाम्रा पापहरूलाई उहाँले क्षमा दिनुहुन्छ भनेर सजिलैसँग कसरी विश्वास गर्ने भन्ने कुरा त्यस वयानबाट हामी सिक्नसक्दछौं। इस्राएलको सहर छेउमा एउटा बेथसैदा नाउँ गरेको पोखरी थियो। त्यस पोखरी वरिपरि विरामीहरूको भीड हुन्थ्यो। किंवदन्ती अर्थात् कथा अनुसार बेलाबेलामा स्वर्गको एक जना दूत आएर त्यस पोखरीको पानी हल्लाइ दिन्थ्यो रे! अनि कोही त्यस पानीभित्र त्यसै बेला हाम फाल्यो वा कसैले हाम फालिदियो भने त्यो विरामी निको हुन्थ्यो रे! त्यहाँ एक जना पक्षाघातको रोगले ३८ वर्षसम्म ओछ्यानमा परिरहेको थियो। त्यो व्यक्ति असहाय थियो। ३८ वर्षसम्म उसका हातखुट्टाहरू चलेका थिएनन्। के तिमी निको हुन चाहन्छौं कि भनेर येशूले सोध्नुहुँदा त्यो व्यक्ति त्यतिका वर्षसम्म निको नभएका कारण ऊ आफैंले यसरी व्यक्त

गर्दछ, “हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै म भन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।” अनि येशूले त्यसलाई भन्नुभयो, “खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिंड़।” यूहन्ना ५:७-८। कहिल्यै नदेखेको र येशूको अपरिचित अनुहार हेरेर उसले भन्न सक्थ्यो, "हजुर, यदि तपाईंले मलाई निको पार्नुभयो भने तपाईंको वचन पालन गर्नेछु।" अहँ, ख्रीष्टको वचनमा कुनै आनकानी नगर्दै उसले यसरी विश्वास गऱ्यो कि उसलाई निको बनाइसकेको छ। अनि तुरन्तै येशूको वचनमा शक्ति पाएर उठ्यो। आफू हिंड्न चाहना गऱ्यो र जुरुक्क उठेर हिंडे पनि। येशूको वचनमा त्यो मानिस सक्रिय भयो, अनि प्रभुले उसलाई शक्ति र आत्मबल दिनुभयो। त्यसको फलस्वरूप त्यो

व्यक्ति आत्मिक, शारीरिक र मानसिक रूपमा पूर्ण स्वस्थ भयो।

त्यसरी नै तपाईं पापले पछारिएको पापी हुनुहुन्छ। तपाईंको विगतका पापहरू आफ्नै प्रयासले सफा गर्न प्रयास गर्नुहुन्छ। तपाईं आफ्नै धर्मकर्म, असल हुने प्रयत्नले र साधु वा पवित्र हुन चाहना गरेतापनि तपाईंले तपाईंको हृदय कहिल्यै पनि बदल्न सक्नुहुन्न्। ख्रीष्टले सबै थोक तपाईंद्वारा गर्नुहुन्छ भन्ने प्रतिज्ञा उहाँले गर्नुभएको छ। यस प्रतिज्ञा वा वाचालाई विश्वास गर्नुहोस्। आफ्ना सबै पापहरू, कमीकमजोरी र फोहर चरित्रहरू प्रभुको सामु राख्नुहोस् र उहाँलाई तपाईंको जीवन अर्पण गर्नुहोस्। तपाईंले उहाँको सेवा गर्न आफूलाई समर्पण गर्नुहोस्। जब तपाईं त्यस स्थितिमा आफूलाई राख्नुहुन्छ तब तपाईंको जीवनमा उहाँको वचन पूरा गरिदिनुहुनेछ। जब उहाँको प्रतिज्ञामा तपाईंले विश्वास गर्नुहुन्छ र

तपाईंलाई उहाँले क्षमा दिनुभयो र तपाईंका पापहरूलाई उहाँले धुनुभयो भनेर विश्वास गर्नुहुन्छ तब उहाँले तपाईंलाई उहाँको सही र सत्य कुरालाई उपलब्ध गराउनुहुन्छ। तपाईं पूर्ण रूपमा आत्मिक, मानसिक र भौतिक रूपमा स्वस्थ बन्न सक्नुहुनेछ। पक्षाघाती मानिसले कुनै प्रश्न नै येशूको वचनमा जुरुक्क उठ्नसक्ने भयो। यदि तपाईं पनि त्यसरी नै विश्वास गर्नुभयो भने तपाईंको जीवन सार्थक बनेर जुरुक्क उठ्न सक्नुहुनेछ।

ममा शक्ति आएको अनुभव भएपछि मात्र विश्वास गर्छु भनेर नबस्नुहोस् । तर यो भन्नुहोस्, "म विश्वास गर्छु। मेरो भावना चलेको कारण होइन, तर प्रभुले प्रतिज्ञा गर्नुभएको कारणले, उहाँको वचनको कारणले म उठ्दछु।

येशूले आफ्नो प्रतिज्ञा यसरी राख्नु भएको छ, "यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौं सो पाएका

छौं भन्ने विश्वास राख र त्यो तिमीहरूको हुनेछ।" मर्कूस ११:२४। तर यो प्रतिज्ञा तपाईंले आफैंले पूरा गर्न एउटा सर्त छ हामीले प्रभुको चाहना वा इच्छा अनुसार प्रार्थना गरौं। हाम्रा पापहरूबाट सफा गर्ने चाहना उहाँको हो। उहाँले हामीलाई उहाँको आफ्नै छोराछोरीहरू बनाउन चाहनुहुन्छ। पवित्र जीवन यापन गर्ने सामर्थ उहाँले नै दिनुहुन्छ। ती आशिषहरूका निम्ति प्रार्थना गर्नुहोस् र पाउनुभयो भनेर विश्वास गर्नुहोस् र तिनीहरूलाई पाएँ भनेर प्रभुलाई धन्यवाद दिनुहोस्। येशूकहाँ जाने विशेष सौभाग्य हाम्रो हो र उहाँद्वारा हाम्रा पापहरू धुने अवसर उहाँले हामीलाई दिनुहुने विशेष सौहलियत हो। प्रभुका दश आज्ञाहरू सामु बिना लाज, दोष र बिना सन्ताप नगरी येशूको साथमा हामी निडर भएर उभिन सक्ने हुन्छौं। पावलले खुलस्त रूपमा यसरी व्यक्त गरेका छन्: "यसकारण अब

ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।" रोमी ८:१-२।

जब तपाईंले आफ्नो जीवन प्रभुलाई दिनुहुन्छ तब त्यो जीवन तपाईंको हुँदैन। तपाईंलाई अमूल्य मोल तिरेर येशूले किन्नुभएको छ। यसमा येशूका चेला पत्रुसले यसरी खुलाएका छन्, "पनपक्ष नगरी मानिसको काम अनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकार गर्छौं भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्याइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौ। उहाँ सृष्टि

भन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस् अब सत्यको पालनद्वारा तिमीहरूले आफैंलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर। परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ। किनकि, "सबै प्राणी घाँस जस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता। घाँस ओइलाउँछ, र फूल झरिहाल्छ, तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ।" अनि तिमीहरूलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो।" १ पत्रुस १:१७-२५। परमेश्वरले

भन्नुभएकोले तपाईंले विश्वास गर्नुभएको छ। त्यसको फलस्वरूप पवित्र आत्माले तपाईंको जीवन नयाँ बनाउनुहुनेछ र तपाईंको हृदय र चेतना नयाँ हुनेछ। तपाईं प्रभुको परिवारमा जन्मनुभएको स्वर्गको पारिवारिक सदस्य हुन जानुहुन्छ। आफ्नै प्रियपुत्र येशूलाई जस्तै परमपिता परमेश्वरले तपाईंलाई प्रेम गर्नहुन्छ भन्ने कुरामा तपाईं ढुक्क हुनुहोस् ।

अब तपाईंले आफ्नो दिल र जीवन येशूलाई सुम्पिनुभयो तब पछि नहट्नुहोस्। उहाँबाट तपाईं ओझेलमा नपर्नुहोस्। दिनदिनै यो दावी गर्नुहोस्, "म ख्रीष्टको हुँ। मैले मेरो जीवन उहाँलाई अर्पण गरेको छु;" र पवित्र आत्माका निम्ति उहासँग प्रार्थना गर्नुहोस् र उहाँको सदाशयता र अनुग्रहमा रहिरहन बिन्ती गर्नुहोस्। जब तपाईंले आफूलाई प्रभुलाई सुम्पिनुहुन्छ र विश्वास गर्नुहुन्छ तब तपाईं स्वत उहाँको बालक

हुनुहुनेछ। अनि तपाईं उहाँमा नै जिइरहनेहुनुहुनेछ। येशूका प्रखर भक्त पावलले यसरी व्यक्त गर्दछन्, "यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गऱ्यौ, त्यसरी नै उहाँमा जीवन बिताओ। धन्यवाद दिनमा प्रशस्त हुँदै, तिमीहरूलाई शिक्षा दिए बमोजिम उहाँमा जरा गाडिएका र निर्माण भएका र विश्वासमा दह्रिला भएका होओ।" कलस्सी २:६-७।

हामीलाई परीक्षण अवधिमा राखिएको छ भनेर कतिले सोच्छन् पनि। तिनीहरू सुधारिएको छ अब त असल भएँ भनेर प्रमाण दिनुपर्छ अनि मात्र प्रभुका आशिषहरू आफ्नै हुनसक्छ भनेर दावी पनि गर्छन्। तर त्यसको लागि तिनीहरू पर्खिनुपर्दैन, अहिले नै उहाँका प्रतिज्ञा र आशिषहरू आफ्नै हो भनेर तिनीहरू दाबी गर्न सक्छन्। तिनीहरूको कमीकमजोरीहरूमा सहयोग

गर्न पिताको अनुग्रह र येशूको आत्मा चाहिन्छ नत्र तिनीहरू दुष्ट र खराबसँग भिड्न सक्दैन।

हामी जस्तो छौं त्यस्तै अवस्थामा येशूकहाँ आएको उहाँ मन पराउनुहुन्छ। हामी पापी, निरीह वा असहायछौं र हामी प्रभुमा नै भरपर्दछौं। हामीहरूको सबै कमीकमजोरी, मूर्खता, पापहरूको पोको बोक्दै उहाँको पाउमा पश्चात्ताप र दुःख मान्दै लम्पछार पर्न सक्छौं। उहाँको प्रेम, महिमा र सदाशयताको पाखुराहरूले हामीलाई छोप्न सक्दछन्। यसो गर्नु उहाँको प्रतिष्ठाको सवाल हो। हामीहरूका घाउहरू मलमपत्ती लगाउने र हामीहरूको सबै दोषी, दूषित, अशुद्धपना र फोहरी चरित्रलाई धुन उहाँ असाध्यै उत्सुक हुनुहुन्छ।

हजारौं मानिसहरू यहाँ असफल हुन्छन्ः तिनीहरूका पापहरू येशूले व्यक्तिगत र एक एक गरेर क्षमा दिनुहुन्छ भनेर तिनीहरू विश्वासै गर्न

चाहँदैनन्। अरूको पाप क्षमा भयो होला तर मेरो भएको छैन भनेर तिनीहरू सोच्दछन्। उहाँको वचनलाई आत्मसात गर्न चाहदैनन् वा दिमागमा घुसाउन वास्ता गर्दैनन्। प्रत्येक पापीको हरेक पापलाई सित्तैं क्षमा दिन प्रभुले हात फैलाउनुहुन्छ भन्ने आत्मज्ञान पाउनु नै उसको निम्ति विशेष अवसर हो। यो कुरो तिनीहरू आफैंले थाहा पाउनुपर्दछ।

तपाईंका निम्ति नदिएका प्रतिज्ञा र शङ्काहरू त्ययाग्नुहोस्। ती सबै पश्चात्ताप गर्ने प्रभुका आज्ञा पालन नगर्नेहरूका निम्ति हो। येशूलाई विश्वास गर्ने प्रत्येक उपासकलाई उहाँका सेवा गर्ने स्वर्गदूतहरूद्वारा बल र शक्ति उपलब्ध गराइएका छन्। यस संसारमा कोही पनि पापी, खराब, गिरेको मानिस छैन जसले येशूको बल, शुद्धता, निर्मलता र धर्मपरायणताको उपभोग गर्न सक्दैन। तिनीहरू पापबाट चोखो होऊन् भनेर नै

उहाँ तिनीहरूका निम्ति क्रूसमा मर्नुभएको थियो। पापको दागै दाग र प्रदूषित तथा फोहर भएका तिनीहरूका वस्त्रहरू सफा गर्न उहाँ पर्खिरहनु भएको छ। आफ्नो धार्मिकताको वस्त्र पहिराउन उहाँ पर्खिनुहुन्छ। मानिसहरू नष्ट नहोस् तर बाँचोस्, अर्थमूलक सार्थक जीवन बिताओस् भनेर उहाँले सबै लाई बोलाइरहनु भएको छ। हामी मरणशील प्राणीले एक आपससँग गरेको कारोबार जस्तो प्रभुले गर्नुहुन्न्। हामीप्रति उहाँका सोचविचारहरू दया, माया, करुणा र कोमलताले भरिएका छन्। उहाँले आफ्ना सेवक यशैयाद्वारा हामीलाई भन्नुहुन्छ, “जबसम्म परमप्रभुलाई पाउन सक्छौं उहाँलाई खोज। उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट। दुष्टले आफ्नोबाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई

सित्तैमा क्षमा गर्नुहुनेछ। किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचार भन्दा अग्ला छन्। जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमिनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बिउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कने छैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामका निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ। तिमीहरू आनन्द साथ जानेछौ, र शान्तिमा डोऱ्याइनेछौ। पर्वतहरू र डाँड़ाहरू तिमीहरूका सामुन्ने गीत गाउनेछन्, र मैदानका सारा रूखहरूले ताली बजाउनेछन्। "यशैया

५५:६-१२, र "मैले तिम्रा अपराधहरू बादलझैं र तिम्रा पापहरू बिहानको कुइरो झैं हटाइदिएँ। मतिर फर्केर आऊ, किनकि मैले तिमीलाई मोल तिरेर (क्रूसको मोल) छुटकारा दिएको छु।" यशैया ४४:२२।

उहाँले अर्को सेवक इजकिएलद्वारा आफ्ना चुनिएका जनहरू र उहाँलाई त्याग्ने इस्राएलीहरूलाई यसरी थप्नुहुन्छ, "यसकारण हे इस्राएयका घराना, म तिमीहरू हरेकको न्याय त्यसको चाल अनुसार गर्नेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ। "पश्चात्ताप गर, आफ्ना सबै अपराधहरूदेखि फर्क! तब तिमीहरूको पाप आफ्नो पतनको कारण हुनेछैन। तिमीहरूले गरेका सबै अपराधहरू त्याग, र नयाँ हृदय र नयाँ आत्मा लेओ। तिमीहरू किन मर्छौ, हे इस्राएलका घराना? किनभने कसैको मृत्युमा म प्रसन्न हुन्न, परमप्रभु परमेश्वर भन्नुहुन्छ।

पश्चात्ताप गर, र बाँच।" इजकिएल १८:३०-३२ (येशूको परिपेक्ष्मा उहाँलाई विश्वास गर्नेहरू सबै जना आत्मिक इस्राएलीहरू हुन्। उहाँलाई ग्रहण गर्ने नगर्ने तिनीहरूको निर्णय हो)।

हामीलाई दिएका प्रभुका आशिषहरू र त्यसका स्वादहरू लुट्न सैतान आतुरी छ। मानिसमा भएको प्रत्येक ज्ञानको ज्योति, जिउन चाहने आशाको किरण उसले निभाउन चाहन्छ। तर सैतानलाई त्यो काम गर्न दिन तपाईंले अनुमति कहिल्यै पनि दिनुँहुदैन। तपाईंलाई फसाउन चाहने सैतानको आवाजलाई नसुन्नुहोस्। तर यो प्रतिबद्धतासाथ भन्नुहोस्, "म जिउन सकौं भनेर नै येशू मेरो लागि मर्नुभयो। उहाँले मलाई प्रेम गर्नुहुन्छ। म नाश भएको उहाँ हेर्न चाहनुहुन्न्। स्वर्गको पिता मेरो करुणामय हुनुहुन्छ। उहाँको प्रेमलाई मैले दुरुपयोग गरेतापनि वा गलत ठानेतापनि र उहाँले

दिनुभएका आशिषहरूलाई मैले लत्याएतापनि म उठ्नेछु मेरो प्रभु पिताकहाँ म जानेछु।" येशूले एक जना घरबाट स्वेच्छाले निस्के र आफ्नो पुर्खौली सम्पत्तिलाई दुरुपयोग गर्दै गल्लीको कुकुर सरह हुन पुगेको युवकको अर्ती कथा भन्नुभएको थियो। जब सबैबाट हरेस खाएपछि आफ्नो बाबुको प्यार सम्झेर फर्केर आएको थियो। अनि टाढैबाट आफ्नो छोरो फर्केर आउँदा अत्यन्तै रमाएर उसलाई छोप्न पुगेको थियो। यो कथा लूका १५:११-२४मा यसरी उल्लेख गरिएको छ, "कुनै मानिसका दुई छोरा थिए। कान्छाचाहिँले बाबुलाई भन्यो, 'पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्।' तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए। "धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो

सम्पत्ति उड़ायो। त्यसले सबै रुपियाँ पैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठुलो अनिकाल पऱ्यो, र उसलाई अभाव हुन थाल्यो। ऊ गयो, र त्यस देशको एक जना नागरिककहाँ उसले काम माग्यो। मालिकले उसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। सुँगुरले खाने चारोले उसले आफ्नो पेट भर्न चाहन्यो, अनि कसैले उसलाई केही दिँदैनथियो। "जब उसको चेत खुल्यो, उसले भन्यो, 'मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु। म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, "बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटा सरह तुल्याउनुहोस्"।' तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। "तर त्यो धेरै

टाढ़ा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे। “छोराले तिनलाई भन्यो, ‘बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैन्। मलाई हजुरको एक खेताला बनाउनुहोस्।’ “तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, ‘झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ। यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ, र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं। किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।’ तब तिनीहरू आनन्द मनाउन लागे।" जसरी त्यस छोरोले बाबुको प्यार फेरि पायो त्यसरी नै हामी पनि प्रभुको प्यारको दावी गर्न सक्दछौं। स्वर्गको प्रिय परमेश्वर पिताको

प्रेमको गहिराइलाई वर्णन गर्न जतिसुकै मार्मिक, सान्दर्भिक, मनलाई छुने र कोमलताले भरिएतापनि पर्याप्त छैन। उहाँको अनन्तको करुणालाई अझ बुझाउन खोज्न आफ्नो सेवक अगमवक्ता यर्मियाद्वारा आफ्नो मर्म प्रभुले यसरी पोखाउनुहुन्छ, "सधैंभरि रहने प्रेमले मैले तिमीलाई प्रेम गरेको छु। मैले तिमीलाई दया गरी तानेको छु।" यर्मिया ३१:३। येशूले भन्नुभएको अर्ती कथामा जब पापी छोरो बाबुको घरबाट विदेशमा आफ्नो सम्पत्ति उडाउँदै थियो तब आफ्नो छोरो फर्केर आउला भनेर बाबुले आशा गरिरहेका थिए। पवित्र आत्माको आवाजलाई लत्याएर भाग्ने प्रत्येक व्यक्तिलाई प्रभुकहाँ आओस् भनेर त्यस आत्माले घचघचाइरहेको र अनुनय बिन्ति गरी रहेको हुन्छ। उप्रति प्रभुको प्रेमद्वारा आकर्षित गर्न प्रयत्न गरिनै रहनुहुन्छ।

जब तपाईंको प्रतिज्ञाका अथाह सम्पत्ति सुम्पिएको छ भने के तपाईंले लत्याइरहने? बिचरा पापी आफ्ना पापहरू त्यागेर प्रभुकहाँ आउन चाहनेलाई उहाँले वेवास्ता गर्नुहुन्छ भनेर के तपाईंले ठान्नुहुन्छ? तपाईंले पश्चात्ताप गरेपनि प्रभु कठोर भएर तपाईंलाई पन्छाउनुहुन्छ भनेर के तपाईं सोच्नुहुन्छ? यस्ता गलत सोचहरूलाई फालिदिनुहोस्। प्रभुको बारेमा यस्ता गलत सोचहरू खेलाइ राख्नु तपाईंको निम्ति नै हानीकारक छ। उहाँले पापलाई घृणा गर्नुहुन्छ तर पापीलाई प्यार गर्नुहुन्छ। ख्रीष्टको व्यक्तित्वद्वारा उहाँले तपाईंलाई दिनुभएको थियो। सबै जनाले मुक्तिपाउन् र उहाँको महिमित राज्यमा आशिष पाएर सदासर्वदा रहनसकून् भन्ने चाहना प्रभु पिताको हो। हामीतिर आफ्नो प्रेम वर्साउन त्यो भन्दा प्रभावकारी, बलियो र उल्लेखनीय भाषाको शैली व्यक्त गर्न अरू के होला? आफ्ना सेवक यशैयाबाट प्रभुले बढो

मार्मिक तवरले हामीप्रति उहाँको प्रेम, हृदयका मर्म यसरी पोखाउनुहुन्छ, “के कुनै आमाले आफ्नो दुधेबालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तिमीलाई बिर्सन सक्दिनँ। हेर, मैले तिमीलाई मेरो हत्केलामा खोपेको छु। तिम्रा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन्। "यशैया ४९:१५-१६। हे थरथर काम्नेहरू हो, प्रभुलाई नचिनेर उहाँप्रति गलत धारणा राखेर उहाँलाई शङ्का गर्नेहरू हो, उहाँतिर हेर्नुहोस्। तपाईं र मेरो लागि स्वर्गमा बिन्तिभाउ गर्न येशू जिइरहनुभएको छ। उहाँको प्रियपुत्रको उपहार परमपितालाई धन्यवाद दिनुहोस्। तपाईंको निम्ति उहाँ बेकारमा मरेको नहोस्। पवित्र आत्माले तपाईंलाई आजै बोलाइरहनुभएको छ। तपाईंको सम्पूर्ण हृदयले उहाँकहाँ आउनुहोस्। उहाँले तपाईंलाई उपलब्ध गराउनुभएको सबै आशिषको दाबी गर्ने खुबी होस्।

जब प्रभुले दिनुभएका अनगिन्ति वाचा तथा प्रतिज्ञाहरू पढ्नुहुन्छ तब तिनीहरू व्यक्तनै गर्न सकिने प्रेम, दया, सदाशयता र करुणाका बोलीहरू हुन् भनेर मनमा राख्नुहोस्। कुनै करुणा र मायाको सिमाना नकोरी अनन्त र असिमित प्रेमको महान् प्रेमले पापीतिर आकर्षित गरिरहेको छ। येशूका प्रखर भक्त पावलले यसरी व्यक्त गर्दछन्, "हाम्राप्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्ति भन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। उहाँको इच्छाको लक्ष्य अनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रियपुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।

उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। किनकि सम्पपूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्य अनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकी समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।" एफिसी १:३-१०। हो, प्रभु तपाईंको सहायक हुनुहुन्छ भनेर केवल विश्वासमात्र गर्नुहोस्। तपाईंले गुमाउनुभएको नैतिक, मौलिक, आदर्श र सज्जन रूपलाई उहाँले प्रतिस्थापित गर्न चाहनुहुन्छ। आफ्ना पापहरूलाई स्वीकार्दै, पश्चात्ताप गर्दै, कमीकमजोरीहरू उहाँको सामु राख्दै जब तपाईं उहाँको नजिक आउनुहुन्छ तब उहाँले तपाईंलाई उहाँको क्षमाशीलता र करुणाका प्वाँखहरूले छोप्नुहुनेछ।

# अध्याय ७
# येशूलाई विश्वास गर्दा आउने सङ्कष्ट र परीक्षा

पहिलो शताव्दीमा यहूदी धर्मको महापण्डित र येशूका अनुयायीहरूलाई ध्वस्त पार्ने प्रयासमा लाग्ने क्रममा उहाँसँगको जम्का भेटमा सावल भन्ने व्यक्ति परिवर्तन भएर पावल हुन पुगेका थिए। बाइबलको नयाँ करारको पुस्तकमा २७ वटा पुस्तकहरू छन्। तिनका १३ वा १४ पुस्तक वा पत्रहरू पावलले लेखेका छन्। जब उनले येशूका आवाज सुने उनमा आमूल परिवर्तन आयो। तब उनी इसाई धर्मज्ञानमा येशूपछिका दोस्रो धरोहर व्यक्तिहुन पुगेका थिए)। उनले आफ्नै अनुभवलाई समेटेर येशूलाई विश्वास गर्नेहरूको जीवन कस्तो हुन्छ भनेर २ कोरन्थी ५:१७ मा यसरी व्यक्त गर्दछन्ः "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि (वा

पुनर्जन्म) हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।"

आफूले कुन समयमा र ठाउँमा आफ्नो हृदय येशूलाई सुम्पे भनेर कुनै मानिसले ठम्याउन नसक्ला। कुन कुन परिस्थिति वा कदमले उसलाई येशूको नजिक आउन दियो होला भनेर उसलाई थाहा नहोला। त्यसको अर्थ यो होइन कि त्यो व्यक्ति परमेश्वरको बालक होइन। एक दिन यहूदी धर्मको सभासदको शासक वा पण्डित निकोदिमस रातमा येशूकहाँ आएर यो प्रश्न राखेका थिए," "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" उनको प्रश्नसँग विवादै नगरी येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न

सक्दैन।" निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो पटक पसेर जन्मन सक्छ (वा भौतिक रूपमा पुनर्जन्म हुनुपर्दछ र)?" येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौं, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति यस्तै हुन्छ।" यूहन्ना ३:३-८। हावालाई हामी देख्न सक्दैनौ तर त्यसको असर र प्रभाव सबैले सरल तरिकाले अनुभव गर्न सक्दछौं। त्यसरी नै प्रत्येक मानिसको चेतना र हृदयमा पवित्र

आत्माको आवाजले काम गरिरहेको हुन्छ। जब कसैले येशूलाई विश्वास गर्न पुग्छ तब कुनै मानिसको नाङ्गो आँखाले नदेखेतापनि उसमा नवजीवन वा पुनर्जीवनको शक्तिले काम गर्न थालेको हुन्छ। उसको आत्मामा नयाँ जीवनको थालनी हुन्छ। यसले त्यो व्यक्ति प्रभुको स्वरूपमा ढालिन सृजना हुन्छ। ऊ नयाँ हुन जान्छ। पवित्र आत्माको काम कसैलाई आत्मा आयो भनेर उफार्ने, पछार्ने वा जोशिलो नभइकन चुपचाप र अप्रत्यक्ष रूपमा हुन्छ। उहाँको प्रभाव प्रत्येक उपासकले अनुभव गरेको हुन्छ। यदि प्रभुको आत्माले उपासकको हृदय पुनर्जीवीत भएको छ भने उसको जीवनले त्यो प्रकट गर्दछ र उसको आदर्श चरित्रले प्रभुको गवाही दिन थाल्दछ।

हाम्रा हृदयहरू परिवर्तन गर्न हामी आफैंले केही गर्न सक्दैनौं न त प्रभुको तालमेलमा हामी आफैंलाई उभ्याउन सक्छौं।

हामीहरूको असल काम, धर्मकर्मद्वारा, हामी कतिभलाइम्री इसाई हौं भनेर दावी गरेर हिंड्ने हाम्रो औकात छैन न त तिनीहरूमाथि भरोसा राखेर सबैको सामु धर्मात्मा वा साधु बनेर देखाउने खुबी नै छ। तर हाम्रो जीवनशैली, आनिबानी, चरित्र र क्रियाकलापले हामीमा प्रभुको आत्माले काम गरिरहेको छ कि छैन भनेर देखाइरहेका हुन्छौं। हामीले गर्ने प्रयत्न, बानी र चरित्र परिवर्तन भएको सबैले देख्नेछन्। पहिलाको जीवनको विपरीत नयाँ जीवन चलेको स्पष्ट हुन्छ। पहिलाको र नयाँ जीवन निर्णायात्मक भएको देखाइरहेको हुन्छ। उसको चरित्रलाई कहिलेकाहीं असल काम गरेर वा गलत काम गरेर प्रकट गरिँदैन तर निरन्तर रूपमा उसका वचन र कामले उसमा भएको ईश्वरीय प्रवृत्तिले उसलाई देखाइरहेको हुन्छ।

कतिपय मानिसहरू खीष्टको शक्तिविना जीवनशैलीमा सुधार ल्याउन सकिन्छ र वा आफ्नै प्रवृत्ति आनीबानी वा व्यवहार र चालचलनमा परिवर्तन गर्न सकिन्छ। अनेकौं प्रभावहरूको कारणले र आफूभन्दा अरूको भलाइ गर्दै कसैले जीवनलाई ठिक ठाउँमा राखेर चल्न सक्छ। आफ्नो सम्मानलाई ओझेलमा पारेर खराब तत्त्वहरूलाई पन्छाउँदै लान पनि सक्दछ। स्वार्थी हृदयले अनेकौं उदारवादी र परोपकारीय काम पनि गर्न सक्दछ। तर, हामी कसको पक्षमा छौं भनेर देखाउने निर्णायत्मक आधार के छ त?

कोसँग हृदय वा असल नियतहरू लक्षित गरिएको छ? हाम्रा सोचविचारको केन्दविन्दुको हो? हामी कसको बारेमा चर्चा गर्न रुचाउँछौं? हामीमा भएका उत्तम जोश, जाँगर, उर्जा र न्यानो माया, स्नेह कसतिर हामी लक्षित गरिरहेकाछौं? यदि हामीहरू येशूका हौं भने हाम्रो

दिमाग येशूको दिमागसँग तारतम्य हुनजान्छ। हाम्रा सबै सोचविचार उहाँसँग हुन्छ, हामीहरूका सबै मिठास सोचहरू उहाँकै हुन जान्छ। हामी जो छौं र हामीसित जे छ त्यो सबै उहाँमा अर्पित गरिसकेको हुन्छ। उहाँको स्वरूप, प्रतिरूप वा स्वभाव उहाँको अनुसार ढाल्न हामी तीब्र चाहना गर्दछौं। उहाँसँग सास फेर्न चाहने हुन्छौं, उहाँको आत्मामा गाँसिएर मिलेर चल्न चाहनेहुन्छौं, उहाँको इच्छा पालन गर्न जागरुक हुने चाहना गर्ने हुन्छौं र हामीले जे गर्छौं सो उहाँलाई रुचाउने र मनपर्ने गरेर चल्ने हुन्छौं।

जो व्यक्ति येशूमा नयाँ हुन्छ तब उसको जीवनमा पवित्र आत्माको फल, मिजास र मुद्रा हुन्छ। पवित्र आत्माको यस्ता गुण र स्वभावहरू उसमा हुन्छ र उसको दैनिक जीवन र अरूसँगको संसर्गमा उसले प्रकट गरिरहेको हुन्छः "प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ,

विश्वस्ता, नम्रता र संयम हुन्। "गलाती ५:२२-२३। सांसारिक चाहना, पहिलाका अभिलाषा, नैतिक र मौलिक जीवनलाई अरूहरूलाई खुसी पार्न सम्झौता गरेर चल्नेछैन। तिनीहरूमा भएका पहिलाका प्रवृत्ति र नकारात्मक मनस्थितिमा होइन तर प्रभुको पुत्रको विश्वासमा तिनीहरू ढाल्न चाहने हुन्छन्। तिनीहरू येशूको चालमा हिँड्न उत्सुक हुन्छन्। उहाँको चरित्र र स्वभावलाई प्रतिबिम्बित गर्न चाहने हुन्छन्। जसरी उहाँ शुद्ध, निर्दोष, सफा हुनुहुन्छ त्यही गुणहरू तिनीहरूमा हुने चाहना गर्दछन्। एक फेरा तिनीहरूले घृणा गरेका छिःछिः दुरदुर गरेका तत्त्वहरू अब तिनीहरूले मनपराउने छन्। अभिमानी, आफ्नो भाउ खोज्ने प्रवृत्तिले लादिएका दिमागहरू, घमण्डी, हठी, अरू कोही चाहिँदैन, म नै ठुलो हुँ, मलाई सबै थाहा छ भनेर फुल्नेहरू अब नम्र, विनयी, भद्रहुन पुग्नेछन्। व्यर्थ,

दम्भिपना, अरूहरूलाई तुच्छ ठान्नेहरू, वादविवादमा लागेर भड्काउने र चिढाउने बानी भएकाहरू गम्भिर हुनेछन्। तिनीहरूले कसैलाई वाधा दिने छैनन् र न त हस्तक्षेप नै गर्ने हुनेछन्। जड्याहाँ शीलवाण वा भद्रहुनेछन् र चरित्रहिन र लम्पट मानिस शुद्ध र सफा हुनेछन्। संसारका तडकभडक फेशन, लाउनेशैली, अरूलाई आफूतिर आकर्षित गर्न लगाउने वस्त्रहरू, र विलाएर जाने अनेकौं संस्कार र चलनहरू तिनीहरूले पन्छाउनेछन्। येशूभक्तहरू अरूलाई आकर्षित गर्न झकिझकाउ बाहिरीय लुगाफाटा र गहनाहरू लगाउन खोज्दैनन्। यस मामिलामा येशूका चेला पत्रुसले यसरी व्यक्त गर्दछन्, "केशको श्रीगार, सुनको गहनापातर दामी वस्त्र तिमीहरूको बाहिरी सिङ्गारपटार नहोस्। तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले

सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रैमूल्यवान् छ।" १ पत्रुस ३:३-४।

अनन्त जीवनको उपभोग गर्ने सर्त एउटै हो। यो अहिले मात्र होइन सदाको निम्ति हो। हाम्रा प्रथम पुर्खा आदम र हव्वालाई पापमा फस्नुभन्दा अघि त्यो सर्त दिइएको थियो। त्यो परमेश्वरका दश आज्ञाहरूलाई शुद्ध र निर्मल हृदयले पालन गर्नु। यी आज्ञाहरूले प्रभुका धार्मिकता र उहाँको चरित्रलाई सफा, उत्कृष्ट र शिद्ध छ भनेर देखाउँदछ। यदि यी मापदण्डबिना अनन्त जीवन दिइयो वा दश आज्ञालाई मान्नुनपर्ने सर्तमा अनन्त जीवन दिइयो भने सारा जगतको सुख र शान्तिमा खतरा उब्जिन्थ्यो। दश आज्ञा नै छैन भने पापका निम्ति ढोका खोलिन्थ्यो। पाप, दयनीयता, सन्ताप, पीडा आदि अमर हुन्थ्यो वा चाहे स्वर्गमा होस् चाहे पृथ्वीमा होस् दुष्टताको अस्तित्व निरन्तर रूपमा रहिरहन्थ्यो।

दश आज्ञाहरू पालन गरेर प्रभुको जस्तो धार्मिक चरित्र पापमा फस्नुभन्दा अघि आदम र हव्वामा सजिनु सम्भव थियो। तर तिनीहरू त्यसमा असफल भए। तिनीहरूको पाप र हाम्रा पतित स्वभावले गर्दा हामी आफैंलाई धर्मी बनाउन सक्दैनौं। हामी पापी, अपवित्र र फोहरी भएको कारणले हामी कुनै हालतमा दश आज्ञाहरूलाई निर्मल र पूर्ण रूपमा पालन गर्न सक्दैनौं। दश आज्ञाको दावीहरूसँग मिल्न हाम्रो आफ्नै धार्मिकता छैन। तर हाम्रो निम्ति त्यसबाट राहत दिन ख्रीष्टले बाटो बनाइदिनुभएको छ। उहाँ पाप रहित जीवन जिउनुभयो। हाम्रा निम्ति उहाँ मर्नुभयो। अब हाम्रा पापहरू उहाँले बोक्न तयार हुनुहुन्छ र उहाँको धार्मिकता वा असल चरित्र दिनुहुन्छ। यदि तपाईंले उहाँलाई तपाईंको जीवन सुम्पनुभयो भने, तपाईंको मुक्तिदाता उहाँ नै हुनुहुन्छ भनेर ग्रहण गर्नुभयो भने तपाईंको

जीवन जतिसुकै पापमय र दुष्ट भएतापनि उहाँको खातिर तपाईं निर्दोष र धर्मीमा गनिनु हुनेछ। तपाईंको चरित्रको ठाउँमा ख्रीष्टको चरित्र उभिन्छ र परमेश्वरले तपाईंलाई मानौं तपाईंले कहिल्यै पाप नगरेको जस्तो गरेर अङ्गालो हाल्नुहुनेछ।

अझ यो भन्दा बेसी त येशूले तपाईंको हृदयलाई आमूल परिवर्तन गर्नुहुन्छ। विश्वासद्वारा उहाँ तपाईंको हृदयको दरवारमा राज गर्नुहुन्छ। दिनदिनै विश्वासद्वारा तपाईं उहाँसँग सम्पर्क जारी राख्नु पर्दछ। तपाईंका इच्छा र चाहनाहरूलाई उहाँलाई नै सुम्पिरहनुपर्दछ। जब तपाईं यस नीतिमा चल्नुहुन्छ तब तपाईंकै जीवनद्वारा उहाँको असल र आनन्दको इच्छा तपाईंद्वारा सम्पन्न गरीरहनुहुनेछ। त्यसकारण तपाईंले यो भन्न सक्नुहुन्छ कि, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म

अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।" गलाती २:२०। त्यसकारण यस भनाइको पुष्टि आफ्ना चेलाहरूलाई येशूले दिनभएको वचनसँग ठ्याक्कै मिल्दछ, "बोल्ने तिमीहरू आफैं हुनेछैनौ, तर तिमीहरूका पिताका आत्मा तिमीहरूद्वारा बोल्नुहुनेछ।" मत्ती १०:२०। जब ख्रीष्ट तपाईंमा तपाईंद्वारा भएर काम गर्नुहुन्छ तब तपाईंले उहाँकै आत्मा, जोश र जाँगरले असल कामहरू गर्नुहुनेछ। आज्ञाकारी, धार्मिक, सज्जन, मिलनसार, विनम्र, नम्र, मायालु, करुणामय, आदर्श चरित्र जस्ता गुणहरू तपाईंले देखाउनुहुनेछ।

हामी जस्तोसुकै धर्मात्मा देखाउने किन नहौं, हामी जतिसुकै ज्ञानी किन नहौं, हामी जतिसुकै बुद्धिजीवी किन नहौं, हामीले आफूलाई

घमण्ड वा गौरव दिने ठाउँ छैन। हामी को नै को हौं भनेर फाईफुर्टी लगाउन हामीमा केही पनि छैन। आफ्नो भाउ बढाउन र सम्मान आदि खोज्ने हामीमा केही पनि आधार छैन। हाम्रो आशाको आधार केवल येशू मात्र हुनुहुन्छ। उहाँको धार्मिकता हामीलाई ओढाइनु मात्र हाम्रो आत्मिक जीवनको सार्थकता बन्छ। त्यो पनि हामीले अथक प्रयास, धर्मकर्म र असल काम गरेर प्राप्त गर्ने होइन तर आफैंमा र आफैंबाट पवित्र आत्मालाई काम गर्न दियौं भने मात्र उपलब्ध हुन्छ।

जब हामीले विश्वासको बारेमा चर्चा गर्छौं, हाम्रो दिमागमा केही विशेष भिन्नतालाई ख्याल राख्नुपर्दछ। परमेश्वरमाथिको आस्था, निष्ठा भन्दा एकदम फरक विश्वासको अवधारणा छ। परमेश्वरको अस्तित्व र बाइबलमा भएको उहाँका सत्य वचनहरूको तथ्यलाई सैतान र

उसका पतित स्वर्गदूतहरू इन्कार गर्न सक्दैन्। परमेश्वर र बाइबलको शक्तिको सामु तिनीहरू हृदयदेखि नै झुक्दछन्। सैतान र उसका पतित दूतहरूले पनि परमेश्वरमाथि विश्वास गर्छन् र थरथर काम्छन्। याकूब २:१९। सैतान होस् वा जोसुकै होस् परमेश्वरको अस्तित्वलाई विश्वास गर्‍यो भन्दैमा उहाँमा आस्था वा निष्ठा हुन्छ भन्ने छैन। बाइबलमा विश्वास गर्ने मात्र होइन तर त्यसमा लेखिएका नीतिहरू अनुसार चल्न समर्पण गर्छन्, जब सबै स्नेह, चाहना, र प्रेम येशूमा लगाउँछ तब त्यहाँ सही ईश्वरीय विश्वास, आस्था र निष्ठा हुन्छ। परमेश्वरको प्रेमले चलेको विश्वास र आस्थाले मानिसको हृदय, आत्मा र सबै स्वभावहरूलाई शुद्ध र चोखो पार्दछ। यस खालको विश्वास र आस्थाले मानिसको हृदय परमेश्वरको स्वरूप नविकरण हुन्छ। यस्तो नवीकरण गरिएको हृदयले दश आज्ञाहरू बोझ

भएर त्यसको दासत्वमा बस्नुपर्छ भनेर चिन्ता गर्दैन। बरू दश आज्ञालाई शिरोपर गर्न प्रभुको आत्माले नै सघाइरहेको हुन्छ। गरिमामय दश आज्ञाहरूमा भएका पवित्र नीतिहरूप्रति बढो आनन्दित भएर भजनका लेखकसँग यसरी आफ्नो खुसियाली व्यक्त गर्दछः "आहा! तपाईंको व्यवस्थालाई म कतिप्रेम गर्दछु! दिनभरि म तिनैमाथि ध्यान गर्दछु।" भजनसंग्रह ११९:९७। (बाइबलमा दश आज्ञाहरूलाई परमेश्वरको व्यवस्था पनि भनिन्छ)। दश आज्ञाले गरेको माग अनुसार हामीमा धार्मिकता पूरा हुन्छ किन हामी अब "पापमय स्वभाव अनुसार होइन, तर पवित्र आत्मा अनुसार चल्दछौं।" रोमी ८:४।

येशूलाई विश्वास गर्ने कतिपय मानिसहरूलाई येशूको क्षमा दिने प्रेमको बारेमा थाहा छ। तिनीहरू प्रभुका छोराछोरीहरू हुन चाहन्छन्। तिनीहरूले आफ्ना चरित्र सिद्ध

नभएको, आफ्नो जीवन दोषी र गल्तीहरूले भरिएका छन् भनेर महसुस गर्दछ र तिनीहरूको हृदयलाई पवित्र आत्माले नवीकरण गर्नुभयो कि भएन भन्ने कुरामा दोधार हुन्छन्। तिनीहरूलाई म अनुरोध गर्दछु कि हतोत्साहित भएर निराश नहुनुहोस्। हामीहरूको कमजोर स्वभाव र गल्ती गर्ने कामले गर्दा बराबर येशूको पाउमा परेर रुनुपर्ने हुन्छ। तर हामी निराश हुनुहुँदैन। सैतानले हामीलाई फसाएर जितेता पनि हामीलाई परमेश्वरले छोड्नुहुन्न र त्याग्नुहुन्न्। येशू परमेश्वरको दाहिने हातमा हुनुहुन्छ हाम्रो निम्ति पहल र विन्ती गर्नुहुन्छ। येशूका प्रिय चेला यूहन्नाले लेख्दछन्, "मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गऱ्यौं भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनु हुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट। उहाँ

हाम्रा पापका निम्ति प्रायश्चित्त हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।" १ यूहन्ना २:१-२। येशूको आफ्नै वचनलाई नबिर्सिनु होस्, "पिता आफैंले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ।" यूहन्ना १६:२७। आफूतिर तपाईंलाई येशूले ल्याउन चाहनुहुन्छ, तपाईंको जीवन र मुहारबाट उहाँको शुद्धता, निर्मल र पवित्रता प्रतिबिम्बित गरेको उहाँ चाहनुहुन्छ। यदि तपाईंले आफूलाई सुम्पनुभयो भने तपाईंको जीवन उहाँले सुरु गर्नुभएको असल कामलाई उहाँ नआउञ्जेल निरन्तरता दिनुहुनेछ। हृदयदेखि निरन्तर प्रार्थना गर्नुहोस्। उहाँलाई अलिअलि होइन पूरै विश्वास गर्नुहोस्। जब हामीले हाम्रै शक्ति र बललाई विश्वास गर्न र भरपर्न छोड्छौं तब हाम्रो

मुक्तिदाताको शक्तिमा भरपरौं र हामीहरूको स्वस्थ र फुर्तिलो मुहारबाट उहाँको स्तुति र प्रशंसा गरौं।

जब तपाईं येशूको जतिनजिक आउनुहुन्छ तब तपाईं आँखामा तपाईं कमजोर र दोषी भएको देख्नुहुन्छ। तपाईंको ज्ञान बुद्धि झनझन स्पष्ट हुनेछ। उहाँको सिद्ध स्वभावको विपरीत तपाईंको घटी र कमीकजोरीहरू अझै फराकिलो र भिन्न देख्नुहुनेछ। तपाईंलाई भ्रममा पार्ने शक्ति गुम्यो भन्ने यसले प्रमाणित गर्दछ र परमेश्वरको जाँगरिलो प्रभावले तपाईंलाई व्युझाइरहनुभएको छ भनेर पनि देखाउँछ।

आफ्नै पापलाई महसुस नगर्ने मानिसको हृदयभित्र येशूप्रति गहिरो प्रेमले बास गर्दैन। ख्रीष्टको अनुग्रहले परिवर्तन भएको मानिसले उहाँको ईश्वरीय चरित्रको मुक्तकण्ठले प्रशंसा गर्दछ। तर यदि हामीले हाम्रो नैतिकतामा कुनै

खोट देख्दैनौं भने येशूको सुन्दर र श्रेष्ठतालाई देख्न सकिरहेका छैनौं भनेर प्रमाणित गर्दछौं।

जति हामीले आफ्नो आदर, कदर र भाउ खोज्ने बानीलाई पन्छाउँछौं त्यति हाम्रो मुक्तिदाताको प्रेमाभाव र असिमित शुद्धताको भाउ खोज्छौं र कदर गर्न प्रयास गर्छौं। हाम्रा आफ्नै पापलाई स्पष्ट रूपमा देख्ने बानीले गर्दा हामीलाई पाप क्षमा गर्ने मुक्तिदातातिर घचेटिदिन्छ। जब कोही मानिस आफू असल बन्न असहाय भएको महसुस गर्दछ तर त्यो मानिस येशूतिर लम्किन्छ। उहाँ आफैंले उसलाई शक्तिको प्रकट गर्नुहुनेछ। जतिजति उहाँको आवश्यकता भएको भावना जाग्दछ र परमेश्वरको वचनतिर तानिने चाहना गर्दछ, त्यति त्यति उहाँको गौरवमय चरित्रलाई देख्न सक्ने हुनेछौं। अनि त्यसको फल स्वरूप उहाँको प्रतिरूप अझ पूर्ण रूपमा प्रतिबिम्बित गर्दै लैजानेछौं।

## अध्याय ८

## येशूको आत्मिक कदमा बढ्दै जानु

जब हामी परमेश्वरका सन्तान हुन्छौं तब हाम्रो चरित्र परिवर्तन हुन्छ। यस परिवर्तनलाई बाइबलमा नयाँ जन्म वा पुनर्जन्म भनेर सम्वोधन गरिएको छ। किसानले छरेको असल बिउको टुसासँग यसलाई तुलना गरिएको छ। जो मानिसहरू ख्रीष्टलाई आफ्नो एकमात्र प्रभु र मुक्तिदाता भनेर स्वीकार गर्दछन्। तिनीहरू नवजात शिशु भनेर सम्बोधन गरिएको छ। तर तिनीहरू आत्मिक रूपमा सधैं शिशु नै भएर बस्ने होइन तर येशूमा हुर्किंदै, बढ्दै येशूको स्तरमा आदर्श पुरुष र महिला हुन अपेक्षा गरिएको छ। हेर्नुहोस्, "सबै दुष्टता, सबै छल-कपट र ईर्ष्या, र सबै निन्दाहरूलाई त्याग। नयाँ जन्मेका बालकहरू जस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो

मुक्तिमा बढ्दैजान सक्नेछौ।" १ पत्रुस २:१-२ र "हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फट्याइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दै जाऔं, जो शिर हुनुहुन्छ।" एफिसी ४:१४-१५। असल मलिलो माटोमा छरेको असल बिउ छरिएको जस्तै तिनीहरू बढ्दै असल फलहरू फलाउनुपर्दछ।

प्रभुका सेवक यशैयाले बाइबलमा यसरी लेख्दछन्, "परमप्रभुले नै रोप्नुभएको धार्मिकताका रूखहरू भनेर तिनीहरूलाई सम्बोधन गरिनेछन्।" यशैया ६१:३। तिनीहरूले जे ठिक छ त्यही गर्छन् र परमेश्वरको महिमा हुन्छ। आत्मिक सत्यका रहस्यहरूलाई अझ राम्रोसँग हामीले

बुझून् भनेर प्राकृतिक वस्तु तथा जीवहरूद्वारा पाठहरू हामीलाई सिकाउँदछन्।

कुनै पनि मै हुँ भन्ने वैज्ञानिक, वौद्धिक, बुद्धिमानी र दक्ष मानिसले प्रकृतिमा भएको जस्तो सानाभन्दा साना वस्तु वा घाँसै किन नहुन् न त आविष्कार गर्न सक्दछन् न त बनाउन नै सक्दछन्। प्रकृतिका वस्तुहरू जस्तै तिनीहरूले कृतिम रूपमा उत्पादन गर्न सक्ला वा प्रतिलिपि बनाउन सक्ला तर तिनीहरूले तिनीहरूलाई ज्यान दिन सक्दैनन्। परमेश्वर आफैंले प्रदान गर्नुभएको जीवनले बोटबिरुवा र जीवहरू बाँच्न सक्दछन्। त्यसरी नै परमेश्वरबाट आउने जीवनबाट नै मानिसहरूका हृदयहरूमा आत्मिक जीवनको उत्पादन हुन्छ। माथिबाट नजन्मी ख्रीष्टले दिन चाहने जीवन कुनै पनि मानिसले प्राप्त गर्न सक्दैन। येशू आफैंले यहूदी महापण्डित निकोदिमसलाई यो भन्नुभएको थियो, "साँच्चै म

तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" यूहन्ना ३:३। परमेश्वरले नै जीवन दिनुहुन्छ र अनि तिनीहरूलाई हुर्काउनुहुन्छ। परमेश्वरले नै कोपिला फुल्न दिनुहुन्छ र फूलहरू फुलाएर फल दिनुहुन्छ। उहाँकै शक्तिले बिउ उम्रिन्छ। येशूले भन्नुभयो, "परमेश्वरको राज्य यस्तो हो- कुनै एक जना मानिसले जमिनमा बिउ छर्छ, र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बिउचाहिँ टुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन। जमिन आफैंले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ।" मर्कूस ४:२६-२८। प्रभुको सेवक होशेले इस्राएलको बारेमा यसरी भनेका थिए, "तिनीहरू मबाट तर्किगएकामा म तिनीहरूलाई क्षमा गर्नेछु। म तिनीहरूलाई सित्तैंमा प्रेम देखाउनेछु, किनकि मेरो रिस तिनीहरूदेखि

फर्केको छ। म इस्राएलका निम्ति शीतझैं हुनेछु। त्यो लिली फूलझैं फुल्नेछ। लेबनानको देवदारुझैं त्यसका जरा गाडिने। त्यसका भर्खरै पलाएका मुनाहरू बढ्नेछन्। त्यसको प्रताप जैतूनको रूखझैं हुनेछ। त्यसको वास्ना लेबनानको देवदारुझैं हुनेछ। मानिसहरू फेरि त्यसको छहारीमा बस्नेछन्। मकैझैं त्यो लहलह बढ्नेछ र दाखको बोटझैं त्यो फुल्नेछ, र त्यसको ख्याति लेबनानको दाखको रस जस्तै हुनेछ। हे एफ्राइम, मूर्तिहरूसित मेरो के सरोकार? म त्यसलाई जवाफ दिनेछु र त्यसको वास्ता गर्नेछु। म एउटा हरियो सल्लोको रूखझैं छु। मबाटै तिमी फलवन्त हुनेछौ।" को बुद्धिमान् छ? उसले यी कुराहरू याद गर्नेछ। को समझदार छ? त्यसले यी कुराहरू बुझ्नेछ। परमप्रभुका मार्ग ठिक छन्। धर्मीजन तिनैमा हिँड्छन्, तर बागीहरू तिनमा ठेस खान्छन्।"

होशे १४:४-९। येशूले यो सोच भन्नुभयो, "लिली फूललाई विचार गर, कसरी तिनीहरू न त परिश्रम गर्छन् न काट्छन, तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्नो सारा गौरवमा यीमध्ये एउटा जतिको पनि विभूषित थिएनन्। तर आज हुने र भोलि आगोमा फालिने मैदानको घाँसलाई परमेश्वरले यसरी आभूषित गर्नुहुन्छ भने, ए अल्प विश्वासी हो, उहाँले तिमीहरूलाई झन् कति बढ़ी आभूषित गर्नुहुनेछ।" लूका १२:२७-२८। कुनै पनि विरुवा र फूलहरू आफ्नै स्याहार, चिन्ता र प्रयासले बढ्छु भनेर बढ्दैन। परमेश्वरले तिनीहरूका जीवनका निम्ति प्रदान गर्नुभएको सृजनात्मक शक्तिले तिनीहरू हुर्कन्छन् ।

कुनै पनि बालकले चिन्ताफिक्री गरेर वा आफ्नै बलले ठुलो हुन्छु भनेर ठुलो हुँदैन वा आफ्नो शरीरमा एक इन्च पनि थप्न सकिँदैन।

त्यसरी नै तपाईंको चिन्ता फिक्री वा धर्मकर्मको प्रयासले आत्मिक वृद्धिलाई सुरक्षित राख्न सक्नुहुन्न बढाउन सक्नुहुन्छ। वरिपरि तिनीहरूलाई सेवा गर्ने वातावरणको सहयोगले बिरुवा, बालक बढ्छ वा हुर्कन्छ। ती वातावरणहरू हुन् हावा, पानी, घाम र पौष्टिक खाना हुन्। प्रकृतिका ती उपहारहरूले बिरुवा, पशु-पंक्षी र मानिस आदि जीवित रहन्छ। त्यसरी नै ख्रीष्टमाथि भरोसा राख्नेहरूलाई तिनीहरू जिउने आवश्यक तत्त्वहरू उहाँले उपलब्ध गराउनुहुन्छ।

येशू प्रकृतिबाट आउने धेरै आशिषहरूसँग तुलना गरिएको छ। उहाँ नै "तिम्रो सदाको ज्योति, र तिम्रा परमेश्वरचाहिँ तिम्रो महिमा हुनुहुनेछ। तिम्रो सूर्य फेरि कहिल्यै अस्ताउने छैन, र तिम्रो चन्द्रमा पनि घट्नेछैन। परमप्रभु तिम्रो सदाको ज्योति हुनुहुनेछ, र तिम्रो

शोकका दिनको अन्त्य हुनेछ।" यशैया ६०:१९-२० र "परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ।" भजनसंग्रह ८४:११। प्रभुले भन्नुभयो "म इस्राएल अर्थात् उहाँलाई विश्वास गर्नेहरूको निम्ति शीतझैं हुनेछु।" होशे १४:५-८ "उनी (परमप्रभु) काटिएको चउरमा परेको वर्षाझैं हुनेछन्, पृथ्वीलाई सिँचाइ गर्ने झरीझैं।" भजनसंग्रह ७२:६। उहाँ वा येशू जीवित पानी हुनुहुन्छ र आफूलाई औँल्याउँदै येशूले भन्नुभयो, "परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ।" यूहन्ना ६:३३।

परमप्रभुले यस संसारलाई अचम्मको उपहार दिनुभएको थियो। त्यो उपहार थियो आफ्नै प्रिय पुत्र येशू ख्रीष्ट। यो अतुलनीय उपहारबाट आएको अनुग्रहले यस संसार घेरिएको छ। उहाँको सदाशयता र अनुग्रह हामीले सास फेर्ने हावा जस्तै छ। यो कुनै मनगढन्ते

अवधारणा वा दर्शन होइन। यो हामीले सास फेर्ने हावा जस्तै वास्तविक छ। यदि हामीले येशूको जीवन दिने अनुग्रहलाई ग्रहण गर्न रोज्यौं भने, हामी येशूको कदमा बढ्दै जानेछौं र उहाँमा आदर्श नर र नारी भएर जिउन सक्ने हुन्छौं।

घामको चम्किला किरणहरू पाउन फूल सूर्यतर्फ फर्कन्छन्। घामको किरणले फूललाई सिद्ध र सुन्दर बनाउन मदत गर्दछ। यसरी नै धार्मिकताको सूर्य ख्रीष्टतर्फ हामी फर्कनुपर्दछ। स्वर्गको ज्योति हामीमा चम्किनेछौं, र हाम्रा चरित्र, स्वभाव र मिजास येशूमा भएको जस्तै बढ्दै जानेछ।

येशूले भन्नुहुन्छ, "ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैंले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि केही गर्न सक्दैनौ।

"दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। यूहन्ना १५:४-५। उहाँका यी शब्दहरूले हाम्रो मनलाई हलुको बनाउँछ। उहाँमाथि भरोसा राख्न र उहाँसँग सिक्ने चाहना बढ्दछ। उहाँले फेरि हामीलाई आह्वान गर्नुहुन्छ, "मकहाँ आऊ...म तिमीहरूलाई विश्राम दिनेछु।" मत्ती ११:२८। राजा दाउदको पनि त्यही बिचार थियो, "परमप्रभुको सामुन्ने मौन बस र धैर्य पूर्वक उहाँको प्रतीक्षा गर।" भजनसंग्रह ३७:७। र अगमवक्ता यशैयाले त्यही आह्वान हामीलाई गर्छन्, "परमप्रभु परमेश्वर, इस्राएलका परमपवित्रले यही भन्नुहुन्छ, "पश्चात्ताप र विश्राममा तिमीहरूको उद्धार छ। मौनधारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्छ।" यशैया ३०:१५।

जब परमप्रभुले विश्राम वा आराम गर्नुपर्छ भनेर भन्नुहुन्छ, त्यसको अर्थ केही नगरी भगवान् भरोसा भनेर बस्ने होइन। विश्रामसँग कामलाई मिलाउनु पर्छ भनेर येशूले प्रतिज्ञा सहित यो भन्नु हुन्छ, "मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ।" मत्ती११:२९। जो व्यक्ति येशूमा पूर्णरूपमा विश्राम लिन्छ, त्यो व्यक्ति उहाँको काममा व्यस्त हुन्छ।

जब हामी आफ्नो स्वार्थ र आफ्नो भाउ खोज्नेतिर ध्यान दिन्छौं, तब हामी येशूबाट तर्किरहेका हुन्छौं। उहाँले हामीलाई बल र जीवन दिनुहुन्छ भन्ने कुरालाई हामी कहिल्यै पनि बिर्सनुहुन्न। सैतानलाई यो थाहा छ त्यसकारण, हाम्रा दिमाग वा सोचविचारहरू मुक्तिदाताबाट टाढा राख्न उसले जहिले पनि प्रयास गरिरहेको

हुन्छ। ख्रीष्टसँग जिउन र काम गर्नबाट हामी परहोस् भन्ने सैतानको चाहना छ।

हाम्रा दिमागहरू परमप्रभुबाट फर्कियून् भनेर सैतानले यस संसारका अनेकौं मोजमज्जा, तडकभडक, इन्द्रियतृप्ति वा शारीरिक कामवासना, रमाइलो, रमझम आदिलाई प्रयोग गर्दछ। त्यसको साथै जीवनका चिन्ता र शोकहरूलाई पनि परमप्रभुबाट हामीलाई टाढा राख्न उसले प्रयोग गर्दछ। अरूको दोष औँल्याउने, आलोचना गर्ने, अरूको फूल होइन काँडामात्र हेर्ने तर आफ्ना दोष र कमजोरीहरूलाई हेर्न नसक्ने प्रवृत्तिलाई प्रयोग गरेर सैतानले परमप्रभुको बारेमा सोच्नदिने बनाउँछ। हामी कहिल्यै पनि सैतानको छल, पासो र योजनामा पर्नुहुन्न्।

हृदयदेखि नै परमप्रभुका निम्ति जिउन चाहनेहरू छन्, तर तिनीहरूमा कतिले आफ्ना कमी, कमजोरी, गल्ती र दोषहरूको बारेमा

सोचेर समय बिताउँछन्। यो त सैतानको युक्ती हो। मानिस आफ्ना दोषहरूमा मात्र सोचेर समय बितायो भने ऊ ख्रीष्टबाट टाढा हुन्छ र पापमाथि विजय गर्ने आशाहरू कम हुँदै जान्छ। मानिसलाई त्यो स्थितिमा राख्ने सैतानको चलाखीपना हो। हाम्रा सोचविचारको केन्द्रबिन्दु स्वयंलाई बनाउनुहुन्न। येशूलाई विश्वास गरेपछि मैले मुक्ति पाउँछु कि पाउँदिन भनेर चिन्ता पनि गर्नुहुन्न्। आफ्नै बारेमा मात्र सोच्दा हाम्रा दिमागहरू परमप्रभुबाट टारिनु पुग्दछ। हामीलाई चाहिने बल उहाँले नै दिनुहुन्छ। त्यसकारण उहाँलाई विश्वास गर्ने बल कहाँबाट आउँछ भनेर सुर्ता लिनुहुन्न्। हामी स्वयं परमप्रभुलाई सुम्नुपर्दछ र उहाँमाथि भरोसा राख्नुपर्दछ। हामी आफूलाई बिर्सेर येशूको बारेमा चर्चा गर्नुपर्छ र सोच्नुपर्दछ।

हाम्रा सबै डर र आशङ्काहरू पन्छाएर परमप्रभुलाई विश्वास गर्नुपर्छ। अनि हामी पावलसँग यो भन्न सक्दछौं, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्‍वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरा निम्ति आफूलाई अर्पण गर्नुभयो।" गलाती २:२०-२१।

परमप्रभुमा विश्राम गरोस् भनेर उहाँले हामीलाई आह्वान गर्नुहुन्छ। हामीले उहाँलाई दिएको हाम्रो जीवन सुरक्षित राख्न उहाँ सक्षम् हुनुहुन्छ। यदि हामी स्वयंलाई उहाँका हातहरूमा छोड्यौं भने, येशूद्वारा उहाँले हामीलाई शक्तिदिनुहुन्छ ताकि सैतानसँगको युद्धमा हामी जित्न सकौं।

जब ख्रीष्ट यस संसारमा मानव चोला लिएर आउनुभयो, तब उहाँले यस संसारका

मानिसहरूसँग प्रेमको डोरीले आफूलाई बाँध्नु भएको थियो। यो डोरीलाई कहिल्यै पनि चुडाल्न सक्दैन। तर यदि हामी उहाँको प्रेममा रहन चाहँदैनौं भनेर उहाँसँग अलग भएर बस्ने निर्णय गऱ्यौं भने त्यस डोरीलाई हामीले नै चुँडाल्छौं। येशूसँग गाँसिएको मायाको डोरी हामीले चुँडाऔं भनेर सैतान जहिले पनि हामीलाई उक्साइरहेको हुन्छ। हामी निरन्तर रूपमा चनाखो हुनुपर्छ र प्रार्थना गर्नुपर्छ ताकि सैतानलाई अर्को स्वामी बनाउन हामी निर्णय नगरौं। सैतानको भुलभलैयामा परेर येशूसँगको माया तोड्ने कि जे परिआए पनि येशूमा आस्थावान र निष्ठावान भएर बस्ने यो आत्मनिर्णय गर्ने स्वतन्त्रता हामीमा नै निहित छ। न त येशूले जबरजस्ती उहाँकहाँ तान्नु हुन्छ न त हामीमा भएको निर्णय गर्ने अधिकारलाई सैतानले जबरजस्ती हस्तक्षेप गर्न सक्छ।

त्यसकारण हाम्रा आँखाहरू येशूमा राखिछाडौं, र हामीलाई उहाँले नै पक्रिराख्न दिऔं। जब हामी येशूतिर हेर्दछौं तब हामी सुरक्षित हुन्छौं। उहाँबाट हामीलाई कसैले पनि चुडाल्न सक्दैन। हरक्षण र हरबखत हाम्रा दृष्टि उहाँमा राखिरहनु पर्दछ ताकि "हामी सबैले खुल्ला चेहरामा प्रभुको चमक देखाउँदछौं। प्रभु आत्मा हुनुहुन्छ र उहाँबाट आउने त्यही चमकले हामीलाई उहाँ जस्तै बनाउँदै अझ चहकिलो रूपतिर लैजान्छ।" २ कोरिन्थी ३:१८।

येशूका सुरुका चेलाहरू जब तिनीहरूका आँखाहरू येशूमै लगाइरहे ,तब तिनीहरू उहाँ जस्तै भएका थिए वा तिनीहरूको मिजास र चरित्र उहाँको जस्तै भएका थिए। जब तिनीहरूले उहाँका वचनहरू सुने तब तिनीहरूलाई उहाँको आवश्यकता भएको महसुस गरेका थिए। तिनीहरू येशू जहाँ जहाँ जानुभयो त्यहाँ त्यहाँ

उहाँको पछि लागेका थिए। येशू तिनीहरूको नजरबाट अलिकति टाढा भएपनि उहाँलाई खोज्दथे र भेट्टाउँदथे, अनि उहाँको पछि लाग्दथे। घरमा पनि तिनीहरू उहाँसँगै थिए। खाने बेलामा पनि तिनीहरू उहाँसँगै थिए। उहाँ भित्र बाहिर गर्दा तिनीहरू उहाँसँगै थिए। तिनीहरू उहाँका विद्यार्थीहरू थिए। उहाँले सिकाउनु भएको पवित्र सत्यका पाठहरू तिनीहरूले दिनदिनै सुन्दथे। जसरी चाकरहरूले आफ्ना मालिकहरूलाई के गर्नुपर्छ भनेर हेर्दछन् त्यसरी नै तिनीहरूले उहाँलाई हेर्दथे। जसरी परमप्रभुको प्यारो अगमवक्ता एलिया हामी जस्ता मानिस थिए (याकूब ५:१७), त्यसरी नै उहाँका चेलाहरू पनि हामी जस्तै मानिस थिए। तिनीहरूले पनि पापसँग संग्राम गर्नु परेको थियो। पवित्र जीवन बिताउन तिनीहरूलाई चाहिने

अनुग्रह तिनीहरूमा थियो। यो पनि हामीलाई उपलब्ध गराइएको छ।

येशूका चेला यूहन्ना असाध्यै प्रेमिला थिए। उनी येशू जस्तै थिए। तर सुरुमा उनको स्वभाव मायालु थिएन। उनी स्ववार्थ, निडर र आफ्नो भाउ र सम्मान खोज्दथे। कहिलेकाहीँ आवेशमा आएर सोच्दै नसोचि काम गर्दथे। जब कुनै कुरा ठिक थिएन वा कसैलाई ठिक व्यवहार गरेन भने उनी झै रिसाउँथे। जब ख्रीष्टमा परमप्रभुको चरित्र उनले देखे, तब उनले आफ्ना दोषहरू देखे र धेरै नम्र हुन थाले।

येशूमा भएको बल, करुणा, सदाशयता यूहन्नाले देख्न पाएका थिए। उहाँको शक्ति र प्रेमलाई उनले देखे। येशू जगतका शासक भएता पनि उहाँ नम्र हुनुभएको र होचिनु भएको येशूका अनेकौं आनि बानि यूहन्नाले देखे तब येशूप्रति यूहन्नाको हृदय प्रेमले भरिन थाल्यो र दिनदिनै

उनले येशूतिर हेरिरहे अनि उहाँप्रति प्रेमले भावविभोर भएर आफूलाई नै विर्सन थाले उनको स्वार्थी र झट्ट रिसाउने बानी ख्रीष्टको शक्तिमा समर्पित गरे र पवित्र आत्माले उनको हृदयलाई नयाँ बनाउनु भयो। ख्रीष्टको प्रेमको शक्तिले यूहन्नाको चरित्रमा आमूल परिवर्तन गरायो। जब येशू हामीमा रहनुहुन्छ, तब हाम्रो सम्पूर्ण स्वभाव र मिजासमा सुधार आउँछ र पापमय स्वभाव भन्दामाथि उचलिएको अनुभव हामी गर्दछौं। उहाँको प्रेमले हामा हृदयहरूलाई नम्र बनाउँछ र हामीहरूका सबै सोचविचार र चाहनाहरू परमप्रभुतिर र स्वर्गतिर फर्किन्छन्।

येशू स्वर्गमा गइसक्नु भएपछि पनि तिनीहरूले येशूको उपस्थिति आफूहरूमा भएको महसुस गरेका थिए। उहाँको प्रेम र ज्योतिको अनुभव तिनीहरूले गरिनै रहेका थिए। मुक्तिदाता येशू तिनीहरूसँग हिंड्नु भएको कुरा गर्नुभएको र

प्रार्थना गर्नु भएको थियो। उहाँले आशा र सान्त्वना तथा मनलाई हलुको पार्ने वचनहरू बोल्नुहुन्थ्यो। जब तिनीहरूलाई शान्तिको सन्देश सुनाउदै गर्दा उहाँ स्वर्गमा उचालिनु भएको थियो। जब स्वर्गदूतका हुलहरूले उहाँलाई छोपे तब चेलाहरूले उहाँको यो समय सापेक्षित बोल्नुभएको वचन सुनेका थिए, "अनि हेर, म सधैंभरि, संसारको आखिरी दिनसम्मै तिमीहरूसँगै रहनेछु।" मत्ती २८:२०।

चेलाका सामु तिनीहरूले हेर्दा हेर्दै येशू आकाशमा जानुभएको थियो। उहाँ भौतिक तर नाश नहुने मानवीय शरीर लिएरै स्वर्गमा जानुभएको थियो। चेलाहरूलाई थाहा थियो कि अब तिनीहरूको मित्र र मुक्तिदाता येशू परमप्रभु परमेश्वरकहाँ उभिरहनु भएको छ। उहाँले तिनीहरूलाई अझै प्रेम गर्नुहुन्थ्यो। उहाँले परमप्रभु परमेश्वरलाई उहाँको घाइते हात र

पाउहरू देखाउनुभएको थियो। उहाँले मुक्ति दिनुभएकाको मोल उहाँले तिरिदिनु भयो भनेर पितालाई देखाउनुभएको थियो। तिनीहरूको निम्ति ठाउँ तयार पार्न येशू जानुभएको थियो भनेर चेलाहरूलाई थाहा थियो। उहाँ फेरि फर्केर आउनुहुन्छ र तिनीहरूलाई आफूसँगै लानुहुनेछ भनेर तिनीहरूलाई थाहा थियो।

येशू स्वर्ग जानुभएपछि चेलाहरू एकै ठाउँमा भेला भएका थिए। तिनीहरूले येशूको नाउँमा पितासँग प्रार्थना गर्न उत्सुक भएका थिए। विश्वास र अचम्म मान्दै तिनीहरूले येशूको यो प्रतिज्ञालाई दोहोर्‍याएका थिएः "त्यो बेला तिमीहरूले मसँग केही पनि सोध्नेछैनौं। म साँच्चै भन्छु, मेरो नाउँमा जे मागे तापनि पिताले तिमीलाई दिनुहुनेछ। अहिलेसम्म त तिमीहरूले मेरो नाउँमा केही पनि मागेका छैनौं। माग त

तिमीहरूले पाउनेछौं अनि तिमीहरूको आनन्द पूरा हुनेछ।" यूहन्ना १६:२३-२४।

जब तिनीहरू प्रार्थना गरे तब तिनीहरूको विश्वास झन झन बलियो भएर बढेको थियो। तिनीहरूले यो छलफल गरे कि" तिनीहरूलाई दण्डको भागी बनाउने कोही पनि हुनेछैन किनभने ख्रीष्ट नै तिनीहरूको साटोमा दण्ड भोगेर मर्नुभएको छ। उहाँ मर्नु मात्रै भएन, यो भन्दा ठुलो कुरा त उहाँ मरेर फेरि जिवित हुनुभयो। अहिले उहाँ परमेश्वरको साथमा रहेर राज्य गरिरहनु भएको छ। अनि उहाँ हाम्रो लागि परमेश्वरसित बिन्ती पनि गरिरहनु हुन्छ।" रोमी ८:३४।

पेन्टेकोस्टको चाडमा जब चेलाहरू एक भएर प्रार्थना गरिरहेका थिए, तब त्यसबेला तिनीहरूमाथि पवित्र आत्मा आउनुभयो। तिनीहरूको साथमा रहन सान्त्वनाकार वा पवित्र आत्मा दिइनेछ भनेर येशूले कबुल गर्नुभएको

थियो। उहाँले भन्नुभएको थियो, "तर साँच्चै म तिमीलाई भन्छु, म यहाँबाट जानु नै तिमीहरूका लागि फाइदा हुन्छ किनभने म गइनँ भने सहायता गर्नुहुने पवित्र आत्मा तिमीहरूकहाँ आउनुहुनेछैन। तर म गएँ भने उहाँलाई तिमीहरूकहाँ पठाउनेछु।" यूहन्ना १६:७।

पवित्र आत्माको माध्यमबाट येशू आफ्ना भक्तहरूका हृदयमा सधैं रहनुहुनेछ। यस संसारमा उहाँलाई देख्ने गरेर रहनुभएको बेलामा भन्दा झन् नजिक हुनेछ। जब तिनीहरूमा येशू रहनुहुन्छ, तब तिनीहरू ज्योति, प्रेम र शक्तिले चम्किनेछ। जब मानिसले चेलालाई देखे तब तिनीहरू अचम्म मानेर यो महसुस गरे कि, "पत्रुस र यूहन्ना धेरै नपढेका साधारण मानिस भएतापनि उनीहरूले ठुलो साहससँग बोले। यो देखेर सभाका मानिसहरू सबै छक्क परे। पत्रुस र

यूहन्ना पनि येशूसँगै रहन्थे भन्ने कुरा तिनीहरूले थाहा पाए।" प्रेरित ४:१३।

येशूले आफ्ना चेलाहरूलाई जे जे गर्नुभयो सो आजका उहाँका भक्तहरूलाई पनि उहाँले गर्न चाहनुहुन्छ। एक दिन जब येशूका वरिपरि चेलाहरू भेला भएका थिए, आफ्नो अन्तिम प्रार्थना यसरी गर्नुभएको थियो, "म यिनीहरूका लागि मात्र होइन, तर यिनीका शिक्षाले गर्दा ममाथि विश्वास राख्नेहरूका लागि पनि प्रार्थना गर्दैं छु।" यूहन्ना१७:२०।

जसरी उहाँ पितासँग एक हुनुहुन्थ्यो त्यसरी नै आज पनि हामीहरू उहाँमा एक हुन सकौँ भनेर हाम्रा निम्ति उहाँले प्रार्थना गर्नुभएको थियो। यो कस्तो गजबको छ! मुक्तिदाता आफैंले आफ्नो बारेमा भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, पुत्रले आफ्नै तर्फबाट केही गर्न सक्दैन। पिताले जे गर्नुभएको देख्छ, उसले त्यही मात्र

गर्छ। पिताले जे-जे गर्नुहुन्छ, त्यही नै पुत्रले पनि गर्छ।" यूहन्ना ५:१९। "के तिमीहरू 'म पितामा छु र पिता ममा हुनुहुन्छ' भन्ने कुरालाई विश्वास गर्दैनौ? तिमीहरूलाई भनेका कुरा मैले आफ्नै तर्फबाट भनेको होइनँ। ममा हुनुहुने पिताले नै आफ्नो काम मबाट गर्दै हुनुहुन्छ।" यूहन्ना १४:१०।

यदि येशू हाम्रा हृदयहरूमा रहनुहुन्छ भने हामीमा रहेर काम गर्न उहाँले सहयोग गर्नुहुनेछ। येशूका चेला पावलले यो भनेका छन्, "परमेश्वरले तिमीहरूमा काम सधैं गरिरहनु भएको छ। उहाँले नै तिमीहरूलाई उहाँको उद्देश्य पूरा गर्न मन र सामर्थ दिनुहुन्छ।" फिलिप्पी २:१३। उहाँले जस्तै हामीले पनि काम गर्नेछौं र उहाँको जोश हामीले पनि देखाउनेछौं। जब हामी उहाँलाई प्रेम गर्छौं र उहाँमा रहन्छौं" तब "प्रेमसँग सत्य बोलेर सबै कुरामा ख्रीष्ट जस्तै हामी बढ्दै जानेछौं। जो हाम्रो शिरहुनुहुन्छ" एफिसी ४:१५।

# अध्याय ९

# काम र जीवन

सारा जगतमा भएका ज्योति, जीवन र आनन्दपन परमेश्वरबाट आउँदछ। उहाँका आशिषहरू सूर्यका किरणहरू जस्ता छन्। मुहानबाट पानी बगेको जस्तै तिनीहरू उहाँका सबै सृष्टिमा वहन्छन। जहाँ जहाँ परमेश्वरका जनहरूको हृदयमा उहाँको जीवन हुन्छ त्यहाँ त्यो जीवन बगेर अरूलाई प्रेम गर्ने र आशिष भएर वहन्छ।

पापी नर र नारीहरूलाई उचाल्नु र मुक्ति दिनुमा नै हाम्रो मुक्तिदाताको आनन्द थियो। दुःखकष्ट र मृत्युबाट आफूलाई बचाउन खोज्नुभएन, बरु क्रूसमा मर्न तयार हुनुभएको थियो। अरूको खुसीयालीको निम्ति स्वर्गदूतहरू व्यस्त हुन्छन्। यसमा नै तिनीहरू आनन्दित हुन्छन्। स्वार्थी, आफ्नो कदर र भाउ खोज्ने

मानिसहरू निहुरिएर गरिब, विपन्न वर्ग, बिरामी र पापमा फसेर विग्रेकाहरूको सेवा गर्न चाहँदैनन्। यद्यपि, सैतानको विद्रोहमा नफसेका स्वर्गदूतहरूको कामै त्यही थियो। स्वर्गमा रहने सबै जीवनहरूका हृदयमा ख्रीष्टको प्रेमले भरिएको हुन्छ, त्यसैकारण त्यहाँ सबै जना धेरै खुसी छन्। यस संसारमा येशू भक्तहरूमा पनि त्यही प्रेम हुन्छन्, र यही प्रेमले तिनीहरूलाई अगुवाइ गर्दछ।

जब येशूको प्रेम हाम्रा हृदयमा मिठो वास्ना जस्तो भरिन्छ भने त्यसलाई लुकाएर राख्न सकिँदैन। हामीले भेट्ने प्रत्येक मानिसले हाम्रो जीवनमा भएको पवित्र शक्तिको अनुभव गर्दछ। हाम्रा हृदयहरूमा भएको येशूको आत्मा वा जोश मरुभूमिमा पानीको मुहान जस्तै हुन्छ। यो सबैलाई आशिष् दिन बहन्छ र जो पापको कारणले मरिरहेका हुन्छ त्यसले पिउन र उद्धार पाउन चाहना गर्दछ। जब हामीले येशूलाई प्रेम

गर्छौं तब त्यस प्रेमले उहाँले जस्तै काम गर्न हामीलाई घचेडछ। उहाँ सबै मानिसहरूलाई आशिष दिन र तिनीहरूको स्तरलाई उचाल्न सक्रिय हुनुभएको थियो। हामीमा भएको उहाँको प्रेमले हामीलाई दयालु र मायालु बनाउँछ। स्वर्गमा रहनुहुने परमेश्वर पिताले सबै जीवहरूप्रति हामीमा सहानुभूति जगाइदिन्छ।

मुक्तिदाता येशूको जीवन यस संसारमा सजिलो थिएन। तर पापमा हराइरहेकाहरूका निम्ति काम गर्न उहाँ कहिल्यै पनि थाक्नुभएन। उहाँको जन्मदेखि मृत्युसम्म उहाँ निस्वार्थी जीवन बिताउनुभएको थियो। कठिन काम र थकाउने यात्राहरूदेखि आफू फुत्कन चाहनुभएन। उहाँ आफैंले यो मार्मिक भावना व्यक्त गर्नुभयो, "मानिसको पुत्र सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आएको हो।" मत्ती २०:२८। यस

संसारमा उहाँ आउनुको महान् लक्ष्य नै त्यो थियो। अरू सबै थोक कम महत्त्वको थियो। परमेश्‍वरको इच्छा अनुसार चल्नु र उहाँलाई सुम्पिएको काम फत्ते गर्नु नै उहाँका निम्ति भोजन र जल थियो। जब उहाँ काम गर्नुभयो तब आफ्नो स्वार्थका बारेमा उहाँले सोच्नुभएन।

यदि हामीले येशूको अनुग्रहलाई ग्रहण गर्‍यौं र त्यसलाई हाम्रो हृदयमा सजाएर राख्यौं भने हामी पनि अरूलाई सहयोग गर्न तत्पर हुनेछौं। सबै थोक तिनीहरूलाई दिन हामी तयार हुन्छौं जसका निम्ति येशू मर्नुभयो। उहाँको अनुग्रहको उपहार तिनीहरूलाई पनि बाँड्न उत्सुक हुनेछौं। अरूको जीवनलाई सहज र राम्रो बनाउन हाम्रै जीवनबाट जे गर्नुपर्छ सो गर्नेछौं। जसले सच्चा हृदयले परमेश्‍वरलाई प्रेम गर्दछ त्यसको हृदयमा सो गर्ने चाहना हुन्छ।

येशूमा हामी आउने वित्तिकै अरूलाई उहाँको बारेमा सुनाउन उत्सुक हुनेछौं। येशू हाम्रो कस्तो प्यारो मित्र हुनुभएको छ भनेर तिनीहरूको सामु हामी उहाँको प्रशंसा गर्नेछौं। हामीलाई मुक्तिदिने र हाम्रा जीवनलाई परिवर्तन गर्ने सत्यलाई हृदयमा बन्द गरिराख्न सक्दैनौं। यदि हामीले ख्रीष्टको धार्मिकताको पोशाक लगायौं भने, उहाँको बारेमा अरूलाई नबताइ हामीलाई सुखै हुँदैन। जब हामीमा उहाँको आत्माको आनन्दले भरिन्छ, तब अरूलाई बाँड्नै पर्दछ। तिनीहरूले केही अचम्मको कुरो हामीमा देख्छन। किनभने प्रभु असल हुनुहुन्छ भनेर हामीले सिकेका हुन्छौं।

जब एक जना फिलिप भन्नेले आफ्ना चेलाहरूमा एक हुन बोलाउनु भएको थियो, तब उनी खुसीले साथीकहाँ गएर आउनु र येशूलाई भेट्नु भनेर बोलाएका थिए। जब हामी

मुक्तिदातालाई भेट्टाउँछौं हामी पनि फिलिप जस्तै हुनेछौं। अरूले उहाँलाई भेट्न आग्रह गर्छौं र उहाँको सौन्दर्यता र मिठासपनालाई हेर्न निम्तो दिन्छौं। तिनीहरूलाई स्वर्गको आनन्दको बारेमा सुनाउनेछौं। येशूको जस्तै जीवन बिताउन हामी उत्सुक हुनेछौं। हाम्रा वरिपरि रहेका मानिसहरूलाई भन्नेछौं," हेर्नुहोस् परमेश्वरको थुमा, जसले सारा संसारको पापलाई मेटाइदिनुहुन्छ!" यूहन्ना १:२९।

जब हामी अरूका निम्ति आशिष हुन प्रयास गर्छौं तब हामीमा नै ठूलो आशिषको वर्षा हुनेछ। हाम्रो आफ्नै हितका निम्ति उहाँको मुक्तिको योजनामा हामी पनि सहभागी होऔं भन्ने परमेश्वर चाहनुहुन्छ। हाम्रा हृदयहरू परिवर्तन गर्न उहाँले हामीलाई पवित्र आत्मा दिनुहुन्छ ताकि हामी उहाँका सहयोगी होऔं र हामीले पाएका आशिषहरू अरूलाई बाँड्न सकौं।

उहाँसँग मिलेर काम गर्नु नै सबभन्दा ठुलो सम्मान हो। परमेश्वरले दिन सक्ने अति आनन्द नै उहाँको काममा सहभागी हुनु हो। जो मानिसहरू यस प्रेमको काम गर्दछन्, तिनीहरू सृष्टिकर्ताको सबभन्दा नजिक आउँदछन्।

उहाँका प्रेम र आशाका सन्देशहरू सुनाउने काममा परमेश्वरले स्वर्गका दूतहरूलाई खटाउन सक्नुहुन्थ्यो। अरू कुनै उपायहरूद्वारा त्यो काम गर्न उहाँले प्रयोग गर्न सक्नुहुन्थ्यो। तर उहाँको अनन्तको प्रेमले नै परिचालित हुनुभएर उहाँका सहयोगीहरू हुन उहाँले रोज्नुभयो। हामी ख्रीष्ट र उहाँका स्वर्गदूतहरूसँग मिलेर तिनीहरूको आशिष र आनन्द अरूलाई बाँड्न सक्दछौं। यस निस्वार्थी कामले हामीलाई उचाल्न सक्दछ।

जब हामी येशूसँग दुःख भोग्छौं वा हामी उहाँमाथि विश्वास गरेर निष्ठामा बस्दा कष्ट र

पीडा भोग्छौं, तब हामीलाई उहाँको सहानुभूतिमा ल्याइन्छ अर्थात् उहाँको दुःखमा हामी सहभागी भएका हुन्छौं। हरेक पटक जब हामी कसैलाई सहयोग गर्छौं, तब हामी प्रेमिलो हुँदै जान्छौं र येशूको झन नजिक आउँछौं। येशूको भक्त प्रेरित पावलले उहाँको बारेमा यसरी मन्तव्य व्यक्त गर्दछन्, "हाम्राप्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तर पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरिबीबाट तिमीहरू धनी हुन सकोस्।" २ कोरन्थी ८:९। हामी कसको लागि र केको लागि सृजिएका हौं सो थाहा पाएर जिम्मेवारीसाथ काम गर्नसक्यौं भने हाम्रो जीवन अर्थपूर्ण र आशिषमय हुनसक्छ।

जब हामी येशूका निम्ति काम गर्छौं र मानिसहरूलाई उहाँकहाँ ल्याउँछौं, तब उहाँलाई अझै चिन्न आवश्यक भएको हामी महसुस

गर्नेछौं। धार्मिकताको निम्ति हामी भोकाउने र तिर्खाउनेछौं र परमेश्वरसँग उहाँको सहायताको निम्ति पुकार्नेछौं। जब मुक्तिको बारेमा धेरै सिक्छौं तब हाम्रो विश्वास बलियो हुँदै जान्छ। समस्या, दु:ख र चिन्तला बाइबल अध्ययन गर्नीतिर आकर्षित गर्दछ र झन प्रार्थना गर्न हामी सुरिन्छौं। आत्मिक रूपमा हामी बलियो भएर बढ्नेछौं, ख्रीष्टलाई राम्रोसँग चिन्न अझै उत्सुक हुनेछौं। अनि हामी सुखी र सार्थक जीवन बिताइरहेकाछौं भनेर खुसी हुनेछौं।

अरूहरूका निम्ति निस्वार्थी भएरकाम गर्दा हाम्रो चरित्र र स्वभाव येशूको जस्तै हुनेछ। यसले शान्ति र खुसी ल्याउँदछ। यसले झन बढी सहयोगी हुने बलियो चाहना उब्जिन्छ। स्वार्थीपना, आफ्नो भाउ खोज्ने प्रवृत्ति र अल्छीपनाका निम्ति हाम्रो जीवनमा ठाउँ हुँदैन। यदि हामीले हामीमा भएको विश्वास र अरू

येशूभावनाका गुणहरूलाई व्यवहारमा उतार्न सक्यौं भने परमेश्वरका निम्ति काम गर्न हामी झन बलिया हुन्छौं। हामीले सत्यलाई स्पष्ट रूपमा देख्न सक्नेहुन्छौं। हाम्रो विश्वास बढ्दै जानेछ र झन शक्तिशाली तरिकाले हामी प्रार्थना गर्ने हुन्छौं। परमेश्वरको आत्मा र जोश हामीहरूका हृदयहरूलाई चलाइन्छन्, हामीमा आदर्श चरित्र हुन र उहाँको आदरको विकास गर्न हामीलाई सहयोग गरिन्छ। यदि हामी निश्वार्थी हृदयले अरूहरूको सेवा गर्छौं भने त्यसले हाम्रो मुक्तिको लागि पनि काम गरिरहेका छौं भनेर प्रत्याभूति पाउँदछौं।

अनुग्रहमा बढ्ने एउटै मात्र उपाय हो, येशूले अऱ्हाउनुभएको काममा हामी सक्रियहुनु। जति सक्यो त्यति हामीले एक आपसलाई मद्दत गर्नुपर्छ। अरूलाई सहयोग गर्नु नै आत्मिक व्ययाम हो। जब हामी व्ययाम गर्छौं, हाम्रो शरीर

बलियो हुन्छ। त्यसरी नै यदि हाम्रो येशूभावनाको जीवन बलियो भएको हामी हेर्न चाहन्छौं भने हामी हाम्रो काममा सक्रिय हुनैपर्छ। यदि हामीले परमेश्वरको आशिष पाएर पनि केही गर्दैनौं भने हाम्रो येशूभावनाको जीवन स्वस्थ र बलियो हुँदैन।

पाउनु त पाउनु तर कसैलाई नदिनु भनेको खानामात्र खानु तर काम नगर्नु जस्तै हो। कसैले हात र खुट्टाहरूलाई नचलाई त्यसै लडिरह्यो भने छिट्टै त्यसलाई चलाउने शक्ति कमजोर हुन्छ र चलाउन नसक्ने पनि हुन्छ। परमेश्वरले दिनुभएको शक्तिहरूलाई प्रयोग नगर्ने इसाई ख्रीष्टमा बढ्न पनि सक्दैन। अझ आफूसँग भएको शक्ति पनि उसले हराउँछ।

संसारमा उहाँको कथा र प्रेमलाई सुनाउने अभिभारा आफ्ना चेलाहरूलाई येशूले सुम्पिनुभएको छ। उहाँको कथा सुनाउने इसाई हुँ भनेर दाबी गर्नेहरूको कर्तव्य र काम हो।

जतिसक्यो त्यति त्यो काम हामी सबैले गर्नुपर्दछ। परमेश्वरको प्रेम हामीलाई देखाइएको कारणले उहाँलाई नचिन्नेहरूलाई सुनाउन हामी ऋणी छौं। परमेश्वरले हामीलाई दिनुभएको आत्मिक ज्ञान हाम्रो लागि मात्र होइन अरूलाई पनि दिनको निम्ति हो।

परमेश्वरका भक्तहरू तिनीहरूको काम र कर्तव्यप्रति जागरुक हुनुपर्दछ। टाढा देशमा केवल एक जनाले मात्र आज येशूको कथा सुनाइरहेको छ भने त्यहाँ हजारौं हुनुपर्दछ। यदि हामीले त्यो काम गर्न सक्दैनौं भने त्यस कामका निम्ति हामी प्रार्थना गर्न सक्छौं र आर्थिक सहायता दिएर हाम्रो प्रेम देखाउन सक्दछौं। इसाईहरू बाहुल्यता भएका देशहरूमा झन धेरै काम हुनुपर्दछ।

येशूका निम्ति गर्नु पर्ने काम टाढा देशहरूमै हुनुपर्छ भन्ने छैन। हाम्रो घरमै येशूको

निम्ति काम गर्न सक्छौं। हाम्रो घरमा, चर्चमा र छरछिमेकी तथा समुदायमा येशूको निम्ति काम गर्न सक्छौं। साथीहरूको बीचमा र हामीले कारोबार गर्ने मानिसहरूसँग सुसमाचार सुनाउने काम गर्न सक्छौं।

यस पृथ्वीमा येशूले अधिकाँश वर्षहरू नाजरथको सिकर्मी पसलमा बिताउनु भएको थियो। जब उहाँले काम गर्नुभयो र उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर नचिन्नेहरूको साथमा हुँदा स्वर्गदूतहरू उहाँसँग हुनुहुन्थ्यो। बिरामीहरूलाई निको पारिरहेको बेलामा जस्तै सिकर्मीको पसलमा पनि येशू उहाँको पिताको निम्ति विश्वाससाथ काम गर्नुभएको थियो। एक दिन येशू चेलाहरूसँग गलिलको समुद्रमा डुङ्गाबाट जादैं हुनुहुन्थ्यो। त्यसबेला समुद्रमा ठुलो छाल आएको थियो। त्यस छाललाई उहाँले साम्य पार्नु भएको थियो। सिकर्मीको काम गरिरहनु भएको

बेलामा पनि येशूले उहाँको पिताकै काम गरिरहनुभएको थियो। जब हामी नम्र भएर हाम्रा काम कर्तव्यहरू गर्छौं तब हामी पनि येशूसँग काम गरिरहनसक्छौं। हामी जहाँ भएतापनि उहाँसँग हामी हिँड्न सक्दछौं।

प्रेरित पावलले लेखेका थिए, "भाइ हो, जसलाई जस्तो अवस्थामा बोलावट भएको छ, प्रत्येक त्यही अवस्थामा परमेश्वरसँग रहिरहोस्।" १ कोरन्थी ७:२४। हामी इमान्दारी र लगनशील भएर दैनिक जीवनमा जे काम गरेतापनि हाम्रो कामको शैलीले परमेश्वरलाई महिमा ल्याउन सक्छौं। यदि हामी परमेश्वरका सत्य अनुयायीहरू हौं भने हामीले जे गरेता पनि वा जहाँ भएतापनि त्यहाँ हाम्रो धार्मिकता देखाउन सक्छौं र अरूलाई हामीसँग येशूको आत्मा छ भनेर प्रत्याभूति दिन सक्छौं।

जुनसुकै पसलमा काम गर्ने सेवक वा साहुले तिनीहरूसँग कारोबार गर्ने मानिसहरूलाई ख्रीष्टलाई देखाउन सक्दछ। गलिलका पहाडहरूमा हिँड्नुहुने येशूका भक्त हो भनेर उसले देखाउन सक्दछ। प्रत्येक इसाई यसरी काम गरेर अरूलाई देखाउनु पर्दछ कि तिनीहरूको काम देखेर तिनीहरूले सृष्टिकर्ता र मुक्तिदाताको महिमा गर्न सकुन्।

इसाई नै भएतापनि कतिपय मानिसहरू ख्रीष्टको सेवा गर्न पन्छिरहेका हुन्छन् किनकि तिनीहरूले भन्दा अरूले त्यो काम राम्रोसँग गर्न सक्छन् भनेर बहाना बनाउँछन्। कतिले यो पनि भन्छ कि परमेश्वरको काम गर्न असाधारण दक्षता, खुबी वा धेरै बाइबल अध्ययनको आवश्यकता पर्दछ। केवल विशेष मानिसहरूले मात्र त्यो काम गर्न सक्छन् र तिनीहरूले इनाम पाउँछन् भनेर पनि कतिपयले सोच्दछन्। तर

येशूले भन्नुभएको अर्ती कथामा त्यो धारणासँग सहमत नभएको उहाँले देखाउनुभएको थियो। एक जना घरको मालिकले आफ्नो नोकरहरूलाई बोलाएर प्रत्येकलाई कामको जिम्मेवारी दिएका थिए भनेर येशूले अर्ती कथामा भन्नुभएको थियो।

सानातिना काम नै किन नहुन् वा अरूले नदेखिने काम नै किन नहुन् हामीले गर्ने कामलाई हृदयमा प्रेम सजाएर गर्नु आवश्यक छ। बाइबलले हामीलाई बताउँदछः "तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै।" कलस्सी ३:२३। यदि हाम्रा हृदयहरूमा परमेश्वरको प्रेम छ भने हाम्रो जीवनबाट हामी देखाउनेछौं। येशूको प्रेमको मिठासपनाको प्रभाव हाम्रा वरिपरि हुनेछ र अरूलाई उचाल्न र आशिष दिन त्यसलाई हामीले प्रयोग गर्नेछौं।

परमेश्वरका निम्ति काम गर्न हामी कुनै विशेष समय र परिस्थिति वा अवसरका निम्ति पर्खिनुपर्दैन। न त हामी सक्षम वा बाइबल सम्बन्धी धेरै ज्ञान भएपछि मात्र काम गर्न सक्छौं भनेर पर्खिनुपर्छ। अरू मानिसहरूले हाम्रो बारेमा के सोच्छन् त्यसको चिन्ता हामीले गर्नु आवश्यक छैन। हाम्रो दैनिक जीवनले नै हाम्रो विश्वास सक्कल, निश्चल र शुद्ध छ भनेर देखाउन सकिन्छ। यदि हामी सहायता गर्न चाहन्छौं भनेर मानिसहरूलाई देखाउन सक्यौं भने त्यसबाट केहि असल नतिजा अवश्य नै आउनेछ।

गरिबभन्दा गरिब, विपन्न वर्ग र प्रतिष्ठा भएका वा कसैले वास्ता नगरेका येशूका चेलाहरू अरू मानिसहरूका निम्ति आशिषमय हुनसक्छन्। तिनीहरूले कसैलाई सहायता गरिरहेको छैन वा तिनीहरूको कामलाई कसैले वास्ता गरेका छैनन् भनेर तिनीहरूले महसुस गर्लान्। तर तिनीहरूको

जीवनशैलीले अरूलाई आशिषका तरङ्गहरू फैलाउन सक्छन् जुन ठुलो-ठुलो हुँदै जान्छन्। तिनीहरूले कति राम्रो काम गऱ्यो भन्ने जानकारी तिनीहरू स्वर्गमा नपुगुन्जेल तिनीहरूलाई थाहा हुँदैन। सफलताका निम्ति चिन्ता गरून् भनेर परमेश्वरले आफ्ना जनहरूबाट अपेक्षा गर्नुहुन्न्। यदि तिनीहरूलाई सुम्पिएको काम शान्त, विश्वासिलो र लगनशील भएर गरिरह्यो भने तिनीहरूको जीवन बरबाद भएको हुँदैन।

जो मानिसहरू ख्रीष्टका निम्ति काम गर्छन् तिनीहरू झन झन येशू जस्तै हुन्छन्, किनभने तिनीहरू उहाँसँगै मिलेर काम गरिरहेका हुन्छन्। तिनीहरू आउने जीवनमा उच्च काम र शुद्ध आनन्दका निम्ति अहिले नै तयारी गरिरहेका हुन्छन्।

# अध्याय १०
# परमेश्वरका बारेमा दिव्य आत्मज्ञान

हामी उहाँको नजिक आएको परमेश्वर चाहनुहुन्छ। उहाँको बारेमा हामीलाई थाहा दिन उहाँले धेरै तरिका तथा उपायहरू प्रयोग गर्नुहुन्छ। उहाँले प्रकृतिको सौन्दर्यताद्वारा बोल्नुहुन्छ। हामीहरूका विभिन्न् अङ्गहरूलाई प्रकृतिले बोलिरहेको हुन्छ। यदि हामीले हाम्रा दिमागहरूलाई खोल्यौं भने उहाँले बनाउनु भएको थोकहरूबाट उहाँको प्रेम र महिमा देख्न सक्छौं। यदि हामीले सुन्यौं भने परमेश्वरले सिकाउन चाहनु भएका विभिन्न पाठहरू प्रकृतिबाट सुन्न र बुझ्न सक्छौं।

हरिया चौरहरू, अल्गा अल्गा रूखहरू, विभिन्न जातजातिका फूलहरू भएका बिरुवाहरूले परमेश्वरका बारेमा जान्न हामीलाई आह्वान गर्छन्। आाकाशबाट झरेको पानी र कलकल

बगेका खोलाहरूले हाम्रा दिमागलाई सृष्टि गर्ने परमेश्वरतिर फर्काउँछन्। उहाँलाई चिन्न तिनीहरूले हामीलाई बोलाइरहेका हुन्छन्।

प्रकृतिका विभिन्न थोकहरू प्रयोग गरेर हाम्रो मुक्तिदाताले बहुमूल्य पाठहरू सिकाउनु भएको थियो। रूखहरू, चराहरू र फूलहरूले उहाँलाई सुन्नेहरूलाई ती पाठहरूको याद दिलाउँछ। पहाडहरू, पानीका तलाउहरू र आकाशले परमेश्वरले सिकाउनुभएको सत्यलाई सम्झन मद्दत गर्दछ। उहाँले सिकाउनुभएका पाठहरू तिनीहरूले दैनिक जीवनमा काम गरिरहँदा तिनले हामीलाई सम्झना दिलाइरहन्छ।

उहाँले बनाउनु भएका थोकहरूबाट हामी आनन्द लिऊन् भन्ने परमेश्वर चाहनुहुन्छ। पृथ्वी वा प्रकृतिमा भएका सानातिना, सरल र शान्त सौन्दर्यप्रति हामी खुसी होऊन् भनी उहाँ चाहनुहुन्छ। र प्रकृतिको सौन्दर्यताभन्दा बढी

हामीमा भएको सुन्दर चरित्रप्रति उहाँ प्रसन्न हुन्छ। शुद्ध, निश्कलङ्क, सरल र विना देखावटी स्वभाव तथा मिजासमा हामी बढौं भनि उहाँ चाहनुहुन्छ। ती गुणहरूले नै फूलहरूलाई सबैले मनपर्ने बनाउँछन्।

यदि हामीले सुन्यौं वा बुझ्न चाह्यौं भने, परमेश्वरले सृष्टि गर्नुभएका थोकहरूबाट उहाँमा आज्ञाकारी हुने र उहाँमाथि भरोसा राख्ने अमूल्य पाठहरू सिक्न सक्छौं। परमेश्वरले नै निर्धारण गर्नुभएको प्राकृतिक नियमलाई पालन गरेकाले वर्षौं वर्ष तारा तथा ग्रहहरू आफ्नो परीधिभित्र रहिरहन्छन् र घुमिरहन्छन्। सृष्टि गरिएको सानोभन्दा सानो पदार्थले पनि परमेश्वरका त्यही नियमहरूलाई पछयाइरहेको हुन्छ।

उहाँले सृष्टि गर्नुभएको प्रत्येक थोकलाई उहाँले वास्ता गर्नुहुन्छ र प्रत्येकलाई चाहिने कुराहरू उहाँले उपलब्ध गराउनुहुन्छ। जगतमा

भएका सबै कुराहरु र पृथ्वीलाई आकाश मण्डलमा उहाँले समाली राख्नुन्छ। ब्रह्माण्डमा कति तारा, ग्रह, नक्षत्र तथा आकाशगङ्गाहरू छन् सो हामीलाई थाहा छैन तै पनि तिनीहरूलाई परमेश्वरले व्यवस्थित ढङ्गले सम्हाली राख्नु-हुन्छ। फेरि त्यसै बखत सानाभन्दा साना मामुली चराहरू विना त्रास गीत गाएको उहाँले सुनाउन चाहनुहुन्छ।

अत्यन्तै मायालु र कोमल भएर स्वर्गमा रहनुहुने हाम्रा परमेश्वर पिताले हामीमाथि नजर राख्नुहुन्छ। जब हामी आ–आफ्ना काममा जान्छौं र उहाँलाई पुकार्छौं तब उहाँले हामीलाई देखिरहनुहुन्छ। जब हामी रातमा सुत्छौं र बिहान उठ्छौं त्यो पनि उहाँले हेरिरहनुहुन्छ। धनी र रवाफिला मानिसहरू आफ्नो भव्य महलमा भोजभतेर गरेको उहाँलाई थाहा हुन्छ। गरिब मानिसले आफूसँग भएको अलिकति खाना

खुवाउन आफ्नो परिवारलाई जम्मा गरेको पनि उहाँले हेर्नुहुन्छ। सबै आँशु र मुस्कान उहाँले ध्यानपूर्वक हेर्नुहुन्छ।

यदि परमेश्वरले हामीप्रति चासो राख्नुहुन्छ र वास्ता गर्नुहुन्छ भन्ने आत्मज्ञानमा हामीले विश्वास गऱ्यौं भने हामी बेकारमा चिन्ताफिक्री गर्ने हुँदैनौं। अहिले जस्तो दुःख र शोकले हाम्रो जीवन भरेको हुँदैन। सबै समस्या चाहे ठुलो होस् वा सानो, उहाँकै हातमा सुम्पन हामी राजी हुनेछौं। हाम्रा धेरै समस्याहरू कसरी सुल्झाउने उहाँलाई थाहा छ। हाम्रा सबै चिन्ता र फिक्रीहरू बोक्न उहाँ सक्षम् र बलियो हुनुहुन्छ। उहाँमा पूरा भरोसा राख्न जान्यौं भने पहिलो पल्ट हाम्रो दिमागमा शान्तिको उपभोग गर्न सक्ने हुन्छौं।

पृथ्वीको प्राकृतिक सौन्दर्यप्रति हाम्रा इन्द्रियहरू रमाउँछन्। आउने संसारको बारेमा

सोच्नुहोस्, जहाँ पापले ल्याउने कुनै पनि दुःख, शोक वा मृत्युको बारेमा थाहा हुने छैन। कोही पनि वा कुनै थोक पनि बुढो भएर मर्ने छैन। मुक्ति पाएकाहरूको रमणीय घरहरूको बारेमा सोच्नुहोस्। तिनीहरू कल्पना नै गर्न सक्ने महिमित र खुसी बनाउने हुनेछन्।

प्राकृतिक सम्पदामा भएका परमेश्वरका धेरै उपहारहरूमा उहाँको महिमा केवल अलिकति मात्र देख्छौं। बाइबलले यो बताउँछ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका वा कल्पना नै नगरेका अचम्मका थोकहरू परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।" १ कोरन्थी २:९।

प्रकृतिका अचम्मका सम्पदाहरूलाई अध्ययन गर्ने धेरै कवि, साहित्यकार तथा प्राकृतिक विद्हरूले तिनीहरूको सौन्दर्यको बारेमा धेरै अचम्मका बखानहरू गर्छन् ।तर येशूलाई

विश्वास गर्नेहरूले प्रकृतिप्रति अत्यन्तै धेरै रमाइलो मानेर त्यसको उपभोग गरेका हुन्छन्। तिनीहरूले प्रत्येक फूल र रूखमा परमेश्वर पिताको काम र प्रेम देख्दछन्। पहाड, नदीनाला, समुद्रहरूमा मानव परिवारका निम्ति परमेश्वरले देखाउनुभएको प्रेम तिनीहरूले देख्दछन् ।

जुन किसिमले हाम्रो जीवनलाई उहाँले अगुवाइ गर्नुहुन्छ र पवित्र आत्माको प्रभावले हामी चल्दछौं त्यसबाट परमेश्वरले हामीलाई बोल्नुहुन्छ। यदि हाम्रा दिमागहरू बुझ्नका निम्ति खुला राख्यौं भने हाम्रो दैनिक जीवनमा के भइरहेको छ त्यसमा अमूल्यका पाठहरू बुझ्न सक्ने हुन्छौं। प्रकृतिको दृश्यका बारेमा राजा दाउदले यो सोचेका थिए, "उहाँको अचूक कृपाले पृथ्वी भरिपूर्ण भएको छ।" भजनसंग्रह ३३:५। "जो बुद्धिमान् छ, त्यसले यी कुराहरूमा ध्यान

देओस्, र परमप्रभुको महान् करुणामाथि विचार गरोस्। "भजनसंग्रह १०७:४३।

परमेश्वरले उहाँको वचन बाइबलद्वारा हामीसँग बोल्नुहुन्छ। प्रकृतिको बारेमा स्पष्ट रूपमा उहाँले बाइबलबाट हामीलाई अवगत गराउनुहुन्छ। उहाँको चरित्र र उहाँले मानिसहरूसँग कस्तो व्यवहार गर्नुहुन्छ सो बाइबलबाट उहाँले हामीलाई बताउनुहुन्छ। उहाँले हामीलाई पापबाट स्वतन्त्र पार्नुभयो भनेर पनि बाइबलबाट नै उहाँले बताउनुहुन्छ। धेरै वर्ष अगाडि रहेका महान् र असल मानिसहरूका कथाहरू बाइबलले हामीलाई बताउँदछ। बाइबलका ती महान् र असल पात्रहरू हामी जस्तै थिए (याकूब ५:१७)। परमेश्वरलाई विश्वास गरेतापनि तिनीहरू कठिन परिस्थितिमा गुज्रेका थिए। हामी जस्तै तिनीहरूले पनि दुःखकष्ट पाएका थिए। हामीले जस्तै तिनीहरूले

पाप गरेका थिए। तर तिनीहरू हतोत्साहित भएनन्। परमेश्वरको अनुग्रहद्वारा तिनीहरू जितिएका थिए। तिनीहरूको जीवनलाई हामी हेर्छौं र हाम्रो जीवन पनि येशू जस्तै रहन प्रयास गरिरहनुपर्छ भनेर हामी उत्साह पाउँछौं। परमेश्वरले तिनीहरूलाई अचम्म तरिकाले अगुवाइ गर्नुभएको र तिनीहरूले आत्मज्ञानको ज्योति, प्रेम र आशिषहरूको उपभोग गरेको बाइबलमा हामी पढ्छौं। हामी तिनीहरू जस्तै हुन मन पराउने हुन्छौं र तिनीहरू जस्तै परमेश्वरसँग हिंड्न चाहना गर्ने हुन्छौं।

"धर्मशास्त्र बाइबलले मेरो बारेमा बोल्दछ," भनेर येशूले पुरानो करारलाई औँल्याएर भन्नुभएको थियो। यूहन्ना ५:३९। उहाँका वचनहरू नयाँ करारमा त झन परमसत्य छन्। हाम्रो अनन्त जीवनको आशाको केन्द्रविन्दु येशू नै हुनुहुन्छ भनेर बाइबलले औँल्याउँदछ। सम्पूर्ण

बाइबलले नै ख्रीष्टका बारेमा बताउँदछ। बाइबलको प्रथम पुस्तकले येशू सृष्टिकर्ता हुनुहुन्छ भनेर चिनारी गरिएको छ। यसको अनुमोदन उहाँको चेला यूहन्नाले यसरी गर्दछन्, "सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।" यूहन्ना १:३। बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तकमा यो प्रतिज्ञा उहाँले गर्नुभएको छ, "म छिटै आउँदैछु!" प्रकाश २२:२०। जब हामी बाइबल अध्ययन गर्छौं तब उहाँको कामको बारेमा पढ्छौं र उहाँको आवाजलाई हामी सुन्छौं। यदि हामीले मुक्तिदातालाई हृदयदेखि चिन्न चाहन्छौं भने हामी लगनशील भएर बाइबल पढ्नेछौं।

परमेश्वरको वचनले हाम्रो हृदय भर्न सक्छौं। त्यो वचन तिर्खाएकाहरूका लागि पानीका मुहान जस्तै हुन्छ। त्यो वचन स्वर्गबाट आएको खुराक हो। येशूले भन्नुभयो, "स्वर्गबाट

ओर्लीआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागिदिनेछु, त्यो चाहिँ मेरो देह हो।" तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?" येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन।" यूहन्ना ६:५१-५३। अनि उहाँले के भन्नु भएको थियो त्यसको अर्थ यसरी दिनुभयो, "जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन् । "यूहन्ना ६:६३। हाम्रो भौतिक शरीर हामीले जे खान्छौं र पिउँछौं त्यसमा निर्माण गरिएको हुन्छ। त्यसरी नै हाम्रो आत्मिक जीवन हो। जब हामी येशूका

वचनहरूमा ध्यानमग्न हुन्छौं तब हामी आत्मिक रूपमा बलिया हुन्छौं।

पापी मानिसहरूका मुक्तिका निम्ति येशूले किन आफ्नो जीवन दिनुभयो भन्ने विषय स्वर्गका दूतहरूले जान्न चाहन्छन्। जब मुक्ति पाएकाहरू स्वर्ग जान्छन् तब तिनीहरूले तिनीहरूको निम्ति परमेश्वरले येशूलाई किन उपहार दिनुभयो सो को विषयमा अध्ययन गर्नेछन्। आउने सबै समयमा तिनीहरूले मुक्तिका गीत गाउनेछन्। के अहिले नै त्यसको बारेमा राम्ररी सोच्नु र होशियार साथ अध्ययन गर्नु आवश्यकता छैन र? येशूको अनन्तको दया, प्रेम र त्याग तथा बलिको विषय गम्भीर भएर सोच्नुपर्छ। हाम्रो प्रिय येशूको चरित्र र स्वर्गमा उहाँको प्रधान पुजारीको कामका बारेमा सोच्नुपर्दछ। आफ्ना जनहरूलाई पापबाट

बचाउन येशूले के काम गर्नुभयो सो बराबर सोच्नु जरुरी छ।

जब हामी स्वर्गका थोकहरूका बारेमा सोच्दछौं तब हाम्रो विश्वास वा आस्था र प्रेम बलियो भएर बढ्छ। हामीहरूका प्रार्थनाले परमेश्वरलाई अझ बढी प्रसन्न पार्नेछ। किनभने हामीहरूका प्रार्थनामा विश्वास र प्रेम बढी मिसिएको हुन्छ। हामीले प्रार्थना गर्दा अझ बुझेर प्रार्थना गर्ने हुन्छौं र येशूमाथि बढी विश्वास र भरोसा राख्न सक्ने हुन्छौं। दिनदिनै उहाँको शक्तिको महसुस हामीले गर्नेछौं। उहाँद्वारा परमेश्वरकहाँ आउनेहरूलाई उहाँले मुक्ति दिनुहुनेछ भन्ने कुरामा अझ विश्वस्त हुनेछौं।

जब हामी हाम्रा सिद्ध मुक्तिदाताका बारेमा सोच्न समय बिताउँछौं, तब हामी परिवर्तन हुन चाहना गर्ने हुन्छौं। उहाँ जस्तै शुद्ध, पवित्र र निर्मल हुन हामी भोकाउनेछौं र तिर्खाउनेछौं।

जति धेरै उहाँको बारेमा सोच्छौं त्यति धेरै उहाँको बारेमा अरूहरूलाई सुनाउन उत्सुक हुन्छौं। अनि हामीहरूकै मिजास, जीवनशैलीले संसारलाई येशू कस्तो हुनुहुन्छ भनेर देखाउन सक्ने हुनेछौं।

बाइबल सबैका निम्ति वा सर्व साधारणका निम्ति लेखिएको हो। पढे लेखेका, विद्धान् वा पास्टरहरूका निम्ति मात्र लेखेको होइन। हामी पापबाट कसरी मुक्ति पाउने भन्ने बाइबलमा दिएको सत्यज्ञान दिउँसोको घाम जस्तै स्पष्ट छ। आफ्नै स्वेच्छाले बरालिन चाहने बाहेक कोही पनि मुक्तिको बाटोबाट हराउन आवश्यकता छैन। परमेश्वरलाई स्पष्टरूपमा कुन बाटो अपनाउनु पर्ने हो सो बाइबलमा देखाइएको छ।

बाइबलले के भन्छ भनेर विश्वास गर्न अरू कसैको कुरा सुन्न आवश्यक छैन। हामी आफैंले परमेश्वरको वचन अध्ययन गर्नुपर्छ। यदि हामीले हाम्रा निम्ति अरूलाई सोच्नदियौं भने

हामीहरूको दिमाग कमजोर हुन्छ र हामी लगनशील भएर आफैंले बाइबल अध्ययन गर्दैनौं। जब हामी आफैंले बाइबल अध्ययन गर्छौं, तब हामीहरूको दिमाग बलियो हुँदै जान्छ। परमेश्वरको वचनको गहिरो अर्थ हामीले बुझ्न सक्ने हुन्छौं।

बाइबल अध्ययन गर्दा यसले जस्तो हाम्रो दिमाग अरू कुनैले पनि बलियो पार्न सक्दैन। बाइबलले जस्तो हामीहरूको उच्च सोचविचार अरू पुस्तकहरूको अध्ययनले गर्न सक्दैन। यदि जुन रूपमा परमेश्वरको वचन मानिसहरूले अध्ययन गर्नुपर्ने सो गरेको भए तिनीहरूको दिमाग फराकिलो हुन्थ्यो र तिनीहरूको चरित्र आदर्शमय हुन्थ्ययो। यस संसारमा जन्मनुको उदेश्य के हो? यहाँ बाँच्नुको हाम्रो लक्ष्य के हो? हाम्रो जीवन कतातिर जादै छ, यी कुराहरू ठम्याउन हामी आफैंले बाइबल अध्ययन गर्नुपर्दछ।

हल्का रूपमा जथाभावी वा औपचारिक रूपमा धर्मशास्त्र पढेको भनेर आत्मसन्तुष्टिका निम्ति फाट्टफुट बाइबल पढेर कसैलाई केही फाइदा हुँदैन। हामीले पूरै बाइबल पढ्न सक्छौं यद्यपि, यसको सौन्दर्यतालाई हामीले देख्न सक्ने नहुन सक्छौं न त त्यसको गहिरो अर्थ। एउटामात्र पद पढेर त्यसको अर्थ के हो र मुक्तिको योजनामा त्यस पदले के भन्छ सो नबुझुञ्जेल त्यसलाई मनन गर्नुपर्छ। यस खालको अध्ययनले बाइबलबारे असली आत्मज्ञान पाउँदछ। विना लक्ष्य बाइबलका धेरै अध्यायहरू पढ्नुमा केही फाइदा हुँदैन।

हामीसँग बाइबल हरदम राख्नुपर्दछ। जब समय हुन्छ, त्यसबेला पढ्नुपर्दछ। हामीले एउटामात्रै पद पढ्न सक्छौं र हिंड्दा, डुल्दा वा यात्रा गर्दा त्यो पद दिमागमा खेलाइ राख्नुपर्दछ। हाम्रो दिमागमा त्यो पद घुसाउन वा रोप्न प्रयास गर्नुपर्दछ।

होसियारपूर्वक र लगनशील भएर साथै ज्ञानबुद्धिका निम्ति प्रार्थना नगरीकन बाइबल पढ्यौं भने हामी केही बुझ्न सक्दैनौं। बाइबलका कुनै भागहरू सरल छन् र जसले पनि बुझ्न सक्दछ। अरू भागहरू बुझ्न गहिरो अध्ययन गर्नुपर्छ र अरू पदहरूसँग तुलना गरेर पढ्नुपर्छ।

होसियारपूर्वक प्रार्थना गरेर बाइबल अध्ययन गर्दा त्यसको प्रतिफल राम्रै हुन्छ। जसरी सुनखानीमा काम गर्नेले सुन निकाल्न धेरै गहिरो खन्नुपर्दछ। त्यसरी नै परमेश्वरको वचन पढ्नेले लुकेका धन जस्तै खोजेर अध्ययन गर्नुपर्दछ। उसले पनि हतार हतारमा पढ्नेले भन्दा गम्भीर भएर अध्ययन गर्नेले बाइबलमा लुकेका ठुलो मूल्यका आत्मज्ञानहरू भेटाउन सक्दछ। यदि बाइबलका वचनहरू हृदयमा सजाएर राखियो भने ख्रीष्टबाट आउने जीवित पानीको मुहान जस्तै त्यो बग्नेछ।

जहिले पनि हामीले बाइबल खोल्ने बेलामा प्रार्थना गर्नुपर्छ। बाइबलका पानाहरू पल्टाउनुभन्दा अघि हाम्रा दिमागलाई पवित्र आत्माले अगुवाइ गरुन् भनेर प्रार्थना गर्नुपर्छ। त्यसको जवाफ हामीले पाउनेछौं। जब येशूका नयाँ बन्ने चेला नाथनियल उहाँकहाँ आए, उहाँले उनलाई यसरी सम्बोधन गर्नुभयो, "ल, यहाँ त पक्का इस्राएली, जसमा कुनै छल छैन।" नाथानियल छक्क परेर सोधे, "होइन प्रभु, तपाईंले मेरो बारेमा कसरी थाहा पाउनुभयो?"

येशूले जवाफ दिनुभयो, "फिलिपले तिमीलाई बोलाउनु भन्दा अघि तिमी अञ्जिरको रूखमुनि बसिरहेको मैले देखें।" यूहन्ना १:४७,४८। हामी गोप्य वा सुनसान ठाउँमा एक्लै ध्यानमग्न हुँदा वा प्रार्थना गर्दा येशूले हामीलाई देख्नुहुन्छ। यदि उहाँलाई हामीले पुकार गऱ्यौं भने परमसत्य के हो सो थाहा पाउन उहाँले सहायता गर्नुहुन्छ। यदि हामीले दिलैदेखि नम्रभएर बाइबल अध्ययन

गऱ्यौं र त्यसलाई बुझ्न सहयोग माग्यौं भने स्वर्गबाट स्वर्गदूतहरूले हाम्रा सोचविचारहरूलाई अगुवाइ गर्नेछन्।

पवित्र आत्माले मुक्तिदातालाई उचाल्नुहुन्छ। ख्रीष्टको शुद्ध र निर्मल धार्मिकता उहाँले हामीलाई देखाउने काम उहाँको हो। ख्रीष्टले हामीलाई कसरी मुक्ति दिनुहुन्छ सो पनि उहाँले हामीलाई सिकाउनुहुन्छ। येशूले भन्नुभयो, "उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ।" यूहन्ना १६:१४। परमेश्वरको परमसत्य सिकाउने सत्तशिक्षक पवित्र आत्मामात्रै हुनुहुन्छ। परमेश्वरले हामीलाई कतिको प्रेम गर्नुहुन्छ, सोच्नुहोस्! हाम्रो निम्ति बलि हुन उहाँले हामीलाई उहाँको पुत्र दिनुभयो, र उहाँले हाम्रो शिक्षक र अगुवा हुन उहाँको पवित्र आत्मा हामीलाई पठाउनुभएको थियो।

# अध्याय ११
# प्रार्थनाको शुभअवसर

परमेश्वरले हामीसँग विभिन्न माध्यमहरूबाट बोल्नुहुन्छ र हाम्रो बिचमा उहाँको उपस्थिति छ भनेर उहाँले हामीलाई महसुस गराउन चाहनुहुन्छ। उहाँले प्रकृतिद्वारा, बाइबलद्बरा र हाम्रो चेतना अर्थात् विवेकद्वारा पवित्र आत्माको मधुरो आवाजले बोल्नुहुन्छ। हामीलाई उहाँले गर्नुहुने अगुवाइद्वारा पनि हामीसँग उहाँ बोलिरहनुभएको हुन्छ। तर उहाँले हामीसँग एकतर्फि बोलेर मात्र पुग्दैन। यदि हामीमा आध्यात्मिक वा आत्मिक जीवनमा बल भएको हामी चाहन्छौं भने हाम्रा चाहनाहरूलाई उहाँसँग व्यक्त गर्नुपर्छ र उहाँलाई हामीले प्रेम गर्छौं भनेर पनि उहाँलाई हामीले प्रत्याभूति दिनुपर्दछ।

हामीहरूको दिमाग खेलाएर हामी उहाँको नजिक छौं भनेर हामी सोच्न सक्दछौं। उहाँका कामहरू, उहाँका दयामाया, करुणाहरू र उहाँका आशिषहरूको बारेमा हामी चिन्तन गर्न सक्छौं। तर यसले हाम्रा विचारहरू र भावनाहरू उहाँलाई बाँडिरहेकाछौं भन्ने अर्थ पूरा रूपमा देखाउँदैन। हामीहरूको दैनिक जीवनमा आनन्द, शोक, चिन्ताफिक्री आदि सुनाउन सक्नुपर्दछ।

त्यसको अर्थ उहाँसँग प्रार्थना गर्नुपर्दछ। प्रार्थना भनेको परमेश्वरसँग आफ्नो मित्रलाई खुला दिलले कुरा गर्नु जस्तै हो अर्थात् मनको कुरा कुनै नलुकाइ सुनाउनु हो। हाम्रो बारेमा उहाँलाई सुनाउनु आवश्यकता त छैन किनकि उहाँलाई हाम्रो बारेमा सबै कुरा थाहा छ। तर प्रार्थनाले उहाँको बारेमा जान्न सहयोग गर्दछ, उहाँलाई हाम्रो हृदयमा सजाउन प्रार्थनाले सक्षम् पार्दछ। हामीले प्रार्थना गर्दा परमेश्वरलाई

स्वर्गबाट तल झार्दैनौं; तर हामीलाई उहाँतिर लैजादछौं।

जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँले चेलाहरूलाई प्रार्थना कसरी गर्नुपर्छ भनेर सिकाउनुभएको थियो। तिनीहरूको दैनिक आवश्यकताहरू उहाँकहाँ ल्याउनु र सबै चिन्ताफिक्रीहरू उहाँको सामु राख्नु भनेर सिकाउनुभएको थियो। तिनीहरूको प्रार्थना उहाँले सुन्नुहुनेछ भनेर उहाँले वचन दिनुभएको थियो। त्यो प्रतिज्ञा हाम्रो निम्ति पनि हो।

येशू आफैं बारम्बार प्रार्थना गर्नुहुन्थ्यो। जब उहाँ यस संसारमा हुनुहुन्थ्यो तब उहाँ हामी मध्येमा एक हुनुहुन्थ्यो भनेर महसुस गराउनुभएको थियो। उहाँका आवश्यकताहरू हाम्रो जस्तै थिए। दैनिक जीवनमा आफ्ना कर्तव्यहरू पूरा गर्न उहाँको पितासँग बल माग्नुहुन्थ्यो। उहाँ मानिसको अवतार

लिनुभएकोले आफ्नो काम गर्न परमेश्वरको सहयोग चाहिन्छ भनेर उहाँलाई थाहा थियो। सबै कुराहरूमा उहाँ हाम्रो अनुकरणीय उदाहरण हुनुहुन्छ।

हामीहरूको कमीकमजोरी र दुर्वलताहरूमा उहाँ सहभागी हुनुभएको थियो। उहाँका भक्त पावलले हिब्रू ४:१५ उहाँको बारेमा यसरी व्यक्त गरेका थिए, "हाम्रा प्रधान पूजारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामी जस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।" हिब्रू ४:१५। हो, उहाँ पापरहित हुनुहुन्थ्यो र कुनै पनि खराब, दुष्ट र अरूको कुभलो गर्ने नियतहरूबाट उहाँ पर बस्नुभएको थियो। उहाँले वेदना, पीडा सहनुभएको थियो। सैतान तथा यहूदी धर्मगुरुहरूले उहाँलाई फसाउन अनेकौं जालमा पार्न खोजेका थिए। उहाँ परमेश्वरआफैं

हुनुभएतापनि उहाँ मानिस पनि हुनुभएकोले उहाँलाई पनि हाम्रो जस्तै प्रार्थनाको आवश्यकता थियो। उहाँलाई आवश्यक भएका कुराहरू उहाँको पितासँग माग्ने उहासँग अधिकार थियो। आफ्नो सोचविचारहरू उहाँको पितासँग बाँड्न पाउँदा उहाँलाई सान्त्वना र आनन्द मिलेको थियो। परमेश्वरको पुत्र हाम्रो मुक्तिदातालाई त प्रार्थनाको आवश्यक भएको थियो भने हामी पापी, कमजोरी मानिसहरूलाई प्रार्थना गर्न झन कतिको आवश्यकता छ सो महसुस गर्नु आवश्यकता छ। त्यसकारण, प्रार्थनाद्वारा उहाँतिर फर्किरहने बानी हामी बसाल्नुपर्दछ।

हामीलाई आफ्नो आशिष दिन स्वर्गमा रहनुहुने परमेश्वर पिता अत्यन्तै आत्तुरी हुनुहुन्छ। प्रार्थनाद्वारा उहाँको असिमित प्रेमको अनुभव गर्न सक्छौं। हामी कति थोरै प्रार्थना गर्छौं, यो अचम्म होइन त? भित्री हृदयदेखि मन

खोलेर कुनै पनि सानाभन्दा साना वा नम्र भक्तले गरेको प्रार्थना सुन्न परमेश्वर जहिले पनि राजी हुनुहुन्छ। तर कतिपय समयमा हाम्रा आवश्यकताहरू उहाँलाई अवगत गराउन डराएका हुन्छौं।

विचरा आत्मिक, भौतिक, मानसिकमा कमजोर र असहाय भएको र पापको पञ्जामा सजिलैसँग पर्न सक्ने मानिसले परमेश्वरसँग सहायता माग्न हिचकिचाउँछ। त्यो देखि स्वर्गदूतहरू छक्क पर्छन् होला। असिमित प्रेमले भरिएको परमेश्वरको हृदय मानिसहरूले मागेको र सोचेको भन्दा दिन तयार हुनुहुन्छ। तैपनि तिनीहरूले थोरै प्रार्थना गर्छन् र तिनीहरूमा थोरै विश्वास देखाउँछन्। स्वर्गदूतहरू परमेश्वरको सामु निहुरिन खुसी मान्छन्। उहाँको नजिक हुन तिनीहरू धेरै मन पराउँछन्। तिनीहरूको समय र विचारहरू उहाँसँग बाँड्न पाउनु नै तिनीहरूको

सबैभन्दा ठुलो आनन्दको क्षण हो। यस संसारका मानिसहरूलाई केवल परमेश्वरले दिनसक्ने सहायताको आवश्यकता छ। तैपनि तिनीहरू उहाँको आवश्यकता नभएको र उहाँको आत्मा वा मनोभावको ज्योतिविना रहन तिनीहरू मन पराइरहेका हुन्छन्।

जसले प्रार्थना गर्दैन उसको वरिपरि दुष्ट सैतानको अन्धकारले घेरिरहेको हुन्छ। शत्रुले तिनीहरूलाई पाप गर्न अग्रसर गराउँछ किनकि तिनीहरू परमेश्वरसँग प्रार्थनाद्वारा भेट्न चाहँदैनन्। परमेश्वरको छोराछोरीहरू प्रार्थना गर्न किन ढिलो गर्छन्? परमेश्वरसँग आशिषको विशाल ढुकुटी छ। त्यस ढुकुटीलाई खोल्न साँचो नै विश्वासद्वारा प्रार्थना गर्नेको हातमा छ।

यदि हामीले बेवास्ता गरी प्रार्थना गरेनौं भने हामी खतरामा पर्न सक्छौं। हामी ठिक बाटोबाट तर्किन पनि सक्छौं। परमेश्वरतिर हामी

नफर्कोस् भनेर सैतानले जहिले पनि चालबाजी खेलिरहेको हुन्छ। प्रार्थनाद्वारा पाइने अनुग्रह र शक्ति हामीले नपाऔं भन्ने सैतानको चाहना छ। किनभने यदि हामीमा परमेश्वरको अनुग्रह र शक्ति छ भने हामी सैतानसँग मुकाविला गर्नसक्छौं।

हाम्रो प्रार्थना परमेश्वरले सुन्नु भएको हामी अपेक्षा गर्न सक्छौं। तर केही सर्तहरू पूरा गर्नैपर्छ। सबभन्दा पहिलो सर्तमा उहाँको सहायता हामीलाई आवश्यक छ भनेर महसुस गर्नुपर्छ। उहाँले प्रतिज्ञागर्नु भएको धर्मशास्त्र बाइबलमा यसरी लेखिएको छ, "म सुकेको जमिनमा पानी र सुक्खा भूमिमा खोलाहरू खन्याइदिनेछु। म तिम्रो वंशमाथि मेरो आत्मा खन्याउनेछु, र तिम्रो सन्तानलाई आशिष दिनेछु।" यशैया ४४:३। जो मानिस परमेश्वरको धार्मिकता वा परमेश्वरका

नीतिनियमहरूमा चल्न भोकाउँछ र तिर्खाउँछ त्यसलाई तृप्त पारिनेछ। पवित्र आत्माको आवाजलाई सुन्न हृदय तथा विवेक खुल्ला राख्नुपर्दछ, नत्र भने उहाँका आशिषहरू पाउने छैन वा पाएपनि उहाँको हो भनेर उसले महसुस गर्नसक्छ।

हामीलाई परमेश्वरको सहयोग चाहिन्छ। यो उहाँलाई थाहा छ र हामीलाई सहायता दिन चाहनुहुन्छ। तर त्यसका निम्ति हामीले उहाँसँग माग्नै पर्छ। येशूले भन्नुभयो, "माग, अनि तिमीले पाउनेछौ।" मत्ती ७:७। उहाँको भक्त पावलले यसरी हामीलाई आश्वस्त गर्दछन्, "जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो भने के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र?" रोमी ८:३२।

तर हामीमा जानाजानी कुनै पापलाई पोसिराखेका छौं वा अरूहरूप्रति कुभलो चिताइरहेका छौं भने प्रभुले हाम्रो प्रार्थना सुन्नुहुन्न। तर आफ्नो पापप्रति दुःख व्यक्त गर्नेको प्रार्थना उहाँले जहिले पनि सुन्नुहुन्छ। जब थाहा पाएका सबै गलतहरूलाई ठिक गर्छौं तब परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ भन्ने कुरामा हामी विश्वास गर्नुपर्दछ। हामीहरू जतिसुकै असल भयौं, असल काम गर्‍यौं भनेतापनि परमेश्वरले हामीलाई माया गर्नुपर्ने कारण कहिल्यै पनि हुँदैन। येशूकै भलोले हामीलाई मुक्ति दिन्छ। उहाँको रगतले हामीलाई सफा गर्दछ। तैपनि उहाँले हामीलाई स्वीकार्न हामीले सर्तहरू पूरा गर्ने काम गर्नुपर्दछ।

प्रार्थना गर्दा हामीलाई परमेश्वरमाथि विश्वास, आस्था र निष्ठा हुनुपर्दछ। बाइबलले बताउँछ, "विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु

असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।" हिब्रू ११:६। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौं सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ।" मर्कूस ११:२४। के उहाँको वचनमा हामी विश्वास गर्छौं र?

आफ्ना धेरै प्रतिज्ञाहरू पालन गर्न परमेश्वर विश्वास योग्य हुनुहुन्छ वा ती प्रतिज्ञाहरू उहाँले पूरा गर्नुहुन्छ भनेर हामी भरपर्न सक्छौं। कहिलेकाहीँ हामीले मागेको थोक नपाउँला। तैपनि परमेश्वरले हाम्रो प्रार्थना सुन्नुभएको छ भनेर हामीले विश्वास गर्नुपर्छ र उहाँको समयमा हाम्रो प्रार्थनाहरूको जवाफ दिनुहुन्छ।

हामीलाई भविष्य थाहा छैन। कहिलेकाहीँ हामीले कुनै थोक माग्दछौँ जुन हाम्रो हितको निम्ति हुँदैन। हाम्रा निम्ति जे उत्तम छ सो दिनुभएर स्वर्गमा रहनुहुने परमेश्वर पितालाई थाहा छ र हामीलाई प्यार गरेर उपयुक्त थोकहरू दिनुहुन्छ। यदि हामीले मागेको सबै थोक के रहेछ सो थाहा पाएको भए उहाँले त्यसै अनुसार दिनुहुने थियो।

हाम्रा प्रार्थनाको जवाफ नपाएतापनि परमेश्वरका प्रतिज्ञाहरूमा हामी अडिग भएर बस्नैपर्छ। उपयुक्त समयमा हामीलाई चाहिने आशिष उहाँले दिनुहुनेछ। तर हामीले चाहेको अनुसार प्रार्थनाको जवाफ देओस् भनेर परमेश्वरसँग माग गर्न सक्दैनौं। परमेश्वरले त्रुटी गर्नुहुन्न। हामीलाई असल हुने वा सहयोग हुने कुनै पनि कुरालाई उहाँले लुकाएर राख्नुहुन्न्। उहाँमाथि भरोसा राख्ने कुरामा नडराउनुहोस्।

तपाईंको प्रार्थनाको जवाफ तुरन्तै नपाएतापनि उहाँको प्रतिज्ञालाई हृदयमा थामि राख्नुहोस्। "माग, र तिमीले पाउनेछौ," भन्ने येशूको प्रतिज्ञालाई विश्वास गर्नुहोस्। मत्ती ७:७।

यदि हामीले डर र शङ्काको बारेमा सोचिरह्यौं भने तिनीहरू झन झन ठुलो हुँदै जान्छ। विश्वाससाथ हामी परमेश्वरकहाँ आउनुपर्दछ। यथार्थमा हामी असहाय छौं। हामी नम्र हुनुपर्छ र झुक्नुपर्दछ। हामीलाई के चाहिन्छ सो उहाँलाई थाहा छ भनेर विश्वास गर्दै उहाँकहाँ आऔं। सारा सृष्टिको प्रत्येक थोक उहाँलाई थाहा छ र त्यसलाई उहाँले नै सम्हाली राख्नुभएको छ। उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ र सुन्न सक्नुहुन्छ। उहाँको ज्योति हाम्रो हृदयमा चम्कन दिऔं।

हृदयदेखि इमान्दारी भएर प्रार्थना गऱ्यौं भने हामीलाई परमेश्वरको दिमागको नजिक

ल्याउँदछ। उहाँ हाम्रो नजिक हुनुहुन्छ भन्ने कुरामा हाम्रो प्रमाण नहोला। तर हाम्रो मुक्तिदाताले सहानुभूति र मायाले हामीमाथि हेरिरहनु भएको छ। उहाँको स्पर्श हामीले अनुभवन गरौंला, तर उहाँको प्रेम र कोमल दयाको हात हामीमाथि भइरहेको हुन्छ।

परमेश्वरको दया र आशिष माग्न उहाँकहाँ आउँदा हाम्रा हृदयमा प्रेम र क्षमाशीलको भावना हुनैपर्छ। हामी यो प्रार्थना गर्नुपर्छ, "हामीले गरेका गल्तीहरूलाई क्षमा दिनुहोस्, जसरी हामीप्रति गरेको अरूको गल्तीलाई क्षमा दिन्छौं।" मत्ती ६:१२। यदि हाम्रो हृदयमा कसैप्रति ईख, रिस, डाहा वा कठोर मन छ भने यस्तो प्रार्थना हामीले कसरी गर्नसक्छौं र? हाम्रा प्रार्थनाहरू सुनेको हामी चाहन्छौं भने अरूलाई हामीले क्षमा दिनैपर्छ।

जसरी हामीले अरूलाई क्षमा दिन्छौं त्यसरी नै हामीलाई पनि क्षमा दिइनेछ।

परमेश्वरबाट हामी केही पाउन चाहन्छौं भने विश्वासपूर्वक प्रार्थना गर्ने बानी बसाल्नुपर्दछ। यदि हामी विश्वासमा बढ्न चाहन्छौं भने सधैं प्रार्थना गर्ने बानी बसाल्नुपर्दछ। सबै समयहरूमा प्रार्थना गरिरहनु भन्ने बाइबलको आह्वान छ। रोमी १२:१२। पावलले कलस्सीका चर्चका विश्वासीहरूलाई यो लेखेका थिए, "प्रार्थनामा निरन्तरता देऊ, जब प्रार्थना गर्छौ तब सतर्क होऊ, परमेश्वरलाई धन्यवाद दिंदै गर्नु"। कलस्सी ४:२ रूपान्तरित।

येशूका चेला पत्रुसले विश्वासीहरूलाई यो वचन सुनाउँदछन्, "सबै कुराको अन्त्य नजिकै आएको छ। यसकारण आफ्ना प्रार्थनाका निम्ति शुद्ध मनले र सचेत भइरहो।" १ पत्रुस ४:७। आधुनिक ग्रीसमा रहेको फिलिप्पी चर्चका

विश्वासीहरूलाई पावलले यो ढाडस दिएका थिए, "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका विन्ती परमेश्वरमा जाहेर होऊन्।" फिलिप्पी ४:६। येशूका अर्को चेला यहूदाले यो भनेका थिए, "तर प्रिय हो, तिमीचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ़ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। आफैंलाई परमेश्वरको प्रेममा राख र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर।" यहूदा १:२०-२१। निरन्तर प्रार्थनाले परमेश्वरसँग नटुट्ने सम्बन्ध राख्दछ, अनि उहाँबाट हामीमा जीवन बगिरन्छ। तब हाम्रो जीवनबाट शुद्धता, निर्मलता र पवित्रता परमेश्वरतिर बग्दछ।

प्रार्थनामा कुनै कुराले बाधा नदेओस्। यो थाहा पाइराख्नु जरुरी छ। येशू र हाम्रो बिचमा बाटो खुला राखिछोड्नुपर्दछ। सम्भव

भएसम्म जहाँ प्रार्थना गरिन्छ त्यहाँ हामी हुनसकौं। यदि हामी परमेश्वरसँग नजिक हिँड्न चाहन्छौं भने हामी प्रार्थना गर्ने सङ्गतिमा गइरहनेछौं। आत्मिक आशिष पाउन हामी उत्सुक हुनेछौं। हामी त्यस वातावरणमा पार्नेछौं जहाँ स्वर्गबाट ज्योतिको किरण हामीले पाउन सकौं।

परिवारहरू सगैं मिलेर प्रार्थना गर्नु आवश्यक छ। तर व्यक्तिगत प्रार्थना पनि महत्त्वपूर्ण छ। परमेश्वरसँग एकल प्रार्थनाले हाम्रो आत्मिक जीवन जीवित राख्दछ। प्रार्थनाविना इसाई जीवन आत्मिक रूपमा स्वस्थ हुन असम्भब छ। पारिवारिक, सार्वजनिक वा चर्चमा हुने वा गर्ने प्रार्थना पर्याप्त छैन। मानिसले एक्लै परमेश्वरसँग दिल खोलेर प्रार्थना गर्नुपर्छ, त्यो पनि उहाँलेमात्रै सुन्ने गरेर। तपाईंको गोप्य चाहना र प्रार्थना अरू कसैले सुन्नु आवश्यक छैन।

जब हामी परमेश्वरमा एक्लै हुन्छौं तब सबै प्रभावहरूबाट हामी स्वतन्त्र हुन्छौं। शान्त भएर हामी उहाँकहाँ पुग्न सक्छौं, अनि उहाँबाट मिठो प्रभाव वा सुमधुर आवाज हामीले पाउनेछौं। हामी गोप्य वा एक्लै हुँदा उहाँले देख्नुहुन्छ। हाम्रा हृदयका प्रार्थना सुन्न उहाँले आफ्नो कान थाप्नुहुन्छ। शान्त भएर सरल विश्वास साथ हाम्रा सोचविचार पिर मर्काहरू उहाँलाई सुनाउँछौं। सैतानसँग मुकाविला गर्न परमेश्वरबाट हामी दिव्य शक्तिप्राप्त गर्न सक्छौं। परमेश्वरनै हाम्रो किल्ला र बल हुनुहुन्छ।

हाम्रो घरमा होस् वा दैनिक काममा होस् हामीले हाम्रा हृदयहरू परमेश्वरतिर उचाल्नुपर्दछ। यसरी नै हनोक परमेश्वरसँग हिँडेका थिए। जो मानिस परमेश्वरसँग प्रार्थनामा लागिरहन्छ त्यसलाई सैतानले जित्न सक्दैन।

जुनसुकै समय र जहाँ पनि परमेश्वरसँग मौन प्रार्थना गर्नु उपयुक्त छ। हाम्रा हृदयहरू प्रार्थनामा उचाल्न कसैले पनि रोक्न सक्दैन। चाहे हामी हुलमुलमा होस् वा हाम्रो व्यवसायमा होस्, हामी प्रार्थना गर्न सक्छौं।

ई.पू. ५०० वर्ष अघि पर्सिया साम्राज्यमा यहूदी अगमवक्ता नेहमिया पर्सियाको राजालाई पेयपदार्थ टक्राउनेहरूको हाकिम थिए। एक दिन आफ्नो देशको पर्खालहरू भत्किएर बिजोग भइरहेको खबर सुने। त्यो सुनेर अत्यन्तै दुःखित भएर परमेश्वरसँग प्रार्थना गरेका थिए। एक दिन जब उनी दरबारमा राजाको अगाडि पेयपदार्थ लिएर खडा भएका थिए। तब राजाले उनको अनुहार अंध्यारो भएको थाहा पाएर उनलाई के भयो भनेर सोधे। त्यसबेला उनलाई के जवाफ दिने भनेर नेहमियाले तुरन्तै प्रार्थना गरे। तब राजालाई के जवाफ दिने परमेश्वरले भन्नुभयो।

राजालाई आफ्नो देशमा रहेको पर्खालको बेहालको बारेमा अवगत गराए। राजाले उनलाई यहूदा अर्थात् उनको देश जुन पर्सिया साम्राज्यको मातहतमा थियो, बडा हाकिममा नियुक्त गरेर पर्खाल बनाउने जिम्मा दिएका थिए।

हामी जहाँ भएतापनि, जुनसुकै व्यवसाय मा लागेतापनि, हाम्रो कामको कारण जोसुकैको अगाडि उभिनु परेतापनि त्यो ठाउँ हाम्रा निम्ति प्रार्थनाको थलो हुनसक्छ। येशूलाई हाम्रो हृदयको गद्दीमा पाहुनाको रूपमा राज हुन आमन्त्रण गर्न हाम्रो हृदय खुला राख्न सक्छौं।

हाम्रा वरिपरि अनेकौं दुष्ट वातावरण होला, हामीले फेर्ने हावा नै मानव दुष्टताले गर्दा प्रदुषण वा विषादी होला, तैपनि जब हामी परमेश्वरसँग सम्पर्कमा रहन्छौं तब स्वर्गको स्वच्छ र निर्मल हावा फेर्न सक्छौं। जब हामी हाम्रा हृदयहरूलाई परमेश्वरतिर प्रार्थना गरेर

उचाल्छौं तब वरिपरि रहेको अपवित्र र अशुद्ध वातावरणमा भएको फोहरलाई दिमागमा नघुसाउन दिमागलाई बन्द गर्नसक्छौं। जब हाम्रा हृदयहरूलाई परमेश्‍वरबाट पाउने आशिषका निम्ति खुला राख्छौं तब हाम्रा सोचहरू स्वर्गका थोकहरूतिर जानेछ जहाँ पनि जुनसुकै बेलामा पनि परमेश्वरको उपस्थित भएको हामी अनुभव गर्न सक्छौं।

त्रिएक परमेश्वरको एक परमेश्वर येशू ख्रीष्ट किन मानिसको अवतार लिनुभयो त्यो स्पष्टसँग बुझ्नु आवश्यक छ साथै अनन्त जीवन किन अमूल्य छ त्यो पनि। येशूमा भएको पवित्रताको सौन्दर्यता सबै येशूभक्तहरूका हृदयहरूमा भरिनुपर्दछ। यस सौन्दर्यतालाई अझ राम्रोसँग देख्न सकौं भनेर हाम्रा आँखाहरू खुला राख्न परमप्रभुसँग प्रार्थना गर्नुपर्छ।

हामीहरूको दिमाग हरदम परमेश्वरतिर लगाइरहनुपर्दछ ताकि हामी स्वर्गको ताजा हावा फेर्न सक्छौं। हामी उहाँसँग यति नजिक हुनसक्छौं कि हाम्रा वरिपरि जे भएतापनि हामीहरूका सोचहरू उहाँतिर फर्काइरहन सक्छौं। जसरी सूर्यमुखी फूलले सूर्यतिर फर्कन्छ त्यसरी नै हाम्रा सोचहरू उहाँतिर सजिलैसँग फर्काइरहन सक्छौं।

हाम्रा चाहनाहरू, हाम्रा आनन्द र खुशियालीहरू, हामीहरूका दुःख, कष्ट र वेदना परमेश्वरको सामु राख्न सक्छौं। हाम्रो चिन्ता, डर, दैनिक आवश्यकताहरू उहाँलाई बाँड्न सक्छौं। हाम्रो प्रार्थना र मनको भारीले उहाँलाई थकित बनाउँदैन। हाम्रा शिरमा भएका प्रत्येक रौँलाई उहाँले गन्न सक्नुहुन्छ। उहाँका छोराछोरीहरूका आवश्यकतालाई उहाँले वास्ता गर्नुहुन्छ। बाइबलले बताउँछ, "हेर, धैर्य धारण

गर्नेहरूलाई हामी धन्यका भन्छौं। तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणा र कृपाले भरिपूर हुनुहुन्छ।" याकूब ५:११।

हाम्रा दुःखहरू परमेश्वरलाई सुनाउँदा उहाँको ममतामय हृदय छुन्दछ। हाम्रा प्रत्येक समस्याहरूलाई उहाँकहाँ राख्न सक्छौं। हाम्रो कुनै पनि भार उहाँले बोक्न नसक्ने छैन। उहाँकै हातले पृथ्वी र जगतलाई सम्हाल्नुहुन्छ र तिनीहरूमाथि शासन गर्नुहुन्छ। हामीलाई प्रभाव पार्ने कुनै पनि सानाभन्दा साना कुरालाई उहाँलाई थाहा हुँदैन भन्ने छैन। हाम्रो जीवनमा लुकेको प्रत्येक सानो ठूलो खराब पाप, सोच र काम उहाँलाई थाहा छ। कुनै पनि समस्या त्यति ठुलो छैन जुन उहाँले समाधान गर्न सक्नुहुन्न्। हाम्रा आनन्द र चिन्ताहरूप्रति उहाँ संवेदनशील हुनुहुन्छ। हृदयदेखि इमान्दार भएर गरेको

प्रत्येक प्रार्थना उहाँले सुन्नुहुन्छ र जहिले पनि त्यसको जवाफ दिन उहाँ तत्पर हुनुहुन्छ। बाइबलले बताउँछ, "उहाँले टुक्रिएको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ, र तिनीहरूका चोटहरूमा पट्टी बाँधिदिनुहुन्छ।" भजनसंग्रह १४७:३। आफ्ना जनहरू र तिनीहरूका सम्पूर्ण कुराहरू उहाँलाई थाहा छ। उहाँले हामीलाई यसरी व्यवहार गर्नुहुन्छ कि मानौं यस संसारमा हामीबाहेक अरू कुनै व्यक्ति छैन, जसका निम्ति आफ्नो प्रिय पुत्रलाई दिनुभयो।

येशू खुद आफैंले भन्नुभयो, "त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौं। म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीलाई भन्दीनँ, किनभने पिता आफैंले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ।" यूहन्ना १६:२६-२७। उहाँले यो

पनि भन्नुभयो, "मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनैं र तिमीहरूलाई नियुक्त गरैं, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ।" यूहन्ना १५:१६। उहाँको नाउँमा प्रार्थना गर भनेर येशूले हामीलाई भन्नुहुन्छ। तर उहाँको नाउँमा प्रार्थना गर्नु भनेको प्रार्थनाको सुरुमा र अन्त्यमा उहाँको नाउँ उल्लेख गर्नुमात्र होइन। बरु येशूभावना अनुसार दिमागमा उहाँसँग कुराकानी गर्नु हो। त्यसको अर्थ उहाँका प्रतिज्ञाहरूलाई हामी विश्वास गर्छौं भनेर दावी गर्ने हो। उहाँको अनुग्रह र उहाँको काममा हामी विश्वास गर्छौं भनेर विश्वास गर्नु हो।

यो पनि सोच्नुहोस्, हामी एकान्त ठाउँमा गएर दिनभरी केही नगरी प्रार्थनामा मात्र लागि रहो भनेर बाइबलको परमेश्वरले हामीलाई

भन्नुभएको छैन। येशूको जस्तो सक्रिय जीवन हामी बिताउनै पर्छ। हामीले काम पनि गर्नुपर्छ र प्रार्थना पनि गर्नुपर्छ। धर्मको नाउँमा केही नगरी केवल प्रार्थना र ध्यानमा मात्र लागिरहने मानिस छिट्टै प्रार्थना गर्न पनि रोक्नेछ वा उसको प्रार्थना केवल औपचारिक बानी मात्र हुनेछ।

जो मानिसहरू अरूहरूलाई सहायता गर्दैन र येशूभक्तको कर्तव्य पूरा गरिरहँदैन तिनीहरूमा प्रार्थनाको विषयस्तु नै थोरै हुन जान्छ। जब मानिसहरूका निम्ति सक्रिय भएरकाम गर्नुहुने स्वामीका निम्ति तिनीहरू काम गर्दैन तब तिनीहरूले प्रार्थना गर्न केही कुरो पनि हुँदैन। तिनीहरूको प्रार्थना तिनीहरू आफैंको निम्ति हुनेछ। तिनीहरूले अरू मानिसहरूको निम्ति प्रार्थना गर्दैन न त परमेश्वरको काममा बल मिलोस् भनेर पनि चिताउँदैन।

जब हामी भेला भएर एक आपमा सङ्गति गर्दैनौं, बल दिँदैनौं र साहस दिँदैनौं तब हामी आशिषहरू गुमाइ रहेका हुन्छौं। परमेश्वरको वचनमा भएका सत्यहरू हामी बिर्सिन थाल्छौं, र हामीहरूको दिमागमा तिनीहरूको प्राथमिकता कम भएर जान्छ। हामीहरूको दिमाग, चेतना र हृदयमा परमेश्वरको आत्माले काम गर्न छोड्छ र आत्मिक रूपमा कमसल हुँदै जान्छौं। जब हामी एक आपसबाट टाढा हुन्छौं तब एक आपसलाई चाहिने सहानुभूति गुमाउँदै जानेछौं। अनि हामी परमेश्वरको चाहना अनुसार चलिरहेका हुँदैनौं। जब हामी मिलनसार हुन्छौं तब अरूप्रति सहानुभूति दिन सक्ने हुन्छौं। यसले हाम्रो आत्मिक र मानसिकताको वृद्धि हुन्छ र परमेश्वरको सेवामा बलियो हुन्छ।

एक आपसमा परमेश्वरको प्रेमको बारेमा चर्चा गर्नुपर्छ। मुक्तिको योजना के हो

भन्ने विषयलाई लिएर एक आपसमा चिन्तन गर्नुपर्दछ। यसले एक आपसका हृदयहरूमा नव जीवन प्रदान गर्दछ। हामी दिनदिनै स्वर्गमा रहनुहुने परमप्रभु पिताको बारेमा सिक्दै जाने हुन्छौं र अझ बढी अनुग्रह प्राप्त गर्छौं। उहाँको प्रेमको बारेमा बोल्न हामी उत्सुक हुन्छौं। त्यसले गर्दा हाम्रा आफ्नै हृदयहरू न्यानो हुन्छ र उत्साहित हुन्छ। जब हामी येशूको बारेमा सोच्छौं र चर्चा गर्छौं तब उहाँको उपस्थिति हाम्रो माझमा बढी हुन्छ र हामी आफैंलाइ बिर्सिन थाल्छौं।

परमेश्वरको बारेमा चर्चा गर्न हामी गदगद हुनुपर्छ। उहाँको प्रशंसा गर्न हामी उत्सुक हुनुपर्छ। जसरी उहाँले हामीलाई आशिष दिनुभएको छ। त्यसै अनुपातमा उहाँलाई सोच्न सक्यौं भने, हाम्रो दिमागमा उहाँको उपस्थिति भइरहनेछ। हामीहरूको दैनिक कारोबारको बारेमा चर्चा गर्छौं किनभने त्यसप्रति हाम्रो चासो

छ। हामी हाम्रा साथीहरूको बारेमा कुरा गर्छौं किनभने तिनीहरूलाई हामीले माया गर्छौं। तिनीहरू हाम्रो आनन्द र दुःखका सहभागी हुन्। तैपनि परमेश्वरलाई प्रेम गर्न र उहाँको बारेमा चर्चा गर्न हाम्रो संसारका साथी भाइहरूलाई माया गर्नुभन्दा बढी कारण छ। यदि हाम्रो सोचविचारमा उहाँलाई प्राथमिकता दियौं भने, उहाँको भलाइ र शक्तिको बारेमा अरूहरूलाई सुनाउन सजिलो हुन्छ।

यदि उहाँका निम्ति हामी समय दिन सकेनौं भने उहाँका प्रसस्त आशिषहरूलाई हाम्रो दिमाग भरिदिनुहुन्न। बरु तिनीहरूले परमेश्वरको बारेमा याद दिलाउँदै लानुपर्दछ र उहाँलाई अझ बढि प्रेम गर्ने खुबी बढाउनुपर्दछ। हामीले स्वर्गतिर हेर्ने बानी बसालौं, जहाँबाट परमेश्वरको महिमा येशूको अनुहारमा चम्किरहेको हुन्छ। पावलले येशूका बारेमा भन्दछन्, "उहाँद्वारा

परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।" हिब्रू ७:२५। हामीले परमेश्वरको प्रशंसा धेरै गर्नुपर्छ। बाइबलले हामीलाई यो भन्दछ, "तिनीहरूले परमेश्वरको अचूक प्रेमको निम्ति, र मानिसहरूप्रति उहाँका आश्चर्य कामका निम्ति उहाँलाई धन्यवाद चढ़ाऊन्। " भजन १०७:८। हाम्रा प्रार्थनाहरू केवल माग्ने र हामीले चाहेका कुराहरू थाप्नको लागिमात्रै हुनुहुँदैन। हामीलाई के चाहिन्छ त्यसको बारेमा हामी सधैं सोच्नुहुन्न तर हामीले के आशिष पाएका छौं त्यसको बारेमा पनि सोच्नुपर्दछ। यथार्थमा भन्ने हो भने, परमेश्वरलाई हामी चाहिंदो मात्रामा धन्यवाद दिंदैनौं। हामीले सधैं परमेश्वरका आशिषहरू पाइरहेका हुन्छौं तर त्यसप्रति आभारित भएर थोरै मात्र धन्यवाद

दिन्छौं। हाम्रा निम्ति उहाँले के गर्नुभयो त्यसको निम्ति हामी कति थोरै प्रशंसा गर्दछौं।

धेरै वर्ष अगि परमेश्वरले इस्राएलका जनहरूलाई एक निश्चित समयमा भेट्नु भनेर आदेश दिनुभएको थियो। उहाँले भन्नुभयो, "त्यहीं नै तिमीहरू र तिमीहरूका परिवारहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने खानपान गर्नेछौ र तिमीहरूले गर्ने सबै काममा आनन्द मनाउनेछौ, कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष दिनुभएको छ।" व्यवस्था १२:७। जब हामी परमेश्वरको महिमाको निम्ति केही गर्छौं तब खुला र आनन्दित हृदयले गर्नुपर्छ। हाम्रा मनहरू खुसी र प्रशंसाले भरिरहनुपर्दछ।

हाम्रो परमेश्वर दयालु, र मायालु पिता हुनुहुन्छ। उहाँको लागिकाम गर्नु भनेको खुसीको अनुभव गर्नुपर्दछ। परमेश्वरको आराधना गर्न

हामी खुसी हुनुपर्दछ र उहाँको काममा सहभागी हुनु सौभाग्यको रूपमा हामी लिनुपर्दछ। परमेश्वरले हामीलाई मुक्ति दिनुभएको छ र उहाँ कठोर हाकिम हुनुहुन्छ भनेर हामी सोचेको उहाँ चाहनुहुन्न। उहाँ हाम्रो सबैभन्दा असल मित्र हुनुहुन्छ। हाम्रा हृदयहरू आनन्द र मायाले उहाँले भरिदिन चाहनुहुन्छ।

उहाँको काममा हामीलाई सजिलो भएको उहाँ चाहनुहुन्छ। उहाँको काममा धेरै रमाइलो भएको उहाँ हेर्न चाहनुहुन्छ। उहाँको सेवा गर्नु कस्तो गाऱ्हो रहेछ भनेर हामीले सोचेको उहाँ हेर्न चाहनुहुन्न। जब हामी उहाँको आराधना गर्छौं तब हाम्रो दिमागमा उहाँको प्रेम हेरचाहको बारेमा हर्षित भएर सोच्नु पर्दछ। ती सोचहरूले हाम्रो दैनिक काममा हँसिलो बनाउँछ, र हामीले गर्ने काममा अझ बढी अनुग्रह प्राप्त गर्न सक्छौं। हामी विश्वासिलो र इमान्दार सेवक हुन्छौं।

हाम्रो जीवनको केन्द्रविन्दु येशूको क्रूसलाई बनाउनुपर्दछ। उहाँले हामीलाई के गर्नुभयो त्यसको बारेमा हामी बढी सोच्नुपर्दछ र चर्चा गर्नुपर्दछ। ती सोचहरूले हाम्रो आनन्द भरिनुपर्दछ। प्रत्येक थोकमा येशूमाथि हामी भरोसा राख्नुपर्दछ। हाम्रै निम्ति उहाँले उहाँका हातहरू क्रूसमा टाँगिएका थिए।

जब हामी परमेश्‌वरका स्तुति र प्रशंसा गर्छौं तब हाम्रो हृदय उचाल्दै स्वर्गको नजिक ल्याउँदछ। स्वर्गमा उहाँलाई गीत र सङ्गतिले आराधना गर्छन्, जब हामी परमेश्वरको स्तुति गर्छौं तब हामी पनि पवित्र स्वर्गदूतहरूले जस्तै उहाँको आराधना गर्छौं। उहाँले भन्नुभयो, "धन्यवाद बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ, र त्यसले मार्ग सुधार्छ, यसरी म त्यसलाई परमेश्वरको मुक्ति देखाउनेछु।" भजन ५०:२३।

त्यसकारण, हाम्रो सृष्टिकर्ता सामु पवित्र आनन्दले खुसी भएर आऔं।" परमप्रभुले निश्चय नै सियोनलाई सान्त्वना दिनुहुनेछ, र उहाँले त्यसका सब भग्नावशेषहरूलाई दयाको दृष्टिले हेर्नुहुनेछ। अनि त्यसको मरुभूमिलाई अदनझैं, र त्यसको रूखो जमिनलाई परमप्रभुको बगैंचाझैं बनाउनुहुनेछ। "हर्ष र आनन्द, धन्यवाद र गीतको सोर" यशैया ५१:३। उहाँको आराधना गरौं।

# अध्याय १२
# परमेश्वर र उहाँको वचनप्रति हुने शङ्कालाई हामीले के गर्ने?

बाइबल परमेश्वरकै वचन हो त भनेर धेरैको शङ्कागर्ने बानी हुन्छ। बाइबलका कतिपय भागहरू तिनीहरूले बुझ्न सक्दैनन् र व्याख्या गर्न सक्दैनन्, त्यसैकारण बाइबलप्रति अनेकौं अमान्य धारणाहरू राख्दछन् र नपढ्ने बहाना पनि बनाउँछन्। यसमा पनि बाइबलको सत्यलाई नबुझी झट्टै इसाई भएकाहरू र छोटो समयसम्म मात्र इसाई भएकाहरू अग्रपन्थीमा छन्। परमेश्वरको सन्देश हाम्रो निम्ति हो भन्ने कुरालाई विश्वास नगरोस् भनेर सैतानले तिनीहरूको विश्वासलाई हल्लाउन प्रयास गर्दछ। मानिसहरूले सोध्छन्, "कुन बाटो ठिक छ भनेर मैले कसरी थाहा पाउने? यदि बाइबल साँच्चिकै परमेश्वरको

वचन हो भने शङ्का नगर्नबाट म कसरी स्वतन्त्र हुने?"

अन्धविश्वासमा कोही नपरोस् भनेर परमेश्वरले हामीलाई जहिले पनि तथ्य र कारणहरू दिनुहुन्छ। अनि तिनीहरूलाई अध्ययन गरेर उहाँलाई विश्वास गरोस् भन्ने उहाँको चाहना हो। उहाँ सृष्टिकर्ता हुनुभएकोले उहाँको अस्तित्व छ भन्ने कुरामा हामी ठोकुवा गरेर भन्न सक्छौं। उहाँले हामीलाई के गर्नुभयो त्यसबाट उहाँको चरित्र हामीलाई देखाइएको छ। उहाँका वचनहरू वा बाइबल सत्य छ, किनकि बाइबलमा भनेको अनुसार कुराहरू भइरहेका छन्।

यद्यपि, हामी शङ्का नै गर्न असम्भव हुने मनस्थिति परमेश्वरले सृजना गर्नुभएको छैन। मानिसहरूले प्रमाणित गर्न चाहेको अनुसार होइन तर हाम्रो आस्था वा विश्वास असल कारण वा उचित तर्कहरूमा आधारित हुनुपर्दछ। तैपनि

जो शङ्कामै रहन चाहन्छ र त्यसै अनुसार जिउन चाहन्छ त्यसो गर्न आत्मनिर्णयको स्वतन्त्रता उसलाई दिइएको छ। तर यदि मानिसहरू सत्यलाई हृदयदेखि जान्न् चाहन्छन् भने तिनीहरूले विश्वास गर्न असल कारण र तर्कहरू पाउनेछन्। तिनीहरूले आफ्नो विश्वास परमेश्वरको वचनमा बसाल्न सक्दछन्।

परमेश्वरको चरित्र होस् वा काम होस् त्यसका बारेमा पूर्णरूपले थाहा पाउन वा बुझ्न हामीलाई असम्भव छ। जतिसुकै प्रतिभाशाली, नामुद बुद्धिजीवि वा असाध्यै शिक्षित वर्गले पनि पवित्र परमेश्वरको बारेमा राम्रोसँग बुझ्न सक्दैन। परमेश्वर जहिले पनि रहस्यमय नै हुनेछन्। सैतानले सर्वस्व नाश गर्दा पनि शिर ठाडो राख्ने बाइबलको एक पात्र अय्यूबले भन्नछन्, "के तपाईं परमेश्वरको रहस्यको गहिराइलाई बुझ्न सक्नुहुन्छ? के तपाईं सर्व

शक्तिमानको सीमालाई जाँच्न सक्नुहुन्छ? त्यो त स्वर्ग भन्दा अल्गो छ, तपाईं के गर्न सक्नुहुन्छ? त्यो ता चिहान भन्दा गहिरो छ, तपाईं के जान्न सक्नुहुन्छ?" अय्यूब ११:७-८।

परमेश्वरको ज्ञानप्रति भावविभोर भएर उहाँका परमभक्त पावलले यसरी व्यक्त गर्दछन्, "आहा! परमेश्वरको वैभव, बुद्धि र ज्ञान कति गहिरो! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने! “किनभने प्रभुको मनलाई कसले जानेको छ? अथवा उहाँको सल्लाहकार को भएको छ?” रोमी ११:३३-३४। "उहाँको वरिपरि बादल र घोर अन्धकार भएतापनि धार्मिकता र न्याय उहाँको सिंहासनका जग हुन्।" भजनसंग्रह ९७:२।

जब परमेश्वरले हामीसँग कस्तो कारोबार गर्नुहुन्छ र जुन रूपले हामीलाई अगुवाइ गर्नुभएको छ त्यो किन गर्नुभयो भनेर

बुझ्न हामी प्रयास गर्छौं तब उहाँ प्रेमको परमेश्वर हुनुहुन्छ, उहाँ दयालु, करुणामय र शक्तिशाली प्रभु हुनुहुन्छ भनेर हामी बुझ्न सक्षम् हुँदैजान्छौं। उहाँले जे असल काम गर्नुहुन्छ त्यो हामीले थाहा पाउनुपर्छ भन्ने जतिमात्र हामी बुझ्न सक्छौं। बाँकी सबै उहाँले नै अगुवाइ गर्नुहुन्छ भनेर उहाँको हातमा सुम्पनु पर्दछ। उहाँको प्रिय हृदयले हाम्रो निम्ति जे असल छ त्यो उहाँले गर्नुहुनेछ।

परमेश्वरको वचन पनि त्यो जस्तै हो। त्यसलाई पूर्ण रूपमा कसैले पनि बुझ्न सक्दैन। यस संसारमा पाप किन आयो भन्ने दुःखलाग्दो कथालाई हामी चित्तबुझ्दो रूपमा व्याख्या गर्न सक्दैनौं। परमेश्वरको पुत्र कसरी मानिस हुनुभयो त्यो पनि हामीले राम्रोसँग बुझ्न असमर्थ छौं। हामी कसरी धर्मी ठहरिन्छौं र हामी मृत्युबाट कसरी पुनःरुत्थान हुन्छौं त्यो पनि हामीले

राम्रोसँग बुझ्न सक्दैनौं। बाइबलमा उल्लेख गरेका कतिपय भागहरूलाई हामीले बुझ्न नसकेता पनि वा व्याख्या गर्न नसकेतापनि परमेश्वरको वचनप्रति हामी शङ्का गर्नु नै हुँदैन।

प्राकृतिक संसारमा पनि हामी कति कुरा बुझ्न र व्याख्या गर्न सक्दैनौं। जतिसुकै मै हुँ भन्ने वुद्धिजीविले सानोभन्दा सानो जीवित जीवको बारेमा राम्रोसँग बुझ्न र व्याख्या गर्न सक्दैन। जताततै भौतिक जगतमा हामीलाई चकित पार्ने थोकहरू छन् जुन हामीले बुझ्न सक्दैनौं। त्यसरी नै आत्मिक जगत्मा पनि कतिपय विषयहरूको हामीले व्याख्या गर्न सक्दैनौं भन्ने कुरामा हामी अचम्म मान्नुपर्छ र? विचार वा त्यहाँ सम्म पुग्न हाम्रा दिमाग धेरै कमजोर र साँघुरो छ। बाइबल पवित्र आत्माको प्रेरणाद्वारा आएको हो भनेर हामीले विश्वास गरुन् भनेर परमेश्वरले हामीलाई प्रशस्त कारण र प्रमाणहरू दिनुभएको छ।

येशूका प्रखर भक्त पावलले लेखेको सन्दर्भलाई लिएर येशूका चेला पत्रुसले स्वीकार गर्दै यो लेखेका छन्, "उनका (पावलका) सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्।" २ पत्रुस ३:१७। बाइबलमा केही भागहरू छन् जुन बुझ्न कठिन छ। ती बुझ्न नसक्ने भागहरूले गर्दा तिनीहरूलाई नै बहाना बनाएर बाइबलप्रति विश्वास छैन भनेर कतपियले भन्छन्। तर कठिन भागहरूले यो वास्तविक रूपमा देखाउँदछन् कि बाइबल परमेश्वरबाट नै आएको हो। बाइबलका व्याख्या गरेको अनुसार परमेश्वरको बारेमा हामी सबै थोक बुझ्न सक्दैनौं किनभने हाम्रो दिमाग उहाँको जस्तो ठुलो छैन।

उहाँको महानता र उहाँको भलो गर्ने चरित्र मानिसका दिमागहरूले पूरा रूपमा कहिल्यै पनि बुझ्न सक्दैन। बाइबलमा भएका महामय, गरिमामय र रहस्यमय कुराहरू भएकै कारणले यो परमेश्वरको वचन हो भनेर हामीले विश्वास गर्न सहयोग गर्दछ।

प्रत्येक मानिसको हृदयले चाहेको र आवश्यकता भएको सत्यलाई बाइबलले चित्तबुझ्दो रूपमा प्रस्तुत गरेको छ। यसमा भएका कतिपय सत्यहरू सरल र रोचक छन् कि कतिपय महा विद्धान्हरूलाई पनि चकित र खुसी पार्दछ। साथै नम्र, अशिक्षित र साधारण मानिसहरूका निम्ति बाइबल स्पष्ट हुन्छ किनकि कसरी मुक्ति पाइन्छ भन्ने कुरामा तिनीहरू चासो राखेका हुन्छन्। हामीलाई बुझ्न कठिन भएका विषयहरूलाई अलमलमा नपरी सरल सत्यहरूलाई हामीले अङ्गाल्नुपर्दछ।

हामी कसरी मुक्ति पाउँछौं वा परमेश्वरले तयार गर्नुभएको मुक्तिको योजना बाइबलले खुला रूपमा उघारेको छ। परमेश्वरतिर पश्चात्ताप भएर अगाडि बढ्न कस्तो खालका कदमहरू चाल्नुपर्छ बाइबलमा स्पष्ट रूपमा उल्लेख गरेको छ। यदि हामी मुक्ति चाहन्छौं भने प्रभु येशूमा विश्वास राख्नुपर्छ भनेर बाइबलले हामीलाई देखाएको छ। तर ती सरल सत्यहरूको मुनि कतिपय रहस्यहरू छन् जुन हामीले अध्ययन गर्न जरुरी छ। हाम्रा जिज्ञासाहरू बुझ्न बाइबलमा खोजीरहनु पर्दछ।

जब इमान्दार भएर भित्री हृदयदेखि चाहना गरेर सत्य खोज्छौं, तब हामी विश्वास र परमेश्वर माथिको प्रेमले पुरस्कृत हुन्छौं। जब हामी बाइबलमा भएका धेरै सत्यहरूलाई खोजी-खोजी पढ्छौं त्यति हामी यो जीवित परमेश्वरको वचन हो भन्ने कुरामा हामी निश्चित हुन्छौं।

हामीलाई ती सत्यहरू देखाउनुहुने परमेश्वरप्रति हामी शिर झुकाउँछौं।

बाइबलका सबै सत्यहरूलाई हामी राम्रोसँग बुझ्दैनौं भन्ने कुरामा हामी सजग छौं। परमेश्वरको दिमागले बुझेका कुराहरूलाई बुझ्न हाम्रो दिमागले भ्याउँदैन। परमेश्वर कसरी काम गर्नुहुन्छ भन्ने जानकारी हामीहरूको कमजोर मानव दिमागहरूले सधैं बुझ्न सक्दैनन्।

कतिपय मानिसहरूले बाइबललाई शङ्का गर्छन् किनभने यहाँ लेखिएका वचनका अर्थहरू तिनीहरूलाई सधैं स्पष्ट हुँदैन। बाइबललाई विश्वास गर्छु भनेर दावी गर्नेहरूको निम्ति पनि यो वास्तविक खतरा नै छ। येशूका परमभक्त पावलले लेखेका छन्, "भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्।" हिब्रू ३:१२।

बाइबलमा भएका शिक्षाहरूलाई नजिकबाट लगनशील भएर अध्ययन गर्नु ठिक कदम हो। पावलले नै बाइबलमा यो उल्लेख गरेका छन्, "पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ।" १ कोरन्थी २:१०। त्यसकारण बाइबलभित्र के छ सो खोतलेर अध्ययन गर्नुपर्छ। तर हामीले सबै कुरा बुझ्नै पर्छ भन्ने छैन किनकि "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका सम्पपूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्। "व्यवस्था २९:२९ मा मोशाले लेखेका थिए।

सैतानले हाम्रा दिमागहरूलाई गलत तरिकाले प्रयोग गर्न चाहन्छ। कतिले बाइबल पढ्दा यो सोच्छन् कि बाइबलमा उल्लेख गरिएको प्रत्येक पद तिनीहरूले व्याख्या गर्न

सक्नुपर्दछ। जब नबुझेका भागहरूमा तिनीहरू पर्छन् तब तिनीहरू खुसी हुँदैन र झर्को मान्छन्। परमेश्वरको सबै वचनहरू बुझ्न तिनीहरूले बुझ्न सक्दैन भनेर स्वीकार गर्न तिनीहरूको अभिमानले दिँदैन। ती अंशहरूले भन्न खोजेको सत्य के हो सो परमेश्वरले तिनीहरूलाई देखाउन तिनीहरू पर्खन चाहँदैनन्। आफूले जे बुझेको छ सो पर्याप्त छ भनेर तिनीहरूले सोच्दछन्। जब कुनै अंशहरू तिनीहरूले बुझ्दैनन् तब ती परमेश्वरबाट होइन भनेर निष्कर्ष निकाल्छन् ।

बाइबलमा भएका कतिपय धारणाहरू बाइबलमा नै छैन भनेर कतिपयले सोच्दछन्। ती धारणाहरू बाइबलको बारेमा मानिसहरूले सोचेको भन्दा फरक छन्। त्यसले गर्दा तिनीहरूले बाइबलप्रति शङ्का गर्दछन्। तर बाइबललाई हामी दोष दिन सक्दैनौं। जब मानिसहरूले बाइबललाई गलत तरिकाले प्रयोग

गर्छन् तब बाइबलको बारेमा गलत व्याख्या गर्न तिनीहरूले ठाउँ दिन्छन्।

परमेश्वर र उहाँको बारेमा हामीलाई सबै बुझ्दैनौं। यदि बुझ्नसक्यौं भने नयाँ सत्यहरू भेट्न सकिने हुन्छ। हाम्रो दिमाग र हृदयलाई बढाउन आवश्यकता भएको महसुस गर्नेछैनौं। परमेश्वर पहिलो र सबैमाथि हुनुहुन्छ भन्ने कुरामा विश्वास गर्न छोड्छौं। तर परमेश्वरलाई धन्यवाद दिऔं कि उहाँ हामी भन्दा महान् हुनुहुन्छ।

परमेश्वर सनातन, अनन्त र अपारको हुनुहुन्छ। उहाँमा नै "सबै ज्ञान र बुद्धिका सारा सम्पत्ति लुकेका छन्।" कलस्सी २:३। परमेश्वरको महान् भलाईको बारेमा सिक्न स्वर्गमा उहाँका जनहरू सदासदा खोजिरहनेछन्। परमेश्वर कस्तो शक्तिशाली, सर्वज्ञानी र सर्वव्यापी हुनुहुन्छ भन्ने कुरा तिनीहरूले सधैं सिकिरहनेछन्।

परमेश्वरको वचनबाट सत्यलाई खोलेर मानिसहरूलाई सिकाइरहुन् भन्ने उहाँको चाहना हो। बाइबलमा भएका सत्यहरू पाउन केवल एउटा मात्र बाटो छ। पवित्र आत्माबाट आएको दिव्यज्ञानले मात्र बाइबल हामी बुझ्न सक्छौं। "मानिसभित्र रहेको आफ्नै आत्मा बाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्मा बाहेक कसैले बुझ्दैन।" "परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ।" १ कोरन्थी २:११।

आफ्ना चेलाहरूलाई येशूले यो वचन दिनुभएको थियो, "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौं। जब उहाँ, अर्थात् सत्यका आत्मा

आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। जे-जति पितासँग छन्, ती मेरा हुन्। यसै कारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" यूहन्ना १६:१२-१५।

हामीमा भएको तर्क, विवेक र ज्ञान प्रयोग गरून् भन्ने परमेश्वरको चाहना छ। बाइबल अध्ययनले तिनीहरूलाई बल पुऱ्याउँछ, अरू कुनै विषयले नउचालेको हाम्रा दिमागहरूलाई बाइबल अध्ययनले उचाल्दछ। तर हामीहरूको सोचविचार, तर्क, दर्शन र विद्या,

र हामीमा भएको ज्ञानविज्ञानलाई हाम्रो भगवान बनाउनुहुन्न। किनकि तिनीहरू हाम्रो दिमाग वा शरीर जस्तै कमजोर छन् ।

जहिले पनि सिकिरहने चाहना भएको बालकको जस्तै हामीमा पनि सरल दिमाग हुनुपर्दछ। जब हामी बाइबल पल्टाउँछौं तब हामीले पवित्र आत्माको सहयोग माग्नैपर्छ। अनि मात्र बाइबलमा भएका सत्यहरूलाई हामीले स्पष्ट रूपमा बुझ्नसक्छौं।

परमेश्वर कतिको ज्ञानी र बुद्धिमानी हुनुहुन्छ सो हामीले महसुस गर्दा उहाँको सामु झुक्दछौं। जब हामी बाइबल पढ्छौं तब हामी परमेश्वरकै सामु आएको जस्तो आभास् पाउनुपर्छ। जब हामी बाइबल अध्ययन गर्छौं हामीमा भएका सबै तर्क, ज्ञान र जानकारी भन्दा परमेश्वरको ज्ञान ठुलो छ भनेर हामी देख्न सक्नुपर्दछ। म नै महान् हुँ भनेर सम्बोधन गर्ने

परमेश्वरको सामु हाम्रो हृदय र दिमागलाई झुक्न दिनैपर्छ।

जब हामी बाइबल पहिलो पल्ट पल्टाउँछौं तब कतिपय कुराहरू बुझ्न कठिन भएको हामी महसुस गर्न सक्छौं। तर जब हामी समझशक्तिको निम्ति प्रार्थना गर्छौं तब परमेश्वरले तिनीहरूलाई सरल पारिदिनुहुन्छ। बाइबलका अर्थहरूलाई परिवर्तन आत्माले हामीलाई अगुवाइ गर्नुहुन्छ।

कतिपय समयमा बाइबल पढ्दा मानिसहरूलाई खास केही मद्दत मिलेको जस्तै देखिँदैन। अझ कतिलाई त बाइबल पढ्दा हानी पनि हुन सक्छ। जब बिना प्रार्थना बाइबल पढ्छौं तब हाम्रो दिमागमा अनेकौं शङ्काहरू आउन सक्छ र दिमागलाई खेलाउन सक्छ। जब हामी बाइबल पढ्छौं, तब हाम्रो दिमाग परमेश्वरमा केन्द्रीत हुनुपर्दछ। बाइबलले

सिकाएको शिक्षापछ्याउन हामी तयार हुनुपर्दछ। परमेश्वरको सहायता बिना हाम्रो दिमाग बादलले छोपेको हुन्छ। अनि बाइबल पढ्दा झन अविश्वासतिर हामीलाई लम्काउँछ।

जब बाइबल अध्ययन गर्दा मानिसहरूले प्रार्थना गर्दैन, तब सैतानले नै तिनीहरूका सोचविचारहरूलाई अगुवाइ गर्नथाल्छ। तिनीहरू जतिसुकै जान्ने, शिक्षित वा वुद्धिजीवि वर्ग भएतापनि बाइबललाई गलत तरिकाले बुझ्न सक्छन् र यसले गर्दा बाइबलको बारेमा तिनीहरूले भूल गर्छन्। यदि तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गरेका छैनन् भने बाइबलले के भन्छ तिनीहरूको अर्थहरूमाथि भरोसा राख्नु सुरक्षित छैन।

कतिपयले बाइबलमा भएका त्रुटीहरू भेट्टाउन अध्ययन गर्छन्। ती मानिसहरूले तिनीहरूको हृदय परमेश्वरमा सुम्पेका हुँदैनन्।

त्यसले गर्दा बाइबललाई विश्वास नगर्न धेरै कारण वा तर्कहरू गर्छन्। शंकाले गर्दा सरल र सिधा सत्यहरू पनि तिनीहरूमा बुझ्ने क्षमता हुँदैन।

तर प्रायःजसो पापलाई मन पराउनेहरू वा खराब मार्गमा हिँड्न चाहनेहरूले बाइबल बुझ्न सक्दैनन् र तिनीहरू शङ्काको भूमरीमा पर्छन्। जब हामी हठी, अभिमानी र पापलाई मन पराउने हुन्छौं तब बाइबलले सिकाएका सत्यहरूलाई हामी मन पराउँदैनौं। जब हामी परमेश्वरको वचन पालन गर्न चाहँदैनौं भने हामी आफैंले शङ्काको घेरामा पार्दछौं। यदि मन खोलेर बाइबलको वचन पालन गर्ने हेतुले अध्ययन गर्छौं भने, यो परमेश्वरको वचन हो भन्ने धेरै कारणहरू पाउनेछौं। हामीले ती सत्यहरूलाई बुझ्न सक्नेहुन्छौं जसले हामीलाई मुक्तितिर ल्याउँदछ।

येशूले भन्नुभयो, "यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो

शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नैंतर्फबाट हो सो उसले जान्नेछ।" यूहन्ना ७:१७। हामीले नबुझेको सत्यहरूलाई हामीले प्रश्न वा शङ्का गर्नुहुँदैन न त त्रुटीहरू भेट्टाउन प्रयास गर्नुहन्छ। हामीसँग भएको दिव्यज्ञानमा हामी हिँड्नुपर्दछ। अनि हामीलाई बढी दिव्य आत्मज्ञान पाउनेछौं। हामीलाई सिकाएको प्रत्येक काम र कर्तव्यलाई येशूको अनुग्रहले पूरा गर्न प्रयास गर्नुपर्छ। अनिमात्र अहिले हामीले नबुझेका, सोधन चाहेका र शङ्का गरेका विषयहरू बुझ्न सक्षम् हुन्छौं।

जब हामी व्यक्तिगत रूपमा आफ्नो लागि भनेर बाइबल पढ्छौं तब यो परमेश्वरको वचन हो र उहाँका प्रतिज्ञा वा वचनहरू पालन गर्नुहुन्छ भनेर हाम्रै अनुभवबाट भेट्टाउनेछौं। बाइबलमा परमेश्वरले हामीलाई भन्नुभएको छ, "परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ कति

भला हुनुहुन्छ। उहाँमा शरण लिने मानिस धन्यको हो वा स्याबास।" भजन ३४:८। अरूले के भन्यो के सिकायो त्यसमा हामी भरपर्नुहुन्न, हामी आफैंले खोजेर सिक्ने बानी बसाल्नुपर्दछ। "माग त तिमीले पाउनेछौं," प्रभु येशू आफैंले भन्नुभएको थियो। यूहन्ना १६:२४। उहाँले उहाँका प्रतिज्ञा पूरा गर्नुहुन्छ। तिनीहरू कहिल्यै पनि असफल भएको छैन न त असफल नै हुनसक्छ। जब हामी येशूको नजिक आउँछौं तब उहाँको अचम्मको प्रेमप्रति हामी आनन्दित हुन्छौं। उहाँको ज्योतिर्मय उपस्थितिको सामु हाम्रा शङ्का र अन्धकारहरू बिलाएर जानेछन्।

प्रेरित पावलले परमेश्वरको बारेमा यो भावना व्यक्त गरेका थिए, "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रियपुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ।"

कलस्सी १:१३-१४। जब हामीले मुक्तिलाई ग्रहण गर्छौं तब परमेश्वर सत्यवादी हुनुहुन्छ भनेर दावी गर्न सक्षम् हुन्छौं। यूहन्ना ३:३३। हामी यो भन्न सक्छौं, "मलाई सहायताको आवश्यकता भएको थियो, र मैले येशूलाई भेट्टाएँ। मलाई आवश्यकता भएको सबै थोक उहाँले मलाई दिनुभएको छ। मेरो हृदयको भोक उहाँले तृप्त पार्नुभयो। बाइबलले मलाई येशू देखाएको थियो। म येशूलाई किन विश्वास गर्छु के तपाईंलाई थाहा छ? किनभने उहाँ मेरो निम्ति परमेश्वर मुक्तिदाता हुनुहुन्छ। बाइबललाई म किन विश्वास गर्छु के तपाईंलाई थाहा छ? किनभने यो मेरो हृदयमा बोल्ने परमेश्वरको आवाज हो भनेर मैले अनुभव गरेको छु।" हामीले हाम्रो हृदयदेखि नै बाइबल सत्य हो र येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर हामी थाहा पाउन सक्छौं। हामी कुनै मनगढन्ते, झुटा, मूर्ख

र मानवीय दर्शन र वादहरू पछ्यारहेका छैनौं भनेर हामी विस्वस्त हुनुपर्दछ।

येशूका चेला पत्रुसले येशूभक्तहरूलाई यो सल्लाह दिन्छन्, "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाओ। उहाँको अहिले र सदासर्वदा महिमा होस्। आमेन।" २ पत्रुस ३:१८। जब परमेश्वरका जनहरू अनुग्रहमा बढ्दै जान्छन् तब, तिनीहरूले परमेश्वरको वचन झन झन राम्रोसँग बुझ्न सक्नेहुन्छन्। पवित्र सत्यमा तिनीहरूले नयाँ ज्ञान र सौन्दर्यताहरू देख्नेछन्। युगौं युगदेखि परमेश्वरको दिव्यज्ञान सत्य चर्चलाई सुम्पिएका छन् र युगको अन्तसम्म ती दिइनै रहनेछन्। अत्यन्ततै बुद्धिमानी कहलाइने राजा सोलोमनले आफ्नो हितोपदेशको पुस्तकमा यो व्यक्त गरेका छन्, "धर्मीको चाल प्रभातको प्रथम चमक जस्तै हो, त्यो मध्यदिन नहोउञ्जेल झन्-झन् चहकिलो हुँदैजान्छ।" हितोपदेश ४:१८।

विश्वासद्वारा हामी स्वर्गको जीवन देख्नसक्छौं र हामी निरन्तर रूपमा समझशक्तिमा बढ्दै जानेछौं भन्ने उहाँको प्रतिज्ञालाई पक्रिराखौं। स्वर्गमा हाम्रो शक्ति परमेश्वरका शक्तिहरूसँग मिलिनेछ। हामी उहाँ सँगसँगै रहनेछौं जसबाट सत्यका नयाँ किरण आउँदछ।

अहिले हामीले नबुझेका कतिपय विषयहरू स्वर्गमा हामीलाई बुझाइनेछ र स्पष्ट पारिनेछ भन्ने आत्मज्ञानप्रति हामी धन्यवादी हुनुपर्दछ। अहिले हामी टुक्रिएको, फुटिएको र असफल योजनाहरू बनाउँछौं र देख्दछौं। तर त्यसबेला हाम्रो जीवनमा उहाँले बनाउनु भएको सिर सुन्दर योजना हामीले देख्नेछौं। पावलले यो व्यक्त गर्दछन्, "अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्णरूपले चिनिएको छु।" १ कोरन्थी १३:१२।

# अध्याय १३
# प्रभुमा आनन्दित हुनु

यस संसारमा परमेश्वरका छोराछोरीहरूलाई ख्रीष्टको प्रतिनिधि हुन बोलाइएको छ। प्रभुको भलाइ, कृपा र दयालाई पनि तिनीहरूले आफ्नो जीवनबाट देखाउन अपेक्षा गरिएका छ। जसरी येशूले हामीलाई सनातन सृष्टिकर्ता परमेश्वर पिताको सत्य चरित्र, स्वभाव र मिजासलाई देखाउनु भएको थियो, त्यसरी नै हामीले संसारलाई ख्रीष्टको चरित्र, स्वभाव र मिजासलाई देखाउनुपर्दछ किनकि संसारले उहाँको खालको प्रेम थाहा छैन। येशूले उहाँको पितासँग चेलाहरूलाई लक्षित गरि यो प्रार्थना गर्नुभएको थियो, "तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। जसरी

तपाईंले मलाई संसारमा पठाउनुभयो, मैंले पनि तिनीहरूलाई संसारमा पठाएको छु। तिनीहरूका खातिर म आफैंलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्। "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैंले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।" यूहन्ना १७:१८-२३।

प्रेरित पावलले पनि येशूका भक्तहरूलाई यो लेखेका थिए, "तिमीहरू नै हाम्रा सिफारिस वा प्रमाण-पत्र हौ, जो सबै मानिसहरूले चिन्न र पढ्न सक्ने गरी तिमीहरूका हृदयमा लेखिएको छ।" २ कोरन्थी ३:२। येशूका सबै छोराछोरीहरू संसारको सामु खुला पत्र हो। यदि हामी ख्रीष्टका अनुयायीहरू हौं भने उहाँले हाम्रो परिवारको माझमा हामी उहाँको पत्र भएर प्रस्तुत हुन्छौं। हाम्रा गाउँ-घर, सहर र बाटोघाटोमा उहाँको पत्र भएर हाजिर हुन्छौं।

हामीमा रहनुहुने येशूले उहाँलाई नचिन्नेहरूलाई बोल्न चाहनुहुन्छ। तिनीहरूले बाइबल थाहा नहुन सक्छ न त पढ्छन् नै। बाइबलका पानाहरूबाट बोल्ने उहाँको आवाजलाई तिनीहरूले सुन्न सक्दैनन् होला। परमेश्वरका अनगिन्ति कामहरूद्वारा उहाँको प्रेमलाई देख्न नसकलान्। तर यदि हामी साँचो

रूपमा येशूको प्रतिनिधित्व गर्छौं भने तिनीहरूले हामीद्वारा उहाँलाई देख्न सक्ने छ र उहाँतिर तिनीहरू आकर्षित हुनेछन्। उहाँको कृपा र भलाइको बारेमा तिनीहरूले केही न केही हामीबाट देख्नेछन् र उहाँलाई प्रेम गर्न र सेवा गर्न उत्सुक हुनेछन्।

येशूभक्तहरू स्वर्गतिर लम्किरहने चिराख बोक्ने हुन्। ख्रीष्टबाट तिनीहरूलाई चम्किने ज्योति तिनीहरूले संसारलाई दिनुपर्दछ। तिनीहरूको जीवनशैली, स्वभाव, मिजास र चरित्रले येशू कस्तो हुनुहुन्छ भनेर सच्चा येशूभक्तले देखाउँदछन्। येशूको सेवा गर्नु के हो भनेर पनि संसारले देख्नेछन्।

जब हामी येशूको प्रतिनिधि भएर देखाउँछौं तब उहाँको निम्ति काम गर्नु कस्तो रमाइलो छ भनेर अरूलाई देखाउँदछौं। जब इसाईहरू गुनासोमात्र गर्छन्, असन्तुष्ट र बेखुसी

देखिन्छन्, तब तिनीहरूले परमेश्वरको बारेमा र इसाई जीवनको गलत चित्रण गरेर देखाइरहेका हुन्छन्। आफ्ना छोराछोरीहरू खुसी भएको परमेश्वर चाहनुहुन्न भन्ने त्यस खालका इसाईहरूले जनसमक्ष प्रस्तुत गरिरहेका हुन्छन्। यो धेरै खराब छ भनेर तिनीहरूले स्वर्गको पिताको बारेमा असत्य सन्देश दिइरहेका हुन्छन्।

जब परमेश्वरका छोराछोरीहरू शङ्का, आफ्नो भाउ खोज्ने, आपसी कलहमा जुट्छन् र खुसी वा सन्तुष्ट हुँदैनन् तब सैतान अत्यन्तै खुसी हुन्छ। परमेश्वरमाथि भरोसा नराखोस् भनेर सैतान उत्सुक हुन्छ। हामीलाई मुक्ति र शक्ति दिन परमेश्वर चाहनुहुन्छ भन्ने कुरामा हामी शङ्का गरोस् भन्ने सैतान चाहन्छ। परमेश्वर कठोर हुनुहन्छ, हामी खुसी भएको र कष्ट भएको उहाँ चाहनुहुन्छ भनेर हामी सोचेको सैतानले मनपराउँछ।

हामी पापी भएकोले प्रभुले हामीमाथि कृपा राख्नुहुन्न भनेर हामीले आभास् पाएको सैतानले चाहन्छ। सैतान फटाहा हो र हामीलाई सत्य कुरा देखाउदैन। परमेश्वरको बारेमा अनेकौं झुटो, भ्रमात्मक धारणा, दर्शन र विद्याले हाम्रो दिमाग सैतानले भरिदिन्छ। परमेश्वरको अनुग्रह, कृपा र भलाइको सट्टामा हाम्रो दिमागमा ती गलत धारणाहरूले खेलिरहोस् भनेर सैतान चाहन्छ। परमेश्वरमाथि हामी भरोसा नराखौं र उहाँको बारेमा गुनासो मात्र गरिरहौं भन्ने सैतानको चाहन्छ।

सैतानले इसाई जीवन अन्धकार र बेखुसी बनाउन प्रयास गर्दछ। इसाई हुनु गाऱ्हो छ, यो कठोर र नरमाइलो जीवन हो भनेर सैतानले देखाउन चाहन्छ। कतिपय इसाईहरूको जीवनले र तिनीहरूको व्यवहारले गर्दा तिनीहरूले सेवा गरेको परमेश्वर कडा हुनुहुन्छ भनेर

देखाइरहेका हुन्छन्। अप्रसन्न वा अँध्यारो अनुहार लिएका इसाईहरूले नै परमेश्वरप्रतिको सैतानको धारणा ठिक भएको प्रमाणित गरिरहेका हुन्छन् ।

कतिपय मानिसहरू जीवनको बाटोमा हिँडिरहँदा तिनीहरूको भूल वा गलत कामहरूको बारेमा सोचिरहेका हुन्छन् र त्यसैको बारेमा चर्चा गरिरहेका हुन्छन्। येशूलाई विश्वास गरेता पनि आफूहरू असफल जीवन बिताइरहेको भनेर खिन्न हुन्छन्। तिनीहरूको हृदयमा नै उदास र अपसोचले भरिरहेको हुन्छ। जब म युरोपमा थिएँ, एक जना त्यही खालको मनस्थिति भएकी महिलाले मलाई पत्र लेखेकी थिइन्। उनी अत्यन्तै बेखुसी थिइन्। उनलाई धेरै दिक्क लागेको थियो। मबाट केही आशा वा सान्त्वना पाइन्छ कि भनेर उनले मलाई लेखेकी थिइन्। जुन रातम उनको पत्र पढेको थिएँ त्यो रात मैले एउटा सपना देखें। त्यो बगैंचाको मालिक जस्तो

देखिनेले मलाई बगैंचामा घुमाउँदै थिए। मसँग अर्को महिला पनि घुम्दै थिइन्। म फूलहरू टिप्दै तिनीहरूको बास्ना रमाइलो सँग लिइरहको थिएँ। तब आफ्नो बाटोमा भएका नराम्रा काँडा र सिउँदीहरू हेर्नुहोस् भनेर त्यस महिलाले मलाई बोलाइन्। उनी शोकले सुँक्क सुँक्क पनि गर्दै थिइन्। उनी अगुवाले देखाएको बाटोमा हिँडिरहेकी थिइनन्, बरु काँडाहरूको बिचमा हिँड्दैथिइन्। "कस्तो नराम्रो, यस्तो सुन्दर बगैंचा यी काँडाहरूले गर्दा बिगारेको छ," उनले दुःख मान्दै बताइन्। तब अगुवाले भने, "काँडाहरूलाई त्यसै छोड, तिनीहरूले तिमीलाई घोच्छ मात्रै। गुलाफ, लिली र अरू सुन्दर फूलहरू टिपेर जम्मा गर।"

हाम्रा जीवनका रमाइला समयहरूलाई हामीले सम्झिनु पर्दछ। के हाम्रो जीवनमा त्यस्तो रमाइलो र अमूल्यका समयहरू थिए कि जब

हाम्रा हृदयहरू परमेश्वरको आत्माले हामीलाई बोल्नु भएकै अनुसार आनन्द र खुसीले भरिएका थिए? जब हामी हाम्रो जीवनमा फर्केर हेर्छौं तब के धेरै खुसीयालीका दिनहरू थिए त? के परमेश्वरका प्रतिज्ञाहरू हाम्रा बाटोमा बास्ना आउने फूलहरू जस्ता हुन् त? के तिनीहरूको सौन्दर्यता र मिठासले हामीहरूका हृदय आनन्दले भराउन दिन सक्छौं?

काँडाले हामीलाई घाउ मात्र पार्दछ र दिक्क बनाउँछ। यदि हामीले काँडाहरू जम्मा गरेर अरूलाई दिन्छौं, तब हामी परमेश्वरको कृपा, दया र भलोबाट फर्किरहेकाहुन्छौं। हाम्रा वरिपरि रहेका मानिसहरूलाई पनि जीवनको बाटोमा हिँड्न अवरोध खडा गरिरहेका हुन्छौं।

विगत समयमा नरमाइला क्षण, दुःख, पीडा र अरूले चित्त दुखाएको समयहरूलाई सम्झिरहनु वा मनमा खेलाइरहनुहुँदैन।

हामीहरूका पाप, कमीकमजोरी, गल्तिहरूले ल्याएका दुःख र शोकलाई हामीले चर्चा गरिरहनुहुन्न। यदि हामीले गऱ्यौं भने हामी छिट्टै तिनीहरूले नै हामीलाई थिच्न थाल्दछ र हामी उदास हुनेछौं। आशा रहित मानिसले केवल अन्धकारमात्र देख्दछ। उसले आफ्नै निम्ति परमेश्वरको ज्योतिलाई निभाइरहेका हुन्छौं। अनि हाम्रो मात्र होइन अरूहरूको बाटोमा पनि छायाँ वा अन्धकारले ढाकिदिन्छौं।

आफ्नो बारेमा मनलाई चम्किलो र रमाइलो चित्रण उहाँले प्रस्तुत गर्नुभएकोमा हामी परमेश्वरलाई धन्यवाद दिन सक्छौं। परमेश्वरका अचम्मका प्रतिज्ञाहरूलाई प्रायजसो सम्झिन खोजौं। परमेश्वरको पुत्रले उहाँको पिताको सिंहासन छोड्नु भएर आफ्नो ईश्वरीय स्वभाव र अधिकारलाई मानवीय हाडछालाले छोप्नुभयो। उहाँले मानवीय जीवन लिनुभयो ताकि त्यही

जीवनबाट सैतानको शक्तिसँग लडेर उसलाई जित्न सकिन्छ भनेर उहाँले देखाउनुभयो। सैतानलाई जितेर उहाँले मानिसहरूलाई मुक्ति दिन सक्नुनुभयो। हाम्रा निम्ति उहाँले खराब तत्त्वहरूसँगको युद्ध जित्नुभयो र उहाँले हामीलाई स्वर्गको महिमा देखाउन स्वर्गको ढोका खोल्नुभयो। पापको दलदलदेखि मानिसहरूलाई कसरी उठायो भन्ने विवरणको अध्ययन गरौं। पापसँग युद्धमा जितेर परमेश्वरको नजिक तिनीहरूलाई कसरी ल्यायो सो पनि हामी सिकौं। तपाईंहरूले यो चित्रण गर्नुहोस्, हामी हाम्रा उद्धारकर्ता माथिको विश्वासद्वारा ख्रीष्टको धार्मिकताको वस्त्र लगाएकाछौं। उहाँकै सिंहासनमा विश्वासद्वारा हामीलाई उचालिएका छौं। यी सबै विषयहरूलाई हामीले सम्झौं भनेर परमेश्वर चाहनुहुन्छ।

जब हामी परमेश्वरको प्रेम र उहाँका प्रतिज्ञाहरू प्रतिशङ्का गर्छौं र पवित्र आत्मालाई दुःखित बनाउँछौं, तब हामीले उहाँको इज्जत राख्दैनौं। आफ्ना छोराछोरीहरूले जहिले पनि आफ्नो बिरुद्धमा कुरा गरिरहेको थाहा पाउँदा आमालाई कस्तो लाग्छ होला? हाम्री आमाले नै हामी दुःख पाएको चाहन्छिन् भनेर आफ्नो जीवनबाट देखायो भने त्यस आमाको मन कस्तो होला? आफ्नो सारा जीवन नै छोराछोरीहरूले सुःखपाउन् भनेर उनले समर्पण गरेकी हुन्छिन्। उनको प्रेमप्रति शङ्का गऱ्यो भने उनको हृदय छियाछिया हुन्छ। छोराछोरीहरूले बाबुआमाप्रति नकारात्मक सोच गरेर र शङ्का गरेर चल्यो भने ती बाबुआमालाई कस्तो होला?

यदि हामीले उहाँको प्रेममाथि भरोसा राखेनौं भने स्वर्गमा रहनुहुने हाम्रो परमेश्वर पिताले हाम्रो बारेमा के सोच्नुहुन्छ होला? हामी

यस संसारमा अर्थमूलक जीवन लिएर बाँचौं र अनन्त जीवन पाऔं भन्ने हेतुले उहाँले आफ्नै प्रिय पुत्रलाई हाम्रो निम्ति पठाउनुभएको थियो। प्रेरित पावलले लेख्दछन्, "यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्धको हुन्छ? जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुने छैन र?" रोमी ८:३१-३२। तर कतिपय मानिसहरूले मुखबाट नबोलेतापनि तिनीहरूको व्यवहारले तिनी परमेश्वरको प्रेममा छैन भनेर देखाइरहेका हुन्छन्। तिनीहरूले भन्छन्, "प्रभु मेरो लागि होइन, अरूको लागि होला। उहाँले मलाई त्यस्तो प्रेम गर्नुहुन्न।" यस्ता किसिमका सोचहरू हानीकारक छन्।

हामीले शङ्का गर्ने प्रत्येक बोलिले हामीलाई उसको पासोमा फसाउन सैतानलाई

निम्याइरहेका हुन्छौं। जब सैतानले हामीलाई परिक्षा गर्छ वा फसाउन खोज्छ तब हामीले शङ्काको एउटा शब्द पनि निकाल्नुहुन्न। यदि हामीले सैतानको निम्ति ढोका खोल्यौं भने हाम्रा दिमागमा शङ्का र धेरै प्रश्नहरूको पोको उसले भरिदिन्छ। शङ्का गरेर बोल्नु हाम्रो निम्ति मात्र खराब होइन, कि हामीले अरूको जीवनमा पनि त्यस खालको फल वा अवगुणको बिउ हामीले रोपिदिन्छौं र त्यसलाई बढाइ दिन्छौं। हाम्रो बोलिको प्रभावलाई रोक्न असम्भव हुन्छौं।

जब शङ्काको उब्जनी हाम्रो दिमागमा आउँछ, तर सैतानको अगुवाइ चाहँदैनौं भने हामीले त्यसलाई आफैंले पनि रोक्न सक्षम् हुन्छौं। तर हाम्रा वचनहरूलाई विश्वास गर्ने र सुन्नेहरूले हाम्रा वचनहरू नबिर्सिन सक्दछन्। आत्मिक बल र जीवन दिने वचनमात्र बोल्नु

कतिको महत्त्वपूर्ण छ सो हामीले हरदम सोचिरहनुपर्दछ।

हामीले संसारको सामु स्वर्गको स्वामी बारेमा कस्तो सन्देश दिइरहेका हुन्छौं सो स्वर्गदूतहरूले सुनिरहेका हुन्छन्। परमेश्वर पिताको सामु उभिनुहुने येशूको बारेमा सोच्ने बानी बसालौं। हामीले बोल्ने वचनहरू उहाँको बारेमा मात्र हुन सकोस्। जब हामी कुनै साथीको हात समात्छौं तब हाम्रो मुख र हृदयबाट परमेश्वरको प्रशंसा निस्कियोस्। यसले गर्दा हाम्रो साथीको सोचहरू येशूतिर फर्किनेछ।

यस संसारमा जन्मिने प्रत्येक व्यक्तिको आ-आफ्नै दुःखकष्ट, शोक सन्ताप हुन्छ र सैतानले ल्याउने अनेकौं जालहरूको सामना गरिरहेको हुन्छ। हाम्रा शङ्का र पिरमर्काहरू अरूहरूलाई सुनाएर बोझ दिनुहुन्न। तर सबै थोक प्रार्थनामा परमेश्वरकहाँ लैजानुपर्दछ।

शङ्काको वचन कहिल्यै पनि नबोल्ने हाम्रो नीति हुनुपर्दछ। अरूहरूको जीवनलाई चम्किलो पार्न वा खुशी बनाउन हामी धेरै थोकहरू गर्न सक्दछौं। हामीले बोल्ने आशाका वोलिहरू र पवित्र मुस्कानले तिनीहरूलाई बल मिल्न सक्दछ।

धेरै साहसिलो र बलियो मानिसहरूलाई गलत दिशातिरलान सैतान सक्रियभइरहेको हुन्छ। आफूसँगको युद्ध र खराब तत्त्वहरूको युद्धमा तिनीहरू मुर्छा परिरहन सक्छन्। तिनीहरूको जीवनलाई हामीले कठिन पार्नुहुन्न। हामीहरूका हँसिलो, रसिलो र आशाका वचनहरूले तिनीहरूको मनलाई हलुको पारेर जीवन अघि बढाउन सक्दछौं। यसरी हामीबाट नै येशू ख्रीष्टको ज्योति चम्किरहेको हुन्छ। हामी आफ्नो लागि मात्र बाँच्दैनौं भनेर पावलले रोमी १४:७ मा भनेका छन्। हामीहरूको वोलि वचन

र क्रियाकलापले अरूलाई सहयोग गरिरहेका हुन्छौं जुन हामीलाई थाहा नै नहुन सक्छ।

कतिपय मानिसहरूमा जीवन र येशूको चरित्रको बारेमा गलत धारणा हुन्छ। उहाँ मिलनसार र हँसिलो हुनुहुन्छ भनेर तिनीहरूले सोच्दैनन्। उहाँ चिसो, कठोर र उदासिन र उराठिलो व्यक्ति हुनुहुन्छ भन्ने धेरैको धारणा छ। यस खालको येशू प्रतिको गलत धारणाले तिनीकै जीवनलाई अन्धकार बनाउँछ।

कतिले भन्छन् येशूले धेरै आँशुहरू बगाउनुभयो तर कहिले पनि मुस्कुराउनु भएन। हो, हाम्रो मुक्तिदाता दुःख वा शोकको मानिस हुनुहुन्थ्यो। दुःख र दिग्दारीपना भनेको के हो? उहाँलाई थाहा थियो र तीप्रति उहाँ परिचित हुनुहुन्थ्यो। सारा मानिसहरूको दुःख सुन्न उहाँले आफ्नो हृदय खोल्नुभएको थियो। उहाँको आफ्नो जीवन दुःख र अरूप्रतिको चिन्ताले भरेको थियो।

तर उहाँ कहिल्यै पनि उदासिन हुनुभएन। उहाँको अनुहार शान्ति र आनन्दले भरिएको थियो। उहाँको हृदयबाट हर्ष र खुसीयाली बहन्थ्यो। उहाँ जहाँ-जहाँ जानुभयो त्यहाँ-त्यहाँ उहाँले मानिसहरूलाई शान्ति, आनन्द र खुसीयाली ल्याउनुहुन्थ्यो। उहाँलाई हेर्ने हरेक मानिसको मन हलुका हुन्थ्यो।

हाम्रो मुक्तिदाता गहिरो सोचमा हुनुहुन्थ्यो, तर कहिल्यै पनि अँध्ययारो अनुहारले हिड्नुभएन। उहाँलाई पछ्याउनेहरूको जीवन पनि उहाँको जस्तै हुनेछ। येशूका अनुयायीहरूलाई थाहा छ कि उहाँको निम्ति ठुलो काम गर्नुछ। तिनीहरू मूर्ख, खस्रो र चर्को स्वरले बोल्दैनन्। खराब ठट्टाहरू तिनीहरूले गर्दैनन्। येशूमा भएको विश्वास तिनीहरूमा पनि हुँदा तिनीहरूमा भएको आनन्द र शान्ति तिनीहरूबाट नदी जस्तै बहन्छ। उहाँको शान्तिले

सबैको जीवनमा आनन्दको ज्योति बालदिन्छ। यसले सत्य खुसी, आनन्द, मुस्कान हँसिलो बनाउनेछ। मानिसहरूले उहाँलाई सेवा गरोस् भनेर येशू पर्खिनुभएन। उहाँ आफैं मानिसहरूलाई सहयोग गर्न अघि बढ्नुहुन्थ्यो। जब उहाँको प्रेम हाम्रो हृदयमा हुन्छ भने, हामी उहाँको अनुसरण गर्ने हुन्छौं।

यदि अरूले हामीप्रति गरेको दुर्व्यवहार, कटु वचन बोलेको, न्यायोचित व्यवहार नगरेको, हामीलाई होच्याएको, हामीमाथि ईष्या राखेको जस्ता क्रियाकालपलाई काँडा जस्तो हाम्रो दिमागमा घुसाइ राख्यौं र घोच्याइ राख्यौं भने तिनीहरूलाई जसरी येशूलाई हामीलाई प्रेम गर्नुभयो त्यसरी तिनीहरूलाई पनि प्रेम गर्न हामी असमर्थ वा असक्षम् हुन्छौं। तर हाम्रो दिमागमा येशूले हामीलाई देखाउनु भएको अचम्मको प्रेम र दयालाई मात्र खेलाइ राख्यौं भने तिनीहरूप्रति

पनि हामीबाट त्यस्तै खालको भावना बहाइरहेका हुन्छौं। मानिसहरूको कमीकमजोरी, अमिल्दो र भुल गर्ने बानी भएतापनि तिनीहरूलाई आदर र माया गरिनै रहनुपर्दछ। तिनीहरूको ती कमजोरीहरूलाई हामीले सच्याउन नसकौंला, तर त्यसले गर्दा तिनीहरूलाई हामीले गर्नुपर्ने व्यवहार नीतिबाट अलग हुनुहुँदैन। हामी नम्र र होचिन सक्ने हुनुपर्दछ र हामी नै ठिक छौं भनेर हामीले हामीलाई विश्वास गर्नुहुँदैन। यदि अरूको कमीकमजोरी र दोषहरूप्रति धिरजी भयौं भने हामी कम मात्रामा स्वार्थी हुनपुग्छौं र बढी दयालु, कृपालु, उदार र सदाशयी हुन थाल्छौं। राजा दाउदले यो लेखेका थिए, "परमप्रभुमा भरोसा राख र भलाइ गर त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौं।" भजन ३७:३।

परमेश्वरमा भरोसा राखेर चल्नुहोस्। प्रत्येक दिन आफ्नै समस्या र सुर्ताहरू आउँछन्।

कतिपय समयमा जब हामी साथीहरूलाई भेट्छौं तब तिनीहरूसँग हाम्रा दुःखका कुराहरू सुनाउन चाहन्छौं। हामी चिन्ता र फिक्रीहरूको बारेमा चर्चा गर्छौं किनकि कठिन समयदेखि हामी डराइरहेका हुन्छौं। यस्तो कुरा मात्र गर्ने हाम्रो बानीले येशूको गलत चित्रण गरिरहेका हुन्छौं। हाम्रो दयालु, मायालु, कृपालु र करुणामय मुक्तिदाता छैन र हाम्रा प्रार्थनाहरू सुनिदिनुहुन्न जस्ता प्रभावहरू येशूको बारेमा नकारात्मक चित्रणहरू प्रस्तुत गरिरहेका हुन्छौं। हामीलाई आवश्यक भएको बेलामा उहाँले वास्ता गर्नुहुन्न भन्नेजस्ता मनोभावना अरूको दिमागमा घुसाइ रहन्छौं।

कतिपय मानिसहरू जहिले पनि डराइरहेका हुन्छन् र दुःखकष्ट आइने रहेको अपेक्षा गरिहेका हुन्छन्। परमेश्वरको प्रेमले तिनीहरूमा हरेक दिन घेरिरहेको हुन्छ, तर तिनीहरूले उहाँका आशिषहरू देख्दैनन्। केहि न

केहि नरमाइलो कुरा हुनेछन् भनेर डराइरहेका हुन्छन्, वा सानोतिनो समस्यालाई पनि तिनीहरूले ठुलो बनाएर दिमागमा थिचाइरहेका हुन्छन्। चिन्तै चिन्ता गर्ने मानिसहरूले आभारित हुनुपर्ने धेरै कुराहरूलाई तिनीहरूले देख्दैनन्। तर समस्याहरू आउँदा तिनीहरू परमेश्वरतिर फर्किने बानी बसाल्नुपर्दछ। उहाँ हाम्रो सहायक हुनुहुन्छ। तर, आफूहरूले सामना गरिरहेका कठिन अनुभवहरूले आफूलाई परमेश्वरबाट टाढा राख्दछन्।

के परमेश्वरप्रति हामी सन्देह गर्ने? के उहाँमाथि भरोसा नराख्ने? येशू हामी मित्र हुनुहुन्छ। हामीलाई के हुन्छ सारा स्वर्गले नै चासो राखेको हुन्छ। दिनदिनै आउने चिन्ताफिक्री र समस्याहरूले हामीलाई तर्साउन दिनुहुन्न। यदि तर्साउन दियौं भने हामीले जहिले पनि केहि न केहि कुरामा असन्तुष्ट र बेखुसी

भइरहन्छौं। चिन्ताले हाम्रा दुःखकष्ट, समस्याहरू बोक्दैन।

हाम्रो काम, कारोबार, पैसा कमाउने धन्धाप्रति हामी चिन्ता गर्छौं होला। भविष्य झन झन अन्धकार देखिनै रहेको छ। हामीसँग जे छ त्यो गुमाउँछौं होला भनेर कतिपय समयमा हामी डराइरहेका हुन्छौं। तर हामीले आशालाई कहिल्यै पनि गुमाउनुहुन्न। हाम्रा सबै समस्या, चिन्ताफिक्री, कारोबार परमेश्वरमा राख्नुपर्दछ। हामीले गर्ने बन्ध व्यापारलाई कसरी अघिसार्ने ताकि हामीले नोक्सान भोग्नुनपरोस् भनेर परमेश्वरसँग सोध्न सक्छौं। अनि हाम्रो बल र बुद्धिले भ्याएसम्म लगनशील भएर काममा लाग्नुपर्दछ। येशूले हामीलाई सहयोग गर्छु भनेर प्रतिज्ञागर्नु भएको छ, तर असल नतिजाहरूको निम्ति हामीले सकेसम्म प्रयास गरेको उहाँले अपेक्षा गर्नुहुन्छ। परमेश्वरको सहायताले हामीले

गर्नुसक्ने सबै काम गरेपछि त्यसको परिणाम जे आउँछ हामी सन्तुष्ट भएर स्वीकार गर्नुपर्दछ।

आफ्ना जनहरू अनावश्यक रूपमा बोझ र नदिएको अभिभाराले लादिएको परमेश्वर चाहनुहुन्न। हाम्रा प्रभुले हामीलाई कहिल्यै पनि गलत बाटोमा डोऱ्याउनुहुन्न। उहाँले हामीलाई यो भन्नुहुन्न, "नडराऊ, तिमीलाई केही पनि हुन्न। तिम्रो बाटोमा केही पनि अवरोध वा खतराहरू आउँदैन।" उहाँलाई थाहा छ कि हाम्रो अगाडि समस्या र खतराहरू आउँदछन्। तिनीहरूबाट उहाँले हामीलाई लुकाउनुहुन्न बरु सतर्क गर्नुहुन्छ। दुष्ट, पापमय र खराब संसारबाट उहाँले आफ्ना जनहरूलाई लान्छु भनेर उहाँले भन्नु भएको छैन न त पतित संसारबाट भाग नै भन्नु भएको छ। ती सबैबाट उहाँले हामीलाई सुरक्षित राख्ने ठाउँ उपलब्ध गराउनुहुनेछ भन्ने कहिल्यै पनि असफल नहुने वाचा दिनुभएको छ।

येशू खुद आफैंले आफ्ना तत्कालिन र भावी चेलाहरूको निम्ति उहाँले परमेश्वर पितासँग यो प्रार्थना गर्नुभएको थियो, "तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस्  भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्।" यूहन्ना १७:१५। येशूले तिनीहरूलाई यो पनि वचन दिनुभएको थियो, "संसारमा तिमीहरूलाई सङ्कट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" यूहन्ना १६:३३।

आफ्ना चेलाहरूले परमेश्वरमाथि विश्वास गर्नुपर्छ भनेर येशूले डाँडामा दिनुभएको उपदेशमा सिकाउनुभएको थियो। त्यस अवसरमा दिएका शिक्षाहरू समसामयीक छन् र उहाँका भक्तहरूलाई सहयोग गर्नको निम्ति हो। त्यसबेला उहाँले दिनुभएको शिक्षा अहिलेको निम्ति पनि उपयुक्त छ। त्यसले हामीलाई सान्त्वना र सहायता गर्दछ।

मुक्तिदाताले चराचुरुङ्गीहरूको बारेमा बोल्नुभएको थियो। आफूलाई के आवश्यकता छ त्यसको फिक्री नगरी चराहरू प्रशंसाका गीतहरू गाउँछन् भनेर उहाँले भन्नुभयो। "आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र?" मत्ती ६:२६।

आफ्ना सृष्टिका जीवजीवात्माहरूको आवश्यकता पूरा गर्न महान् सनातन् परमेश्वर पिताले आफ्नो हातखुला गरेर प्रसस्त थोकहरू दिनुहुन्छ। आकाशमा उड्ने चराहरूको बारेमा उहाँले जहिले पनि सोच्नुहुन्छ। तिनीहरूको चुच्चोमा परमेश्वरले खाना राखीदिनुहुन्न, तर तिनीहरूको आवश्यकता उहाँले उपलव्ध गराउनुहुन्छ। उहाँले छरिदिनुभएका अन्नहरू

तिनीहरूले जम्मा गर्नुपर्छ। तिनीहरूले आफ्ना गुँडहरू बनाउन र बचेराहरूलाई ख्वाउन तिनीहरू आफैंले जम्मा गर्नुपर्दछ।

जब चराहरूले खानाको निम्ति खोज्छ तब तिनीहरू गीत गाउँछन्। तिनीहरू गाउँछन् किनकि स्वर्गमा रहनुहुने हाम्रा पिताले तिनीहरूको हेरचाह गर्नुहुन्छ। के आकाशका चराहरूले भन्दा बढी मूल्य ठानेका परमेश्वरको आराधना गर्न सक्षम् छैनौं र? जुन सृष्टिकर्ताले हामीलाई जीवित राख्नुहुन्छ, के उहाँले हामीलाई हेरचाह गर्नुहुन्न र? यदि हामीले उहाँमाथि भरोसा राख्यौं भने हामीलाई सृष्टि गर्नुहुनेले हाम्रो सबै आवश्यकताहरू उपलब्ध गराउनुहुन्छ।

ख्रीष्टले चौरका फूलहरूको बारेमा बोल्नुभएको थियो। पृथ्वीका आफ्ना सन्तानहरूको निम्ति स्वर्गमा रहनुहुने परमेश्वरले सुन्दर फूलहरू बनाउनु भएको थियो। ती

फूलहरूबाट उहाँले हामीलाई उहाँको प्यार देखाउनु हुन्छ। ख्रीष्टले भन्नुभयो, "लिली वा जङ्गलमा फूल्ने फूलहरू कसरी बढ्छन्, हेर!" ती फूलहरूको साधारण सौन्दर्यता राजा सोलोमनका राजकीय पोशाकहरूभन्दा आकार्षित छन्। परमेश्वरले सृष्टि गर्नुभएको चहकिलो र अनुग्रहले भरिपूर्ण फूलहरूको तुलनामा मानिसले बनाउन सक्ने जुनसुकै भव्य, आकर्षित सुन्दर वस्त्रहरू केही पनि होइन।

येशूले भन्नुभयो, "आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र?" मत्ती ६:३०।

ईश्वरीय चित्रकार परमेश्वरले साधारण फूलहरूलाई अनेकौं रङ्गहरूले सजाउनुहुन्छ। ती फूलहरूमा कतिपय फूलहरू एक वा दुई

दिनमात्र फुल्दछन्, तैपनि उहाँले तिनीहरूलाई सुन्दर र सिद्ध बनाउनु भएको छ। आफ्नै स्वरूपमा सृष्टि गर्ननुभएका मानिसहरूलाई उहाँले झन् बढी हेरचाह गर्नुहुन्छ होला? हामीहरूले चिन्ता नगरोस् भनेर येशूले यो शिक्षा हामीलाई सिकाउनुभएको थियो। हामीले उहाँमाथि शङ्का गर्नु हुँदैन नत्र यसले उहाँमाथि विश्वासमा कमी ल्याउछ।

परमप्रभु परमेश्वरले उहाँका छोराछोरीहरू खुसी, आनन्दित र शान्ति भएको चाहनुहुन्छ। तिनीहरूले उहाँमाथि भरोसा राखुन र उहाँका आज्ञाहरू पालन गरून् भन्ने उहाँ चाहनुहुन्छ। येशूले भन्नुभयो, "शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिए जस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको हृदय व्ययाकुल नहोस् र भयभीत नहोस्। ...मैले यी

कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपुर्ण होस् ।" यूहन्ना १४:२७;१५:११।

स्वार्थी तरिकाले अरूको मोलमा पाएका खुसीयाली छिट्टै ओइलिएर जान्छन्। आफ्नै स्वार्थपूर्तिको निम्ति खुसी, आनन्द र रमझम खोज्नेहरू एक्लोपना भएको महसुस गर्छन् र तिनीहरू दिकदारले भरिएका हुन्छन्। तर, परमेश्वरको सेवामा लाग्नेहरूले वास्तविक र लामो समयसम्म रहने आनन्दको अनुभूति गर्दछन्। येशूभक्तहरूलाई अगुवाइ गर्न उहाँ पथप्रदर्शक हुनुहुन्छ। तिनीहरूले गरेका भूल वा गल्तीहरूप्रति तिनीहरूले निधारमा हात राखेर दिक्क मान्नुपर्ने जरुरी छैन। संसारले दिने कतिपय सुख, खुसीयाली आनन्द, रमाइलोपना र रमझमहरू तिनीहरूले गुमाउला, तर तिनीहरू

स्वर्गमा हुने आनन्दहरूको सोचाइमा परेका हुन्छन्।

येशूसँग हिंड्ने र कुरा गर्न सक्ने छन् भन्ने कुरा थाहा पाएर इसाईहरू खुसी र आनन्द हुन सक्दछन्। तिनीहरूमा उहाँको प्रेमको किरणको अनुभव गर्न सक्छन्। उहाँ तिनीहरूसँग हुनुहुन्छ भन्ने दिव्यज्ञान तिनीहरूमा हुँदा तिनीहरू खुसी हुनसक्छन् र सान्त्वना पाउन सक्छन्। यस जीवनमा तिनीहरूले चाल्ने प्रत्येक पाइलाले तिनीहरू येशूतिर नजिक ल्याउन सकिन्छ र उहाँको प्रेमको बारेमा बढि जान्न सक्ने हुन्छन्। जीवनमा चल्ने प्रत्येक पाइलाले तिनीहरूलाई शान्तिले छाएको आशिष् घरमा ल्याउन सक्दछन्।

त्यसकारण परमेश्वरमाथि विश्वास र निष्ठा राखी हाम्रो जीवनलाई अघि बढाऔं। कुनै समयमा भएको आशाभन्दा बलियो आशा हामीमा हुन सक्छ। "त्यही नै मिस्पा र शेनको बिचमा परमेश्वरको अगमवा शमूएलले स्मारकको रूपमा

एउटा ढुङ्गा खड़ा गरे। त्यसलाई एबेन- एजेर भन्ने नाउँ राखे। तिनले भने, "परमप्रभुले यहाँसम्म हामीलाई सहायता गर्नुभएको हो।" १ शमूएल ७:१२। हो, हाम्रो जीवनको अन्तसम्म उहाँले सहायता गर्नुहुनेछ।

हाम्रा परमशत्रु सैतानको नियन्त्रणबाट बचाउन र हामीलाई चैन र सुखदिन प्रभुले के गर्नुभयो त्यो हामीले सम्झिराखौं। परमेश्वरले उहाँको कोमल कृपाद्वारा हामीलाई देखाउनुभएको प्रत्येक थोकले हाम्रो दिमागलाई ताजा बनाइ राखौं। हाम्रा आँशुहरू उहाँले पुछनुभएको हामीले सोचौं। कतिपय समयमा हामीले नचाहाँदा पनि अनेकौं दुःख, कष्ट र पीडा भोग्छौं, तर त्यसलाई हामीले बोक्न र त्यसबाट पार गराउन उहाँले दिनुभएको सहायतालाई कहिल्यै पनि नबिर्सौं। उहाँले हाम्रा त्रास र चिन्ताहरू हरण गर्नुभएको छ र हामीलाई आवश्यक भएको प्रत्येक थोक उहाँले हामीलाई दिनुभएको छ। परमेश्वरबाट

पाएका ती आशिषहरू सम्झिरहँदा हाम्रो बाँकि जीवनलाई अगाडि बढाउन त्यसले हामीलाई बल पुऱ्याउन सक्दछ।

निःसन्देह, संसारको अन्त्यमा हामीले भोग्नुपर्ने दुःख, कष्ट, यातना, पीडा र परिक्षाहरू सोच्ने बानीबाट हामी अलग हुन सक्दैनौं। तर हामी पछाडिर अगाडि हेरेर यो भन्न सक्छौं, "परमेश्वरले हामीलाई यहाँसम्म पुऱ्याउनुभयो।" अब उहाँले भन्नुहुन्छ, "जस्तो तिम्रा दिन त्यस्तै तिम्रो शक्ति हुनेछ।" व्यवस्था ३३:२५। हामीले पाउने कुनै पनि कष्ट परमेश्वरले दिनुहुने बलभन्दा भयानक हुनेछैन। त्यसकारण, हामीलाई जे काम दिएको छ र जे काम हामी पाउँछौं त्यो काम गरौं। काम गर्दा जे आएतापनि त्यसको सामना गर्न परमेश्वरले शक्ति दिनुहुन्छ भन्ने कुरामा विश्वास गरौं।

कुनै दिन आफ्ना सन्तानहरूलाई स्वागत गर्न परमेश्वरले स्वर्गका ढोकाहरू खोलेर

हामीलाई स्वागत गर्नुहुनेछ। महिमाका राजाका ओठहरूबाट मिठो सङ्गीत जस्तै हामीले यो सुन्नेछौः "आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर।" मत्ती २५:३४।

येशूले तयार पारिरहनुभएका घरमा मुक्ति पाएकाहरूलाई सरसम्मानसाथ हुल्नेछन्। स्वर्गमा दुष्ट मानिसहरू हुनेछैन न त कुनै खराब तत्त्व। मुक्ति पाएकाहरूको मित्रहरू ती हुनेछन् जो परमेश्वरको अनुग्रहबाट सैतानसँग भिडेर सफल भएका थिए र सिद्ध चरित्रमा तिनीहरू ढालिएका थिए। पाप गर्ने प्रत्येक चाहना र प्रवृत्ति ख्रीष्टको रगतले धोइसकेको हुन्छ। मुक्ति पाएकाहरू ख्रीष्टका महिमासँगै चम्किनेछन्, जुन सूर्यभन्दा चहकिलो छ। अझ, तिनीहरूमा भएको उहाँको चरित्रको सौन्दर्यता पनि तिनीहरूबाट चम्केर देखिनेछ। परमेश्वरका सामु निर्दोष र कुनै कमीकमजोरी नभई तिनीहरू खडा हुनेछन्।

स्वर्गदूतहरूले पाएका त्यही आशिषहरू तिनीहरूले पनि पाउनेछन् ।

मुक्ति पाएकाहरूका निम्ति सुन्दर स्वर्गीय घर तयार छ। येशूले तपाईं हामी सबैलाई सोध्नुहुन्छ, "सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? "मत्ती १६:२६। येशूका भक्त अहिले गरिब, विपन्न वर्गका होलान्, सबैका हेपाइमा परेका होलान्, तर अनन्त जीवनको उपहार संसारले दिने कुनै पनि सम्पत्ति भन्दा महान् छ, जुन संसारले दिनै सक्दैन। जो येशूबाट मुक्ति पाएको छ, सबै पापहरूबाट ऊ पखालिसकेको हुन्छ। परमेश्वरको सेवा गर्नु उसकोनिम्ति संसारको कुनै कामभन्दा मूल्यवान हुनेछ। मुक्ति पाएकाहरूले परमेश्वरको सेवा गर्ने आनन्दले स्वर्गका दूतहरूले विजयका पवित्र गीतहरू गाउनेछन।

# महान आज्ञा

परमेश्वरका सम्पूर्ण भक्तहरू सृष्टिको सुरुदेखि अनन्तसम्म दश आज्ञाहरूका नीतिहरू अनुसार चल्नुपर्छ भन्ने उहाँको इच्छा हो। यी दश आज्ञाहरू सृष्टिको सुरुमै थियो। मानिसहरूले भुल्न थालेकोले सिनै पहाडमा उहाँको अगमवक्ता अगुवा मोशालाई सम्बोधन गर्नुभएर ढुङ्गाको पाटीमा लेखेर जनमाझसमक्ष प्रस्तुत गर्नुभएको थियो। येशू र पावल समेत चेलाहरूले ती आज्ञाहरू पालन गर्नुपर्छ भनेर जिकिर गरेका थिए किनकि मानिस धर्मी हो कि पापी हो भन्ने छुट्याउने मापदण्ड यी नै हुन्। उहाँका विश्वासीहरूको काम नै यी आज्ञाहरूलाई पालन गरेर संसार समक्ष देखाउनु हो। यी आज्ञाहरूलाई आचारसंहिता, दश शील, व्यवस्था, मार्ग, नीति आदि भनेर सम्बोधन गरिन्छ।

येशूका भक्तहरूले उहाँका अष्टाङ्गिक वा आठ आदर्श मार्गहरू पालन गर्नसक्नेहरूलाई ती आज्ञाहरू पालन गर्नउहाँले क्षमता दिनुहुन्छः ती मार्गहरू हुन्। यी मार्गहरू पालन गर्नेलाई येशूले धन्यका हुन् भन्नुभइ उहाँले स्यावास दिनुभएको छः

## आठ आदर्श मार्गहरू

१. आत्मा वा चित्तमा दीन वा गरिब ठान्नु

२. शोक गर्नु (संसारको पतित अवस्थाप्रति शोकितहुनु)।

३. नम्र वा विन्रम मिजास हुनु।

४. धार्मिक जीवन बिताउन भोको हुनु।

५. दयालु र करुणामय हुनु।

६. शुद्ध र निष्कलङ्क हृदय हुनु।

७. मेलमिलाप गर्ने भावनामालाग्नु वा शान्तिप्रिय हुनु।

८. धार्मिक वा असल काम गर्दा सताउँदा सहनशील हुनु। मत्ती ५:३-१०।

**सम्पूर्ण मानव प्राणीले पालन गर्नुपर्ने दश आज्ञा वा सनातन परमेश्वरका आदेशहरूः**

१) म बाहेक तिमीहरूले अरू कुनै देवी र देवताहरूलाई नमान्नु वा नपुज्नु

२) आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनु। माथि आकाश, पृथ्वी र पानीमा रहेको कुनै पनि वस्तु वा जीवहरूको प्रतिमूर्ति बनाएर तिनीहरूका सामु ननिहुरूनु र पूजा नगर्नु।

३) परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थमा नलिनु वा (जप नगर्नु)। यो अपराध हो।

४) साबथदिन पवित्र मान्नुपर्छ भनी याद गर्नु। छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नु। तर सातौं दिनचाहिँ परप्रभु तिमीहरूका परमेश्वरको साबथ दिन हो। छ दिनमा परमप्रभुले नै आकाश, पृथ्वी, समुद्र र तिनीमा भएका सबै थोक

बनाउनुभयो। तर सातौं दिनमा चाहिँ विश्राम लिनुभयो। यस दिनलाई उहाँले आशिष दिनुभयो र पवित्र बनाउनुभयो। (सनातन सृष्टिकर्ता परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ वा सबै थोक यूहन्ना १:३ अनुसार येशूले सृष्टि गर्नुभयो भन्ने प्रमाण साबथ दिनले प्रमाणगर्दछ) ।

५) आफ्ना बाबुआमाको आदर गर ताकि तिमीहरू जहाँ रहन्छौं त्यहाँ तिमीहरूको आयु लामो हुनेछ।

६) हत्या नगर्नु।

७) व्यभिचार नगर्नु।

८) चोरी नगर्नु।

९) कसैको विरुद्धमा झुटो नबोल्नु।

१०) कसैको लालच नगर्नु।

(प्रस्थान २०:३-१७ रूपान्तरित)